
# लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता

## श्रोत पुस्तिका



सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
चैत २०७५

# लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता

श्रोत पुस्तिका

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
चैत २०७५

प्रकाशक : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प्रकाशन मिति : चैत्र, २०७५

प्रकाशन सहयोग : Civil Society: Mutual Accountability Project

प्रति : १०००

यो पुस्तिका अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पुस्तिकाभित्रका विषयवस्तुले यूएसएआईडी वा अमेरिकी सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।

# प्राक्कथन

नेपालको संविधानको भाग ७ धारा ७४ देखि ८२ सम्म नेपालको शासकीय स्वरुप, कार्यकारणी अधिकार, मन्त्रिपरिषद्को गठन तथा यससम्बन्धी अन्य व्यवस्था रहेको छ। धारा ७४ ले व्यवस्था गरेअनुसार देशको शासकीय स्वरुप बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली हुने व्यवस्था गरेको छ। यसैगरी धारा ७५ ले नेपालको कार्यकारणी अधिकार यस संविधान र कानुनबमोजिम मन्त्रिपरिषद्मा निहित रहने र मन्त्रिपरिषद्ले नेपालको संविधान र कानुनको अधीनमा रही शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा वहन गर्ने व्यवस्था रहेको छ।

नेपालको संविधानले नेपालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापित गरेको छ। नेपालको राजनीतिक संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने व्यवस्था छ। स्थानीय तहको रुपमा नगरपालिका, गाउँपालिका र जिल्ला सभा हुने संवैधानिक व्यवस्था छ। नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार संविधानको अनुसूचीमा स्पष्ट रुपमा उल्लेख गरेको छ। नेपालमा तीनै तहको सरकारको निर्वाचन भइसकेको छ। तत्पश्चात् तीनै तहको शासन निर्वाचित जनप्रतिनिधिहरुबाट सञ्चालन भइरहेको छ।

यसैक्रममा नागरिक सहभागिताको अभिवृद्धिमार्फत उनीहरुसँगको साझेदारी तथा सहकार्यमा शासकीय प्रक्रिया सञ्चालन गर्न सक्ने हो भने त्यसले सुशासन अभिवृद्धिमा निकै महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। हरेक तहको सरकारले प्रदान गर्ने सेवा नागरिकको लागि हुन्छ। नागरिकको लागि भनेर प्रवाह गरिने सेवाको गुणस्तर अभिवृद्धि गर्दै उनीहरुको चासो र सरोकारलाई समेट्नु आजको आवश्यकता हो। नागरिकले गर्ने मतदान अर्थात् उनीहरुको मताधिकारको प्रयोग पनि एक किसिमको सहभागिता हो तापनि सरकारी निकायले प्रवाह गर्ने सेवाको हरेक चरण र प्रक्रियामा उनीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने हुन्छ। अनि मात्र नागरिकले राजनीतिक परिवर्तनको अनुभूति गर्न पाउँछन्।

यसै सन्दर्भमा शासकीय प्रक्रियाबाटै नागरिकको अर्थपूर्ण र रचनात्मक सहभागिता प्रवर्द्धन गर्नको लागि यो "लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता - श्रोत पुस्तिका" प्रकाशित गरिएको छ। यस श्रोत पुस्तिकाले शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिकको सहभागितालाई अभिवृद्धि गर्नको लागि व्यावहारिक ज्ञान उपलब्ध गराउँनेछ। शासकीय प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि गर्नको लागि नागरिक समाज तथा नागरिक संस्थाको भूमिका पनि अत्यन्तै महत्त्वपूर्ण हुन्छ। नागरिकलाई उनीहरुको अधिकार र कर्तव्यबारे सशक्तीकरण गर्दै सरकार र नागरिकबीचको पुलको काम नागरिक समाज तथा नागरिक संस्थाले गर्न सक्छन्। यस श्रोत पुस्तिकाले शासकीय प्रक्रियामा नागरिकको सहभागिता, यसको लागि विभिन्न सरोकारवाला क्षेत्र तथा निकायको भूमिकाबारे समेत प्रष्ट्याउने प्रयास गरेको छ। जुन नागरिक, नागरिक समाज, नागरिक संस्था, स्थानीय सरकार, तथा अन्य सरोकारवालालाई उपयोगी हुने हामीले अपेक्षा राखेका छौँ।

सहभागितामूलक लोकतन्त्रले शासन प्रणालीमा नागरिक सहभागिताको अपेक्षा गर्दछ । यद्यपि के कसरी नागरिकलाई शासकीय प्रक्रियामा सहभागी गराउन सकिन्छ भन्ने जानकारी नहुँदा त्यसले समस्या सिर्जना गर्दछ । यस सन्दर्भमा यस श्रोत पुस्तिकालाई मूलतः वडापालिका, गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समिति र सामान्यतः सबै तहका सरकारले सन्दर्भ सामग्रीका रुपमा लिई नागरिक सहभागिताको लागि आफ्नो योजना बनाउन सक्नेछन् । यसले विभिन्न तहका सरकार र निकायहरुको समय र खर्च बचत हुनेमात्र नभई पारदर्शिता, जबाफदेहिता र सहभागितासमेत अभिवृद्धि गरी सुशासन स्थापनामा महत्त्वपूर्ण योगदान हुन्छ । यसैगरी यसै श्रोत पुस्तिकामा नमूना कार्यविधिसमेत राखिएको छ । यसले नागरिक सहभागिता संस्थागत गर्नको लागि थप सहज र सरल हुने अपेक्षा राखिएको छ ।

यस श्रोत पुस्तिका र कार्यविधि निर्माणमा योगदान गर्नुहुने नेपाल सरकारका पूर्वसचिव श्री शारदाप्रसाद त्रिताल र त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक श्री दिपेश घिमिरेलाई धेरै धन्यवाद दिन चाहन्छु । उहाँहरुको विज्ञता र मेहनतले यो श्रोत पुस्तिका सबैको लागि उपयोगी बनेको छ । यसैगरी यस श्रोत पुस्तिका तयारीमा योगदान पुऱ्याउनुहुने यस मन्त्रालयका सहसचिव श्री पुरुषोत्तम नेपाल, सहसचिव श्री सुरेश अधिकारी, उपसचिव श्री डिलाराम पन्थीलगायत सबैलाई धन्यवाद दिन चाहन्छु । नागरिक तथा सरकारबीचको सहकार्यलाई प्रभावकारी बनाउनको लागि श्रोत सामग्रीको अवधारणागत प्रारुप बनाउने तथा लेखन कार्यमा विज्ञका रुपमा योगदान पुर्‍याउने श्री कृष्ण पाठकलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, लोकतान्त्रिक पद्धतिलाई बलियो बनाउने पहलस्वरुप सरकार र नागरिक सहकार्यलाई सवल बनाउन आवश्यक ज्ञान र विधि समावेश भएको श्रोत सामग्री तयार र प्रकाशनमा यस मन्त्रालयसँग सहकार्य गरी सहयोग गरेकोमा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) र उसको साझेदार संस्था FHI 360 लाई विशेष धन्यवाद दिन चाहन्छु ।

यो श्रोत पुस्तिका नेपाल सरकारका विभिन्न निकायहरुलाई विशेष उपयोगी हुनेछ भन्ने मेरो विश्वास छ । यस पुस्तिकाले नागरिक सहभागगिताको सैद्धान्तिक ज्ञान, कार्यान्वयन संरचना र विधिबारे पनि प्रष्ट्याउने प्रयास गरेको छ । यसले शासकीय प्रक्रियालाई सहभागितामूलक बनाउने र नागरिकसँगको सहकार्यमा सुशासन अभिवृद्धि गर्ने काममा योगदान गर्नेछ भन्ने मलाई विश्वास छ । त्यसैले आगामी दिनमा यस श्रोत पुस्तिका नेपाल सरकारअन्तर्गतका विभिन्न निकायहरुले सञ्चालन गर्ने प्रशिक्षणहरुमा समेत उपयोग गरिनेछ । यसैगरी प्रादेशिक तथा स्थानीय सरकारहरुलाई यो श्रोत पुस्तिका उत्तिकै उपयोगी हुने मलाई विश्वास छ । त्यस्तै नागरिक संस्थाहरु तथा आम नागरिकको नागरिक सहभागितासम्बन्धी विषयवस्तु तथा अवधारणाको समान बुझाइ बनाउन र उनीहरुले सञ्चालन गर्ने कार्य तथा अभ्यासमा एकरुपता ल्याउनको लागि समेत महत्त्वपूर्ण हुनेछ । त्यसैले यो पुस्तिका सरकार तथा नागरिक सहकार्यलाई गुणात्मक र परिणात्मक बनाउन उपयोगी हुने मैले विश्वास लिएको छु ।

चैत २०७५

**दिनेशकुमार थपलिया**
सचिव
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# विषय सूची


प्राक्कथन

**परिच्छेद १: परिचय** १

१.१ पृष्ठभूमि १
१.२ श्रोत पुस्तिकाको उद्देश्य २
१.३ नागरिक समाजको परिचय २
१.४ नागरिक समाजको विशेषता ४
१.५ नागरिक समाजको भूमिका ७
१.६ नागरिक सहभागिताको अर्थ ९
१.७ सुशासनमा नागरिक सहभागिता १०
१.८ सरकार, नागरिक समाज र बजारबीचको सम्बन्ध र नागरिक सहभागिता १२
१.९ शासकीय प्रक्रियामा नागरिक सहभागितामा प्रभाव पार्ने सवालहरू १६
१.१० नागरिक सहभागितासम्बन्धी असल अभ्यासहरू १८

**परिच्छेद २: नागरिक सहभागिताको संरचना** २४

२.१ नागरिक सहभागिताको संरचना तथा संयन्त्रहरू २४
२.२ तहगत संरचना र नागरिक सहभागिता २५
(क) बस्ती स्तरीय संरचना र नागरिक सहभागिता २५
(ख) वडा स्तरीय संरचना र नागरिक सहभागिता २६
(ग) गाउँपालिका तथा नगरपालिका स्तरीय संरचना र नागरिक सहभागिता २६
(घ) जिल्ला समन्वय समिति स्तरीय संयन्त्र र नागरिक सहभागिता २८
(ङ) प्रदेश स्तरीय संयन्त्र र नागरिक सहभागिता २८
(च) सङ्घ स्तरीय संयन्त्र र नागरिक सहभागिता २९
२.३ नागरिक सहभागिताको आवश्यकता र औचित्य ३८
२.४ नागरिक सहभागिताको लागि प्रस्तावित संयन्त्र तथा संरचना ३९

**परिच्छेद ३: नागरिक सहभागितासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था** ४१

३.१ अन्तर्राष्ट्रिय व्यवस्था ४१
३.२ संवैधानिक व्यवस्था ४२
३.३ सुशासन ऐन ४३
३.४ सूचनाको हकसम्बन्धी ऐन ४४
३.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ४५
३.६ चौधौं त्रिवर्षीय योजना ४६
३.७ स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७४ ४८

**परिच्छेद ४: नागरिक सहभागिताको प्रक्रिया तथा विधि** ५०

४.१ नागरिक सहभागितालाई प्रभावकारी र संस्थागत बनाउनको लागि देहायका प्रक्रियाहरू अवलम्बन गर्नु पर्दछ ५०
क) सरकारी तहमा ५०
(ख) नागरिक तथा नागरिक संस्थाहरूको तहमा ५०

४.२ नागरिक सहभागिताका साधनहरू (Tools) ५१
(क) नागरिक सहभागिताको लागि सूचना प्रविधि ५१
(ख) सामाजिक जबाफदेहिताका संयन्त्रहरू ५४
४.३ खुला सरकार : नागरिक साझेदारी ६२
४.४ शासकीय प्रणालीमा नागरिक सहभागिता बढाउनको लागि भूमिका र काम ६५
४.५ सार्वजनिक निजी साझेदारी ६६
४.६ खुला तथ्याङ्क र सूचनामा पहुँच ६७
(क)खुला सरकारी तथ्याङ्क ६७
४.७ नागरिक सहभागिताको प्रक्रिया ७३
४.८ नागरिक सहभागिताको लागि बस्ती, वडा तथा स्थानीय सरकार स्तरीय बैठकहरू ८८
४.९ समावेशिता र नागरिक सहभागिता ९१
४.१० नागरिक सहभागिताको चरण ९२

**परिच्छेद ५: सुशासन अभिवृद्धिमा नागरिक सहभागिता ९६**
५.१ पारदर्शिता ९६
५.२ जबाफदेहिता वा उत्तरदायित्व ९७
५.३ कानुनी शासन ९८
५.४ सदाचार ९९
५.५ भ्रष्टाचार नियन्त्रण ९९
५.६ प्रभावकारिता १००
५.७ समता र समावेशिता १०१
५.८ सहमतितर्फ उन्मुख १०१

**परिच्छेद ६: नागरिक सहभागिताको महत्त्व फाइदा १०२**
६.१ नागरिक सहभागिताको फाइदा १०२
(क) नागरिक स्वयंको लागि हुने फाइदा १०२
(ख) सरकारी तथा सार्वजनिक निकायलाई हुने फाइदा १०३
(ग) नागरिक संस्थालाई हुने फाइदा १०३
(घ) समाज तथा समुदायलाई हुने फाइदा १०४
६.२ क्षेत्रगत विकासमा हुने फाइदा १०५
(क) आर्थिक विकास १०५
(ख) सामाजिक विकास १०६
(ग) पूर्वाधार विकास १०७
(घ) वातावरण तथा विपद् व्यवस्थापन १०८
(ङ) सेवा प्रवाह १०९
(च) वित्तीय व्यवस्थापन ११०
(छ)कृषि ११०
६.३ सुशासन अभिवृद्धिमा हुने फाइदा १११
**सन्दर्भ सामाग्रहिरू ११३**

# परिचय

## १.१ पृष्ठभूमि

(१) नागरिक आफैमा सार्वभौम हुन्छ। यिनै सार्वभौम नागरिकका आवश्यकताहरु परिपूर्ति गर्ने माध्यम राजनीतिक दल हुन् र त्यसको साधन सरकार हो। आफूले छानेको दल र सरकारले आफ्नो चाहनाअनुसार काम गरेका छन् या छैनन् भन्नेबारे चासो राख्ने र सोअनुसार गर्न, गराउनको लागि दबाब दिने नागरिकको हक हो। यसैगरी, शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिकलाई सहभागी गराउनु लोकतान्त्रिक शासन व्यवस्थाको मूल मर्म हो।

(२) लोकतान्त्रिक शासन व्यवस्थामा सरकार र राजनीतिक दलले नागरिकको चासो, सरोकार तथा इच्छाबमोजिम काम गर्नुपर्ने हुन्छ। हरेक ५-५ वर्षमा हुने मतदानबाट मात्र शासकीय प्रक्रियामा नागरिक सहभागिता पर्याप्त रहेको मान्न सकिन्न। सरकारले गर्ने हरेक गतिविधिमा नागरिक सहभागिता सुनिश्चित गर्न सकेमा त्यसले सुशासन स्थापनामा सकारात्मक प्रभाव पार्दछ।

(३) लोकतान्त्रिक शासन व्यवस्थामा राज्य, नागरिक समाज र बजार महत्त्वपूर्ण क्षेत्रहरु हुन् र यी सवैका आ-आफ्ना विशेष भूमिका रहन्छ। यी क्षेत्रहरुको पारस्परिक साझेदारी र जबाफदेहिताले लोकतान्त्रिक शासकीय प्रणालीलाई प्रभावकारी बनाउँछ र नागरिकले आफ्ना अधिकारहरुको निर्वाध उपभोग गर्न पाउँछन्। शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिकलाई सहभागी गराउनको लागि नागरिक समाजको महत्त्वपूर्ण योगदान र भूमिका रहन्छ। यसले मात्र लोकतन्त्रलाई नागरिकमुखी बनाउन सक्छ।

(४) लोकतान्त्रिक शासन व्यवस्थामा सरकार र सरकारभन्दा बाहिर रहेका विभिन्न व्यक्ति, समूह, सङ्घ-संस्थासमेतको सामूहिक प्रयासमा लोकतन्त्रको सुदृढीकरण र जनतालाई प्रदान गरिने सेवा तथा सुविधाको आवश्यक व्यवस्थाहरु गरिएको हुन्छ।

(५) सरकारभन्दा बाहिर रहेका विभिन्न क्षेत्रमध्ये नागरिक समाज पनि एक प्रमुख पक्ष हो। नागरिक समाजले उसले प्रतिनिधित्व गरेको नागरिकहरुको आवाज, चाहना र मुद्दाको नेतृत्व गर्दछ र त्यसको समाधानको लागि जिम्मेवार निकाय तथा अधिकारीलाई जबाफदेही बनाउन पहल गर्दछ। नागरिक समाजले नागरिकलाई उसका अधिकार र दायित्वबारे जागरुक गराउँदै समग्र शासन प्रणालीलाई सुशासनयुक्त र जनमुखी बनाउनको लागि प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग पुऱ्याइरहेको हुन्छ।

(६) प्रत्येक समाजमा नागरिक समाज कुनै न कुनै रुपमा रहेको हुन्छ। एकल व्यक्ति, समूह, संस्था वा समुदायले निश्चित समूह वा जनसंख्याको आवश्यकता वा चासोका विषयमा सरकारी तथा राजनीतिक प्रक्रियासँग आवाज उठाउने, सम्वाद गर्ने, सौदाबजी गर्ने, जबाफदेहिता माग गर्ने र हित वा लाभ प्राप्त गर्ने कार्य नियमित रुपमा गरिरहेका हुन्छन्। यो नै सामान्य अर्थमा शासकीय प्रबन्धमा नागरिक सहभागिता (Civic Engagement) को प्रारम्भिक रुप हो भनेर बुझ्न सकिन्छ।

(७) राज्यभन्दा बाहिर (नागरिक तहमा) ज्ञान, सीप, सूचना र श्रोत-साधन रहेको हुन्छ। त्यसलाई प्रभावकारी तरिकाले परिचालन र सदुपयोग गर्न सके देशको विकास र परिवर्तनको प्रक्रियाले गति लिन्छ, कामको गुणस्तर बढ्छ र नागरिक स्वामित्व र सन्तुष्टि पनि बढ्छ।

(८) नागरिक सहभागिताको माध्यमबाट गरिने हरेक प्रयास व्यावहारिक, भरपर्दो र दिगो हुन्छ भन्ने उदाहरण लोकतान्त्रिक शासन व्यवस्था अँगालेका विभिन्न देशहरुको अभ्यासबाट पुष्टि भएको विषय हो।

(९) वि.सं. २०७२ सालमा नेपालको संविधान जारी भएपछि नेपालमा सहभागितामूलक समावेशी लोकतान्त्रिक शासन व्यवस्था थप सुदृढीकरण भएको छ ।

(१०) संविधानमा अन्तरनिहित भावना र देशको सामाजिक, सांस्कृतिक, राजनीतिक तथा आर्थिक विकासका लागि व्यापक नागरिक सहभागिताको आधारमा लोकतन्त्रको सुदृढीकरण गर्दै देशलाई समृद्ध बनाउने अभियानै चलाउनु पर्ने आवश्यकता छ ।

(११) सङ्घ, प्रदेश र स्थानीय सरकार तथा नागरिकहरुबीच सुसम्बन्ध, सहकार्य र समन्वय स्थापित गर्न नागरिक सहभागितालाई प्रभावकारी बनाउनु आवश्यक भएको छ ।

(१२) विश्वव्यापी रुपमा सुरु भएको खुला सरकार साझेदारी (Open Governmnet Partnership), दिगो विकासका लक्ष्यहरु (Sustainable Development Goals-SDGs) को प्राप्तिको लागि पनि नागरिक समाजको महत्त्वपूर्ण भूमिका रहन्छ । यस्ता अन्तर्राष्ट्रिय स्तरमा तय भएका लक्ष्यहरुको प्राप्तिको लागि सरकार र नागरिक समाजबीचको सहकार्य र समन्वय अत्यन्तै महत्त्वपूर्ण हुन्छ ।

(१३) यसै सन्दर्भमा नागरिक सहभागिताको बुझाइमा एकरुपता ल्याउन, शासकीय पद्धतिलाई नागरिक सहभागितामूलक र प्रभावकारी बनाउन, सरकार र नागरिकबीचको सम्बन्ध र सहकार्यलाई व्यवस्थित र सहज बनाउन, नागरिक सहभागिता श्रोत पुस्तिका निर्माण गरी एकअर्काको कार्यक्षेत्र र भूमिका सुनिश्चित गर्न आवश्यक देखिएकोले नेपाल सरकारले यस "शासकीय प्रणालीमा नागरिक सहकार्य लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता श्रोत पुस्तिका, २०७५" बनाई लागु गरेको छ ।

## १.२ श्रोत पुस्तिकाको उद्देश्य

१) यस श्रोत पुस्तिकाका उद्देश्यहरु देहायबमोजिम छन्:

(क) लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता वा सहकार्यको परिचय, अवधारणा र भूमिका तथा बुझाइमा एकरुपता ल्याउने ।

(ख) शासकीय व्यवस्थापनमा सरकार, गैरसरकारी संस्था र नागरिक संस्थाबीचको सम्बन्ध र सीमाबारे स्पष्ट गर्ने ।

(ग) सार्वजनिक कार्यमा नागरिक सहभागिता प्रवर्द्धन गर्ने उपायहरु अवलम्बन गर्ने ।

२) यो श्रोत पुस्तिकाको माध्यमबाट नागरिक सहभागिता विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## १.३ नागरिक समाजको परिचय

(१) विश्व ब्याङ्कका अनुसार नागरिक समाजले सङ्गठनको व्यापक संग्रह तथा सञ्जाललाई बुझाउँछ । यसमा सामुदायिक समूहहरु, गैरसरकारी सङ्घ-संस्थाहरु, गैरसरकारी सङ्गठनहरु, श्रम सङ्घ तथा सङ्गठनहरु, स्थानीय तथा सामुदायिक संस्था तथा समूहहरु, धार्मिक तथा सांस्कृतिक संस्थाहरु, विश्वासमा आधारित सङ्गठनहरु, व्यावसायिक सङ्गठनहरु र त्यसका आधारहरुसमेतलाई बुझाउँछ । साथै नागरिक समाजलाई "तेस्रो पक्ष" (सरकार र बजारबाहेक) को रुपमा समेत लिन सकिन्छ ।

(२) संयुक्त राष्ट्रसङ्घका अनुसार नागरिक समाज भनेको सरकार र बजारभन्दा बाहिर रहेको तेस्रो पक्ष हो । यसले नागरिकलाई शासकीय व्यवस्थामा सहभागी गराउन बढीभन्दा बढी भूमिका खेल्ने र सहजीकरण गर्ने संयन्त्रलाई नागरिक समाजको रुपमा परिभाषित गरेको छ । नागरिक शिक्षा, वकालत, पैरवी, अभियान सञ्चालनलगायतका माध्यमबाट नागरिक समाजले नागरिकलाई चेतनशील बनाउन र सशक्तीकरण गर्नका लागि भूमिका निर्वाह गर्ने र सरकारलाई नागरिकको पक्षमा निर्णय लिनको लागि

दबाब सिर्जना गर्ने कामको अगुवाइ गर्दछ । आर्थिक सहयोगको लागि सङ्गठन र विकास (ओईसीडी) ले नागरिक समाजलाई लोकतन्त्रप्रति प्रतिबद्ध, मानवअधिकारका हिमायती, दलीय राजनीतिको जिम्मेवारीमा संलग्नता नभएको, अग्रगामी सुधारको पक्षपाती, राजनीतिक दल, कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकाका गतिविधिप्रति चासो र सरोकार राख्ने सचेत नागरिकहरुको समूहको रुपमा परिभाषित गरेको छ ।

(३) नागरिक समाज भन्नाले नागरिक स्तरबाटै कुनै पनि नाफाको अपेक्षा र शासन सत्ता प्राप्तिको चाहना नराखी सामूहिक समस्या समाधानको लागि स्वतःस्फूर्त रुपमा गठित वा सङ्गठित संस्था हो । यस्ता संस्था औपचारिक वा अनौपचारिक वा दुवै रुपमा सङ्गठित भएका हुन सक्छन् ।

(४) नागरिक समाज एक अभियान पनि हो जसले आम मानिसको चासो र आवश्यकताका सम्बन्धमा देखिएका विसङ्गति वा समस्या समाधानका लागि पहल गर्दछ । यस्ता पहलमा आवाज उठाउनेदेखि शासकीय प्रक्रियामा सहभागी हुने र जिम्मेवार व्यक्ति तथा निकायहरुलाई सो गर्न, गराउन लगाउनेसम्म पर्दछ ।

(५) सरकारबाहिर रहेका व्यक्ति तथा संस्था वा समूहहरु गैरसरकारी हुन् । तसर्थ नागरिक समाज र नागरिक अभियानहरु गैरसरकारी हुन् । यस्ता नागरिक अभियान, समूह तथा सङ्गठनहरु कानुनी मान्यता प्राप्त गर्नको लागि प्रचलित ऐनअनुसार गैरसरकारी संस्थाको रुपमा दर्ता भएका हुन्छन् । सबै गैरसरकारी संस्थाहरुको आधारभूत चरित्र भनेको नागरिकका आवश्यकता, चाहना र आवाजहरुलाई मुखरित गरी सम्बन्धित निकायसमक्ष पुर्‍याई समाधान खोज्ने र नागरिकहरुलाई सो प्रक्रियामा आफै सामेल भई सो गर्न, गराउनका लागि मुख्य कर्ताको रुपमा क्षमतावान गराउनु हो ।

(६) नागरिक समाज राज्यको संरचना अनि बजारको वित्तीय संरचनाभन्दा भिन्न तथा अलग रहेको हुन्छ । त्यसैले नागरिक समाजले राज्यको शक्तिको स्वार्थ र बजारको व्यापारिक स्वार्थभन्दा भिन्न तथा बाहिर रहेर समाजका नागरिकको एकआपसको साझा चासो, स्वार्थ, उद्देश्य तथा चाहनामा आधारित रहेर सो प्राप्तिको लागि जिम्मेवार निकाय, कानुनी र संस्थागत प्रक्रियाप्रति सजग र सक्रिय भई काम गर्दछ ।

(७) नागरिक समाजले राज्य र सर्वसाधारण नागरिकबीच बसेर आफ्नो सक्रियता र क्रियाशीलता कायम राखेको हुन्छ । यस्ता नागरिक संस्थाहरुले नागरिकको चासो, सरोकारको विषयमा स्वतन्त्रतापूर्वक काम गर्न सक्छन् ।

(८) सरकार, राजनीतिक प्रक्रिया तथा सार्वजनिक सेवा प्रदायक निकायको निगरानी गर्ने र यस्ता निकायमा पारदर्शिता, जबाफदेहिता तथा शासन प्रणालीमा नागरिक सहभागिताको लागि स्वतःस्फूर्त अभियान सञ्चालन गर्ने गर्छन् ।

(९) नागरिक समाजभित्र समाजमा रहेका विभिन्न सामाजिक तथा मानवीय कल्याणको क्षेत्रमा कार्यरत विभिन्न औपचारिक तथा अनौपचारिक सङ्घ-संस्थाहरु, विभिन्न सामुदायिक सङ्घ-संस्थाहरु पर्दछन् । मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा सक्रिय व्यक्ति तथा संस्थाहरु, लोकतान्त्रिक शासन प्रणालीलाई बलियो बनाउन कार्यरत संस्थाहरु तथा सुशासनको क्षेत्रमा काम गरिरहेका संस्थाहरु सबै नागरिक संस्था हुन् । त्यस्तै आम मानिसका आवाज र मुद्दाहरुलाई बहसमा ल्याउने, जिम्मेवार निकायको ध्यानाकर्षण गरी समाधान खोज्न पहल गर्ने सञ्चारमाध्यमहरु पनि नागरिक संस्थाहरु हुन् । त्यस्ता संस्थाहरुमा महिला, आमा, बाल, युवा, जेष्ठ नागरिक, दलित, जनजाति तथा आदिवासीका समूहहरु, धार्मिक तथा व्यावसायिक सङ्घ-संस्थाहरु, मजदुर सङ्गठनहरु, वकालती समूहहरु, विभिन्न सामाजिक तथा सांस्कृतिक समूहहरु जस्तै पर्म, गुठी, रोधी, भेजा आदिलाई नागरिक संस्थाको रुपमा लिन सकिन्छ ।

(१०) यसैगरी, सामुदायिक वन उपभोक्ता समूह, टोल विकास संस्थाहरु, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, आफ्नै योजना कार्यान्वयनमा नभएका विभिन्न उपभोक्ता समूहहरु, सामाजिक आन्दोलन, व्यापारिक सङ्गठन, विभिन्न गठबन्धन तथा सञ्जालहरुलाई पनि नागरिक समाजको परिभाषाभित्र समेट्ने गरिएको छ ।

(११) नागरिक समाजको कार्यक्षेत्र नागरिक चासो र मुद्दाको आधारमा स्थानीयदेखि अन्तर्राष्ट्रिय तहसम्म हुन्छ । जस्तै भ्रष्टाचार, मानवअधिकार, शान्ति, वातावरणीय न्याय, गरिवी आदि । तसर्थ मानव हितका लागि काम गर्ने नागरिक संस्था संसारको कुनै पनि स्थानमा स्थापना वा उत्पति भई संसारभर क्रियाशील रहन सक्दछन् । तसर्थ नागरिक समाजको कार्यक्षेत्र विश्वव्यापी हुन्छ ।

(१२) नागरिक समाजले स्थानीय स्तरका सवालदेखि समग्र राष्ट्रिय स्तरको जनचासो, सरोकार तथा सवालहरुमा वकालत गर्दछ । उदाहरणको लागि वनसम्बन्धी बन्ने कुनै पनि नीति, नियम तथा ऐन, कानुनमा नागरिकको चासो र सरोकारको आधारमा सामुदायिक वन उपभोक्ता महासङ्घले वकालत गर्दछ ।

## १.४ नागरिक समाजको विशेषता

नाागरिक समाजलाई चिनाउने धेरै विशेषताहरू छन् । ती विशेषताहरूलाई सजिलोसँग बुझ्न संरचनागत, कार्यगत र व्यवहारगत गरी तीन भागमा विभाजन गर्न सकिन्छ ।

**क) संरचनागत विशेषता:** नागरिक समाजको गठन, स्थापना, उदय, संरचना, उद्देश्य, मूल्य, मान्यता जस्ता विषयहरूको आधारमा चिनाउने विशेषताहरू संरचनागत विशेषता हुन् । त्यस्ता विशेषताहरू देहायबमोजिम छन् :

(१) **स्वतन्त्र (Independent):** संविधानको मौलिक हकमा व्यवस्था भएबमोजिम नागरिकहरु सङ्गठित हुन, विचार अभिव्यक्त गर्न र आफ्ना हितका गतिविधि गर्न स्वतन्त्र छन् । तसर्थ नागरिक विचार र चाहनालाई प्रतिनिधित्व गर्ने नागरिक समाजका संस्थाहरु पनि स्वतन्त्र हुन्छन् । उनीहरु देशको संविधान र प्रचलित कानुनका अधीनमा रही स्वतन्त्रतापूर्वक आफ्ना गतिविधिहरु सञ्चालन गर्दछन् । यस्ता महत्त्वपूर्ण भूमिका बोकेका नागरिक समाजका व्यक्तिहरु तथा संस्थाहरु जिम्मेवार रुपमा आफूलाई प्रस्तुत गर्दछन् ।

(२) **सामूहिक सौदाबाजी (Collective Bargaining) :** नागरिक समाजका विभिन्न संस्थाहरुले खास संख्याका मानिसहरुको आवाज र आवश्यकतालाई प्रतिनिधित्व गर्दछन् । उनीहरु सरकार, राजनीतिक दल तथा बजारका प्रतिनिधिहरुसँग ती आफूले प्रतिनिधित्व गरेको व्यक्तिका मुद्दा वा सवालबारे सम्वाद गर्ने र आवश्यक सौदाबाजी गरी ती नागरिकलाई लाभ सुनिश्चित गराउन सक्रिय रहन्छन् ।

(३) **सङ्गठन (Organization):** नागरिक संस्थाको स्थायी प्रकृतिको साङ्गठनिक संरचना हुन वा नहुन सक्छ । औपचारिक संस्थाहरुको संरचना र कार्यप्रणाली हुन्छ । जस्तै पत्रकार महासङ्घ, बार असोसियशन, गैरसरकारी संस्था महासङ्घ आदि । कतिपय अवस्थामा अस्थायी संरचना सिर्जना गरिन्छ तर त्यस्तो संरचना छरितो किसिमको हुन्छ । सीमित व्यक्तिले सीमित कामको लागि सङ्गठन निर्माण गरेका हुन्छन् । एउटा तोकिएको कामको लागि एक सङ्गठन हुन्छ अर्थात यिनीहरूको सङ्गठन संरचना कार्यमूलक (Functional) हुन्छ । काम सकिएपछि संरचना सक्रिय नरहन पनि सक्छ र आवश्क पर्दा पुन: जागृत हुन्छ । नागरिक संस्थाको कार्य प्रणाली तथा संस्कृति अनौपचारिक हुन्छ ।

(४) **निजी (Private Sector) क्षेत्रको प्रकृति:** नागरिक संस्थाहरू सरकारभन्दा भिन्न हुने भएकोले यिनलाई निजी क्षेत्रको प्रकृतिसँग दाँजेर हेर्ने गरिएको हुन्छ । यी संस्थाको कार्य सरकारलाई कुनै पनि काम गर्न सहयोग गर्ने र सरकारी निकायसँगको सहकार्यमार्फत लक्षित उपलब्धि हासिल गर्न प्रयास गर्ने किसिमको हुन्छ । यद्यपि नागरिक समाज संस्था सरकारी संस्था हुँदैनन् ।

(५) **नाफारहित (Not-for-profit) :** नागरिक समाज संस्थाहरुको महत्त्वपूर्ण विशेषता भनेको उनीहरुले आफ्ना कामबाट नाफा कमाउने र सञ्चालकहरुलाई वितरण गर्ने उद्देश्य राख्दैनन् । नागरिक समाजको मूल काम गैरनाफामुखी भई सामूहिक हितको लागि राज्य, राजनीतिक प्रक्रिया र निजी क्षेत्रलाई पारदर्शी, प्रभावकारी र जबाफदेही बनाउनु हो । नागरिक संस्था तथा अभियानहरु प्रायः स्वयंसेवी हुन्छन् । कामको प्रकृतिअनुसार कहिलेकाहीँ केही श्रोत-साधनको आवश्यकता पर्न सक्दछ । यस्ता आवश्यक श्रोत-साधन आन्तरिक वा बाह्य क्षेत्रबाट प्राप्त गर्न सक्दछन् । तर त्यस्ता सहयोगबाट तोकिएको काम सम्पन्न भई बचत भएको रकम वा त्यस्ता कामबाट प्राप्त कमाइ संस्थाको लक्षित गतिविधिमा खर्च गरिन्छ । सञ्चालकहरुलाई बाँडिदैन । नागरिक संस्थाले आफ्नो लक्षित काम गर्न आवश्यक विज्ञ सेवा खरीद गर्न र कर्मचारीहरुलाई पारिश्रमिक प्रदान गर्न सक्दछन् ।

(६) **स्वनियन्त्रित/स्वयम् व्यवस्थित (Self-governed):** स्वतन्त्र र स्वनियन्त्रित हुनु नागरिक समाजको अर्को विशेषता हो । यिनीहरु आफ्नो समूह वा आफूले प्रतिनित्वि गर्ने नागरिकप्रति पारदर्शी र जबाफदेही हुन्छन । नागरिक संस्थाहरू कानुनी र प्रशासनिक प्रक्रियामा भन्दा कानुनको भावनाअन्तर्गत रहेर आत्मअनुशासन पालन गर्दै स्वतः सञ्चालित हुन्छन् । यिनीहरूको आफ्नै आचारसंहिता हुन्छ । आफैले तयार गरेको आचारसंहिताको आधारमा यिनीहरू सञ्चालित हुने भएकाले आत्मनियन्त्रण यिनको अर्को एक महत्त्वपूर्ण विशेषता हो ।

(७) **स्वयम्सेवी (Voluntary) :** नागरिक समाज स्वयमसेवी समाज हो । यिनीहरूको कुनै संस्थामा संलग्नताको लागि अनिवार्यता हुँदैन । यिनीहरू स्वतःस्फूर्त रूपमा आफ्नो आत्माले चाहेको वा स्वीकारेको संस्थाको सदस्य भई कार्य गर्नमा समर्पित रहन्छन् । नागरिक संस्था तथा अभियानहरु प्रायः स्वयंसेवी हुन्छन् । उनीहरु व्यक्तिगत लाभ र नाफाका लागि काम गर्दैनन् । कामको प्रकृतिअनुसार कहिलेकाहीँ केही श्रोत-साधनको आवश्यकता पर्न सक्दछ । यस्ता आवश्यक श्रोत-साधन प्रायः आफै वा आफ्नै समुदायबाट परिचालन गर्दछन् र कहिलेकाहीँ बाह्य संस्था वा व्यक्तिहरुबाट अनुदान वा सहयोग लिन सक्दछन् ।

(८) **दलगत राजनीतिमा संलग्न नरहने (Non-partisan) :** नागरिक संस्थाहरू दलगत राजनीतिमा असंलग्न रहन्छन् । नागरिक चाहना, आवश्यकता तथा नागरिक, राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र विकासको अधिकार राजनीतिक विषयवस्तु हुन् । अधिकारहरु प्राप्त हुने, नहुने मुलुकको राजनीतिक प्रणालीको नीति र गतिविधिमा निर्भर रहन्छ । तसर्थ नागरिक संस्थाहरु राजनीति निरपेक्ष हुँदैनन् बरु राजनीतिमा चासो राख्दछन् । उनीहरु राजनीतिक प्रकृतिका काम गर्दछन् तर दलगत राजनीतिक काम गर्दैनन् । कुनै खास दलको सिद्धान्त, सङ्गठन र गतिविधिको पक्षपोषण वा विपक्षमा काम गर्दैनन् । नागरिक चासो र मुद्दामा कुनै पनि राजनीतिक दल वा राजनीतिक व्यक्तिहरुसँग सहकार्य गर्न सक्दछन् । आफ्ना समूह वा प्रतिनिधित्व गर्ने नागरिकको स्वार्थबमोजिमका सवालहरुलाई राजनीतिक दल तथा सरकारको प्रथामिकतामा पार्न काम गर्दछन् । नागरिक चासो र मुद्दामा वकालत गर्नु, सरकार तथा राजनीतिक दलहरुसँग जबाफदेहिता खोजी गर्नु, सामाजिक न्याय, विकास र परिवर्तनका काम, कुरा गर्नु सबै राजनीतिक प्रकृतिका काम हुन् । नागरिकहरुको चाहना र आवश्यकताको मुद्दाअनुसार नागरिक संस्थाहरु विभिन्न राजनीतिक दलहरुसँग सम्वाद र सहकार्य गर्न सक्दछन् । कुनै नागरिक संस्थाको चिनारी खास राजनीतिक दलको पक्षधरको रुपमा हुनुहुँदैन ।

(९) **नागरिकका मुद्दाको वकालत:** समाजका विभिन्न तप्काका मानिसहरु आवाजविहीन छन् । पहुँचविहीन छन् । गरिबीमा छन् । विभेदमा परेका छन् । यीलगायत कतिपय मुद्दाहरु यस्ता हुन सक्छन् जुन समाजमा पर्याप्त बहस र छलफल नभएको हुन सक्छ । जुन राजनीतिक दलहरुको प्राथमिकताको विषय नभएको हुन सक्छ ।

जुन सरकारी नीति र गतिविधिमा नसमेटिएको हुन सक्छ । यस्ता विषयहरुको सार्वजनिक रुपमा उठान गर्ने, सरकारी र राजनीतिक सरोकारवालाहरुको प्राथमिकताभित्र पार्ने गतिविधि नागरिक राजनीति हो । नागरिक संस्थाहरुले यस्तो प्रक्रियाको सहजीकरण र अभियानको नेतृत्व गरी ती आवाजविहीन र किनारामा पारिएका व्यक्तिहरुको लाभ सुनिश्चित गर्दछन् ।

**(ख) कार्यगत विशेषता:** राज्य सञ्चालन पद्दति (Governance System) का सरोकारवालाहरुमध्ये नागरिक समाज पनि एक हो । नागरिक समाजको अवधारणा र कार्यक्षेत्रको अन्तर्राष्ट्रिय अनुभवको आधारमा कार्यगत विशेषताहरू (Functional Features) लाई देहायअनुसार चर्चा गरिएको छः

(१) नागरिक समाज मूलत : एउटा परिवर्तनमुखी वा रुपान्तरणकारी अभियान/समूह (Movement) हो जुन संवैधानिक र कानुनी परिधिभित्र रहेर स्वतन्त्रतापूर्वक सञ्चालन भएको हुन्छ ।

(२) नागरिक समाज सदैव गतिशील (Dynamic) रहने संस्थागत व्यवस्था हो । यसले दीर्घकालीन योजनाको दस्तावेज बनाउदैन  तर आफ्नो समुदायको हित र समृद्धिको सपना भने देखेको हुन्छ । यी सपना हासिल गर्न समयसापेक्ष रुपमा सान्दर्भिक मुद्दामा काम गर्दछ ।

(३) कार्यकुशलता (Efficiency) नागरिक समाजको विशेषता हो । यस्ता संस्थाहरूले थोरै लागतमा उपलब्धिमूलक कार्य गर्छन् । यिनको खर्च गर्ने प्रक्रिया सरल हुनुका साथै तत्काल उपलब्धि मापन गर्न सक्ने सूचकाङ्कको प्रयोग गरी काम गर्ने परिपाटी हुन्छ । सानो सङ्गठन हुने भएकोले कार्यक्रमको तत्काल अनुगमन तथा मूल्याङ्कन गरी कार्यान्वयनलाई चुस्त राख्ने विधि र सीप यस्ता संस्थामा हुन्छ ।

(४) नागरिक संस्थाहरूको कार्यप्रणाली सहभागितामूलक (Participatory) हुन्छ । सरोकारवालाहरुको प्रत्यक्ष सहभागितामा योजना बनाउने, कार्यान्वयन गर्ने र अनुगमन तथा मूल्याङ्कन गर्ने कुरामा नागरिक संस्थाहरूले जोड दिन्छन् ।

(५) नागरिक समाजको अर्को महत्त्वपूर्ण विशेषता आफूले प्रतिनिधित्व गरेको समूह खासगरी गरिब र किनारामा पारिएका व्यक्ति तथा समूहलाई लाभ हुने काम गर्नु हो ।

(६) नागरिक समाजको गठन समाजको खास समूहको आवश्यकता परिपूर्ति गर्नको लागि भएको हुन्छ । नागरिक संस्थाहरूले यस्तै वर्गको सहभागितामा आफूले गर्ने कामको योजना बनाउने, कार्यक्रम तयार गर्ने र कार्यान्वयन गर्ने गरेका हुन्छन् ।

(७) नागरिक संस्थाले राज्य र बजारलाई प्रतिस्थापन गर्न सक्दैन र हुदैन पनि । नागरिक समाज राज्य र बजारका परिपूरक हुन् । यिनले समाजको समग्र विकास र परिवर्तनको अभियानमा साझेदारी गर्दै र राज्य र बजारले गर्नुपर्ने कामप्रति जबाफदेही बन्न सघाएर समग्र राष्ट्र र नागरिकको भलाइ गर्दछन् ।

(८) नागरिक संस्थाहरू सिद्धान्ततः जनउत्तरदायी (Accountable to the constituency not the entire people) संस्था हुन् । यिनीहरूले जसका लागि काम गर्छन् तिनैप्रति मात्र यिनको उत्तरदायित्व रहेको हुन्छ ।

(९) नागरिक समाजको हरेक काम, कारवाही पारदर्शी (Transparent) हुनुपर्छ । जनताप्रति उत्तरदायी हुने, जनसहभागिताको आधारमा निर्णय हुने, प्रतिफल जनताको लागि मात्र हुने हुँदा जनतासँगको सम्पूर्ण काममा पारदर्शी हुन उनीहरूलाई सजिलो हुन्छ ।

(१०) नागरिक समाजको कार्यप्रणाली प्रक्रियागतभन्दा बढी उपलब्धिमूलक (Results-oriented) हुन्छ । यिनीहरू प्रक्रियामा अल्झिने र धेरै समय निर्णय गर्नमा नै बिताउने किसिमले काम गर्दैनन् । यिनीहरु देखेको समस्या तुरुन्त सम्बोधन गर्न र नतिजा प्राप्त गर्नमा जोड दिन्छन् ।

(११) लोकतान्त्रिक पद्दति (Democratic Process) अपनाउनु नागरिक समाजको अर्को महत्त्वपूर्ण विशेषता हो। यिनीहरूको सदस्यता प्राप्त गर्ने, मत राख्ने र निर्णय गर्ने विषयमा खुला, स्वतन्त्र र लचिलो पद्दति हुन्छ। यिनीहरूले सहभागितामूलक निर्णय प्रक्रिया अपनाउँछन्।

(१२) नागरिक समाजको कार्यप्रणाली लचिलो/उदार (Flexible) हुन्छ। यिनीहरू सङ्गठनको हरेक किसिमको काम गर्न अधिकार प्राप्त हुन्छन्। परिणाममुखी भएकोले पनि जसरी हुन्छ आफ्नो जिम्मेवारी तोकिएको समय, परिमाण, लागत र गुणस्तरलाई ध्यानमा राखेर काम गर्दछन्। आवश्यकताअनुसार कार्य प्रक्रिया अपनाई काम गर्छन्।

(१३) नागरिक समाजको कार्यक्षेत्रमा विविधता (Diversity) हुन्छ। नागरिक संस्थाहरूले सरकारको जस्तो विभिन्न कार्यक्षेत्र तोकेर काममा विशिष्ठता प्राप्त गर्नेतर्फ यिनको ध्यान गएको हुँदैन। गाउँको एक कुनाको नागरिकको लागि शिक्षा दिनेलगायत लोकतन्त्रको पक्षमा आन्दोलन गर्नेसम्मका काममा यिनीहरू लागेका हुन्छन्।

(१४) नागरिक संस्थाहरूले समाजका खोजमूलक कार्य (Innovation) मा जोड दिन्छन्। समाजको बनोट, स्थिति र कमी कमजोरीहरूको खोज गरी तिनबारे जनतामा प्रचारप्रसार गर्छन्। उनीहरूको खोजका आधारमा राज्यले ध्यान दिनुपर्ने भएमा राज्यको ध्यानाकर्षण गराउने कार्यमा नागरिक संस्थाहरू लागि परेका हुन्छन्। उनीहरूको ध्यान समाजका अति सूक्ष्म विषयमा समेत केन्द्रित हुन्छ।

**(ग) व्यवहारगत विशेषता:** नागरिक समाजका अभियन्ताहरुको मुख्य व्यवहारगत विषयहरु यी हुन्:

(१) नागरिक समाजका अभियन्ताहरुको व्यवहार सहयोग (Cooperation) गर्ने हुन्छ।

(२) समझदारी (Understanding) नागरिक समाजका अभियन्ताहरुको अर्को व्यवहारगत विशेषता हो।

(३) समभाव (Empathy) पूर्ण व्यवहारले नागरिक समाजको परिचय दिन्छ।

(४) पारस्परिक सम्बन्ध (Mutual Relation) नागरिक समाजका अभियन्ताहरुको अर्को गुण हो।

(५) सहकार्य (Collaboration) र साझेदारी (Partnership) हुन्छ। जसमा सम्बद्ध सबैसँग सहकार्यको व्यवहार नागरिक समाजका अभियन्ताहरुमा हुन्छ र नागरिक समाजका अभियन्ताहरुले साझेदारीको भावनाले काम गर्दछन्।

(६) समन्वय (Coordination) नागरिक संस्थाहरुले आफूले गर्दै गरेको कार्यसँग सम्बन्धित सबै निकाय र व्यक्तिहरुसँग समन्वय गरी काम गर्ने व्यवस्था मिलाउछन्।

(७) नागरिक समाजका अभियन्ता वा सदस्यहरु उच्च नैतिकता तथा सदाचारिता (Ethics and Integrity) का अभ्यासकर्ता हुन्छन्।

## १.५ नागरिक समाजको भूमिका

नागरिक समाजको लक्ष्य समाजको मानवीय संवेदनाको अभिव्यक्तिसँग सम्बन्धित रहने भएकाले समाजको स्थितिको अध्ययन गर्ने र तिनको सुधारको लागि आवाज उठाउने हो। नागरिक समाजका विभिन्न भूमिका हुन्छन्।

१) नागरिक निगरानी: नागरिक समाजले शासन प्रणालीको समग्र अवस्थामा नागरिक निगरानी गर्ने काम गर्दछ। सार्वजनिक सेवा प्रदायक निकायहरुले के, कसरी काम गरिरहेका छन्, नागरिक चासो र सरोकारलाई के, कसरी सम्बोधन गरिरहेका छन् भन्नेलगायतका सवालमा नागरिक निगरानीको काम गर्दछ।

२) साझेदारी विकास: सिद्धान्ततः नागरिक समाजको मुख्य भूमिका राज्य र बजारले नागरिकलाई प्रवाह गर्नुपर्ने सेवा दिने होइन बरु उनीहरुलाई ती सेवाहरु प्रवाह गर्न जबाफदेही बनाउनु हो । नागरिक समाजले राज्य र बजारबीच साझेदारी अभिवृद्धि गर्ने गर्दछ ।

३) नीति निर्माण तथा कार्यान्वयनमा सहयोग: नागरिक संस्थाहरुले एकातिर नागरिकसँग मिलेर काम गर्छन् भने अर्कोतर्फ नागरिकको मतद्धारा निर्वाचित सरकारसँग सहकार्य गरिरहेका हुन्छन् । नागरिकबाट चुनिएको सरकारलाई नीति निर्माण र त्यसको कार्यान्वयनमा सहयोग गरिरहेका हुन्छन् । सिद्धान्ततः नागरिक समाज सरकारको विकल्प होइन । सरकारले कुनै काम गर्न सक्दैन भन्ने मानिदैन । बरु नागरिक समाजले सरकारले गर्न नसकिरहेको काम गर्न, गराउन सहयोग वा सहजीकरण गर्दछ ।

४) परिवर्तनको सम्बाहक: कुनै पनिसमाजको परिवर्तनको एक प्रमुख सम्बाहक नागरिक समाज हो । नागरिक समाजले सामाजिक विकृति, विसङ्गति, कुरीति तथा अन्धविश्वासको अन्त्य तथा रुपान्तरणको लागि योगदान गर्दछ । त्यसैगरी नागरिकको चाहना, अपेक्षालाई उठाउने र सरकारलाई त्यस्ता चाहना र अपेक्षा पूरा गर्नको लागि दबाब दिने काम गर्दछन् । वकालत गर्दछन् । अभियान सञ्चालन गर्दछन् । त्यसैले नागरिक समाजलाई परिवर्तनको सम्वाहकको रुपमा लिने गरिन्छ ।

५) विकल्पहरुको खोजी: शासकीय प्रक्रियादेखि सेवा प्रवाहसम्म, विकास निर्माणदेखि अधिकारको सुनिश्चिततासम्मको काममा देखा परेका समस्याहरुको समाधानको लागि नागरिक समाजले विभिन्न विकल्पहरु खोजी सम्बन्धित निकायसमक्ष प्रस्तुत गर्ने काम गर्दछ । समाजमा देखा परेका समस्याहरुको कारण के हुन सक्छन् र त्यस्तो समस्याको समाधानको लागि कस्ता गतिविधिहरु सञ्चालन गर्न सकिन्छ भनेर विकल्प प्रस्तुत गर्दछ ।

६) नागरिक शसक्तीकरण: नागरिक आफ्नो अधिकार तथा दायित्वप्रति चेतनशील तथा जागरुक नहुन सक्छन् । उनीहरु आफ्ना लागि सार्वजनिक निकायले दिने वस्तु र सेवाबारे अनभिज्ञ हुन सक्छन् । यसैगरी आफ्नो हक, अधिकार तथा दायित्व र जिम्मेवारीबारे समेत नागरिक जानकारीविहीन हुन सक्छन् । यस्तो अवस्थामा नागरिकलाई उनीहरुको हक, अधिकार, दायित्व र जिम्मेवारीप्रति शसक्त बनाउने काममा नागरिक समाजले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ ।

७) सुशासन तथा मानवअधिकारको प्रवर्द्धन गर्ने: भ्रष्टाचारविरुद्ध सशक्त आवाज उठाउने, मानवअधिकारको उल्लङ्घन र सामाजिक अन्यायविरुद्ध आन्दोलित रहनेजस्ता कार्यको माध्यमबाट नागरिक समाजले जनताको हितमा काम गरिरहेको हुन्छ । मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा पनि नागरिक समाजले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसैगरी हालैका वर्षहरूमा विश्वभरि द्वन्द्व व्यवस्थापनमा नागरिक समाजले खेलेको भूमिकाले पनि जनतामा यिनप्रति भरोसा बढेको छ ।

८) लोकतन्त्रको सवलीकरण: लोकतन्त्र र नागरिक समाजबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा सरकारबाहेक अन्य क्षेत्रको पनि स्वतन्त्र अस्तित्व रहने भएकोले नागरिक समाजको विकास र विस्तार लोकतान्त्रिक शासन व्यवस्थामा मात्र सम्भव मानिन्छ । विश्वको इतिहास र नागरिक समाजको विकासको अवस्थाले यही कुरा प्रमाणित गरेको पाइन्छ । लोकतन्त्रको सुदृढीकरणमा सरकार र सत्तारुढ राजनीतिक दलको भन्दा बढी महत्त्वपूर्ण भूमिका नागरिक संस्थाहरूको रहेको हुन्छ । लोकतन्त्रको आधारको रूपमा रहेको बहुदलीय प्रतिस्पर्धात्मक निर्वाचनको वातावरण सिर्जना गर्न नागरिक समाजको ठूलो भूमिका रहेको हुन्छ । यसको लागि नागरिक समाजले मतदाता शिक्षा, चुनावको पर्यवेक्षण तथा चुनाव आचारसंहिताको पालना गर्ने, गराउने काममा सशक्त भूमिका खेलेको हुन्छ ।

९) नागरिक र सरकारबीचको पुल: समाजको हितमा काम गर्न नागरिक समाजले ज्यादै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । सरकार र बजार संयन्त्रले नछोएको वर्ग वा क्षेत्रको वास्तविकता पत्ता लगाउने, तिनको लागि सहयोग गर्ने र आफूले सहयोग गर्न नसक्ने भएमा सरकारको ध्यानाकर्षण गराउने, सरकारले ध्यान नदिएमा जनतालाई जागरुक गराई आफ्नो अधिकारको लागि लड्न अग्रसर गराउनेसम्मका काम नागरिक समाजले गर्न सक्छन् ।

१०) मानवीय सहयोग गर्ने: कुनै पनि प्राकृतिक तथा मानवीय सङ्कटको समयमा आवश्यक पर्ने सहयोग गर्ने काम नागरिक समाजले गर्दछ । भूकम्प, बाढी, पहिरो, सुनामी, सामुन्द्रिक आँधीजस्ता प्राकृतिक प्रकोप तथा युद्ध, आगलागीजस्ता मानवीय सङ्कटको समयमा आवश्यक पर्ने मानवीय सहयोग उपलब्ध गराउँछ ।

११) सार्वजनिक संस्था तथा अधिकारीको जबाफदेहिता अभिवृद्धि गर्ने: सार्वजनिक सेवा प्रदायक निकाय, संस्था र त्यस्ता संस्थाका अधिकारीहरुको सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने, नागरिकप्रति जबाफदेही बनाउने, पारदर्शिताको प्रवर्द्धन गर्नेलगायतका सवालमा नागरिक समाजले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## १.६ नागरिक सहभागिताको अर्थ

संयुक्त राष्ट्रसङ्घका अनुसार नागरिक सहभागिता भन्नाले सार्वजनिक चासो र सरोकारका सवालमा गर्नुपर्ने कार्यको पहिचान गरी कुनै पनि नागरिक व्यक्तिगत, सामूहिक तथा संस्थागत रुपमा सहभागी हुने कार्यलाई बुझाउँछ । नागरिक सहभागिताका विभिन्न स्वरुप छन् । उदाहरणको लागि, कुनै पनि व्यक्ति स्वयंसेवक रुपमा सहभागी हुने, नागरिक संस्थामार्फत सहभागी हुनेदेखि निर्वाचनमा मतदानमार्फत पनि शासकीय प्रक्रियामा नागरिक सहभागि हुन सक्छन् । यसरी हेर्दा नागरिक सहभागिताले कुनै पनि सार्वजनिक तथा सामुदायिक समस्याहरुको समाधानका लागि नागरिक, नागरिक समाज तथा नागरिक संस्थाले सम्बन्धित निकाय वा संस्थासँग गर्ने प्रत्यक्ष अन्तर्क्रिया तथा सहभागितालाई बुझाउँछ ।

(१) नागरिक सहभागिता भन्नाले लोकतान्त्रिक पद्धति र भावनाअनुरुप शासन सञ्चालनका विविध क्रियाकलापहरुमा सर्वसाधारण नागरिकको भौतिक उपस्थिति, विचारको अभिव्यक्ति, आफ्नो चासो र आवश्यकताको प्रस्तुति, सरकारी नीति र गतिविधिप्रति मत राख्ने, सार्वजनिक चासोका विषयमा सरोकार राख्ने तथा कुनै मुद्दाको समाधानको लागि सम्भाव्य उपायको खोजी गर्ने परिपाटी हो ।

(२) नागरिक सहभागिता भन्नाले कुनै पनि गाउँ, टोल तथा समुदायदेखि स्थानीय, प्रदेश तथा सङ्घीय सरकारले गर्ने सेवा प्रवाह, वस्तु वितरण तथा विकास निर्माणका कार्य र योजनाहरुमा सर्वसाधारण नागरिक वा यस्ता नागरिकको प्रतिनिधित्व गर्ने नागरिक संस्थाको संलग्नता रहनु हो ।

(३) लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता भन्नाले कुनै नागरिकको कुनै संस्थामा वा कार्यमा उपस्थिति (Presence) जनाउनु मात्र होइन सो संस्था वा कार्यलाई आफ्नो हितको लागि प्रभाव (Influence) पार्नेगरी सहभागी हुनु हो ।

(४) नागरिक सहभागिता भनेको कुनै संस्थाको सदस्य बन्नु वा संस्थाको कार्य सञ्चालनको लागि कुनै मौद्रिक वा भौतिक सहायता गर्नु मात्र होइन, त्यस संस्था वा अभियानको उद्देश्य हासिल गर्न आफै प्रत्यक्ष संलग्न हुनु र त्यस कार्यको स्वामित्व लिनु पनि हो ।


(५) अझ सजिलो भाषामा भन्नुपर्दा आफूसँग प्रत्यक्ष वा परोक्ष रुपमा चासो तथा सरोकार राख्ने कुनै पनि विषयका सबै चरण तथा प्रक्रियामा सर्वसाधारणको संस्थागत वा समूहगत तथा व्यक्तिगत रुपमा संलग्न हुन र त्यस प्रक्रियामा आफ्नो हितको पक्षमा प्रभाव पार्ने अवस्थालाई नागरिक सहभागिताको रुपमा बुझ्न सकिन्छ ।

(६) नीति निर्माण, आवश्यकता पहिचान, परियोजना छनोट, बजेट विनियोजन तथा पारित, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिफल वितरण तथा प्राप्तिजस्ता शासकीय व्यवस्थाका विभिन्न चरणमा सरोकारवाला सर्वसाधारण वा यस्ता सरोकारवालाको प्रतिनिधित्व गर्ने नागरिक संस्थाको सक्रिय, स्वतन्त्र र सार्थक संलग्नता नै नागरिक सहभागिता हो ।

(७) समुदायका नागरिक तथा नागरिक संस्थाहरु व्यक्तिगत, समूहगत वा संस्थागत रुपमा सहभागी हुने क्रमलाई पनि नागरिक सहभागिताकै परिभाषाभित्र समेट्न सकिन्छ। छोटकरीमा भन्नुपर्दा कुनै पनि व्यक्ति आफू, आफ्नो परिवार, समुदायमाथि प्रत्यक्ष रुपमा जोडिएका वा प्रभाव पार्ने कुनै पनि विषय, सार्वजनिक नीति, योजना वा विकास तथा शासकीय गतिविधिमा सरोकारवाला नागरिक वा त्यस्ता नागरिकका संस्थाहरुको सक्रिय, प्रभावकारी तथा अर्थपूर्ण संलग्नता नै नागरिक सहभागिता हो ।

(८) संविधान प्रदत्त मौलिक अधिकार प्राप्तिका लागि नीति निर्माणदेखि त्यसको कार्यान्वयन र सार्वजनिक सेवा प्रवाहमा सरकार तथा राजनीतिक प्रक्रियाबारे सचेत तरिकाले निगरानी गरी राम्रा कामको प्रशंसा वा विस्तार तथा सुधार गर्नुपर्ने कुरामा रचनात्मक सुझाव, खबरदारी र साझेदारी गर्नु शासकीय प्रक्रियामा नागरिक सहभागी हुनु हो ।

**नागरिक सहभागिताका चरणहरु निम्नानुसार छन्**




## १.७ सुशासनमा नागरिक सहभागिता

(१) नागरिक र सरकारबीच सम्बन्ध (Link) स्थापना गराउने महत्त्वपूर्ण संयन्त्र हो नागरिक समाज । सार्वजनिक नीति निर्माणमा प्रभाव पारेर एवं अव्यावहारिक नीतिमा परिवर्तनको लागि सुझाव दिएर, दबाब सिर्जना गरेर, प्रभावकारी सार्वजनिक सेवाको लागि आवाज उठाएर, अत्यावश्यक सेवाहरुको प्रवाहमा सहभागी भएर, सरकारका सुधार गर्नुपर्ने पक्षहरु समयमा नै पहिल्याइ दिएर, सुधारका लागि रचनात्मक सहयोग गरेर, सरकारलाई जिम्मेवार र उत्तरदायी बन्न सघाएर वा दवाव दिएर नागरिक समाजले सशक्त भूमिका निर्वाह गर्न सक्तछ ।

(२) समग्र शासकीय प्रक्रियामा सर्वसाधारण नागरिकको अर्थपूर्ण सहभागिता, जिम्मेवार भूमिका, पारदर्शी प्रशासन संयन्त्र तथा प्रणाली, कानुनी शासनको परिपालना, आफ्ना नागरिकप्रति पूर्ण जबाफदेही सरकार, मानवअधिकारको परिपालना, प्रभावकारी सार्वजनिक सेवा तथा सुविधा भएको शासन व्यवस्थालाई सुशासनको रुपमा लिने गरिन्छ ।

(३) कुनै पनि निकायहरुले काम गर्ने पद्धति, सेवा, सुविधा दिने प्रणाली, संस्थागत संरचनालगायतका कुरालाई शासनभित्र राखेर हेरिन्छ भने त्यस्ता शासन प्रणाली जनमुखी, नागरिकप्रति उत्तरदायी, जबाफदेही, पारदर्शी हुनुलाई सुशासन भनिन्छ ।

(४) राज्यको शक्ति प्रयोग गर्ने, यसको ढुकुटीको बाडँफाँट गर्नेलगायतका कार्यमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने किसिमले सञ्चालनको बन्दोबस्त मिलाउनु सुशासन हो ।

(५) सुशासन भनेको योजना पहिचान गर्ने, छनोट गर्ने, बनाउने, कार्यान्वयन गर्ने तथा कानुन र प्रक्रियालाई जनताको इच्छा, आकाँक्षा, चाहना र आवश्यकताअनुसार सुधार गर्दै लैजाने प्रक्रिया हो । सुशासनका विभिन्न तत्वहरु छन् जसलाई तलको तालिकाले प्रष्ट बनाउँछ ।

(६) नागरिक सहभागिता सुशासनको एक महत्त्वपूर्ण तत्व हो । सुशासनलाई जसरी परिभाषित गरिए पनि नागरिक सहभागिता हरेकमा दोहोरिन्छ । जसबाट सुशासन स्थापनाको कार्यमा नागरिक सहभागिताको सन्दर्भ र महत्त्व प्रष्ट हुन्छ ।

(७) नागरिक सहभागिता सरोकारवालाहरुको सक्रिय र प्रभावकारी सहभागिता हो, जसमा अल्पसंख्यक, वहिष्करणमा परेको वर्ग, समुदाय, महिला, दलित, आदिवासी जनजाति, मधेसी मुश्लिमलगायतका व्यक्ति वा यस्ता समुदायको प्रतिनिधित्व गर्ने समूह तथा संस्था वा व्यक्तिको अर्थपूर्ण, सक्रिय र सार्थक सहभागिता हो ।

(८) यस किसिमको सहभागिताले सुशासन प्रवर्द्धन, पारदर्शिता अभिवृद्धि, भ्रष्टाचार नियन्त्रण, समता तथा समावेशिता प्रवर्द्धन गर्न, कानुनी शासनको अभ्यास बढाउन, मानवअधिकारको सम्मान तथा शान्ति र विकासको अवस्थामा सुधार ल्याउनको लागि मद्धत गर्दछ ।

(९) नीति निर्माण र त्यसको कार्यान्वयनमा निगरानी गरी नागरिकले पाउने लाभको मात्रा बढाई लोकतान्त्रिक शासन प्रणालीको स्वामित्व र दिगोपना बढाउन मद्दत गर्दछ ।

(१०) शासकीय प्रक्रियालाई सुशासनयुक्त बनाउनको लागि नागरिक सहभागिता आफैमा महत्त्वपूर्ण र अपरिहार्य पक्ष हो । सुशासनका हरेक तत्त्वहरुको प्राप्तिमा नागरिक सहभागिता आफैमा एक अन्तरसम्बन्धित विषयवस्तु हो । नागरिकको अर्थपूर्ण सहभागिताबिना सुशासन प्राप्त गर्न सकिदैन । संक्षेपमा नागरिक सहभागिताले देहायका कार्यका आधारमा लोकतन्त्रको सुदृढीकरण र सुशासन कायम गर्न सहयोग पुऱ्याउँछः

(क) नागरिक शिक्षा, नैतिक शिक्षा र निर्वाचन शिक्षाको प्रचारमार्फत जनचेतना अभिवृद्धि गर्ने,

(ख) लोकतान्त्रिक मूल्य, मान्यता स्थापित गर्न सहयोग गर्ने,

(ग) राजनीतिक सहभागिता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने,

(घ) राजनीतिक नेतृत्व विकास गर्न सहयोग गर्ने,

(ङ) निर्वाचन पर्यवेक्षण गरी स्वच्छ, स्वतन्त्र र विश्वसनीय निर्वाचन गर्न सहयोग गर्ने,

(च) सरकारले वा कुनै संस्था वा पदाधिकारीले अधिकारको प्रयोग गलत तरिकाले गरेमा त्यसको जबाफदेहिताको माग गर्ने,

(छ) भ्रष्टाचार नियन्त्रण गर्न सहयोग गर्ने,

(ज) सार्वजनिक चासोका विषयलाई जनसमक्ष ल्याउने,

(झ) समाजका कमजोर वर्ग वा समुदायको आवाज उठाउन सहयोग गर्ने,

(ञ) समाजमा देखिएका विभिन्न विवाद समाधान गर्न मध्यस्थता गर्ने,

(ट) सरकारलाई जिम्मेवार र उत्तरदायी बनाउन पहल गर्ने,

(ठ) सरकारी र राजनीतिक नीति र व्यवहारप्रति समालोचनात्मक दृष्टिकोण राख्ने,

(ड) सरकारी सेवा प्रवाहको निगरानी गरी राम्रा कामको कदर र सुधारको लागि पृष्ठपोषण गर्ने,

(ढ) बजारले प्रवाह गर्ने वस्तु तथा सेवाको अनुगमन, टीका टिप्पणी गरी सरकारलाई बजारसम्बन्धी उपयुक्त नीति, नियम र नियमन गर्न सुझाव र सहयोग गर्ने ।

## १.८ सरकार, नागरिक समाज र बजारबीचको सम्बन्ध र नागरिक सहभागिता

(१) कुनै पनि देश वा राज्यको दैनिक कामकाज सञ्चालन गर्ने संयन्त्रलाई सरकार भनिन्छ । कानुन बनाउने र त्यसको परिपालना गराउने अधिकार सरकारमा निहित हुन्छ ।

(२) मूलतः सरकारका तीनवटा अङ्गहरु हुन्छन् जसमा व्यवस्थापिका, न्यायपालिका र कार्यपालिका पर्छन् । नेपालको संविधानअनुसार कार्यपालिकाको प्रमुख प्रधानमन्त्री हुन्छन् भने व्यवस्थापिकामा सभामुख र न्यायपालिकामा प्रधानन्यायधिश प्रमुख हुन्छन् । कार्यपालिका सरकारको एउटा अङ्ग हो । यद्यपि सामान्यतः यही कार्यपालिकालाई नै सरकार भन्ने गरिन्छ । किनकि यसले नै देशमा व्यवस्थापिकाले बनाएका कानुनहरुको पालना गराउँछ र देशको दैनिक कामकाज सञ्चालन गर्दछ । व्यवस्थापिकाको काम कानुन बनाउने हो भने न्यायपालिकाको काम न्याय प्रदान गर्ने हुन्छ ।

(३) सरकारअन्तर्गतका हरेक अङ्गले के के गर्न सक्छन् भन्नेबारे निश्चित सीमा तोकिएको हुन्छ । यिनै सीमाहरुको आधारमा एकले अर्कालाई नियन्त्रण गर्दछन् । यही नियन्त्रण गर्ने कार्यलाई शक्ति पृथकीकरण भनिन्छ । एउटा देशमा धेरै प्रादेशिक तथा स्थानीय सरकार हुन सक्छन् यद्यपि केन्द्रीय सरकार भने एउटै हुन्छ ।

(४) राज्य संयन्त्रबाट उत्पादनका श्रोत र साधनको आवश्यक र सही परिचालन हुन नसकेको तथा व्यक्तिगत स्वतन्त्रताको अभावले उत्पादनमा नकारात्मक प्रभाव पार्ने अवस्था रहन्छ । यस्तो अवस्थामा बजार संयन्त्रबाट वस्तु तथा सेवाको उत्पादन राज्यको कुनै हस्तक्षेपबिना नै व्यक्तिगत प्रतिस्पर्धाको आधारमा हुने गर्दछ । स्वतन्त्र आर्थिक नियमबाट चल्न सक्ने बजार संयन्त्रमा अन्तर्राष्ट्रिय बजार संयन्त्रलाई प्राथमिकता दिइएको हुन्छ ।

(५) बजारले वस्तु तथा सेवाको उत्पादन नाफा कमाउने उद्देश्यले गर्दछ । नाफा कमाउने क्रममा यसले सामाजिक उत्तरदायित्व र सवाललाई खासै वास्ता गर्दैन । बजारले गरीब तथा पछाडि पारिएका र पहुँच नभएका नागरिकको हितमा ध्यान नदिन वा कम दिन सक्छ ।

(६) यसैगरी, विभिन्न किसिमका स्वेच्छिक, औपचारिक तथा अनौपचारिक सामाजिक संस्था, समूह, सङ्गठन, सञ्जाल, ऐक्यबद्धता समूह आदिबाट नागरिक समाज बन्छ । यस्तो नागरिक समाज राज्यको शक्तिशाली संरचनाभन्दा बाहिर रहेको हुन्छ । बजारको नाफाघाटाको वित्तीय संरचनाभन्दा पनि बाहिर रहेको हुन्छ । मूलतः यसको कामको दायराभित्र स्वेच्छिक सामूहिक कार्यहरु पर्दछन् ।


बजार
वस्तु र सेवाको उत्पादन र वितरण
रोजगारीको सृजना
लगानी बृद्धि
बजारको पहुँच
श्रम
सामाजिक दायित्व र जिम्मेवारी लक्षित, समुदायको शसक्तीकरण
सामाजिक उत्तरदायित्वका लागि वकालत
नागरिक समुदाय र बजारको
आपसी हित प्रबर्द्धन
पारदर्शिता
नीति, निर्देशन, नियमन, व्यवस्थापन
नीति कार्यान्वयको अनुगमन तथा मल्याङ्कन
सहजीकरण
नागरिक समाज
अधिकारप्रति सचेत
आफ्नो कर्तव्य र जिम्मेवारीको पालना
सेवा प्रदायकसँग मोलमोलाई
सुशासनको खोजी
परिवर्तन र सुधारको अपेक्षा
सहकार्य, साझेदारी, अधिकारको दावी, शासकीय प्रक्रियामा चासो र सरोकार
नागरिक सहभागिता
न्यायिक र समन्यायिक नीतिहरु, राज्यको दायित्वको परिपूर्ति
सार्वजनिक सेवा प्रदायक निकायहरु
श्रोत तथा साधनको व्यवस्था
नागरिकप्रतिको जबाफदेहिता
प्रभावकारी सेवा र गुणस्तरीय वस्तु
अधिकारको संरक्षण तथा परिपूर्ति
नागरिक शसक्तिकरण
वकालत, सहकार्य
वकालत क्षमता अभिवृद्धि नीतिगत पैरवी, सहकार्य समन्वय शसक्तीकरण
नागरिक समाज
नागरिक
नागरिक समाज
नागरिक संस्था
अधिकार तथा कर्तव्यप्रति सूचित र सचेत गर्ने
कमजोर समुदायको शसक्तीकरण
समावेशिता र नेतृत्व विकास
गुणस्तर सहभागिता
आर्थिक, सामाजिक, राजनीतिक अवसरमा पहुँच
उत्पादनमा पहुँच र समान प्रतिफल वितरण
विपद्को प्रतिरोधात्मक क्षमतामा वृद्धि
शासनमा सहभागिता
योजना तर्जुमा तथा बजेट विनियोजनमा सहभागिता
नीति विश्लेषण
नीति निर्माण संलग्नता
नीति कार्यान्वयनको अवस्थाको अनुगमन, मूल्याङ्कन तथा
सहयोग
क्षमता अभिवृद्धि
समन्वय तथा सहकार्य

(७) राज्यको सत्ता र शक्तिसँग सम्बन्धित स्वार्थ र बजारको नाफा कमाउने व्यापारिक स्वार्थभन्दा बाहिरै रहेर नागरिक समाजले सर्वसाधारण नागरिकको चासो, सरोकार, साझा स्वार्थ, अधिकारलाई केन्द्रमा राखेर काम गर्दछ । नागरिक समाजले राज्य र मानिसहरुको निजी जीवन र बजार तथा मानिसहरुको निजी जीवनको बीचमा बसेर नागरिकको हितमा उनीहरुको सरोकार र अधिकार प्राप्तिको लागि स्वतन्त्रतापूर्वक वकालत गर्दछ । राज्य, बजार र नागरिक समाजबीचको सम्बन्धलाई माथिको चित्रबाट प्रष्ट पार्न सकिन्छ ।


(८) माथिको चित्रले सरकार, बजार र नागरिक समाजको सम्बन्धलाई प्रष्ट पार्दछ । खासगरी सरकारले नीति, नियम बनाउने, त्यसको कार्यान्वयन गर्ने, शान्ति, सुरक्षा कायम गर्ने, विकास निर्माण गर्ने, सुशासन स्थापना गर्ने, नागरिकलाई आवश्यक पर्ने वस्तु तथा सेवा उपलब्ध गर्ने गराउनेलगायतको कार्य गर्दछ ।

(९) यद्यपि यसमा हुने शक्तिको दबदबाले नागरिकको हितभन्दा पनि अलि बाठाटाठा तथा शक्तिशाली बढी हावी हुने सम्भावना रहन्छ । खास पछाडि परेका वा पारिएका नागरिकको चासो र सरोकारलाई सम्बोधन नगर्न सक्ने अवस्था रहन्छ ।

(१०) बजारले नागरिकको दैनिक जीवनमा आवश्यक पर्ने वस्तु तथा सामग्री र सेवाको उत्पादन तथा वितरणको काम गर्दछ । जसमा नाफा कमाउने स्वार्थ बढी हावी हुने सम्भावना रहन्छ । यस्तो अवस्थामा नागरिक समाजले सरकारले नागरिकलाई दिन्छु भनेर प्रतिबद्धता व्यक्त गरेको कुरा दियो कि दिएन भनेर नागरिकको चासोलाई केन्द्रमा राखेर पृष्ठपोषण गर्दछ, वकालत गर्दछ ।

(११) यदि बजारले पनि आफ्नो व्यापारिक स्वार्थ मात्र हेरेर नागरिकमाथि शोषण गर्‍यो भने वा अहित हुने कुनै काम गर्‍यो भने त्यसलाई व्यवस्थित बनाउने किसिमको नीतिगत व्यवस्था गर्नको लागि राज्यलाई दबाब दिने काम गर्दछ । यसरी हेर्दा नागरिकमैत्री शासन स्थापना गर्नको लागि नागरिक समाजको विशिष्ट र महत्त्वपूर्ण भूमिका देखिन्छ ।

(१२) राज्य वा सरकार, बजार र नागरिक समाजबीच गतिशील सम्बन्ध रहन्छ । जसलाई निम्नानुसार पनि देखाउन सकिन्छ:



(१४) माथिको तस्विरले बजार, सरकार र नागरिक समाजको गतिशील सम्बन्धलाई प्रष्ट रुपमा देखाउँछ। यसमा बजार एउटा स्थानमा रहन्छ। सरकार अर्को स्थानमा र नागरिक समाज अर्को स्थानमा रहेको जस्तो देखिन्छ। यद्यपि यी तीनओटाबीच एकआपसमा अन्तर्निहित सम्बन्ध रहेको हुन्छ। बजारले गर्ने कुनै पनि कुराले सरकार वा नागरिक समाजलाई प्रभाव पार्दछ।

(१५) सरकारले बजार वा नागरिक समाजलाई नियमित गर्नको लागि आवश्यक नीति, कानुन तर्जुमा तथा कार्यान्वयन गर्न सक्छ। नागरिक समाजले बजार र सरकारलाई नागरिकप्रति पारदर्शी र जबाफदेही बन्नको लागि र नागरिकको अधिकार सुनिश्चित गर्नको लागि निरन्तर वकालत तथा खबरदारी गरिरहन्छ। बजारले वस्तु तथा सेवा उत्पादन र वितरण गरी नागरिक आवश्यकता परिपूर्ति र सरकारको नागरिकप्रतिको जिम्मेवारी पूरा गर्न सघाइरहेको हुन्छ। यसरी हेर्दा तीनओटैबीच विशिष्ट सम्बन्ध रहेको हुन्छ।

(१६) बजारले गरिरहेको गतिविधिले वा राज्य तथा सरकारको कुनै पनि गतिविधिले कुनै नागरिक समूहलाई असर पार्न सक्छ। त्यस्तो अवस्थामा त्यही स्थानको नागरिकहरुले सङ्गठित रुपमा आवाज उठाउँछन् वा आफ्नो हक दावी गर्दछन्। उदाहरणको लागि दलित समूहलाई असर पार्ने कुनै निर्णय राज्यले गऱ्यो भने त्यही समूह सबैभन्दा पहिला आन्दोलित हुन्छ वा आफ्नो आवाज उठाउँछ। महिला समूहलाई केही असर पार्ने किसिमको निर्णय भयो भने सोही समूहका सदस्यले सङ्गठित भएर आवाज उठाउँछन्। यस्तो आवाजलाई समयमै राज्यले सम्बोधन गरेन भने नागरिक समाजका अन्य पनि सङ्गठित भएर त्यस्तो कुराको कार्यान्वयनको लागि वकालत सुरु गर्दछन्।

(१७) यसैगरी बजारलाई नियमित र व्यवस्थित गर्नको लागि राज्यले आवश्यक नीति, नियमहरु बनाउँछ। यसरी बन्ने नीति, नियम तथा त्यसको कार्यान्वयन व्यापारिक स्वार्थबाट प्रेरित हुन्छ कि भनेर चासो राख्ने र यदि त्यस्तो देखिएमा सङ्गठित रुपमा आवाज उठाउने काम नागरिक समाजले गर्दछ।

(१८) यसमा ध्यान दिनुपर्ने प्रमुख सवाल भनेको नागरिक समाज भनेको राज्यका संस्थाले पुऱ्याउने कामको प्रतिस्थापन गर्ने वा राज्यको समानान्तर कदापि होइन। यो त राज्यको सहयोगी पक्ष हो। राज्यलाई नागरिकप्रति उत्तरदायी बन्न झकझकयाउने हो।

(१९) सार्वजनिक चासो र सरोकारलाई सम्बोधन गर्नको लागि वकालत गर्ने समूह हो। कतिपय नागरिक संस्था विकासका काममा संलग्न छन्। यद्यपि नागरिक समाजको प्रमुख जिम्मेवारी भनेको अधिकारमा आधारित विकासको वकालत गर्ने हो।

(२०) सरकार र बजार विकासको काम लिएर नागरिकको बीचमा पुग्न सक्छ। सबै नागरिकमा न्यायिक रुपमा नपुगेको हुन सक्छ। नागरिक समाजले आम नागरिकलाई मर्यादित जीवन जीउन आवश्यक विकास र अन्य सेवाहरुको प्राप्ति उनीहरुको अधिकार र त्यसको प्राप्तिको मर्यादित प्रक्रियाबारे सचेत र जागरुक गराउँछ र नागरिकलाई आफ्नो दायित्वप्रति पनि सचेत बनाउँछ। नागरिक समाजले नै विकासको काम लिएर नागरिक साामु पुगी राज्यको समानान्तर रुपमा आफूलाई प्रस्तुत गर्दैन। नागरिक समाजले विपद्को समय र अन्य खास परिस्थितिमा केही विकास र राहतका काम गर्न सक्छन् तर यो उनीहरुको मुख्य काम होइन। नागरिक संस्थाले गर्ने विकासको काम विशेष परीक्षण गर्ने, अनुसन्धान गर्ने र विकासको दिगो र प्रभावकारी नमुना र विधि स्थापित गरी त्यसमा सरकार र अन्य सरोकारवालाहरुलाई जोडी त्यस्तै काम गर्न, गराउन प्रोत्साहन गर्ने र सघाउने हो। समाजका खास समूहले मानवीय विकासका लागि नागरिक संस्थाहरुले निरन्तर काम गरिरहन सक्छन् जुन सरकारको काममा परिपूरक बन्छ। नागरिक समाजको मुख्य काम चाहिँ विकास नागरिकको अधिकार भएको कुरा राज्य संयन्त्र र नागरिकलाई बोध गराउँदै राज्यका निकायहरुलाई सो कार्य गर्न, गराउन उत्तरदायी बनाउनु र नागरिकलाई त्यस प्रक्रियामा संलग्न गराउनु हो।

(२१) बजारले कुनै बदमासी गरेमा त्यसलाई निरन्तर खबरदारी गर्नु पर्ने हुन्छ । सरकारले र बजारले दिदै आएको सेवा र सुविधाबारे नागरिकलाई समालोचनात्मक रुपमा सोच्नको लागि प्रेरित गर्ने जिम्मेवारी नागरिक समाजको हो ।

(२२) यसरी हेर्दा कुनै पनि देशको शासकीय प्रक्रिया र प्रणालीलाई सुशासनयुक्त बनाउनको लागि नागरिक समाजको महत्त्वपूर्ण भूमिका देखिन्छ । लोकतान्त्रिक शासन व्यवस्थामा सुशासन प्रवर्द्धन गर्ने काममा नागरिक समाजको विशिष्ट भूमिका रहन्छ ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ४० मा दलितको हकबारे उल्लेख गरिएको छ । जसको उपधारा (५) मा राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । यसैगरी उपदफा (६) मा राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ भन्ने व्यवस्था छ ।

संविधानको यस मौलिक हकको व्यवस्थालाई कार्यान्वयन गर्नको लागि दलित समुदायलाई जग्गा जमिनको व्यवस्था नै गर्ने काम नागरिक संस्थाहरुको होइन । कुनै एउटा संस्थाले यदि जमिन र आवास नै वितरण गरे भने त्यो निकै थोरैलाई मात्र हुन्छ । अरु बाँकीको अवस्था त उस्तै रहन्छ । त्यसैले नागरिक समाजले संविधानमा भएको यो मौलिक हक कार्यान्वयन गर्ने क्रममा कहाँ कहाँ समस्या छ के के अवरोध छन् ? भन्ने पहिचान गर्ने र त्यसलाई समाधान गर्नेतर्फ सहजीकरण गर्नु पर्दछ । यसबारे नागरिक शिक्षा कस्तो छ ? यदि छैन भने नागरिकलाई यस अधिकारबारे शिक्षा दिनु पर्छ । यसको लागि आवश्यक पर्ने नीति, नियम वा कानुन बनेका छन् या छैनन् ? यदि छैनन् भने त्यसको लागि वकालत गर्नु पर्छ । अन्य सरोकारवाला निकायसँग सहकार्य र समन्वय गर्नु पर्छ । यस्तो समस्या समाधानको लागि र संवैधानिक व्यवस्थाको कार्यान्वयनको लागि के के विकल्पहरु हुन सक्छन् भनेर अध्ययन गरी सार्वजनिक गर्न सक्छन् । सरकार, नागरिक, सरोकारवालाहरु सबैलाई सँगै राखेर यसबारे बहस गर्न सक्छन् र विकल्पबारे सहमति खोज्न सघाउन सक्छन् । र नागरिक र सरकारबीच सम्बन्ध स्थापना गर्न पुलको भूमिका निर्वाह गर्न सक्छन् । यी र यस किसिमका विभिन्न गतिविधिले नीति निर्माणमा र संवैधानिक व्यवस्था कार्यान्वयनमा आधार तयार गर्न सक्छ र सरकारले प्रभावकारी रुपमा काम गर्ने अवस्था रहन्छ । यसले गर्दा आम दलित समुदायले लाभ प्राप्त गर्न सक्छन् । त्यसैले नागरिक समाजले सरकार र नागरिकबीच समन्वय स्थापना गरी शासन प्रणालीमा सरोकारवाला नागरिकहरुको सहभागिता सुनिश्चित गर्न सक्छन् । यसर्थ नागरिक समाज भनेको राज्यको समानान्तर काम गर्ने निकाय नभई उसका गतिविधिलाई सहयोग गर्ने र नागरिकमैत्री तवरबाट राज्यका गतिविधि सञ्चालन गर्नको लागि दबाब दिने तेस्रो पक्षीय निकाय हो ।

## १.९ शासकीय प्रक्रियामा नागरिक सहभागितामा प्रभाव पार्ने सवालहरू

शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक सहभागिता सुनिश्चित गर्ने सन्दर्भमा विभिन्न सवालहरुको महत्त्वपूर्ण भूमिका रहन्छ । जसलाई तलको लेखा चित्र तालिका ले प्रष्ट पार्दछ ।

| | |
|---|---|
| **व्यक्तिगत सवालहरू**<br>• नागरिक शिक्षाको अवस्था<br>• नागरिक सहभागिताप्रति आम नागरिकको बुझाइ<br>• स्थानीय सेवा सुविधाप्रति नागरिकको धारणा<br>• स्थानीय सेवा सुविधासम्बन्धी ज्ञान<br>• स्थानीय समस्याप्रति नागरिकको चासो | स्थानीय शासनमा नागरिक सहभागिता |

| | |
|---|---|
| **व्यक्तिगत सवालहरू**<br>• नागरिक सहभागिताप्रति व्यक्तिगत प्रतिबद्धता<br>• व्यक्तिको चेतनाको स्तर<br>• व्यक्तिको सङ्गठित हुने र आफ्नो आवाज उठाउने बारेको उत्साह र चासो | स्थानीय शासनमा नागरिक सहभागिता |
| **सामाजिक तथा सामुदायिक सवालहरू**<br>• सामाजिक तथा सामुदायिक सवालहरु<br>• सामाजिक सद्भाव तथा ऐक्यबद्धता<br>• सामुदायिक सङ्गठनको सबलता<br>• अनौपचारिक सांस्कृतिक अभ्यासहरु<br>• सामुदायिक संलग्नता तथा सहकार्यको भावना<br>• सामुदायिक तथा सामाजिक नेतृत्व<br>• सामुदायिक तथा नागरिक समाज सङ्घ-संस्थाको सहयोग<br>• सामूहिक सहकार्यको भावना<br>• समुदायको वातावरण<br>• विभिन्न समूह, समिति तथा सङ्घ-संस्थाहरुको सक्रियता तथा सहभागिताको अवस्था | स्थानीय शासनमा नागरिक सहभागिता |
| **सरकारी संस्थागत सवालहरू**<br>• स्थानीय सरकारको सेवा प्रवाहमा नागरिक सहभागिताप्रतिको दृष्टिकोण वा धारणा<br>• स्थानीय सरकारको कामको गुणस्तर<br>• जननिर्वाचित प्रतिनिधिहरुको प्रतिबद्धता र बुझाइ<br>• स्थानीय सरकारले प्रवाह गर्ने सेवा, सुविधाप्रतिको सन्तुष्टि<br>• स्थानीय सरकारको कार्यशैलीमाथिको विश्वास<br>• सरकारले निर्माण गर्ने नीति, नियम तथा यसको कार्यान्वयनमा नागरिक सहभागिता<br>• अन्तरसरकारी निकायबीचको समन्वय र सहकार्य<br>• नागरिकको गुनासो सुन्ने र त्यसको कार्यान्वयन गर्ने संस्कार<br>• निर्णय लिदा नागरिकको धारणा बुझ्ने र त्यसलाई निर्णय गर्दा सम्बोधन गर्ने परिपाटी<br>• सरकार र बजारको सेवाप्रति नागरिक अनुगमन र सन्तुष्टि प्राप्त गर्ने व्यवस्था | |
| **आमसञ्चार माध्यम र सूचना प्रविधिसम्बन्धी सवालहरू**<br>• आमसञ्चार माध्यमप्रतिको दृष्टिकोण<br>• सञ्चारकर्मीको बुझाइ र ज्ञान<br>• प्रेस स्वतन्त्रताको अवस्था<br>• सूचना प्रविधिको उपयोग र प्रभाव<br>• इण्टरनेटको पहुँच र प्रभाव<br>• सूचाना प्रविधिमैत्री नागरिक र कर्मचारीको व्यवस्था | |

## १.१० नागरिक सहभागितासम्बन्धी असल अभ्यासहरू

### (क) शासनमा नागरिक सहभागिताको ऐतिहासिक पृष्ठभूमि

(१) नेपालमा प्राचीन समयदेखि नै स्थानीय स्वशासनको अभ्यास हुँदै आएको छ। यस्ता स्वशासनको अभ्यासका क्रममा नागरिक सहभागितासमेत हुँदै आएको देखिन्छ।

(२) ऋषिराज लुम्साली किरातकाल देखिनै नेपालमा स्वशासन तथा नागरिक सहभागितामूलक विकासका अभ्यास रहेको औंल्याउँछन्। किराती गणराज्यमा विभिन्न भौगोलिक थुमअन्तर्गत गाउँहरुमा सुब्बा तथा उपसुब्बाहरुले नागरिक सहभागितासहितको निर्वाचन गर्ने गर्दथे। नागरिकबाट निर्वाचित प्रतिनिधिले ग्रामीण भेगमा नागरिककै सहभागिता र समन्वयमा शासन गर्ने व्यवस्था रहेको उल्लेख गरेका छन्। जसले शासन प्रणालीमा नागरिकको सक्रिय सहभागिता रहेको देखिन्थ्यो भने शासकले पनि नागरिकको चाहना र अपेक्षालाई प्रष्फुटित हुने मौका दिंदै सोहीअनुसार शासन गर्ने गरेको देखिन्छ। विभिन्न सामाजिक मुद्दाको प्राथमिक तहको सुनुवाइ गाउँ-गाउँमा गाउँलेले नै छानेका मुखिया, जिम्मावाल, अगुवा, मूली, नाईकेलगायतबाट हुने गरेको देखिन्छ। लिच्छवी शासकहरुले पाञ्चाली व्यवस्थाको सुरुवात गरेका थिए। वि.सं. ९३६ सम्म शासन गरेका लिच्छवीहरुले पनि गाउँघरमा पाँचजना बुढापाका सम्मिलित ग्राम पाञ्चालीका माध्यमबाट शासन सञ्चालन गर्ने गरेका थिए। यस पाञ्चालीमा गाउँका समस्या तथा गर्नु पर्ने कार्यबारे गाउँका मानिसहरुलाई भेला पारेर उनीहरुको अपेक्षा तथा चाहनालाई समेटी सुनुवाइ गर्दै योजना बनाउने गरिएको देखिन्छ।

(३) लिच्छवीकालमा रहेका पञ्चहरु स्थानीय स्वशासन र सामाजिक कार्यमा सक्रिय थिए। त्यसबेलामा टोल-टोलमा पञ्चायत हुने व्यवस्था थियो। जसका लागि नियुक्त हुने व्यक्तिलाई नै पञ्च भन्ने गरिन्थ्यो। यस्ता पञ्चायतले तत्कालीन समयमा सहभागितामूलक ढङ्गले स्थानीय शासन सञ्चालन गर्ने गरेको देखिन्छ।

(४) धनबज्र बज्राचार्यका अनुसार त्यसबेला स्थानीय मुद्दा मामिला मिलाइदिने मात्र नभई कुवा, कुलो तथा गोरेटो बाटो निर्माण, सांस्कृतिक क्रियाकलाप सञ्चालनलगायत सार्वजनिक भलाइको काम पनि त्यही पञ्चायतले गर्ने गर्दथ्यो।

(५) मल्लकालीन समयमा पनि स्थानीय स्तरमा भएका समस्याहरुको पहिचान गर्न तथा त्यसको समाधान गर्नको लागि टोल-टोलमा स्थानीय स्तरका थकालीको व्यवस्था गरिएको इतिहास पाइन्छ। स्थानीय नागरिकले आफ्ना ठाउँका समस्याबारे थकालीलाई भन्ने र थकालीले त्यसको समाधानको लागि पहल गर्ने गरी नागरिक सहभागिताको अभ्यास भएको ऐतिहासिक सन्दर्भ देखिन्छ।

(६) रामशाहले आफ्नो शासनकाल (वि.सं. १६६३ देखि १६९०) मा आफ्ना प्रजालाई कुनै किसिमको दुःख नहोस् र उनीहरुको चाहना र अपेक्षा पूरा गर्न असहज नहोस् भनेर स्थानीय पञ्चायतलाई नागरिकका गुनासा सुन्ने र त्यस्ता मुद्दा मामिला हेर्ने अनि किनारा लगाउने अधिकारसमेत दिएको देखिन्छ।

(७) पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्दा विभिन्न ठाउँमा पञ्चायत गठन गरी न्याय, निसाफ दिने र स-साना विकास निर्माणको कार्य गराउने पद्धतिको विकास गरेर नागरिक सहभागितामूलक विकास निर्माण र न्याय प्रणालीसहितको स्वशासनलाई मान्यता दिएका थिए।

(८) राणा शासनकाल मूलतः केन्द्रीकृत शासन प्रणाली हो। यद्यपि राणा शाासनकालमा शासन प्रणालीमा नागरिक सहभागिताको अभ्यास भएको देखिन्छ। वि.सं. १९८२ सालमा दाङका थारु वस्तीमा मान्यजन कचहरी गठन भएको थियो। वि.सं. १९८७ तिर भक्तपुर, ललितपुर तथा कान्तिपुरका विभिन्न स्थानमा गाउँघरका सवाल गाउँघरमै समाधान गर्न पाउने अख्तियारीसहितको पञ्चायत गठन गरिएको थियो।

(९) वि.सं. २००० मा पहिलो पटक नागरिकको सहभागितामा पञ्च छान्ने र मुद्दाको मिसिल राख्ने प्रक्रियासम्बन्धी नियमावली औचारिक रुपमा जारी गरिएको थियो।

(१०) वि.सं. २००६ सालतिर गाउँघरको बाटोघाटो, शिक्षा, स्वास्थ्य, सरसफाइ, सार्वजनिक सम्पत्ति, उद्योग धन्दा, वृक्षरोपणलगायतका काम गर्नसक्ने अधिकारसहितको गाउँ पञ्चायत गठन गरी यसअघिको मान्यजन कचहरीलाई खारेज गरिएको थियो ।

(११) ऐतिहासिक रुपमा हेर्ने हो भने वि.सं. २००६ सालमा नगर पञ्चायत ऐन जारी भएको थियो । उक्त ऐनले नागरिकलाई आवश्यक पर्ने सानातिना पुलपुलेसा, सडक, ढल, सरसफाइ, खानेपानी, पाटीपौवा, घरजग्गा कर, बहाल कर, व्यापार कर, सम्पत्ति कर तथा अन्य  सार्वजनिक सेवा करसमेत लगाउन र उठाउन सक्ने अधिकार दिइएको थियो । यसमा नागरिक सहभागिताबारे विशिष्ट व्यवस्था नगरिए पनि राज्य नगर पञ्चायतले गर्ने हरेक गतिविधिमा नागरिकले आफ्नो सहभागिता जनाउन सक्ने वातावरण भने रहेको देखिन्छ ।

(१२) वि.सं. २००७ सालमा राणाशासन अन्त्य भएपछि वि.सं. २००६ सालमा जारी भएको नगर पञ्चायत ऐनलाई वि.सं. २००९ सालमा परिमार्जन तथा संशोधन गरियो । यस परिवर्तनले स्थानीय स्तरबाटै विकास र स्वशासनलाई संस्थागत गर्ने प्रयासको थालनी भएको थियो । यसै समयदेखि नेपालमा त्रिभुवन ग्राम विकास कार्यक्रमको सुरुवात भयो । यसले नेपालमा योजनाबद्ध विकास र विकेन्द्रीकरण तथा शासकीय प्रक्रियामा नागरिक सहभागिताको संस्थागत अभ्यासको सुरुवात गरेको देखिन्छ ।

(१३) वि.सं. २०१७ साल पुस १ गतेबाट निर्दलीय पञ्चायती व्यवस्था लागु भयो । वि.सं. २०१८ साल वैशाख १ गते नेपाललाई १४ अञ्चल ७५ जिल्ला र ३ हजार ३ सय ४७ गाउँ पञ्चायतमा विभाजन गरिएको थियो । यसले नागरिकलाई आफ्नो नजिकको सरकारी निकायमा सहभागी हुन, आफ्नो चासो र सरोकार राख्नको लागि पहुँच दिएको थियो । गाउँ पञ्चायत नागरिकको सबैभन्दा नजिकको सरकारी निकाय थियो । यसैबीच वि.सं. २०३९ सालमा विकेन्द्रीकरण ऐन तथा नियमावली जारी भएको थियो । गाउँ पञ्चायत, नगर पञ्चायत तथा जिल्ला पञ्चायतमा नागरिकले वालिग मताधिकारको प्रयोग गरी आफ्ना प्रतिनिधि छान्न पाउने अवस्था रहेको थियो । यसले शासन प्रणालीमा नागरिक सहभागितालाई थोरै भएपनि प्रवर्द्धन गरेको देखिन्छ । केन्द्रले नीति निर्माण र अनुगमन तथा मूल्याङ्कनको काम गर्ने र विकास निर्माणको काम अञ्चल, तथा जिल्ला र स्थानीय पञ्चायतलाई प्रत्यायोजन गरेको थियो । यसैगरी स्थानीय तहमा नागरिकलाई क्रियाशील बनाई स्थानीय कार्यकर्ताको रुपमा विकास निर्माण तथा योजना कार्यान्वयनको काममा सहभागी गराउनेलगायतका प्रयासहरु भएका देखिन्छन् ।

(१४) वि.सं. २०४६ सालको राजनीतिक परिवर्तनसँगै पञ्चायती शासन व्यवस्थाको अन्त्य र संसदीय प्रजातन्त्रको स्थापना भयो । यसपछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०४७ ले स्थानीय स्वशासन र विकेन्द्रीकरणलाई प्रमुख सवालका रुपमा लिएको थियो । यसका साथै विकास निर्माण तथा शासन प्रणालीमा तल्लो तहदेखि नै नागरिकलाई सहभागी गराउने नीति लिएको देखिन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ४ मा रहेको राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुअनुसार बहुदलीय प्रजातन्त्रको सुदृढीकरण गर्दै विकेन्द्रीकरणको माध्यमद्वारा नागरिकलाई शासनका विभिन्न तहमा अधिकाधिक मात्रामा सम्मिलित गराउन उक्त संविधानले मार्ग निर्देश गरेको थियो ।

(१५) वि.सं. २०५५ सालमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ जारी भयो । विकेन्द्रीकरणको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न नागरिकलाई शासकीय प्रक्रियामा धेरै मात्रामा सहभागी गराउन, स्थानीय तहदेखि नै विकास निर्माणका काम नागरिक सहभागिता तथा संलग्नतामा अगाडि बढाउन र नागरिकलाई प्रजातन्त्रको लाभको उपयोग गर्नसक्ने बनाउनको लागि उक्त ऐन जारी गरिएको थियो । उक्त ऐनमा स्थानीय निकाय अर्थात् गाविस, जिविस तथा नगरपालिकालाई सबै तहमा सहभागितात्मक योजना पद्धति अपनाउनुपर्ने प्रावधानसमेत थियो । यसैगरी महिला तथा वहिष्करणमा परेका समुदायको प्रतिनिधित्व हुने क्षेत्रको विकासको

उपयोगमा आदिवासी जनजाति, दलित र सामाजिक तथा आर्थिक दृष्टिले पछाडि पारिएका वर्गसमेतलाई सन्तुलित ढङ्गले शासन प्रणालीमा सहभागी गराउने, विकासलाई दिगो र संस्थागत गर्ने, स्थानीय स्तरका दैनिक आवश्यकता तथा जनजीवनसँग सम्बन्धित विषयमा निर्णय गर्न सक्ने नेतृत्व स्थानीय तहमै निर्माण गर्ने, योजनाहरुको तर्जुमा, सञ्चालन र सोसम्बन्धी जबाफदेहीपना वहन गर्न सक्ने स्थानीय निकायको संस्थागत विकास गर्नेलगायतका उद्देश्य रहेका थिए ।

(१६) वि.सं.२०५९ सालमा जनप्रतिनिधिको पदावधि सकिएपछि स्थानीय निकायहरु जनप्रतिनिधिविहीन बने । यसबीच स्थानीय तहमा नागरिक सशक्तीकरणका लागि नेपालका सबै स्थानीय निकायमा वडा नागरिक मञ्चको स्थापना गरियो । देशव्यापी रुपमा रहेका वडा नागरिक मञ्चले नागरिक र राज्यबीचको सेतुको काम गर्ने शक्तिशाली संयन्त्रको रुपमा आफ्नो उपस्थिति देखाएका थिए । देशभर गठन भएका वडा नागरिक मञ्च समावेशी रहे । खासगरी मञ्चको कार्यकारी समितिमा दलित, जनजाति, महिला, सीमान्तकृत तथा अल्पसंख्यक नागरिकको बलियो उपस्थिति रह्यो ।

(१७) गाविस तथा नगरपालिकाका हरेक वडामा कम्तीमा ३३ प्रतिशत महिलासहित वडाका आदिवासी, जनजाति, दलित विपन्नताको स्तरीकरणबाट अति गरीब भनी छनोटमा परेका समुदायका प्रतिनिधि, बालबालिका, अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व रहने सुनिश्चित गरिएको थियो । यसले शासन प्रणालीमा समाजको तल्लो तहमा रहेका तथा पछाडि पारिएका वर्ग तथा समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गऱ्यो । सामाजिक परिचालनको कामसमेत संस्थागत ढङ्गबाट भयो । जसले नागरिकलाई उनीहरुको हक, अधिकार र कर्तव्य अनि दायित्वप्रति सजग बनाउदै लोकतान्त्रिक प्रक्रियाबाट आफ्ना अप्ठेरा र समस्याको जवाफ खोज्न प्रेरित गरेको देखिन्छ ।

(१८) वि.सं. २०६२/०६३ सालमा भएको जनआन्दोलनले नेपालमा गणतन्त्रको स्थापना गऱ्यो । यसपछि नेपालको अन्तरिम संविधान जारी भयो । उक्त अन्तरिम संविधानले स्थानीय स्वायत्त शासनको व्यवस्था गरेको थियो । जसमा स्थानीय स्तरदेखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकूल वातावरण बनाई देशको शासन व्यवस्थामा नागरिकको बढीभन्दा बढी सहभागिता प्रवर्द्धन गर्न र नागरिकलाई स्थानीय स्तरमै सेवा उपलब्ध गराउन, लोकतन्त्रको स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्न विकेन्द्रीकरण तथा अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्त शासनसम्बन्धी निकायको निर्वाचन गरिने उल्लेख थियो

(१९) सो संविधानले वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रीकृत र एकात्मक ढाँचाको शासन प्रणालीको अन्त्य गर्दै समावेशी लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गरिने व्यवस्थासमेत गरेको थियो । तर यो संविधान अस्तित्वमा रहदासम्म स्थानीय निकायको निर्वाचन भने हुन सकेन ।

(२०) वि.सं. २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भयो । यस संविधानको भाग ५, धारा ५६ देखि ६० सम्म राज्यको सङ्घीय संरचना र राज्य शक्ति बाँडफाँटसम्बन्धी व्यवस्था गरिएको छ । धारा ५६ ले व्यवस्था गरेअनुसार सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनामा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तह निर्धारण गरेको छ । संविधानले सात प्रदेशको व्यवस्था गरेको छ । यसैगरी ७५३ स्थानीय तहको व्यवस्था गरेको छ ।

(२१) देशको शासकीय प्रक्रिया  तथा पद्धतिमा नागरिक समाजको सहभागिता र सहकार्यको इतिहास निकै लामो छ । पछिल्लो समय विषयगत काममा नागरिक समाज सक्रिय छ । मानवअधिकारकर्मी, सुशासन अभियन्ता, सामाजिक परिवर्तनका लागि काम गर्नेहरु, अगुवा किसान समूह, साना किसान समूह, किसान सहकारीहरुले कृषिमा, पशुपालक समूहले पशुपालनमा, वन उपभोक्ता समूह तथा समितिले वनमा, नागरिक सचेतना केन्द्रले स्थानीय शासनमा, विभिन्न सङ्घ, महासङ्घहरुले राष्ट्रियस्तरको नीति निर्माणका कामहरुमा नागरिक सहभागिता तथा समन्वयको लागि वकालत गर्दै आइरहेका छन् ।

### (ख) गुठी

(१) गुठी संस्थान ऐन, २०३३ मा परिभाषित भएअनुसार "गुठी" भन्नाले कुनै मठ वा कुनै देवी-देवताको पर्व, पूजा वा जात्रा चलाउन वा कुनै धार्मिक वा परोपकारी कामको लागि कुनै मन्दिर, देवस्थल, धर्मशाला, पाटी-पौवा, इनार, पोखरी, तलाउ, धारा, पियाउ, बाटो, घाट, पुल, चौतारा, गौचरन, बाग, बगैचा, जङ्गल, पुस्तकालय, पाठशाला, औषधालय, चिकित्सालय, इमारत वा संस्था बनाउन, चलाउन वा त्यस्को संरक्षण गर्न कुनै दाताले आफ्नो चल-अचल सम्पत्ति वा आयस्ता आउने अरू कुनै सम्पत्ति वा रकममा आफ्नो हक छाडी राखेको गुठीसमेतलाई सम्झनु पर्छ ।

(२) गुठी प्रणाली नागरिक सहभागिता प्रवर्द्धन गर्ने एक परम्परागत संस्था पनि हो । विभिन्न धार्मिक, सामाजिक, सांस्कृतिक तथा देवालय, जात्रालगायतका कार्य गर्नका लागि गुठी स्थापना गरिन्छ ।

(३) गुठी मूलतः नेवार समुदायको सामाजिक, सांस्कृतिक कार्यहरु सञ्चालन गर्ने एक महत्त्वपूर्ण सामाजिक संस्था हो । नेवार जातिमा गुठीको महत्त्व निकै छ । नेवार समुदायका सबै सदस्यहरु कुनै न कुनै गुठीमा आबद्ध हुन्छन् । गुठीअन्तर्गत रहेर उनीहरुले धार्मिक, सामाजिक तथा सांस्कृतिक कार्यहरु सञ्चालन गरेका हुन्छन् ।

(४) गुठीहरुले विभिन्न पूजा, जात्रा सञ्चालन गर्ने, मृत्यु संस्कार गर्नेलगायतका सामाजिक कार्यहरुमा महत्त्वपूर्ण योगदान गर्दै आएको पाइन्छ ।

(५) आफ्नो बसोबास रहेको टोल, छिमेकमा के कस्तो विकास निर्माण गर्ने, के कस्ता सामाजिक तथा सांस्कृतिक आवश्यकता छन् भनेर पहिचान गर्ने र त्यसको समाधानको लागि समेत सहभागितामूलक प्रक्रिया तथा पद्धतिमार्फत अगाडि बढ्ने काममा गुठीले योगदान गर्दछ ।

(६) नेवारी समुदायमा विभिन्न गुठीहरुमध्ये सनाँगुठी, सीगुठी, देवाली वा धौंगुठी प्रमुख हुन् । सनाँगुठी र सीगुठीले मुख्य गरी मृत्यु संस्कारसँग सम्बन्धित काममा योगदान गर्दछन् । सीगुठीका सदस्यहरुले शव उठाउने र दाह संस्कार गराउने कार्य गर्दछन् भने सनाँगुठीका सदस्यहरुले शब उठाउदा आवश्यक पर्ने सरसहयोग गर्ने र शवलाई दाहसंस्कार गर्ने ठाउँसम्म पुऱ्याउँछन् । नेवार समुदायमा लाश उठाउन गुठीयार नै हुनु आवश्यक मानिन्छ ।

(७) एउटै पुर्खाका सन्तानले मान्ने गरेको पुर्खौली देवता मान्ने सदस्य जहाँ बसे पनि देवालीगुठीका सदस्य हुन्छन् र त्यस्ता देवताको सामूहिक कुल पूजा गराउन बनेको सामाजिक संस्था नै देवालीगुठी हो । यसमा सबै जुठो लाग्ने दाजुभाइका सन्तान जम्मा हुनुपर्ने हुन्छ ।

(८) सरस्वती पूजा गर्नको लागि ससुगुठी, होलीगुठी, मनोरञ्जनसम्बन्धी गुठी, चतुर्थी पूजा सञ्चालन गर्ने गुठी र कतिपय उपगुठी पनि रहेको पाइन्छ ।

(९) नेवारी समाजलाई एकताबद्ध बनाई राख्न तथा नेवारी टोलको सरसफाइ, खानेपानी, सडकजस्ता अत्यावश्यक पक्षलाई व्यवस्थित किसिमले स्थापना तथा व्यवस्थापनको लागि गुठीले महत्त्वपूर्ण योगदान गरिरहेको देखिन्छ । गुठीका सदस्यहरु एकापसमा सरसल्लाह गरेर सहभागितामूलक किसिमले मात्र कुनै पनि काम गर्ने गर्दछन् । कुनै योजना बनाउनु परेमा वा त्यसको लागि बजेटको खोजी गर्नु परेमा वा त्यसको कार्यान्वयन गर्नु परेमा वा त्यस्तो काम के कस्तो किसिमले कार्यान्वयन भइरहेको छ भनेर अनुगमन तथा मूल्याङ्कन गर्नु परेमा गुठीले महत्त्वपूर्ण ठूलो सहयोग गर्छ ।

(१०) सामाजिक एकता, सामाजिक सम्बन्ध, सामूहिक तथा सामाजिक कार्यलाई प्रभावकारी बनाउने तथा यस्ता कार्यमा नागरिक सहभागिता अभिवृद्धि गर्ने काममा गुठीको विशिष्ट महत्त्व रहेको देखिन्छ ।

(११) गुठीले सामाजिक कार्य तथा भूमिका विभाजन गर्ने कार्य गर्दछ जसले समुदायमा आवश्यक पर्ने सबै कार्य आफ्नै समुदायमा रहेका नागरिकको सहभागितामा गर्न सकिने वातावरण सृजना गर्दछ ।

(१२) जाति, उमेर, लिङ्ग, हैसियत र गुठीयारअनुसार हुने कार्य विभाजन र सबैले आफ्नो अधिकार र कर्तव्यहरु पनि गुठी सञ्चालन प्रक्रियामा अत्यन्तै महत्त्वपूर्ण विषय हो ।

## (ग) रोधी

(१) रोधी गुरुङ समुदायमा अभ्यासमा रहेको एक सामाजिक संस्था हो । यसलाई गुरुङ समुदायको मौलिक सङ्गठनको रुपमा समेत लिने गरिन्छ ।

(२) गुरुङ समुदायका खासगरी युवायुवतीहरु दिनभरि काम गरिसकेपछि बेलुका खाना खाएर कुनै व्यक्तिगत वा सार्वजनिक भवनमा जम्मा भई गीत गाउने, दोहोरी खेल्ने तथा नाच्ने गर्दछन् । यसबाट एकातिर मनोरञ्जन प्राप्त हुन्छ भने अर्कोतिर त्यही समयमा दिनभरको कामबारे छलफल गरी आगामी दिनमा गाउँमा के कस्ता काम गर्न सकिन्छ ? भन्नेबारे टोलभरिका नागरिकको सहभागितामा योजना बनाउने काम गरिन्छ । यसैलाई रोधी भन्ने गरिन्छ ।

(३) गुरुङ समुदायमा सामूहिकताको भावना रहेको हुन्छ । रोधीकै माध्यमबाट समाजमा अप्ठ्यारोमा परेका तथा कमजोरलाई सहयोग गर्ने गरिन्छ ।

(४) रोधीले सबै नागरिकबीच सहभागितामा आधारित किसिमले आफ्नो टोल तथा गाउँको शासन सञ्चालन गर्न, एकापसमा एकता बढाउन तथा सामूहिकताको भावनालाई थप प्रवर्द्धन गर्नको लागि महत्त्वपूर्ण टेवा दिन्छ ।

(५) समाजमा रहेका परम्परागत संस्कार, संस्कृति, रितिरिवाजको संरक्षण तथा सम्वर्द्धन गर्नको लागि सबैको सहभागिता तथा समन्वयमा गर्नको लागिसमेत महत्त्वपूर्ण योगदान गर्दछ ।

(६) रोधी बस्ने प्रक्रियाले गुरुङ समुदायमा श्रमको उचित व्यवस्थापन र सन्तुलनसमेत प्रदान गर्दछ । रोधी बस्दा समुदायमा कसको कुन काम सबैभन्दा महत्त्वपूर्ण छ, तत्काल गर्नुपर्ने के के छन्, आफूसँग के कस्तो क्षमता छ जस्ता कुराहरुमा सबैको सहभागिता तथा समन्वयमा छलफल हुन्छ । रोधी बस्दा सबैको सहभागितामा गाउँ तथा टोलको आवश्यकता पहिचान गर्ने, त्यसको समाधानका आधारहरु खोजी गर्ने, काम राम्रो भयो या भएन भनेर समीक्षा गर्ने तथा अन्य आवश्यकताअनुसारको छलफल गर्ने गरिन्छ ।

(७) यसले स्थानीय स्तरमा हुने शासन प्रणालीलाई बढी सहभागितामूलक बनाउनुको साथै पारदर्शी र जबाफदेही संस्कृतिको प्रवर्द्धन हुने देखिन्छ । साथै यसबाट समुदायका सदस्यहरुलाई मनोरञ्जनसमेत प्राप्त हुन्छ ।

## (घ) भेजा

(१) मगर समुदायमा रहेको एक परम्परागत तथा मौलिक सामाजिक संस्थाको रुपमा भेजालाई लिने गरिन्छ । भेजा मगर जातिको सामुदायिक झुण्डका सदस्यहरुको एक संयुक्त सामाजिक संस्था हो ।

(२) भेजाका माध्यमबाट मगरले आफ्नो समुदायमा विभिन्न संस्कार, संस्कृति, धर्मकर्म, कृषि तथा आर्थिक र श्रोत व्यवस्थापनसम्बन्धी कार्यहरु सञ्चालन र अभ्यास गर्ने गर्दछन् । यसरी हेर्दा मगर जातिको सम्पूर्ण जीविकोपार्जन, दैनिकी सञ्चालन तथा उक्त समुदायको स्थानीय स्तरको शासन प्रणालीलाई व्यवस्थित गर्नको लागि भेजाको महत्त्वपूर्ण भूमिका अत्यन्तै रहन्छ ।

(३) मगर समुदायमा १५ देखि २० घरधुरी संलग्न भएर एउटा भेजा सञ्चालन गर्दछन् । भेजामा आबद्ध भइसकेपछि त्यसका सदस्यले उक्त संस्थाका निश्चित मूल्य, मान्यता तथा नियमभित्र रहेर कार्य गर्नु अनिवार्य मानिन्छ ।

(४) भेजामा समुदायमा भएका नागरिकहरुको सहभागिता र सहमतिमा सबैभन्दा पाको सदस्यहरु मध्येबाट नेतृत्व छनोट गरिन्छ । यसलाई मुखिया भन्ने गरिन्छ । मुखियाकै नेतृत्वमा सबैको सहभागितामूलक पद्धतिअन्तर्गत रहेर भेजामा आबद्ध सदस्यहरुले समुदायिक कार्य गर्दछन् ।

(५) भेजाले समुदायका सदस्यहरुको सहभागिता तथा संलग्नतामा आवश्यकताअनुसारका विभिन्न अनौपचारिक नीति, नियम, मूल्य, मान्यताहरु निर्धारण गरेको हुन्छ । समुदायका व्यक्तिहरु यसैभित्र रहेर आफ्नो सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक अभ्यास गर्ने गर्दछन् ।

(६) मेला, पर्म, सरसहयोग, खेतीपाती तथा अन्य विभिन्न सवालमा निर्णय र सञ्चालन पनि भेजाकै माध्यमबाट हुन्छ ।

(७) मगर समुदायको पूजामा बलि चढाउने सुँगुर तथा अन्य जनावरको मूल्य निर्धारण गर्ने, खोरीया फडानी गर्ने, कुनै पनि काम खासगरी खेतीबाली लगाउने, भित्र्याउनेलगायतको सुरुवात गर्ने, यस्ता काममा को को संलग्न हुने, के कसरी खेतीपाती गर्ने, कहिले खेतीपाती भित्र्याउने ? जस्ता कुराहरुको निर्णय पनि भेजाबाटै हुने गर्दछ ।

(८) मगर समुदायमा श्रमको ज्याला निर्धारण, सामुदायिक श्रोतको मूल्य निर्धारण गर्ने, सामुदायिक कार्यको प्राथमिकता निर्धारण गर्नेलगायतका काम पनि सम्पूर्ण सदस्यको सहभागितामा भेजामार्फत हुने गर्दछ ।

### (ङ) अन्य अभ्यासहरु

माथि उल्लेख गरिएका त केही उदाहरण मात्र हुन् । यस किसिमका अभ्यासहरु नेपाली समाजमा रहेका विभिन्न जातजाति तथा समुदायले भिन्न-भिन्न किसिमले गर्दै आइरहेको देखिन्छ। थारु समुदायको बडघरले पनि स्थानीय स्तरमा हुने कुनै पनि सार्वजनिक चासो र सरोकारको सवालमा नागरिकको सहभागितामा निर्णय लिने व्यवस्था गरेको देखिन्छ । नागरिक चासो र सरोकारलाई समेटेर स्थानीय स्तरका विविध सवालहरुमा निर्णय गर्ने व्यवस्था हुन्छ। यसैगरी शेर्पा, राई, लिम्बूसहित मध्य तथा पूर्वी तराईमा पनि यस किसिमका शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक सहभागिताका विभिन्न परम्परागत तथा मौलिक अभ्यासहरु रहेका छन् ।

परिच्छेद २

# नागरिक सहभागिताको संरचना

## २.१ नागरिक सहभागिताको संरचना तथा संयन्त्रहरू

(१) परम्परागत एकात्मक केन्द्रीकृत शासन प्रणालीको अन्त्य गर्दै नेपालको संविधान २०७२ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्था गरेको छ । संविधानले नेपालमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको राज्य संरचना रहने व्यवस्थासमेत गरेको छ। स्थानीय तहमा वडा समिति, गाउँपालिका/नगरपालिका र जिल्ला सभा रहने व्यवस्था छ। संविधान तथा कानुनअनुरुप राज्यका स्थानीय, प्रादेशिक र सङ्घीय गरी तीनै तहका सरकारले राज्य शक्तिको प्रयोग गर्न पाउने संवैधानिक व्यवस्था छ।

(२) राज्यका तीनै तहले संविधान तथा कानुनले दिएको अधिकार क्षेत्रभित्र रहेर कानुन बनाउने, वार्षिक बजेट बनाउने र स्वीकृत गर्ने, आफूलाई आवश्यक पर्ने नीति, नियम तथा योजना तयार पार्ने, नागरिकको सहभागितामा आवश्यकता पहिचान गरी योजना तर्जुमा गर्ने, त्यसको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्नेलगायतका काम गर्ने व्यवस्था छ। यसैगरी राज्य तथा सरकारले नागरिकको लागि वस्तु र सेवा प्रवाह गरिरहेको छ।

(३) वर्तमान अवस्थामा बस्तीतह, वडा समिति, गाउँपालिका/नगरपालिका, जिल्ला समन्वय समिति, प्रदेश र सङ्घ गरी ६ ओटा तहमा नागरिक सहभागिताका विभिन्न सरकारी संरचना छन्। बस्ती स्तरमा हुने योजना तर्जुमा बैठक, वडा स्तरका स्थानीय सभा तथा वडा कार्यालयले प्रवाह गर्ने वस्तु र सेवाको गुणस्तर अभिवृद्धि गर्न तथा समग्र शासकीय प्रक्रियालाई नागरिकमैत्री बनाउने सबैभन्दा तल्लो तहका संरचना हुन्।

(४) गाउँपालिका तथा नगरपालिकामा उपप्रमुख तथा उपमेयरको अध्यक्षतामा रहेको न्यायिक समिति, सामाजिक विकास शाखा, विषयगत कार्यालयहरुलगायतका संरचना छन्। यस्ता संरचनाले गाउँपालिका तथा नगरपालिका स्तरमा नागरिक सहभागिताको आधार तयार पारेको छ। जिल्ला समन्वय समितिलाई जिल्लामा रहेका स्थानीय तहबीच समन्वय गर्ने र तिनीहरुको कामको अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवारी संविधानले तोकेको छ।

(५) प्रदेश तहमा प्रदेश कानुनले तोकेको संरचना, सामाजिक विकास मन्त्रालय, विषयगत मन्त्रालय तथा अन्य निकाय तथा संरचनाहरु छन्। प्रदेश स्तरीय कार्यपालिका तथा व्यवस्थापिका छन्। यस्ता प्रदेश स्तरीय विभिन्न संयन्त्र र संरचनाको योजना तर्जुमा, नीति तथा कानुन निर्माण, विकास निर्माणका गतिविधिहरु, त्यसको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलगायतमा नागरिक सहभागिता सुनिश्चित गरेमा सुशासन अभिवृद्धि गर्न सकिन्छ।

(६) सङ्घीय तहमा कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिका छन्। कार्यपालिकाअन्तर्गतका राष्टिय योजना आयोग, विभिन्न मन्त्रालयहरु, सेवा र वस्तु प्रवाह गर्ने विभिन्न निकायहरुलगायतका संरचना छन्। यसैगरी विभिन्न नियामक निकायहरु जस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकलगायतका संवैधानिक संरचना पनि छन्। साथै न्यायपालिका तथा व्यवस्थापिका र यसअन्तर्गत विभिन्न संरचना छन् जसमा नागरिक सहभागिता प्रवर्द्धन गर्ने हो भने सुशासन अभिवृद्धि गर्न सकिन्छ।

(७) राज्य संयन्त्रको सबैभन्दा तल्लो तह बस्ती स्तरदेखि सबैभन्दा माथिल्लो सङ्घीय तहसम्मका सरकारी संरचना तथा निकायका गतिविधिहरुमा नागरिक सहभागिता प्रवर्द्धन गर्दा लोकतान्त्रिक शासन व्यवस्था

थप संस्थागत हुन्छ । सरकारी संरचना तथा शासकीय प्रक्रिया तथा प्रणालीलाई पारदर्शी, जबाफदेही, र सुशासनयुक्त बनाउन र नागरिक केन्द्रित शासन प्रवर्द्धन गर्न योगदान पुग्छ । नागरिक सहभागिताले लोकतन्त्रलाई वास्तविक मर्मअनुसार सञ्चालन गर्ने आधार तय गर्छ ।

(८) नागरिक सहभागिताका औपचारिक तथा अनौपचारिक संयन्त्रहरु हुन्छन् । कतिपय सरकारी तथा सार्वजनिक निकायले नागरिक सहभागिताको औपचारिक संयन्त्रको व्यवस्था गरेका हुन्छन् र औपचारिक तवरबाटै नागरिकसँग समन्वय, सहकार्य, अन्तर्क्रिया तथा सहभागितामा निर्णय लिने गर्छन् ।

(९) यद्यपि नागरिक सहभागिताका सबै संयन्त्रहरु औपचारिक हुन्छन् या हुनुपर्छ भन्ने हुँदैन । लोकतान्त्रिक शासन प्रणालीमा हरेक नागरिकले सार्वजनिक निकायले गर्ने नीति, रणनीति, योजना निर्माण, प्रवाह गरिरहेको वस्तु तथा सेवाको गुणस्तर वृद्धि गर्ने, त्यसको प्रभावकारितामा सुधार ल्याउने कार्यमा सहभागी हुन सक्छन् । त्यस्तै आफूलाई परेका समस्या तथा अप्ठ्यारा पोख्ने र त्यसको समाधानको लागि पहल गर्नेलगायतका सवालमा नागरिक स्वत:स्फूर्त रुपमा पनि सहभागी हुन सक्छन् । हरेक नागरिक सार्वजनिक सेवा प्रवाह गर्ने निकायमा जान, आफ्ना समस्या, गुनासा, चासो तथा सरोकार व्यक्त गर्न र त्यसको समाधानको लागि वकालत तथा पैरवी गर्न स्वतन्त्र छन् । यसरी नागरिक शासकीय प्रक्रियामा सहभागी हुनुलाई अनौपचारिक प्रक्रियाको रुपमा लिने गरिन्छ ।

## २.२ तहगत संरचना र नागरिक सहभागिता

शासकीय प्रक्रियामा नागरिक सहभागिता बस्ती स्तरबाट सङ्घीय तहसम्मको सरकारमा हुन्छ । राज्य संयन्त्रका हरेक तहमा नागरिक सहभागिताका विभिन्न संरचना छन् । यसमा बस्ती स्तर, वडा स्तर, गाउँपालिका/नगरपालिका तह, जिल्ला समन्वय समिति, प्रदेश र सङ्घीय तहका सरकार छन् । यस्ता संरचनाले नागरिकको हकहितका लागि विभिन्न व्यवस्था गरेका छन् जसलाई तल उल्लेख गरिएको छ । साथै यस्ता निकाय तथा संरचनाका क्रियाकलाप तथा गतिविधिहरुमा नागरिक सहभागिता सुनिश्चित गर्नको लागि आवश्यक पर्ने नागरिक सहभागिताको संयन्त्रसमेत प्रस्ताव गरिएको छ ।

### (क) बस्ती स्तरीय संरचना र नागरिक सहभागिता

#### बस्ती स्तरमा रहेका संरचना

(१) स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन, २०७४ अनुसार स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम र योजना तर्जुमा गर्दा विभिन्न सात चरणहरु अवलम्बन गर्नुपर्ने व्यवस्था छ । यसको सुरुवात बस्ती स्तरबाटै हुन्छ । जसमा बस्ती स्तरीय योजना तर्जुमा संयन्त्रबारे उल्लेख गरिएको छ ।

(१) बस्ती तहको योजना छनौट गर्दा नागरिकको बढीभन्दा बढी सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । जसमा वडा समितिले आफ्नो वडा सदस्यहरुलाई विभिन्न बस्ती तथा टोलको योजना तर्जुमा गर्नको लागि सहजीकरण गर्ने जिम्मेवारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।

#### बस्तीस्तरका संरचनाको कार्य

(१) प्रत्येक वडाले वडाभित्रका विभिन्न बस्तीहरुमा योजना तर्जुमाका लागि बैठक हुने मिति, स्थान र समय कम्तीमा तीन दिनअगाडि नै सार्वजनिक सूचनामार्फत आम नागरिकलाई जानकारी गराउनु पर्छ ।

(२) बस्ती तहका योजना छनौट गर्दा सो बस्तीभित्रका सबै वर्ग र समुदाय (दलित, जनजाति, आदिवासी, मधेशी, मुस्लिम, थारु, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, पछाडि परिएको वर्ग) को सहभागिता तथा प्रतिनिधित्व सुनिश्चित गर्नु पर्छ ।

(३) बस्ती स्तरमा हुने योजना तर्जुमा प्रक्रियामा टोल बस्तीभित्रका क्रियाशील सामुदायिक संस्थाहरु (टोल विकास संस्था, आमा समूह, बाल क्लब, बाल सञ्जाल, युवा समूह, नागरिक सचेतना केन्द्र, विभिन्न कार्यालय तथा निकायहरुबाट गठन भएका विभिन्न समूह तथा सञ्जालहरु) लाई सहभागी गराउनु पर्छ।

(४) स्थानीय तहको योजना तर्जुमा प्रक्रियाबारे थप जानकारीको लागि स्थानीय तहको वार्षिक योजना तथा बजेट दिग्दर्शन, २०७४ अध्ययन गर्न सकिन्छ।

### बस्ती स्तरीय नागरिक सहभागिताको लागि प्रस्तावित संरचना

(१) बस्ती स्तरमा नागरिकको सहभागितालाई संस्थागत गर्दै शासकीय प्रक्रियालाई सुशासनयुक्त बनाउनको लागि **बस्ती स्तरीय साझेदारी मञ्च** स्थापना गर्न सकिन्छ।

(२) यसको बैठकमा वडा सदस्यको नेतृत्व रहने छ। जसमा बस्ती तथा टोलमा रहेका नागरिक, नागरिक समाज तथा नागरिक समाज संस्थाको सहभागिता हुन्छ। यस्ता बैठक बस्ने स्थान, मिति र समय पहिले नै सुनिश्चित गरिएको हुनेछ। बस्ती स्तरीय साझेदारी मञ्च सञ्चालनको प्रक्रियालाई विस्तृत रुपमा यसै परिच्छेदको अन्त्यमा रहेको तालिकामा उल्लेख गरिएको छ।

## (ख) वडा स्तरीय संरचना र नागरिक सहभागिता

### वडा तहका संरचना

(१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले हरेक वडामा वडा समिति रहने व्यवस्था गरेको छ। वडा स्तरमा वडा कार्यालय रहन्छ। देशभर जम्मा ६,७४३ वडा छन्। हरेक वडामा वडा अध्यक्षसहित ४ जना जनप्रतिनिधि रहने व्यवस्था छ।

### वडा तहका संरचनाका कार्य

(१) स्थानीय सरकार सञ्चालन ऐनको दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गरिएको छ। जसमा नागरिकको सहभागितामा योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको जिम्मेवारी वडा समितिको अधिकार क्षेत्रभित्र रहेको छ।

(२) स्थानीय सरकार सञ्चालन ऐनमा टोल तथा बस्ती स्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण, तथा छनौट, टोल विकास संस्थाको गठन र परिचालनका साथै उपभोक्ता समितिको गठन र त्यस्ता समितिको अनुगमनको काम पनि वडा समितिको क्षेत्राधिकारभित्र पर्छ।

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत-सम्भार, रेखदेख र व्यवस्थापन, तथ्याङ्क अद्यावधिक गर्ने र संरक्षणको काम पनि वडा समितिको क्षेत्राधिकारभित्र रहेको छ। वडा समितिका अन्य काम, कर्तव्य र अधिकारबारे स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा विस्तृत रुपमा उल्लेख गरिएको छ।

### वडा स्तरीय नागरिक सहभागिताको लागि प्रस्तावित संरचना

(१) वडा स्तरमा सञ्चालन हुने सरकारी गतिविधि तथा शासकीय प्रक्रियामा नागरिक सहभागिता प्रवर्द्धन गर्नको लागि **वडा स्तरीय साझेदारी मञ्च** नामक एक संरचनाको स्थापना गर्न सकिन्छ।

(२) यस मञ्चमा वडा अध्यक्षको नेतृत्व रहने छ। वडा स्तरीय साझेदारी मञ्चका सहभागी तथा अन्य सञ्चालनको प्रक्रियाबारे विस्तृत जानकारी यसै परिच्छेदको अन्तिम तालिकामा दिइएको छ।

## (ग) गाउँपालिका तथा नगरपालिका स्तरीय संरचना र नागरिक सहभागिता

### गाउँपालिका तथा नगरपालिका स्तरका संरचना

(१) नेपालको संविधानको भाग १७, धारा ११४ देखि २२० ले स्थानीय तहको कार्यकारिणी अधिकारको कार्यान्वयनका लागि गाउँ कार्यपालिका, नगर कार्यपालिका र जिल्ला सभाको गठन, कार्य तथा यस सम्बन्धमा अन्य आवश्यक व्यवस्था गरिएको।

(२) संविधानले व्यवस्था गरेअनुसार स्थानीय तहको कार्यकारिणी अधिकार गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित छ । र यो अधिकार संविधानको अनुसूची ८ र ९ मा उल्लेख गरिएअनुसार हुने व्यवस्था छ ।

(३) स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने संवैधानिक व्यवस्था छ ।

(४) देशभर महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६० गरी जम्मा ७५३ ओटा स्थानीय तह छन् ।

(५) स्थानीय तहमा खासगरी उपमेयर/उपप्रमुखको अध्यक्षतामा रहेको न्यायिक समिति, सामाजिक विकास शाखा, विषयगत कार्यालयजस्ता संयन्त्र तथा संरचनाको व्यवस्था छ ।

## गाउँपालिका तथा नगरपालिका स्तरका संरचनाका कार्य

(६) व्यवस्थापिका संसद्ले गाउँपालिका तथा नगरपालिका सञ्चालनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरेको छ । यस ऐनले स्थानीय तहको अधिकार तथा जिम्मेवारीसम्बन्धी विभिन्न व्यवस्था गरेको छ । हरेक स्थानीय तहमा कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिका रहने व्यवस्था छ । नेपालको संविधान, २०७२ ले स्थानीय तहको सरकारलाई दिएको एकल अधिकार सूचीमा रहेका २२ किसिमकै अधिकारको कार्यान्वयन व्यवस्था गरेको छ । यसर्थ गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीको लागि नेपालको संविधान, २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ हेर्न सकिन्छ ।

स्थानीय तहको सरकारसँग रहेका २२ ओटै अधिकारमा नागरिक सहभागिता हुनसक्छ । उदाहरणको लागि त्यसमध्ये विपद् व्यवस्थापनमा कसरी नागरिक सहभागिता सुनिश्चित गर्न सकिन्छ भन्ने कुरालाई बुदाँगत रुपमा तल उल्लेख गरिएको छ ।

- स्थानीय स्तरमा हुन सक्ने विपद्को पहिचान गर्ने काममा सम्पूर्ण नागरिकलाई सूचित गर्ने
- कार्यालयको सूचनापाटीमा सबै स्थानीय नागरिकको लागि आमन्त्रणसहितको सूचना टाँस्ने
- सूचना प्रविधिको प्रयोग गरी स्थानीय तहअन्तर्गतका सम्पूर्ण नागरिकलाई सुसूचित गर्ने तथा आवश्यक सूचनाहरु प्रसार गर्ने
- विपद् व्यवस्थापनबारे स्थानीय स्तरमा काम गरिरहेका नागरिक संस्थालाई औपचारिक रुपमा निमन्त्रणा गर्ने
- नागरिकको सक्रिय सहभागितामा सम्भावित विपद् पहिचान गर्ने
- यस्तो विपद्बाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गर्नको लागि बनाउने योजना तथा कार्य योजनामा नागारिक, नागरिक समाज तथा नागरिक संस्थाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने
- यसरी बनाइएको विपद् जोखिम न्यूनीकरण कार्य योजनाको कार्यान्वयन नागरिक, नागरिक समाज र नागरिक संस्थाको सक्रिय सहभागितामा गर्ने
- जोखिम न्यूनीकरणको लागि गरिने गतिविधिहरुमा सामग्री खरिदलगायतका काममा नागरिक समाजको प्रतिनिधित्व गरेर खुला र पारदर्शी तबरबाट गर्ने
- विपद्पछिको उद्धार, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण नागरिक, नागरिक समाज र नागरिक संस्थासँगको सहकार्य तथा साझेदारीमा गर्ने
- विपद्सम्बन्धी कानुन तथा नीति बनाउन र कार्यान्वयन गर्न सघाउने
- स्थानीय सरकारको विपद् व्यवस्थापनको कामको तेस्रो पक्ष अनुगमन गर्ने

### गाउँपालिका तथा नगरपालिका स्तरीय नागरिक सहभागिताको लागि प्रस्तावित संरचना

(३) गाउँपालिका तथा नगरपालिकाले सञ्चालन गर्ने हरेक गतिविधिहरुमा नागरिक सहभागितालाई प्रभावकारी रुपमा अभिवृद्धि गर्ने कामको लागि **गाउँपालिका/नगरपालिका स्तरीय साझेदारी मञ्च** स्थापना गर्नु पर्छ । जसको नेतृत्व नगरपालिकाको उपमेयर वा गाउँपालिकाको उपाध्यक्षले गर्नेछन् ।

(४) यस गाउँपालिका तथा नगरपालिकास्तरीय साझेदारी मञ्चका सहभागीहरु तथा सञ्चालन प्रक्रियाबारे यसै परिच्छेदको अन्त्यमा रहेको तालिकामा उल्लेख गरिएको छ ।

## (घ) जिल्ला समन्वय समिति स्तरीय संयन्त्र र नागरिक सहभागिता

### जिल्ला तहका संरचना

(१) नेपालको संविधानको धारा २२० मा जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरुबीच समन्वय गर्न एक जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था गरिएको छ ।

(२) देशभरमा ७७ वटा जिल्ला समन्वय समिति रहेका छन् ।

### जिल्ला समन्वय समितिका कार्य

(१) नेपालको संविधान २०७२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकारबारे उल्लेख छ । जसमा जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने, विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सो को अनुगमन गर्ने, जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्नेलगायतका छन् । यसबारे विस्तृत जानकारीको लागि नेपालको संविधानको धारा २२० हेर्न सकिन्छ ।

### जिल्ला तहमा नागरिक सहभागिताको लागि प्रस्तावित संरचना

(१) जिल्ला समन्वय समितिले सञ्चालन गर्ने अनुगमन तथा समन्वयात्मक गतिविधिहरुमा नागरिक सहभागिता सुनिश्चित गर्नको लागि **जिल्ला स्तरीय साझेदारी मञ्च** गठन गर्न सकिनेछ ।

(२) यस्तो सञ्जालको अध्यक्ष जिल्ला समन्वय समितिको अध्यक्ष हुनेछन् । यस मञ्चका सदस्यहरु, मञ्च बैठकका सहभागीहरु तथा सञ्चालन प्रक्रियाबारे यसै परिच्छेदको अन्त्यमा रहेको तालिकामा उल्लेख गरिएको छ

## (ङ) प्रदेश स्तरीय संयन्त्र र नागरिक सहभागिता

### प्रदेश स्तरीय संरचना

(१) नेपालको संविधानको भाग १३, धारा १६२ देखि १७४ सम्मले प्रदेश कार्यपालिकाको व्यवस्था गरेको छ । प्रत्येक प्रदेशमा एक मन्त्रिपरिषद् रहने र यसले संविधान र कानुनको अधीनमा रही प्रदेशको कार्यकारिणी अधिकार प्रयोग गर्ने उल्लेख छ ।

(१) देशभर ७ वटा प्रदेश छन् ।

(२) प्रदेश तहमा प्रदेश सरकार, प्रदेश कानूनले तोकेका अन्य व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिकाका संरचना, सामाजिक विकास मन्त्रालय तथा विषयगत मन्त्रालयलगायतका संरचना रहेका छन् । यस्ता प्रादेशिक संरचनाले नागरिक सहभागिताको संयन्त्रको काम गर्छ ।

(३) नेपालको संविधान २०७२ को अनुसूची ६ मा प्रदेशस्तरीय संरचनाको अधिकार तोकिएको छ । प्रदेशको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीबारे नेपालको संविधान २०७२ को विस्तृत अध्ययन गर्न सकिन्छ ।

### प्रदेश स्तरीय नागरिक सहभागिताको लागि प्रस्तावित संरचना

(४) प्रदेश सरकारको नीति निर्माण, योजना तर्जुमा, विकास निर्माणका गतिविधिहरु, योजनाको कार्यान्वयन तथा त्यसको अनुगमनमा नागरिक सहभागिता प्रवर्द्धन गर्नको लागि **दिगो विकासका एजेण्डा कार्यान्वयन गर्न नागरिक समाज र राष्ट्रिय योजना आयोग सम्मिलित प्रादेशिक कार्यान्वयन, समन्वय र अनुगमन समिति** गठन गरी सक्रिय बनाउनु पर्छ ।

(५) प्रदेश तहमा गठन हुने यस्ता समितिका सदस्यहरु, यसको कार्य सञ्चालन प्रक्रिया तथा जिम्मेवारीलगायतको प्रक्रियाबारे यसै परिच्छेदको अन्त्यमा रहेको तालिकामा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

## (च) सङ्घ स्तरीय संयन्त्र र नागरिक सहभागिता

### सङ्घीय तहका संरचना

(१) नेपालको संविधानको भाग ७, धारा ७४ देखि ८२ मा नेपालको शासकीय स्वरुप, कार्यकारणी अधिकार, मन्त्रिपरिषद्को गठन तथा यससम्बन्धी अन्य व्यवस्था गरिएको छ ।

(२) सङ्घीय तहमा सङ्घीय सरकार, व्यवस्थापिका तथा न्यायपालिकाका विभिन्न संरचना, विभिन्न विषयगत मन्त्रालयलगायतका संरचना रहेका छन् । यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, राष्टिय मानवअधिकार आयोगलगायतका विभिन्न संवैधानिक आयोगहरु छन् । सङ्घीय तहका संरचनाहरुको थप जानकारीको लागि नेपालको संविधान २०७२ हेर्न सकिन्छ ।

### सङ्घीय तहका संरचनाका कार्य

(३) सङ्घीय सरकारको एकल अनि सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा रहेकामध्ये कतिपय अधिकारको कार्यान्वयनको लागि कानुन निर्माण, योजना तथा नीति निर्माण, कार्यक्रम निर्माण, कार्यक्रमको कार्यान्वयन तथा अनुगमन मूल्याङ्कन प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्ने हुन्छ ।

(४) संविधानको अनुसूची ५ मा सङ्घको अधिकारको सूची छ । जसमा विभिन्न ३५ अधिकारहरु सङ्घको एकल अधिकारअन्तर्गत छ । यसैगरी संविधानको अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकारको सूची छ । जसमा विभिन्न २५ अधिकार सङ्घ र प्रदेशको साझा अधिकारअन्तर्गत रहेका छन् । नेपालको संविधान, २०७२ को अध्ययनबाट यस्ता अधिकारबारे थप जानकारी लिन सकिन्छ ।

### सङ्घीय तहमा नागरिक सहभागिताको लागि प्रस्तावित संरचना

(१) सङ्घीय सरकारको नीति निर्माण, योजना तर्जुमा यस सरकारले सञ्चालन गर्ने विकास निर्माणका गतिविधिहरु, योजनाको कार्यान्वन तथा त्यसको अनुगमनको कार्यमा नागरिक सहभागिता प्रवर्द्धन गर्नको लागि **दिगो विकासका एजेण्डा कार्यान्वयन गर्न गठित कार्यान्वयन, समन्वय र अनुगमन समिति र क्षेत्रगत उपसमितिहरु** गठन गर्ने र त्यसलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन गराउनु पर्छ ।

(२) यस समिति तथा क्षेत्रगत उपसमितिहरुको गठन तथा यसको अन्य प्रक्रियाबारे यसै परिच्छेदको अन्त्यमा रहेको तालिकामा उल्लेख गरिएको छ ।

| नागरिक सहभागिताको संरचना र कार्य सञ्चालन प्रक्रिया | | | |
|---|---|---|---|
| तह र सरकारी संरचना | नागरिक सहभागिताको क्षेत्र | प्रस्तावित संयन्त्र | कार्य सञ्चालन प्रक्रिया |
| बस्ती तह | • बस्ती स्तरीय योजना तर्जुमा प्रक्रिया<br>• बस्ती स्तरीय योजनाको कार्यान्वयन<br>• बस्ती स्तरीय योजनाको अनुगमन तथा मूल्याङ्कन<br>• बस्ती स्तरीय समस्याको सुनुवाइ र समाधान | बस्ती स्तरीय | • वडा सदस्यको नेतृत्व रहने छ । जसमा बस्तीका सम्पूर्ण नागरिक, विभिन्न समिति, समूह, संस्थाका सदस्य, शिक्षक, कृषक, पशुपालक, सामुदायिक वनका प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका सदस्य, विद्यार्थी, अभिभावक, पत्रकार, राजनीतिक दलका सदस्य तथा प्रतिनिधि, स्थानीय स्तरका गण्यमान्य, दलित, जनजाति, महिला, असक्त व्यक्तिलगायत पछाडि परेका वा पारिएका वर्ग तथा समुदायका नागरिकलगायत सहभागी हुनेछन्<br>• बस्ती स्तरीय साझेदारी मञ्च हरेक महिना आयोजना गर्नु पर्नेछ। बैठक बस्ने स्थान, मिति र समय पहिले नै निश्चित गरिनु पर्दछ । यसरी निश्चित गरिएको मिति, समय र स्थानबारे सार्वजनिक सञ्चारमाध्यम, सूचना पाटी, सामाजिक सञ्जाल तथा सूचना प्रविधिका अन्य विकल्पहरु प्रयोग गरी प्रचारप्रसार गर्न सकिन्छ<br>• बस्ती स्तरीय साझेदारी मञ्च सकेसम्म बस्तीका सबै नागरिकलाई केन्द्रमा पर्ने स्थानमा रहेका स्थानीय विद्यालय, सामुदायिक भवनमा सञ्चालन गर्नु पर्दछ । यदि केन्द्र भागमा यस्ता सार्वजनिक भवन वा विद्यालय नभएमा चौतारो वा खुल्ला चउरमा पनि आयोजना गर्न सकिन्छ<br>• यस्ता बस्ती बैठकको मुख्य काम बस्ती र टोल स्तरमा स्थानीय सरकार र यसअन्तर्गतका अन्य निकायहरुले प्रवाह गरिरहेका सेवा र वस्तुबारे नागरिकको अभिमत बुझ्नु हो। नागरिक आफै सहभागी भएर सार्वजनिक निकायले प्रवाह गरिरहेका वस्तु र सेवाको गुणस्तर र त्यसले उनीहरुको जीवनमा पारेको असर र प्रभावबारे वडा सदस्यसँग छलफल र अन्तर्क्रिया गर्नेछन्। |

| नागरिक सहभागिताको संरचना र कार्य सञ्चालन प्रक्रिया | | | |
|---|---|---|---|
| तह र सरकारी संरचना | नागरिक सहभागिताको क्षेत्र | प्रस्तावित संयन्त्र | कार्य सञ्चालन प्रक्रिया |
| | | | • यसैगरी सरकारी निकायले सञ्चालन गरिरहेका वा गर्न लागिरहेका योजना तथा कार्यक्रमहरुमा नागरिकको चासो तथा सरोकार प्रस्तुत गर्ने, आफूलाई परेको पिर, मर्का वा समस्याहरु राख्ने वातावरण पाउनेछन् । नागरिकले यसरी राखेका गुनासो तथा समस्यामध्ये वडा सदस्यको कार्यक्षेत्रभित्र पर्ने गुनासा तत्काल बैठक स्थलमै समाधान गरिनेछ<br>• बस्ती स्तरीय साझेदारी मञ्चमा आएका तर वडा सदस्य तहमा सुनुवाइ गर्न नसक्ने गुनासा तथा समस्याहरु लिखित रुपमा वडा तहमा पठाइनेछ । वडामा पठाउँदा गुनासोसँगै पाँच जनासम्म प्रतिनिधि पनि छनोट गरेर पठाउनु पर्छ । यसरी प्रतिनिधि पठाउँदा समावेशिताको सिद्धान्तलाई ध्यानमा राख्दै गुनासोवाला व्यक्तिलाई नै पठाउनु पर्दछ |
| वडा तहः वडा कार्यालय तथा अन्य विषयगत सरकारी कार्यालय | • स्थानीय योजना प्रक्रिया<br>• विकास आयोजनामा नागरिक निगरानी<br>• स्थानीय तहमा प्रवाह हुने वस्तु र सेवाको गुणस्तर अभिवृद्धि<br>• सुशासन प्रवर्द्धन | वडा स्तरीय साझेदारी मञ्च | • साझेदारी मञ्चको अध्यक्षमा सम्बन्धित वडाका अध्यक्ष रहने छन् । यसैगरी स्थानीय नागरिक, नागरिक संस्थाका प्रतिनिधि, महिला, दलित, जनजाति, विपन्न, अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधि, वडा कार्यालयका सेवा प्रदायक तथा अन्य सरोकारवालाहरु सभाका सदस्य रहनेछन् । यसैगरी हरेक बस्तीबाट छानिएर आएका प्रतिनिधिहरु सहभागी हुनेछन्<br>• वडा स्तरीय साझेदारी मञ्च मासिक रुपमा बस्ती बैठक सकिएको १५ दिनपछि सञ्चालन हुनेछ । यस्ता सभामा बस्ती स्तरबाट आएका गुनासा तथा समस्याहरुबारे छलफल हुन्छ । यसैगरी वडा तहमा रहेका अन्य विभिन्न समस्याहरुबारे नागरिकका गुनासाहरुको सुनुवाइ गरिनेछ |

| नागरिक सहभागिताको संरचना र कार्य सञ्चालन प्रक्रिया | | | |
|---|---|---|---|
| तह र सरकारी संरचना | नागरिक सहभागिताको क्षेत्र | प्रस्तावित संयन्त्र | कार्य सञ्चालन प्रक्रिया |
| | | | • वडा स्तरमा शिक्षा, स्वास्थ्य, कृषि, विपद् व्यवस्थापन, सुशासन, भौतिक पूर्वाधार विकासलगायतका उपसमितिहरुको गठन गर्न सकिनेछ । यस मञ्चमा नागरिकबाट आएका गुनासाहरु सुनुवाइ गर्ने, आवश्यक नीति तथा रणनीति बनाउनेलगायतका काम यस्ता उपसमितिले गर्न सक्नेछन्<br>• यसैगरी उपसमितिले आवश्यकताअनुसार सरोकारवाला नागरिक तथा नागरिक समाज संस्थासँग समन्वय गर्ने, छलफल तथा अन्तर्क्रिया गर्ने र आवश्यक नीति, नियम तथा रणनीति र कार्यनीति बनाउन सक्नेछन्<br>• उपसमितिको बैठकले वडाभित्रका शिक्षा, स्वास्थ्य, कृषि, विपद् व्यवस्थापन, सुशासन, भौतिक पूर्वाधार विकासलगायतका विषय तथा सवालहरु सूचिकृत गर्ने काम गर्छ<br>• उपसमितिमार्फत आएका यस्ता सवाल तथा विषयलाई प्रत्येक महिनामा हुने वडा स्तरीय साझेदारी मञ्चको बैठकमा पेस गरिनेछ । यसरी उपसमितिको बैठकबाट पेश भएका तथा उपसमितिगत सवाल तथा अन्य सार्वजनिक चासोका सवालमा नागरिक, स्थानीय सरोकारवालाहरु तथा स्थानीय सरकारबीच मञ्चको बैठकमा छलफल हुनेछ<br>• मञ्चको बैठकले कतिपय सवाल तथा विषयवस्तुलाई तत्काल सम्बोधन गर्नेछ । यदि कुनै सवालमा नीतिगत निर्णय गर्नुपर्ने भएमा त्यस्ता विषयलाई नगरपालिका तथा गाउँपालिका स्तरमा हुने साझेदारी मञ्चको बैठकमा पेश गर्ने निर्णय गरी सिफारिस गर्छ । यसरी गुनासा तथा समस्याहरु पठाउँदा प्रत्येक वडाबाट पाँच जना नागरिक प्रतिनिधि पनि पालिका स्तरीय साझेदारी मञ्चमा प्रतिनिधिको रुपमा पठाउनु पर्नेछ । जसमा समावेशिताको सिद्धान्तलाई अवलम्बन गर्नुपर्नेछ |

| नागरिक सहभागिताको संरचना र कार्य सञ्चालन प्रक्रिया | | | |
|---|---|---|---|
| तह र सरकारी संरचना | नागरिक सहभागिताको क्षेत्र | प्रस्तावित संयन्त्र | कार्य सञ्चालन प्रक्रिया |
| गाउँपालिका/नगरपालिका तहः कार्यपालिका लगायत विभिन्न शाखाहरु | • स्थानीय योजना तर्जुमा प्रक्रिया<br>• स्थानीय कानुन, नीति, रणनीति, कार्य योजना, कार्यक्रम तथा बजेट निर्माण<br>• विकास आयोजनाको नागरिक निगरानी<br>• स्थानीय स्तरमा सार्वजनिक सेवा प्रवाह गर्ने निकायका गतिविधिमा पारदर्शिता, जबाफदेहिता तथा सुशासनमा अभिवृद्धि<br>• सार्वजनिक नीतिको प्रभावकारी कार्यान्वयन | गाउँपालिका/नगरपालिका स्तरीय साझेदारी मञ्च | • हरेक स्थानीय तहमा गठन हुने यस साझेदारी मञ्चको संयोजक नगरपालिकाको उपमेयर तथा गाउँपालिकाका उपाध्यक्ष हुनेछन् । यसैगरी सम्पूर्ण वडाका वडा अध्यक्ष, स्थानीय पत्रकार, निजी क्षेत्रका प्रतिनिधिहरु, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, नागरिक, नागरिक संस्थाका प्रतिनिधि स्थानीय बुद्धिजीवि, पेशागत सङ्घ-संस्थाका प्रतिनिधि, हरेक वडाबाट सिफारिस भइआएका नागरिक समाजका प्रतिनिधि यस मञ्चको सदस्य हुनेछन्<br>• वडा स्तरीय साझेदारी मञ्चको बैठक सम्पन्न भएको १५ दिनपछि पालिका स्तरीय साझेदारी मञ्चको बैठक बस्नेछ । बैठक पालिकाको सभाहल वा सबै वडालाई पायक पर्ने स्थानमा रहेका विद्यालय वा सामुदायिक भवनमा पनि आयोजना गर्न सकिन्छ<br>• वडा स्तरमा गठित मञ्चबाट समाधान हुन नसकेका सवाल तथा विषयहरुलाई सूचिकृत गरी निर्णयार्थ नगरपालिका र गाउँपालिका स्तरमा गठित साझेदारी मञ्चको बैठकमा पेश गर्ने र नीतिगत सवालहरुलाई नगर तथा गाउँसभा तथा नगर वा गाउँ कार्यपालिकाको बैठकबाट सम्बोधन गराउन पहल गर्नेछ<br>• यस मञ्चको बैठकमा स्थानीय कार्यालयले प्रवाह गर्ने वस्तु र सेवाको गुणस्तर र प्रभावकारितामा अभिवृद्धि गर्ने, सुशासन स्थापना गर्ने, पारदर्शिता तथा जबाफदेहिता अभिवृद्धि गर्नेलगायतका सवालमा छलफल र अन्तर्क्रिया गरिनेछ<br>• वडा तहबाट सूचिकृत तथा अन्य सिफारिस भईआएका विषय र सदस्यहरुले उठाएका अन्य सवालहरुमा मञ्चको बैठकले छलफल गरेर कार्य योजना बनाउनेछ<br>• नगरपालिका तथा गाउँपालिका स्तरमा देखिएका शिक्षा, स्वास्थ्य, कृषि, विपद् व्यवस्थापन, सुशासन, सार्वजनिक वस्तु र सेवाको प्रवाहलगायतका |

| नागरिक सहभागिताको संरचना र कार्य सञ्चालन प्रक्रिया | | | |
|---|---|---|---|
| तह र सरकारी संरचना | नागरिक सहभागिताको क्षेत्र | प्रस्तावित संयन्त्र | कार्य सञ्चालन प्रक्रिया |
| | | | सवालहरुमा नागरिक र जननिर्वाचित प्रतिनिधिबीच प्रभावकारी अन्तर्क्रियामार्फत प्रभावकारी साझेदारी र सहकार्यको सिद्धान्तमार्फत सार्वजनिक चासोका सवालहरु सम्बोधन गरिनेछ<br>• पालिका स्तरीय साझेदारी मञ्चमार्फत नागरिक र स्थानीय सरकारबीच छलफल, समन्वय र सहकार्य वृद्धि गर्ने, र गराउन पहल गर्नेछ<br>• साझेदारी मञ्चमा वडा स्तरबाट आएका सम्पूर्ण समस्याहरुलाई बैठक तथा छलफलकै क्रममा समाधान गर्न सकिनेलाई तत्काल समाधान गर्नेछ । यदि तत्काल समाधान गर्न नसकिने केही समस्या भएमा त्यसको समाधानको लागि गाउँ कार्यपालिका वा नगर कार्यपालिका पठाउन वा नागरिक तथा नागरिक संस्था तथा अन्य सरोकारवालाहरुसँगको थप छलफलमा लगी वहुविकल्पको खोजी गर्न सकिनेछ |
| जिल्ला तहः जिल्ला समन्वय समिति तथा जिल्ला स्तरीय विभिन्न प्रादेशिक तथा सङ्घीय कार्यालयहरु | • विकास कार्यको अनुगमन<br>• समन्वय र खुल्ला तथ्याङ्कको प्रवर्द्धन<br>• स्थानीय तहको अनुगमन तथा मूल्याङ्कन<br>• स्थानीय तहबीचको समन्वय<br>• सार्वजनिक सेवा र वस्तुको गुणस्तर अभिवृद्धि<br>• सुशासन प्रवर्द्धन | जिल्ला स्तरीय साझेदारी मञ्च | • जिल्लास्थित सङ्घीय तथा प्रादेशिक सरकारी कार्यालयहरु र नागरिक समाजबीच साझेदारी बढाउन जिल्ला समन्वय समितिको संयोजकको अध्यक्षतामा जिल्ला स्तरीय साझेदारी मञ्च गठन हुनेछ। यसको बैठक कम्तीमा तीन महिनामा वा आवश्यकताअनुसार बस्न सक्नेछ।<br>• जिल्लामा कार्यरत गैरसरकारी संस्था महासङ्घ, पत्रकार महासङ्घ, बार असोसियसन, उद्योग वाणिज्य सङ्घ, जातीय, वर्गीय, लैगिङ्ग, अपाङ्गता क्षेत्रमा काम गर्ने सङ्घ, महासङ्घलगायत नागरिक संस्था सम्मिलित एउटा साझेदारी मञ्च गठन हुनेछ<br>• कम्तीमा त्रैमासिक रुपमा जिल्ला समन्वय समिति र नागरिक साझेदारी मञ्चको साझा बैठक बस्नेछ। बैठक जिल्ला समन्वय समितिको सभाहलमा बस्नेछ । बैठकले निम्नानुसारको कार्य गर्न सक्नेछः<br>• जिल्लाको समग्र विकाससम्बन्धी जिल्ला स्तरीय नीति, कार्यविधि, मापदण्ड, तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने |

| नागरिक सहभागिताको संरचना र कार्य सञ्चालन प्रक्रिया | | | |
|---|---|---|---|
| तह र सरकारी संरचना | नागरिक सहभागिताको क्षेत्र | प्रस्तावित संयन्त्र | कार्य सञ्चालन प्रक्रिया |
| | | | • जिल्लाभित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा स्थान, समुदाय, विषय क्षेत्रगत र सन्तुलन भए, नभएको सम्बन्धमा अध्ययन गर्ने<br>• जिल्लाभित्रका नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत कार्यालयहरुका चालू योजना र कार्यक्रमहरुको गुणस्तर अनुगमन तथा मूल्याङ्कन गर्ने<br>• गाउँपालिका तथा नगरपालिकाको आवश्यकता, मागबमोजिम योजना तर्जुमा गरी त्यस्तो कार्यमा सहयोग र समन्वय गर्ने<br>• जिल्लाको विशिष्ठताअनुसार गाउँपालिका तथा नगरपालिकाबाट अभियानात्मक विकास गतिविधि सञ्चालन गर्ने<br>• सुशासन अभिवृद्धि गर्ने संयन्त्रहरु जस्तै, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, नागरिक वडापत्र, सूचनाको हक आदिको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्ने<br>• जिल्ला तहमा कार्यरत विभिन्न निकायहरुले प्रवाह गर्ने सेवा र वस्तुको प्रवाहको अवस्था र गुणस्तरको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा त्यस्तो अवस्थामा सुधार ल्याउनको लागि आवश्यक पर्ने नीतिगत तथा कामका लागि सम्बन्धित निकायलाई घच्घच्याउनेलगायतका कुरामा नागरिक सहभागिता प्रवर्द्धन गर्ने उपयुक्त वातावरण निर्माण गर्न पहल गर्नेछ |
| प्रादेशिक तह: प्रादेशिक योजना आयोग र विभिन्न विषयगत मन्त्रालयहरु | • कानुन तथा नीति निर्माण<br>• प्रदेशको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तर्जुमा, अनुगमन र मूल्याङ्कन<br>• प्रदेशको क्षेत्रगत नीति तर्जुमा, अनुगमन तथा मूल्याङ्कन | दिगो विकास एजेण्डा कार्यान्वयन गर्न नागरिक | प्रदेश तहमा कार्यरत गैरसरकारी संस्था, नेपाल पत्रकार महासङ्घ, नेपाल बार असोसियसन, उद्योग वाणिज्य महासङ्घ, जातीय, वर्गीय, लैगिङ्क, अपाङ्गता क्षेत्रमा कार्यरत सङ्घ, महासङ्घ, प्रदेश तहमा काम गर्ने अन्य नागरिक सङ्घ-संस्थाहरु, प्रादेशिक सामाजिक विकास मन्त्रालय, प्रादेशिक योजना आयोगलगायत सम्मिलित दिगो विकास एजेण्डा कार्यान्वयन गर्न प्रदेश स्तरीय कार्यान्वयन, समन्वय र अनुगमन समिति गठन हुनेछ। कम्तीमा चौमासिक रुपमा यस समितिको बैठक बसी निम्नानुसारको कार्यहरु गर्न सकिनेछ: |

| नागरिक सहभागिताको संरचना र कार्य सञ्चालन प्रक्रिया | | | |
|---|---|---|---|
| तह र सरकारी संरचना | नागरिक सहभागिताको क्षेत्र | प्रस्तावित संयन्त्र | कार्य सञ्चालन प्रक्रिया |
| | | | • प्रदेश सरकारले निर्माण गर्न लागेको नागरिकलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने किसिमका नीतिहरु आम नागरिकबीच पुऱ्याई छलफल गरी नागरिकको सुझाब सङ्कलन गर्ने र त्यसलाई सम्बोधन गर्नको लागि आवश्यक व्यवस्था मिलाउने<br>• प्रादेशिक संसद्मा छलफलको लागि पेश गर्न लागिएकामध्ये नागरिकलाई असर पार्ने किसिमका विधयेकका मस्यौदाहरु नागरिकबीच लगेर छलफल गरी उनीहरुको सुझावलाई समावेश गर्ने व्यवस्था मिलाउने<br>• प्रदेशको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका प्रक्रिया तथा पद्धतिबारे छलफल गर्ने र नागरिक मैत्री बनाउनको लागि आवश्यक पर्ने कुराहरु समावेश गर्ने<br>• प्रदेश तहमा प्रत्येक चार-चार महिनामा “नागरिकसँग मुख्य मन्त्री” कार्यक्रमको आयोजना गर्ने जहाँ नागरिकले प्रत्यक्ष रुपमा मुख्यमन्त्रीसँग आफ्ना सवालहरुबारे अन्तर्क्रिया तथा छलफल गर्नेछन्<br>• प्रादेशिक सांसद्हरुले प्रत्येक चार-चार महिनामा आफ्नो निर्वाचन क्षेत्रका नागरिकसँग अन्तर्क्रिया गर्ने र त्यसमार्फत प्राप्त सल्लाह तथा सुझावलाई नीतिगत तथा कानुनी रुपमा सम्बोधन गर्ने<br>• दिगो विकासका एजेण्डाहरुको कार्यान्वयनको अवस्थाबारे छलफल गर्ने तथा प्रादेशिक योजना आयोगलाई आवश्यक सुझाव दिने |
| सङ्घीय तह: राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय | • कानुन तथा नीति निर्माण<br>• आवधिक योजना तर्जुमा र प्राथमिकता निर्धारण | दिगो विकास एजेण्डा कार्यान्वयन गर्न गठित कार्यान्वयन, समन्वय र अनुगमन समितिरक्षेत्रगत उपसमितिहरु | राष्ट्रिय तहमा कार्यरत गैरसरकारी संस्था महासङ्घ, नेपाल पत्रकार महासङ्घ, नेपाल बार असोसियशन, उद्योग वाणिज्य महासङ्घ, जातीय, वर्गीय, लैगिङ्ग, अपाङ्गता क्षेत्रमा कार्यरत सङ्घ, महासङ्घ, प्राध्यापक सङ्घलगायतको दिगो विकास एजेण्डा कार्यान्वयन गर्न नागरिक साझेदारी मञ्च गठन हुनेछ । |

| नागरिक सहभागिताको संरचना र कार्य सञ्चालन प्रक्रिया | | | |
|---|---|---|---|
| तह र सरकारी संरचना | नागरिक सहभागिताको क्षेत्र | प्रस्तावित संयन्त्र | कार्य सञ्चालन प्रक्रिया |
| | | | जसमा आवश्यक मात्रामा अनुगमन समिति तथा क्षेत्रगत उपसमूहहरु गठन गर्न सकिनेछ । कम्तीमा चौमासिक रुपमा यस मञ्चको बैठक बसी निम्नानुसारको कार्यहरु गर्न सकिनेछ:<br>• सङ्घीय सरकारले निर्माण गर्न लागेको नागरिकलाई प्रत्यक्ष रुपमा प्रभाव पार्ने किसिमका नीतिहरुबारे आम नागरिकबीच पुऱ्याई छलफल गर्ने, नागरिकको सुझाव सङ्कलन गर्ने र त्यसलाई सम्बोधन गर्नको लागि आवश्यक व्यवस्था मिलाउने<br>• सङ्घीय संसद्मा छलफलको लागि पेश गर्न लगिएका नागरिकलाई असर पार्ने विधयेकका मस्यौदाहरुलाई नागरिकबीच लगेर छलफल गर्ने, उनीहरुको सुझाव समावेश गर्ने व्यवस्था मिलाउने । साथै त्यस्ता विधेयकलाई सरोकारवाला नागरिक तथा नागरिक संस्थाहरुको पहुँचमा राख्ने र त्यस्ता निकायहरुले आफ्नो सुझाब दिने संयन्त्रको विकास गर्ने<br>• देशको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका प्रक्रिया तथा पद्धतिबारे छलफल गर्ने र नागरिक मैत्री बनाउनको लागि आवश्यक पर्ने कुराहरु समावेश गर्ने<br>• सङ्घीय सांसद्हरुले प्रत्येक चार-चार महिनामा आफ्नो निर्वाचन क्षेत्रका नागरिकसँग अन्तर्क्रिया गर्ने र त्यसमार्फत प्राप्त सल्लाह तथा सुझावलाई नीतिगत तथा कानुनी रुपमा सम्बोधन गर्ने<br>• दिगो विकासका एजेण्डाहरुको कार्यान्वयनको अवस्थाबारे छलफल गर्ने तथा राष्ट्रिय योजना आयोगलाई आवश्यक सुझाव दिने<br>• शासकीय प्रक्रियामा नागरिक तथा नागरिक संस्थाको अर्थपूर्ण र सक्रिय सहभागिताको लागि आवश्यक पर्ने नीतिगत व्यवस्था मिलाउने |


| नागरिक सहभागिताको संरचना र कार्य सञ्चालन प्रक्रिया | | | |
|---|---|---|---|
| तह र सरकारी संरचना | नागरिक सहभागिताको क्षेत्र | प्रस्तावित संयन्त्र | कार्य सञ्चालन प्रक्रिया |
| | | | • शासकीय प्रक्रियामा सुधार गरी सुशासन स्थापनाको लागि नागरिकको सहभागिता सुनिश्चित गर्नको लागि आवश्यक व्यवस्था मिलाउने<br>• शासकीय प्रक्रियामा नागरिकको चासो र सरोकार नियमित रुपमा सङ्कलन गर्नको लागि आवश्यक पर्ने टोलफ्री टेलिफोन नम्बर, ईमेल, सामाजिक सञ्जालहरु, पो.ब.नं. आदि तथा आम सञ्चारमाध्यमहरु टेलिभिजन |

## २.३ नागरिक सहभागिताको आवश्यकता र औचित्य

(१) लोकतन्त्रको आधारभूत तत्त्व भनेकै शासकीय प्रक्रियामा नागरिकको सक्रिय र अर्थपूर्ण सहभागिता हो । शासकीय प्रक्रियामा नागरिकको सहभागिता प्रवर्द्धन गर्नको लागि आवधिक निर्वाचन हुने गर्छ । नेपालमा पनि सङ्घीय, प्रादेशिक र स्थानीय तीनै तहको सरकारको लागि पाँच-पाँच वर्षमा आवधिक निर्वाचन हुने व्यवस्था छ । तर पाँच वर्षमा एकपटक बालिग मताधिकार प्रयोग गरेर मात्र शासकीय प्रक्रियामा वास्तविक नागरिक सहभागिता भएको मान्न सकिदैन ।

(२) शासकीय प्रक्रिया तथा प्रणालीलाई सुशासनयुक्त बनाउन र नागरिकको चासो तथा सरोकारलाई बुझ्न नागरिकको नियमित सहभागिताको लागि आधार तय गर्नुपर्ने हुन्छ । यसको लागि राज्यका हरेक संयन्त्र तथा निकायले गर्ने नीति, ऐन तथा कानुन निर्माण, योजना तर्जुमा, त्यसको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलगायतका गतिविधिहरुमा नियमित रुपमा नागरिक सहभागिता आवश्यक छ ।

(३) नागरिक र सरकारी संयन्त्रहरुबीच समन्वय तथा सहकार्य स्थापित गर्ने तथा नागरिकलाई सूचित तथा सशक्तीकरण गर्दै आफ्नो अधिकार र दायित्वप्रति चेतनशील बनाउने र नागरिकमैत्री शासन सञ्चालन गर्नको लागि सरकारी संयन्त्रहरुलाई जिम्मेवार बनाउन पैरवी गर्नको लागि नागरिक सहभागिता संयन्त्रहरुको भूमिका महत्त्वपूर्ण हुन्छ । नागरिक र सेवा प्रदायक सार्वजनिक निकायका अधिकारीहरु सँगै बसेर नागरिकको चासो र सरोकार पहिचान गर्ने र त्यसलाई सम्बोधन गर्नको लागि समान दृष्टिकोण र कार्य योजना निर्माण गर्ने सन्दर्भमा यसको महत्त्वपूर्ण भूमिका हुन्छ । यसलाई तलको चित्रले प्रष्ट पार्छ ।




(१) लोकतान्त्रिक शासन व्यवस्था प्रवर्द्धन गर्नको लागि नागरिक र सरकारी सेवाप्रदायक संयन्त्रबीच समन्वय र सहकार्य गर्नेगरी सम्बन्ध स्थापित गर्नु नितान्त आवश्यक छ। नागरिक सहभागिताका संयन्त्रहरुले नागरिक र सेवा प्रदायक निकायहरुबीच पुलको काम गर्न सक्छ । यसको लागि सामूहिक मञ्चहरुको निर्माण गर्न

सकिन्छ । यसभित्र सरकारी संरचनाले सञ्चालन गर्ने विभिन्न क्रियाकलामा नागरिक सहभागिता अभिवृद्धि र्गनको लागि नागरिकलाई सूचित गर्ने तथा शसक्तीकरण गर्छन् ।

(२) यसैगरी सरकारी संयन्त्र तथा संरचनालाई नागरिकमैत्री बन्नको लागि आवश्यक पर्ने वकालत तथा पैरवी गर्दछन् । सरकारी संयन्त्र तथा संरचनाहरु नागरिक मैत्री नभइसकेको र नागरिक सहभागितालाई प्रवर्द्धन गर्ने स्पष्ट र ठोस संयन्त्र पनि नभएकोले नागरिक सहभागिता प्रवर्द्धन गर्ने संयन्त्र तथा संरचनासमेत प्रस्ताव गरिएको छ । यसले शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक सहभागिता प्रवर्द्धन गर्छ भने अर्कोतिर त्यस्ता निकायले प्रवाह गर्ने सेवामा सुशासन अभिवृद्धि गर्न योगदान गर्छ ।

# नागरिक सहभागितासम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था

## ३.१ अन्तर्राष्ट्रिय व्यवस्था

(१) शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक सहभागिताका सम्बन्धमा अन्तर्राष्ट्रिय तवरमा पनि विभिन्न नीतिगत तथा कानुनी व्यवस्था भएको देखिन्छ अथवा विभिन्न सिद्धान्तलाई आत्मसात् गरेको पाइन्छ ।

(२) मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ मा प्रत्येक व्यक्तिलाई शान्तिपूर्ण रुपमा भेला हुने, सभा गर्ने तथा संस्था खोल्ने अधिकार सुनिश्चित गरिएको छ ।

(३) नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ मा प्रत्येक व्यक्तिलाई सङ्घ-संस्था खोल्ने तथा त्यसमा सम्मिलित हुने अधिकार सुनिश्चित गरिएको छ ।

(४) मानवअधिकार उच्चायुक्तको कार्यालयले मानवअधिकारको ३२ औं शत्रमा राष्ट्रसङ्घीय कार्यालय, मानवअधिकार उच्चायुक्तको कार्यालय, मानवअधिकार परिषद्का सुझावहरुअन्तर्गत राष्ट्रसङ्घमा प्रस्तुत गरेको प्रतिवेदनमा सदस्य राष्ट्रहरुका लागि आ-आफ्नो देशमा नागरिक संस्थाका लागि काम गर्ने वातावरण निर्माण गर्ने निर्णय गरिएको छ ।

(५) यसैगरी उच्चायुक्तको कार्यालयले शासकीय प्रणालीमा जबाफदेहिता, पारदर्शिता तथा सहभागिता अभिवृद्धि तथा सुनिश्चित गर्नको लागि नागकि संस्थाको महत्त्व रहने कुरा उल्लेख गरेको छ । सोही प्रतिवेदनमै नागरिक संस्थाका लागि आवश्यक पर्ने विभिन्न पक्षहरु जस्तै कानुनी संयन्त्र, काम गर्ने वातावरणको निर्माण, निर्णय प्रक्रियामा यस्ता संस्थाको सहभागिता तथा संलग्नतालगायतका सवालमा जोड दिइएको छ ।

(६) पेरिस सिद्धान्तले गैरसरकारी संस्था तथा पेशागत सङ्घ-संस्थाका प्रतिनिधिहरुको राज्यका विभिन्न संरचना तथा स्थानमा सहभागिता सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ ।

(७) यसैगरी मानवअधिकार रक्षक घोषणापत्र १९९८ ले मानवअधिकार र आधारभूत स्वतन्त्रताको सुनिश्चितताको लागि नागरिक, नागरिक समाज, तथा नागरिक संस्थाको सहकार्य र समन्वयमा जोड दिएको छ ।

(८) भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको धारा १३ मा भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा नागरिक संस्थाको सहभागिताबारे व्यवस्था गरिएको छ । जसको उपधारा १ (क) मा भ्रष्टाचार नियन्त्रण तथा सुशासन अभिवृद्धि गर्नको लागि निर्णय प्रक्रियाहरुमा पारदर्शिता र सर्वसाधारण नागरिकको सहभागिता अभिवृद्धि गर्ने कार्यलाई बढावा दिनुपर्ने उल्लेख गरिएको छ । यसले शासनमा नागरिक सहभागिताको अपेक्षा गरेको देखिन्छ ।

(९) सन् २०३० सम्ममा गरिबी निवार गर्ने, असमानता र अन्यायविरुद्ध लड्ने, जलवायु परिवर्तनको सामना गर्ने, सुशासन अभिवृद्धि गर्नेजस्ता विभिन्न १७ किसिमका दिगो विकासका लक्ष्यहरु समेटिएको दिगो विकासको सन् २०३० को कार्यसूची विश्वभरका नेताहरुद्वारा सेप्टेम्बर २०१५ मा अवलम्बन गरी स्वीकार गरिएको थियो । विश्व लक्ष्यका रुपमा चिनिने यस्ता लक्ष्यहरु अत्यन्तै महत्त्वाकांक्षी छन् । दिगो विकास लक्ष्य प्राप्त गर्न शासकीय सुधार र सुशासन एक महत्त्वपूर्ण पक्ष हो । यसको लागि नागरिक सहभागिताले महत्त्वपूर्ण योगदान गर्न सक्दछ ।

(१०) माथि उल्लिखित अन्तर्राष्ट्रिय विषयमा नेपाल पक्ष राष्ट्र रहेको छ । यसर्थ नेपालका सङ्घीय, प्रादेशिक तथा स्थानीय तीनै तहका सरकारले नागरिक तथा नागरिक संस्थाहरुलाई बलियो र प्रभावकारी बनाई उनीहरुसँग सहकार्य गर्नु जरुरी छ ।

## ३.२ संवैधानिक व्यवस्था

नेपालको संविधानले शासकीय प्रक्रिया तथा पद्धतिमा नागरिकको सक्रिय सहभागिताको लागि व्यवस्था गरेको छ । संविधानको धारा १७ (घ) मा सङ्घ-संस्था खोल्ने स्वतन्त्रतालाई मौलिक हकअन्तर्गत राखिएको छ । संविधानको भाग ४ अन्तर्गत धारा ५१ मा राज्यका नीतिहरुबारे व्यवस्था गरेको छ । जसमा राज्यले अवलम्बन गरेको नीतिअन्तर्गत धारा ५१ को ख, ग र च मा नागरिक सहभागिताका निश्चित क्षेत्रबारे समेत उल्लेख गरेको देखिन्छ । धारा ५१ को ख मा राजनीतिक तथा शासन व्यवस्थासम्बन्धी नीतिबारे उल्लेख गरिएको छ । जसमा निम्नानुसारको व्यवस्था गरिएको छः

(१) राजनीतिक उपलब्धिको रक्षा, सुदृढीकरण र विकास गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका माध्यमबाट जनताको सर्वोत्तम हित र समुन्नति प्रत्याभूत गर्ने,

(२) मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्दै विधिको शासन कायम राख्ने

(३) नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरु कार्यान्वयन गर्ने

(४) सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा, सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने

(५) आमसञ्चारलाई स्वच्छ, स्वस्थ, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने

(६) सङ्घीय एकाइबीच जिम्मेवारी, श्रोत, साधन र प्रशासनमा साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विकास र विस्तार गर्ने

संविधानको धारा ५१ ग मा सामाजिक तथा सांस्कृतिक रुपान्तरणसम्बन्धी व्यवस्था गरिएको छ। जसअन्तर्गत निम्नानुसारका व्यवस्था गरिएको छः

(१) स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाज निर्माण गर्ने

(२) ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान, उत्खनन् तथा प्रचार प्रसार गर्ने

(३) सामाजिक, सांस्कृतिक तथा सेवामूलक कार्यमा स्थानीय समुदायको सिर्जनशीलताको प्रवर्द्धन र परिचालन गरी स्थानीय जनसहभागिता अभिवृद्धि गर्दै सामुदायिक विकास गर्ने

(४) राष्ट्रिय सम्पदाको रुपमा रहेका कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने

(५) समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त गर्ने

(६) देशको सांस्कृतिक विविधता कायम राख्दै समानता एवं सहअस्तित्वका आधारमा विभिन्न जातजाति र समुदायको भाषा, लिपी, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण र विकास गर्ने

(७) बहुभाषिक नीति अवलम्बन गर्ने

संविधानको धारा ५१ (च) मा विकाससम्बन्धी नीतिबारे उल्लेख गरिएको छ। सो नीतिमा पनि शासन प्रणालीमा नागरिक सहभागिताका केही आधारहरुबारे व्यवस्था गरिएको छ, जुन निम्नानुसार छन्:

(१) क्षेत्रीय सन्तुलनसहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजनाअन्तर्गत दिगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरु तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने

(२) विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रुपमा भौतिक पूर्वाधारको विकास गर्ने,

(३) विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने

(४) विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिदै आम जनताले न्यायोचित रुपमा पाउने व्यवस्था गर्ने

## ३.३ सुशासन ऐन

(१) देशको सार्वजनिक प्रशासनलाई जनमुखी, जबाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारण नागरिकसम्म पुऱ्याउने उद्देश्यले व्यवस्थापिका संसद्ले सुशासन ऐन, २०६४ जारी गरेको छ ।

(२) यसैगरी कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त स्फूर्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र श्रोतको उपयुक्त तथा कुशल व्यवस्थापनलगायतका सुशासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारण नागरिकले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चमै पाउने अवस्था सृजना गर्न र सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउनेसमेत उद्देश्य राखी सुशासन ऐन जारी भएको हो ।

(३) यस ऐनको दफा २० मा सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग परामर्श गर्न सकिने उल्लेख गरिएको छ । यसअन्तर्गतको उपदफा १ मा नेपाल सरकारले आवश्यकताअनुसार सार्वजनिक चासोका कुनै पनि विषय कार्यान्वयन गर्नुअघि सरोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श गर्न सक्ने उल्लेख गरिएको छ। यसरी परामर्श गर्दा कार्यान्वयन गर्न प्रस्ताव गरिएको विषयको सकारात्मक तथा नकारात्मक पक्षहरुको समग्र विश्लेषण गरी त्यसबाट प्राप्त हुन सक्ने सम्भावित प्रभावको मूल्याङ्कन गर्नु पर्ने व्यवस्था रहेको छ ।

(४) नेपाल सरकारले सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग गरेको परामर्शबाट प्राप्त सुझावलाई उचित ध्यान दिने व्यवस्था गरेको छ ।

(५) ऐनको दफा २५ मा शासन प्रणालीमा नागरिक सहभागितालाई सहजीकरण गर्ने हेतुले प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिएबमोजिमको नागरिक बडापत्र राख्नु पर्ने व्यवस्था गरिएको छ ।

(६) ऐनको दफा २६ मा सर्वसाधारणको सामूहिक वा वैयक्तिगत सरोकार रहने कुनै सेवालाई सम्बन्धित सेवाग्राही रहे, बसेको इलाकामा नै सेवा उपलब्ध गराउने गरी घुम्ती सेवा सञ्चालन गर्न सकिने व्यवस्था समेत छ ।

(७) दफा २८ मा नेपाल सरकारको कुनै पनि परियोजना वा आयोजना जनताको प्रत्यक्ष सहभागिता र स्वामित्वमा सञ्चालन हुने व्यवस्था मिलाउन सक्ने उल्लेख छ ।

(८) दफा ३० मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने सार्वजनिक निकायका प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सोकारवालाको कानुनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिएबमोजिम सार्वजनिक सुनुवाइ गराउनु पर्ने व्यवस्था गरिएको छ ।

(९) सार्वजनिक सुनुवाइ गर्दा विषयसँग सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा अन्य अधिकारीलाई समेत आमन्त्रण गर्नुपर्ने व्यवस्था छ ।

(१०) ऐनको दफा ३१ मा गुनासो व्यवस्थापनसम्बन्धी व्यवस्था गरिएको छ । जसमा प्रत्येक मन्त्रालय, विभाग तथा सरकारी निकाय एवं कार्यालयमा सो निकायले सम्पादन गरेको काम कारबाहीको गुणस्तर, प्रभावकारिता तथा त्यसमा हुन सक्ने अनियमितताको सम्बन्धमा गुनासो सुन्न सबैले देख्ने स्थानमा गुनासो पेटिका राख्नुपर्ने व्यवस्था छ ।

(११) यस्तो गुनासो पेटिकामा नागरिकले आफूलाई चित्त नबुझेको कुरामा गुनासो पेश गर्न सक्ने उल्लेख छ । जसमा सम्बन्धित निकायका जिम्मेवार अधिकारीले प्रत्येक तीन दिनमा एक पटक अन्य कर्मचारीको रोहबरमा गुनासो पेटिका खोल्नुपर्ने र सो पेटिकामा प्राप्त भएका गुनासो तथा सुझाव मनासिब रहेको पाइएमा त्यसको समुचित व्यवस्थापन गर्नु पर्ने व्यवस्था रहेको छ ।

(१२) सुशासन ऐनमा रहेका यस किसिमका व्यवस्थाले शासन प्रणालीमा नागरिक सहभागिता प्रवर्द्धन गर्नको लागि बलियो कानुनी आधार प्रदान गरेको देखिन्छ ।

## ३.४ सूचनाको हकसम्बन्धी ऐन

(१) सूचनाको हक भनेको संवैधानिक रुपमा सुनिश्चित गरिएको नागरिक अधिकार तथा शासन प्रणालीलाई पारदर्शी र जबाफदेही बनाउनको लागि नागरिकले प्रयोग गर्न सक्ने सबैभन्दा महत्त्वपूर्ण संयन्त्र पनि हो ।

(२) नेपालको संविधानको धारा २७ मा सूचनाको हक मौलिक हकको रुपमा रहेको छ । जसमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भन्ने उल्लेख गरिएको छ ।

(३) सूचनाको हकसम्बन्धी ऐनका केही विशिष्ट उद्देश्यहरु रहेका छन् । जसमा राज्यका काम कारबाही लोकतान्त्रिक पद्धतिअनुरुप खुला र पारदर्शी बनाउने, सार्वजनिक निकायलाई नागरिकप्रति जबाफदेही र जिम्मेवार बनाउने, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउने, राज्य र नागरिकको हितमा प्रतिकुल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्ने र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने रहेका छन् ।

(४) सार्वजनिक निकायले गर्ने हरेक निर्णय नागरिकका चासो र सरोकारका विषय हुन् । तर कतिपय निर्णयबारे नागरिकले समयमै जानकारी नपाउँदा त्यसबाट नागरिक नै मारमा पर्न सक्छन् । यस्तो अवस्थामा नागरिकले आफ्नो सहभागिता तथा संलग्नता बढाउनको लागि सूचनाको हक एक महत्त्वपूर्ण अस्त्र हो ।

(५) स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । स्थानीय सरकारका हरेक काम कारबाहीबारे थाहा पाउने, स्थानीय तहको सरकारले प्रवाह गर्ने वस्तु र सेवाबारे जानकारी लिने र त्यहाँको निर्णय प्रक्रिया तथा कार्यान्वयन प्रक्रियाको सम्पूर्ण सूचना प्राप्त गर्ने अधिकार हरेक नेपाली नागरिकमा निहित छ ।

(६) ऐनको दफा ३ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेका सूचनामा पहुँच र सूचनाको हक हुनेछ भन्ने उल्लेख छ । ऐनको दफा ४ ले प्रत्येक सार्वजनिक निकायले सूचनाको हकको सम्मान र संरक्षण गर्नु उसको दायित्व हुने उल्लेख गरेको छ भने दफा ५ ले सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्ने र आफ्नो निकायसँग सम्बन्धित विभिन्न सूचनाहरु सूचिकृत गरी नियमित रुपमा प्रकाशन गर्नुपर्ने व्यवस्थासमेत गरेको छ ।

(७) सूचनाको हकसम्बन्धी ऐनले शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक सहभागिताको लागि उपयुक्त वातावरण बनाउनको लागि योगदान गर्दछ । नागरिकलाई कुनै पनि स्थानको सूचना माग्ने र पाउने कानुनी

अधिकार भएपछि नागरिकसँग आवश्यक सूचना हुन्छ । यस्तो सूचनाको आधारमा आफूलाई मर्का पर्ने वा नागरिक हितविपरितको कुनै पनि निर्णय हुन लागेको देखेमा नागरिक समाजले वकालत गरी त्यस्तो नागरिक हितविपरितको निर्णय फिर्ता गराउन वा सुधार गर्नको लागि दबाब सिर्जना गर्ने वातावरणको निर्माण हुन्छ ।

## ३.५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(१) नेपालको संविधानबमोजिम स्थानीय तहको अधिकारसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा तीन तहकै सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारहरुबीच सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चत गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने उद्देश्यले व्यवस्थापिका संसद्ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी गरेको हो ।

(२) उक्त ऐनले आधारभूत रुपमा स्थानीय तहको सरकारले नागरिकको सक्रिय र अर्थपूर्ण सहभागितालाई समाजको तल्लो तहदेखि नै सहभागी गराउदै सुशासन प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ ।

(३) यस ऐनको दफा १५ मा गाउँपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक सङ्घ-संस्था, सहकारी संस्था तथा गैरसकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्द्धनलाई प्रोत्साहन गर्नसक्ने व्यवस्था छ ।

(४) यसैगरी ऐनको परिच्छेद ६ मा योजना तर्जुमा तथा कार्यान्वयनसम्बन्धी व्यवस्था रहेको छ। जसअन्तर्गतको दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, आर्थिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाइ लागु गर्नुपर्ने व्यवस्था छ ।

(५) दफा २४ को उप दफा (५) मा गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय वुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकलगायतका सरोकारवालाहरुको अधिकतम सहभागितामा गर्नुपर्ने व्यवस्था रहेको छ ।

(६) यस ऐनले नागरिकलाई प्रत्यक्ष प्रभाव पर्ने विषय वस्तुमा नागरिक सहभागिता सुनिश्चित गर्ने गरी व्यवस्था गरेको देखिन्छ । उदाहरणको लागि सो ऐनको दफा ६५ गाउँपालिका वा नगरपालिकामा राजश्वसम्बन्धी परामर्शको लागि एक स्थानीय राजश्व परामर्श समितिको व्यवस्था रहेको छ ।

(७) सम्बन्धित स्थानीय सरकारको उपाध्यक्ष वा उपप्रमुख संयोजक रहने यस समितिमा निजी क्षेत्रको उद्योग वाणिज्यसम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि, घरेलु तथा साना उद्योगसम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधिलगायत सदस्य रहने व्यवस्था रहेको छ । यस किसिमको नागरिक संस्थाको सहभागिताले उक्त समितिले गर्ने काम र निर्णयलाई सहभागितामूलक बनाउन योगदान गर्ने देखिन्छ ।

(८) स्थानीय सरकार सञ्चालन ऐनको दफा ७८ मा स्थानीय तहको सरकारले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमित र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्यसम्पादन गर्न आ-आफ्नो कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तया गरी कार्यान्वयन गर्नुपर्नेबारे उल्लेख छ । यसको उपदफा ५ मा पनि सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने संयन्त्रको माध्यमबाट नागरिक सहभागिता बढाउदै स्थानीय सरकारको कार्य सम्पादनमा गुणस्तर अभिवृद्धि गर्ने उल्लेख छ। जसमा गाउँपालिका तथा

नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्नेछ भन्ने व्यवस्था गरिएको छ ।

## ३.६ चौधौं त्रिवर्षीय योजना

(१) चौधौं योजना (२०७३/७४-२०७५/७६) ले पनि नागरिक सहभागिताबारे केही व्यवस्था गरेको छ । यद्यपि उक्त योजनाले यसलाई "जनसहभागिता" शब्द प्रयोग गरेको देखिन्छ । जनतासँग प्रत्यक्ष रुपमा सरकोकार राख्ने विकास प्रक्रियाहरुमा जनताको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ ।

(२) विकास कार्यक्रमको तर्जुमाको चरणमा मात्रै नभएर कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका चरणहरुमा समेत जनसहभागिता हुनुपर्दछ । हालसम्मका पहलहरुबाट विभिन्न प्रकारका सामुदायिक संस्थाहरुमार्फत समुदायको विकासमा जनता प्रत्यक्ष रुपमा सहभागी हुदै आएका छन् ।

(३) आर्थिक गतिविधिहरु स्वतन्त्र रुपमा सञ्चालन गर्ने, सामाजिक जीवनका विभिन्न पक्षहरुमा संलग्न हुन र तल्लो तहदेखि राष्ट्रिय स्तरसम्मका सरकारहरु चुन्ने र परिवर्तन गर्नसमेत जनता सक्षम हुन आवश्यक रहेको कुरा उक्त योजनामा औंल्याइएको छ ।

(४) उक्त योजनामा जनसहभागिताको चुनौती तथा अवसरबारे उल्लेख गरिएको छ। चुनौतीअन्तर्गत जनतामार्फत सञ्चालित हुने आयोजनाहरुमा जबाफदेहिता कमजोर हुनु, विकास निर्माणमा जनसहभागिताको नाउँमा ठेकेदारी प्रथा बढ्दै जानु, विकास निर्माणमा संलग्न सामुदायिक संस्थाहरुबीच स्वस्थ प्रतिपर्स्धा तथा समन्वयको कमी हुनु, स्थानीय निकायहरु लामो समयसम्म जनप्रतिनिधिविहीन हुनु, जनसहभागितालाई फलदायी बनाउन नसकिनु आदिलाई प्रमुख चुनौतीको रुपमा उल्लेख गरिएको छ ।

(५) जनसहभागिताको केही अवसरहरुबारे पनि उल्लेख गरिएको छ । जसमा देशको आर्थिक तथा सामाजिक विकासमा सहभागी भएका सामुदायिक तथा गैरसरकारी संस्थाहरु तथा गाउँ तथा टोल सुधार तथा विकास समितिहरुको संख्या उल्लेख्य रुपमा वृद्धि भएको, स्थानीय स्तरका सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरुमा जनताको सहभागिता बढ्दै गएको, आ-आफ्नो क्षेत्रमा गरेको विकास कार्यक्रम र पुर्‍याएको योगदानको आधारमा विभिन्न तहमा जनप्रतिनिधिहरु चयन हुने अवस्था भएको आदि कारणले विभिन्न क्षेत्रको विकासमा जनसहभागिता अभिवृद्धि गर्ने अवसर सिर्जना भएको देखिन्छ ।

(६) त्रिवर्षीय योजनाले जनसहभागिताको सोच, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिसमेत उल्लेख गरेको देखिन्छ। जसमा राष्ट्र निर्माणका लागि विकास प्रक्रियामा अर्थपूर्ण जनसहभागिता अभिवृद्धि गर्ने सोच रहेको छ ।

(७) यसैगरी आर्थिक, सामाजिक तथा राजनीतिक विकास प्रक्रियामा जनताको सहभागिता सुनिश्चित गर्ने लक्ष्य लिएको देखिन्छ भने सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास प्रक्रियाका विभिन्न चरणहरुमा नागरिकको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने उद्देश्य राखिएको छ ।

(८) विकास निर्माण तथा शासकीय प्रक्रिया तथा प्रणालीमा जनसहभागिता अभिवृद्धि गर्नको लागि तीनओटा रणनीति लिइएको देखिन्छ । पहिलो, विकास निर्माणका हरेक चरण र सेवा प्रवाहमा जनसहभागिता प्रवर्द्धन गर्ने । दोस्रो, स्थानीयस्तरमा कार्यरत सामुदायिक तथा गैरसरकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने । तेस्रो, नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विकास निर्माण कार्यक्रम र निर्वाचनलगायतका सार्वजनिक महत्त्वका क्रियाकलापमा नागरिकको भूमिका बढाउने रहेका छन् ।

(९) चौधौँ योजनाले जनसहभागिता अभिवृद्धि गर्नको लागि विभिन्न कार्यनीति पनि तय गरेको देखिन्छ । जसमा आर्थिक, सामाजिक विकास कार्यक्रम तथा सेवा प्रवाहमा नागरिकहरुको भूमिकाबारे जनचेतना अभिवृद्धि गरिने, स्थानीय स्तरमा सञ्चालन हुने विकास कार्यक्रम/आयोजनाको तर्जुमाको चरणदेखि कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका चरणहरुसम्म जनतालाई सहभागी बनाइने, विभिन्न क्षेत्रहरुबाट जनतामा प्रवाह हुने सेवाहरुलाई सहज, भरपर्दो र पारदर्शी बनाउन जनसहभागिता अभिवृद्धि गरिने उल्लेख छ ।

(१०) विकास निर्माण कार्यसँग प्रत्यक्ष सरोकार राख्ने समाजमा अगुवा, सामाजिक अभियन्ता, सामाजिक परिचालक, सामुदायिक तथा गैरसरकारी संस्थाको क्षमता अभिवृद्धि गरिने, उपभोक्ता समिति र तिनका क्रियाकलापलाई पारदर्शी बनाइने व्यवस्था गरिएको छ । साथै, सार्वजनिक महत्त्वका क्रियाकलापमा नागरिक सचेतना जगाउन राज्य सञ्चालनमा हुनुपर्ने नागरिकहरुको भूमिकाबारे जनतामा सचेतना जगाई विभिन्न तहको निर्वाचन प्रक्रियाामा सक्रिय रुपमा सहभागी बन्न उत्प्रेरित गरिने उल्लेख गरिएको छ ।

(११) देशको शासन व्यवस्थामा जनसहभागिताको अवस्थामा सुधार गर्नको लागि गरिने प्रमुख कार्यक्रमहरुको पनि योजनाले उल्लेख गरेको छ । जुन निम्नानुसार छन्:

(क) संवैधानिक प्रावधानअनुसार सबै तहमा निर्वाचनद्धारा जनप्रतिनिधित्वको व्यवस्था

(ख) राष्ट्रिय सङ्घीय, प्रादेशिक र स्थानीय स्तरका योजना प्रक्रियामा स्थानीय तहदेखि नै जनसहभागिता अभिवृद्धि

(ग) योजना प्रणालीमा सार्वजनिक सुनुवाइ र कार्यान्वयनमा सार्वजनिक लेखापरीक्षण

(घ) वातावरण संरक्षण, खानेपानी तथा सरसफाइ, कृषि, जलवायू परिवर्तन अनुकूलन कार्यक्रम, स्वच्छ उर्जा र विपद् व्यवस्थापनजस्ता क्षेत्रमा कार्य गर्ने सबै निकाय एवम् विकास साझेदारलाई समन्वयात्मक रुपमा परिचालन

(ङ) जनसहभागितामा आधारित सौर्य सडक तथा सार्वजनिक स्थल उर्जा कार्यक्रम, सहुलियतपूर्ण निजी आवासीय सौर्य तथा अन्य वैकल्पिक उर्जा कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन

(च) स्थानीय समुदाय परिचालन गरी साना सिँचाइ सामुदायिक भवन, लघु उर्जा कार्यक्रम र सहुलियतपूर्ण निजी आवासीय सौर्य तथा अन्य वैकल्पिक उर्जा कार्यक्रमलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन

(छ) स्थानीय समुदायको परिचालन गरी साना सिँचाइ सामुदायिक भवन, लघु उर्जालगायतका सामुदायिक पूर्वाधार विकास कार्यक्रमहरुका माध्यमबाट रोजगारी र आय

(ज) लागत सहभागिताको आधारमा आर्थिक तथा सामाजिक पूर्वाधार क्रियाकलाप सञ्चालन

(झ) स्थानीय श्रोत, साधन, सीप र प्रविधि प्रयोग गरी पूर्वाधार निर्माण, आय आर्जन, रोजगारी र क्षमता विकास

(ञ) वञ्चितिमा परेका वा पछाडि पारिएका वर्ग, क्षेत्र र समुदायको बढीभन्दा बढी सहभागिता

(ट) स्थानीय जनताको लागत सहभागितामा स्थानीय घना वस्तीहरुमा आर्थिक क्रियाकलापहरुको विस्तार तथा सहरी सुरक्षाको प्रवर्द्धन

(ठ) सहरी सौन्दर्य कायम गर्ने कार्यमा सहयोग पर्याउने उद्देश्यले स्थानीय मागका आधारमा जनसहभागितामा आधारित सौर्य सडक बत्तीको व्यवस्था गर्ने रहेका छन् ।

(१२) यस किसिमका कामबाट हुने केही अपेक्षित उपलब्धिबारे पनि चौधौँ योजनाले उल्लेख गरेको छ । नीति निर्माण तहका नीति, विकास, सेवा प्रवाहमा समावेशी रुपमा उपभोक्ता सहभागिता भई सञ्चालित

कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि भई विपन्न, पछाडि पारिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएका हुनेछन् ।

(१३) दिगो आर्थिक-सामाजिक विकास, वातावरणमैत्री गुणस्तरीय स्थानीय पूर्वाधार तथा प्रभावकारी सेवा प्रवाहद्वारा सीप विकास र आय आर्जनका अवसर विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको, सामाजिक पूर्वाधार विकास, आय आर्जनका क्रियाकलापहरु सञ्चालन भएको हुने, चेतना अभिवृद्धि तथा सशक्तीकरण क्रियाकलापहरुमार्फत सार्वजनिक सेवामा सर्वसाधारणको सन्तुष्टि अभिवृद्धि भएको हुनेछ भन्ने उल्लेख गरिएको छ ।

## ३.७ स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा निर्देशिका २०७४

(१) तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहको योजना बजेट तर्जुमा दिग्दर्शन बनाई २०७४ सालमा जारी गरेको छ । जसले स्थानीय तहको सरकारले स्थानीय तहको वार्षिक योजना निर्माण तथा बजेट विनियोजन प्रक्रियालाई नागरिक सहभागितामूलक बनाई बढीभन्दा बढी प्रतिफल प्राप्त गर्न सकिन्छ भन्नेबारे व्यवस्था गरेको छ । जसमा प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा सहभागितामूलक प्रक्रियाबाट नतिजामूलक ढङ्गले गर्नु पर्ने व्यवस्था गरेको छ ।

(२) हरेक स्थानीय तहले आगामी आर्थिक वर्षको लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नको लागि विभिन्न समितिको व्यवस्था रहेको छ । जसमा स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहेका छन् ।

(३) उक्त निर्देशिकाको नियम ४ मा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियाबारे उल्लेख गरिएको छ । योजना तर्जुमाका निम्न सात चरण छन्:

(क) सङ्घ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने

(ख) श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण

(ग) बस्ती/टोल स्तरबाट योजना छनोट

(घ) वडा स्तरीय योजना प्राथमिकीकरण

(ङ) बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट बजेट तथा कार्यक्रम तयारी

(च) गाउँ/नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने

(छ) गाउँ/नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृत ।

(४) माथि उल्लेख गरिएकामध्ये तेस्रो चरणको बस्ती/टोल स्तरबाट आयोजना/कार्यक्रम छनोट गर्ने क्रममा नागरिक सहभागिताको सम्बन्धमा विभिन्न व्यवस्था गरिएको छ । जसमा वडा समितिले बस्तीको आयोजना तथा कार्यक्रम छनोटको ढाँचा तय गर्दा वडाभित्रका बस्तीहरुलाई भौगोलिक अवस्थिति, जनसंख्या, यातायातको सुविधालगायतका आधारमा समूह निर्माण गरी सबै नागरिकलाई योजना छनोटको बस्ती स्तरीय भेलामा सहभागी हुने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ ।

(५) यसैगरी बस्ती तथा टोल स्तरको आयोजना तथा कार्यक्रम छनोट गर्दा बालबालिका, महिला, आदिवासी, जनजाति, मधेसी, दलित, अपाङ्ग, सीमान्तकृत, पिछडावर्गलगायत सबै समुदायको अर्थपूर्ण उपस्थिति हुने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ ।

(६) बस्ती तथा टोल स्तरको आयोजना तथा कार्यक्रम छनौट गर्दा नागरिक संस्थाहरु, महिला तथा आमा समूहहरु, बालक्लबहरु, स्थानीय गैरसरकारी संस्थाहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरुजस्ता स्थानीय सङ्घ-संस्थाहरुको सक्रिय सहभागिता गराउनु पर्ने व्यवस्था रहेको छ ।

(७) बस्ती तहको योजना छनोट गर्दा प्रत्येक वडाले वडाभित्रका बस्तीहरुमा योजना तर्जुमाको लागि वडा बैठक हुने दिन, मिति र समय कम्तीमा तीन दिनअगाडि नै सार्वजनिक सूचनामार्फत जानकारी गराउनु पर्ने व्यवस्था गरेको छ । यस प्रावधानले योजना तर्जुमा तथा छनोट प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि तथा सुनिश्चित गर्नु पर्ने कुरालाई आत्मसात् गरेको देखिन्छ ।

(८) पाँचौ चरणमा रहको बजेट तथा कार्यक्रम तर्जुमा विषयगत कार्य समूहले विषय क्षेत्रगत छलफलमा सम्बन्धित विषयका विज्ञ वा क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्ने व्यवस्था छ ।

(९) निर्देशिकाको नियम ५ मा गैरसरकारी संस्था तथा निजी क्षेत्रको सहकार्यमा सञ्चालन हुने योजना कार्यक्रमसम्बन्धी व्यवस्थाबारे उल्लेख गरिएको छ । यसले स्थानीय स्तरमा सञ्चालन हुने योजना तथा कार्यक्रममा नागरिक समाज संस्थासँगकै सहकार्य तथा साझेदारीमा गर्न सकिने अवस्था रहेको देखिन्छ ।

परिच्छेद ४

# नागरिक सहभागिताको प्रक्रिया

## ४.१ नागरिक सहभागितालाई प्रभावकारी र संस्थागत बनाउने प्रक्रियाहरु

### क) सरकारी तहमा

१. नागरिक सहभागिता तथा सुशासन सम्बन्धमा सङ्घीय, प्रदेश र स्थानीय तहबाट सञ्चालन गरिने तालिम/प्रशिक्षणहरुमा यस श्रोत पुस्तिकालाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्ने ।

२. यस श्रोत पुस्तिकाको आधारमा नागरिक सहभागिता कार्यविधि तयार गरी सबै तहका सरकारी निकायहरुले कार्यान्वयन गर्ने ।

३. यस श्रोत सामग्री र कार्यविधिमा उल्लिखित विषय वस्तुहरुलाई सङ्घीय, प्रदेश र स्थानीय तहका सरकारहरुले भविष्यमा बन्ने नीति, ऐन कानुनमा समावेश गरी नागरिक सहभागिता र सुशासनको कामलाई संस्थागत गर्ने ।

४. सङ्घीय, प्रदेश र स्थानीय तहका सरकारहरुले आफ्नो वार्षिक कार्य योजनामा नागरिक सहभागिता समावेश गरी कार्य क्षेत्रहरु चयन गर्ने र आवश्यक श्रोत विनियोजन गर्ने । सरकार र नागरिक संस्थाहरु मिलेर काम गर्ने क्षेत्रहरु पहिचान गरी कार्य योजनामा राख्ने ।

५. सरकार, आम नागरिक र नागरिक संस्थाहरु मिलेर गरेका कामहरु (जस्तैः शासकीय पद्धति सुधारमा गरिएका, सामाजिक आर्थिक विकासका, भौतिक पूर्वाधार विकासका, मानवीय सहयोगको क्षेत्रमा भएको वा अन्य कामहरु) भाग......मा उल्लेख भएको संरचनामार्फत कार्यान्वयन गर्ने वा समन्वय, अनुगमन गर्ने, समीक्षा गर्ने, सिकाइहरु आदानप्रदान गर्ने र भविष्यको कामको रुपरेखा तय गर्ने ।

### ख) नागरिक तथा नागरिक संस्थाहरुको तहमा

१. यस श्रोत पुस्तिका र यसको आधारमा बन्ने कार्यविधिमा उल्लेख भएको लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागितको अवधारणा, सिद्धान्त र व्यावहारिक विषयहरु आम नागरिकलाई आत्मसात् गराई सम्बन्धित तहको सरकारसँग सहकार्य गर्न अघि बढ्ने ।

२. नागरिक संस्थाहरुले यस श्रोत पुस्तिका र यसको आधारमा बन्ने कार्यविधिलाई ज्ञान सामग्रीको रुपमा लिई यस पुस्तिका र कार्यविधिले प्रस्ताव गरेका विषयहरुमा आ-आफना संस्थाको तालिम/प्रशिक्षणमा उपयोग गर्ने ।

३. नागरिक संस्थाहरुले यस पुस्तिका र कार्यविधिमा उल्लेख भएका नागरिक सहकार्यका संरचना र विधिलाई प्रयोग, सुदृढ, प्रभावकारी र दिगो बनाउन सघाउने । नागरिक संस्था तथा विकास साझेदार संस्थाहरुले सञ्चालन गर्ने कामहरु समन्वय र सहकार्य यस पुस्तिकामा उल्लेख भएका संरचनामार्फत गर्ने ।

४. स्थानीय र प्रदेश सरकारहरुले सुशासनका क्षेत्रमा ऐन, कानुन र नीति, नियमहरु बनाउने क्रममा यस पुस्तिकामा उल्लेख भएका सैद्धान्तिक र व्यावहारिक विषयहरुलाई यथोचित समावेश गर्न सघाउने ।

५. यस श्रोत पुस्तिका र कार्यविधिमार्फत प्रस्तुत गरिएका सैद्धान्तिक र कार्यगत विषयहरुको कार्यान्वयको समय समयमा समीक्षा र मूल्याङ्कन गरी सिकाइको आधारमा नागरिक सहभागितालाई अझ बढी प्रभावकारी बनाउन यस **पुस्तिकालाई अद्यावधिक गर्न पृष्ठपोषण गर्ने र सरकारलाई आवश्यक सहयोग पुऱ्याउने ।**

## ४.२ नागरिक सहभागिताका साधनहरु (Tools) को प्रयोग

(१) नागरिक सहभागिता सुशासन अभिवृद्धिको मूलभूत पक्षहरुमध्ये एक हो । स्थानीय शासन प्रणालीमा नागरिक सहभागिता अभिवृद्धि गर्न विभिन्न साधनहरुको प्रयोग हुने गर्दछ । कामको प्रकृति र परिस्थितिअनुरुप फरक-फरक साधनहरु पनि प्रयोग हुन सक्ने अवस्था रहन्छ । सामान्य अवस्थामा प्रयोग हुने यस्ता केही साधनहरु यहाँ उल्लेख गरिएको छः

### (क) नागरिक सहभागिताको लागि सूचना प्रविधि

(१) शासकीय प्रक्रियामा नागरिक सहभागिता अभिवृद्धि गर्ने एक महत्त्वपूर्ण संयन्त्र भनेको सूचना प्रणाली हो । अहिलेको सूचना प्रणाली प्रविधिमा आधारित हुन्छ ।

(२) टेलिकम्युनिकेशन तथा कम्प्युटरको उपयोग गरेर सूचना एकत्रित गर्ने, भण्डारण गर्ने तथा सङ्कलन गर्ने र आवश्यकताअनुसार प्रसार गर्ने प्रणालीलाई नै सामान्य अर्थमा सूचना प्रविधि भनिन्छ ।

(३) यस्तो सूचना विद्युतीय माध्यममा रहेको हुन्छ र सो सूचनालाई टेलिफोन, मोबाइल एसएमएस तथा कम्प्युटर, इण्टरनेटको माध्यमबाट धेरैभन्दा धेरै व्यक्तिसम्म पुऱ्याउन सकिन्छ ।

(४) यसरी टेलिकम्युनिकेशन, कम्प्युटर तथा इण्टरनेटको माध्यमबाट सूचना प्रवाह र सम्वाद अन्तरक्रिया गर्दै नागरिकलाई स्थानीय शासन प्रणालीमा समाहित गर्न सकिन्छ । उदाहरणको लागि कुनै पनि कार्यालयले सूचनापाटी, मोवाइल एप्सहरु, वेबसाइटलगायत आधुनिक सूचना प्रविधिमार्फत आफ्नो कार्यालयले प्रदान गर्दै आएको वस्तु र सेवाबारे जानकारी दिन सक्छ र यसरी दिइएको सूचनाअनुसारको सेवा, सुविधाको प्राप्ति र गुणस्तरबारे नागरिकले सम्वाद अन्तरक्रिया गर्न र पृष्ठपोषण गर्न सक्दछ । सेवाको तोकिएको मापदण्डबमोजिम नपाइएमा नागरिकले सहभागितामूलक तवरबाट गुनासो गरेर त्यसको समाधान गर्न सक्छन् ।

**घटना अध्ययन**

**युगाण्डामा शिक्षक तथा विद्यार्थीको अनुपस्थितिको अनुगमन गर्न सूचना प्रविधिको प्रयोग**

पछिल्लो समयमा युगाण्डामा प्राथमिक शिक्षामा भर्ना निकै बढेको छ । यद्यपि गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्य ठूलो चुनौतीको रुपमा रहेको छ । एक तथ्याङ्कअनुसार प्रत्येक जिल्लामा कुनै एक समयमा २० देखि ३० प्रतिशत शिक्षकहरु एकसाथ अनुपस्थित रहन्छन् । कतिपय अध्ययनले शिक्षक अनुपस्थिति दर ६२ प्रतिशतसम्म रहेको देखाएको छ । जसले गर्दा विद्यार्थीको उपस्थितिमा समेत अनियमितता भएको देखिन्छ । युगाण्डामा २७ प्रतिशत बालबालिका नियमित रुपमा विद्यालय नआउने गरेको अध्ययनहरुले देखाएका छन् । विभिन्न १०५ ओटा विद्यालयका विद्यार्थी परिषद्का सदस्यहरुको निरन्तर गुनासोपछि प्लान युगाण्डा र नोकियाले सहकार्य गरी एसएमएसमा आधारित एक प्रणालीको विकास गरे । उक्त प्रणालीले शिक्षक तथा विद्यार्थीको हाजिरी मोबाईल फोनद्धारा अनुगमन गर्न सुरु गरे । प्रत्येक विद्यालयले आफ्ना अनुपस्थित शिक्षकहरुको जानकारी शिक्षा अधिकारीहरुसमक्ष पुग्ने प्रणालीको विकास भएको निःशुल्क एसएमएस पठाउन मिल्ने दुईओटा मोबाइल फोन प्राप्त गरे । वेबसाइटसँग जोडिएको तथ्याङ्क डाटाबेसले यस प्रणाली तथा तथ्याङ्क सङ्कलन र विश्लेषणमा सघायो ।

एसएमएसबाट व्यक्तिगत शिक्षकको अनुपस्थितिको सूचना पाउनेबित्तिकै अधिकारीहरुले शिक्षाका कर्मचारीलाई प्रश्न सोध्छन् । अनुपस्थित हुने शिक्षकले त्यसबारे कारण पेश गर्नु पर्ने हुन्छ । यस किसिमले अनुपस्थित हुनेको लागि गरिने अनुगमनले शिक्षकहरुलाई कक्षा छाड्न हुँदैन भन्ने कुराप्रति जवाफदेही बनाएको छ ।

करिब ६ वर्षदेखि चलिरहेको यस प्रक्रियाले शिक्षक र विद्यार्थी दुवैको अनुपस्थिति दरमा व्यापक सुधार ल्याएको

छ । विद्यालयमा शिक्षक अनुपस्थितिको अवस्था नियन्त्रण भयो भने विद्यार्थीको अनुपस्थिति दरमा पनि निकै कमी आयो । यदि कुनै विद्यार्थी अनुपस्थित भएमा अभिभावकलाई जानकारी दिने, उनीहरुले भाग लिनुपर्ने बैठकको खबर पठाउने तथा उनीहरुलाई विद्यालयको महत्त्वपूर्ण सूचना प्रदान गर्नका लागि पाठ्य सन्देश प्रविधिको पनि प्रयोगले गर्दा विद्यालयमा अभिभावकको चासो र अन्तर्क्रिया बढेर गयो । यसरी सूचनाको प्रयोग गरेर विद्यालयको सुशासनमा सुधार ल्याउनको लागि नागरिकको सहभागिता सुनिश्चित गर्दा त्यसले युगाण्डाको विद्यालय शिक्षामा आमूल परिवर्तन आएको छ ।

(५) कार्यालयले आफ्नो वेबसाईट, फेसबुक, ट्वीटरजस्ता सामाजिक सञ्जाल, टोलफ्री नम्बर, सूचनापाटी, मोबाइल एसएमएसजस्ता सूचना प्रविधि उपयोग गरेर नागरिक सहभागिताको लागि आधार तय गर्न सक्छन् । कुनै पनि स्थानीय तहको सरकारले आफ्नो फेसबुक, ट्वीटर वा मोबाइल एसएमएसमार्फत सूचना प्रवाह गरेर नागरिकलाई योजना तर्जुमा प्रक्रियाबारे जानकारी वा सुसूचित गर्न सक्छन् । यसले नागरिकले आफ्नो स्थानीय स्तरमा कुन स्थानमा कहिले योजना तर्जुमा प्रक्रियाको सुरुवात हुँदैछ ? भन्नेबारे घरमै बसेर जानकारी पाउन सक्छन् । यसपछि आफ्ना एजेण्डासहित नागरिक यस्ता बैठकमा सहभागी हुन सक्छन् ।

(६) यसैगरी कुनै पनि योजनामा कति बजेट विनियोजन भएको छ, कति काम हुनुपर्ने हो, कहिलेबाट सुरु भएको र कहिले सम्पन्न हुने हो, लगायतका जानकारीहरु सूचना प्रविधिमार्फत प्रवाह गर्दा यस्ता काममा नागरिक सक्रियताका साथ सहभागी हुन र त्यसको गुणस्तर अभिवृद्धिमा योगदान गर्न सक्छन् ।

### नागरिक सहभागिता र सुशासनका लागि मोबाइल एप्लिकेसन

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सुशाशनको लागि नागरिक सहभागिता र खुला सरकारको अवधारणालाई स्थानीय तहमा लागु गर्ने सन्दर्भमा USAID को सहयोगमा सञ्चालित पारस्परिक जबाफदेहिता परियोजना Civil Society: Mutual Accountability Project- CS:MAP को सहकार्यमा Open Local Government Digital System (OLDGS) विकास गरेको छ । सो OLGDS प्रणाली प्रदेश ३ को नीलकण्ठ नगरपालिका, धादिङ तथा प्रदेश ५ को नेपालगञ्ज उपमहानगरपालिका, बाँकेमा सफल रुपमा कार्यान्वयन गरिएको छ। सो प्रणाली www.neelkanthamunicipality.csmapdev.org तथा www.nepalgunjmun.csmapdev.org मा log in गरि हेर्न सकिन्छ। साथै Mero Neelkantha, Mero Mobile र Nepalgunj Sub-metropolitan नाम गरेका मोबाइल एप्लिकेसनहरु download गरी हेर्न सकिन्छ। यो अन्तरक्रियात्मक प्रणाली नागरिक तथा स्थानीय सरकारबीच सहकार्य प्रवर्द्धन गर्न तथा सुशासन कायम गर्न अत्यन्त उपयोगी भएको छ । त्यसैले सबै स्थानीय सरकारहरूसँग समन्वय गरी मन्त्रालयले यो प्रणाली देशव्यापी रुपमा विस्तार गर्दै जान पत्राचार समेत गरिसकेको छ ।

यस प्रणालीमा स्थानीय सरकारबाट दिइने विभिन्न सेवाहरुको विस्तृत विवरण र ती सेवाप्राप्त गर्ने प्रक्रिया, नागरिकको सरोकारका सूचना तथा जानकारीहरु, स्थानीय सरकारका बिभिन्न श्रोतहरु, बिकासका योजनाको भौगलिक अवस्थिति तथा त्यस सम्बन्धी प्रगति विवरण समावेश गरिएको छ । यस प्रणालीलाई नागरिकले आफ्नो स्थानीय सरकारसँग प्रत्यक्ष संवाद गर्न, स्थानीय सरकारले पनि नागरिकसँग बिभिन्न बिषयहरुमा राय तथा सुझाव लिने तथा नागरिकका जिज्ञासा तथा उनीहरुका सरोकारलाई सम्बोधन गर्न सक्ने गरी विकास गरिएको छ ।

(७) सूचना प्रविधिको प्रयोगबाट निम्न सवालहरुमा नागरिक सहभागिता अभिवृद्धिको आधार तय गर्न सकिन्छः

| | |
|---|---|
| सूचित गर्ने | • सार्वजनिक निकायले प्रवाह गर्दै आएको वस्तु र सेवाबारे सूचित गर्ने काममा सूचना प्रविधिले योगदान गर्न सक्छ<br>• सार्वजनिक नीति, रणनीति र कानुन तर्जुमा र कार्यान्वयन<br>• योजना तर्जुमा प्रक्रिया, बजेट विनियोजन, योजना छनोट, कार्यान्वयन, गुणस्तरका सूचकहरु, बजेट खर्चको अवस्थालगायतबारे सूचना प्रविधिको प्रयोग गरेर नागरिकलाई सुसूचित गर्न सकिन्छ<br>• नागरिकलाई प्रत्यक्ष रुपमा प्रभाव पार्न सक्ने सवालहरुबारे समेत सूचना प्रविधिको माध्यममार्फत नागरिकलाई जानकारी दिन सकिन्छ । यसले नागरिकलाई आफूलाई आवश्यक र प्रभाव पार्ने काममा सहभागी भएर आवश्यक पृष्ठपोषण दिने वातावरण निर्माण हुन्छ |
| परामर्श | • सार्वजनिक नीति, रणनीति र कानुन तर्जुमा र कार्यान्वयन<br>• कुनै पनि सार्वजनिक निकायले प्रवाह गर्ने वस्तु वा सेवाबाट धेरैभन्दा धेरै सहभागीहरुलाई लाभान्वित गर्नको लागि आवश्यक पर्ने परामर्श सेवासमेत सूचना प्रविधिको उपयोग गरेर गर्न सकिन्छ<br>• सार्वजनिक निकायको सेवासम्बन्धी नागरिकको धारणा बुझ्न र यस्ता सेवालाई थप प्रभावकारी बनाउनको लागि उनीहरुको सुझाव लिनको लागिसमेत यस्तो प्रविधिले योगदान गर्दछ । यसले धेरैभन्दा धेरै नागरिकको सहभागितामा सार्वजनिक सेवा प्रदायकले निर्णय लिन सक्ने अवस्था निर्माण हुन्छ । जसले गर्दा त्यस्ता निर्णयहरु कार्यान्वयन गर्दा सहज हुन्छ |
| संलग्नता | • सूचना प्रविधिको उच्चतम प्रयोग गरेर नागरिकलाई सार्वजनिक सेवा प्रदायक निकायको नीति तर्जुमा र निर्णय प्रक्रियामा संलग्न गराउन सकिन्छ<br>• निर्णय गर्ने निकायका अधिकारीहरुले सूचना प्रविधिको प्रयोग गरेर निर्णय लिन चाहेको क्षेत्र वा विषयवस्तुबारे नागरिकको चासो तथा सरोकार बुझ्न र उनीहरुको संलग्नतामा निर्णय गर्नको लागि सहज वातावरण निर्माण गर्न सक्छन् |
| सहकार्य | • कुनै पनि निकायको नीति तर्जुमा र निर्णयमा सेवा प्रदायक निकाय र सरोकारवाला नागरिकको सहकार्य स्थापित गर्न, उनीहरुबीच एकअर्काको चासो बुझ्न, बुझाउन सूचना प्रविधिले सहयोग गर्दछ<br>• सार्वजनिक निकायले प्रवाह गर्ने सेवाको सम्पूर्ण प्रक्रिया अर्थात् तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र लाभ वितरणमा समेत सर्वसाधारण र सेवा प्रदायक निकायबीच सक्रिय सहकार्य गर्ने आधारसमेत सूचना प्रविधिले प्रदान गर्दछ |
| सशक्तीकरण | • सेवा प्रदायक निकायले प्रवाह गर्ने सेवा तथा वस्तुको गुणस्तर सम्बन्धमा नागरिकलाई चेतनशील बनाई त्यसको प्राप्तिको लागि शसक्त बनाउनको पनि सूचना प्रविधिको महत्त्वपूर्ण छ<br>• सूचना प्रविधिको प्रयोगबाट नागरिकलाई आवश्यक पर्ने सूचना नियमित रुपमा प्रवाह गर्दै उनीहरुलाई सशक्त बनाएर शासन प्रणालीमा सहभागी गराउन सकिन्छ |

## (ख) सामाजिक जबाफदेहिताका संयन्त्रहरु

(१) स्थानीय तहमा सुशासन अभिवृद्धि गरी आर्थिक अनियमितता, भ्रष्टाचार, लापरवाहीलाई निरुत्साहित गर्न नागरिक सहभागिता अपरिहार्य छ ।

(२) नागरिकलाई शासकीय प्रक्रिया तथा प्रणालीमा अधिकाधिक रुपमा सहभागी गराउदै लैजान सके स्थानीय तहमा पारदर्शिता, जबाफदेहिता तथा समग्रमा सुशासन अभिवृद्धि गर्नको लागि ठूलो सहयोग पुग्दछ । यसको लागि सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने विभिन्न संयन्त्रहरुको उपयोग गर्न सकिन्छ ।

(३) सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने विभिन्न कानुनी, संस्थागत तथा नागरिक संयन्त्रको प्रभावकारी उपयोग गर्न सकिए सुशासन अभिवृद्धिमा मद्दत पुग्ने देखिन्छ ।

(४) स्थानीय सरकारले आफ्ना दीर्घकालीन, अल्पकालीन तथा तात्कालिक संस्थागत संयन्त्रको माध्यमबाट विभिन्न किसिमका सेवा तथा वस्तु नागरिकलाई उपलब्ध गराउदै आएको छ ।

(५) यसरी प्रवाह गरिदै आएको सेवा, सुविधाको प्रभावकरितताबारे खासै मूल्याङ्कन भएको देखिदैन । जसले गर्दा सेवा प्रवाह र वस्तु वितरणका क्रममा विभिन्न गुनासाहरु हुन्छन् ।

(६) यस्ता कार्यमा संलग्न कर्मचारीहरुको कार्यशैली, व्यवहार, बुझाइ, सक्रियता आदिले नागरिकको सेवा तथा वस्तुसम्मको पहुँचमा सहजता वा असहजता ल्याउछ ।

(७) अल्पविकसित, अविकसित तथा राजनीतिक संक्रमणबाट गुज्रिरहेका देशका नागरिकबाट नियमित रुपमा आउने गुनासालाई व्यवस्थित र वैज्ञानिक तरिकाले न्यूनीकरण गर्नको लागि सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने संयन्त्रहहरु महत्त्वपूर्ण साधनको रुपमा लिन सकिन्छ ।

(८) नेपालमा पनि यस्ता सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने संयन्त्रले कानुनी मान्यता पाएका छन् । साथै सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट पनि अभ्यासमा ल्याइएको छ ।

(९) यस्ता संयन्त्रहरुले शासन प्रणालीमा नागरिक सहभागिता अभिवृद्धि गर्दछ ।

(१०) यसैगरी सार्वजनिक निकायबाट प्रवाह भइरहेको सेवा र वस्तुप्रति नागरिकको बुझाइ कस्तो छ, के कस्ता कुरामा सुधार गर्न सके त्यसको गुणस्तर अभिवृद्धि गर्न र नागरिकले बढी प्रतिफल प्राप्त गर्न सक्छन्, भन्नेबारे सेवा प्रवाह गर्ने निकायका जिम्मेवार अधिकारीलाई बुझ्न सहज हुन्छ । यसले वस्तु तथा सेवाको गुणस्तर अभिवृद्धि गर्न र स्थानीय स्तरदेखि नै सुशासनको अभ्यासलाई संस्थागत रुपमा अगाडि बढाउनको लागि महत्त्वपूर्ण योगदान गर्दछ ।

(११) सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने दर्जनौं संयन्त्रहरुको विकास भएको छ । नेपालमा जबाफदेहितासम्बन्धी कार्यक्रम विश्व ब्याङ्क, नेपालले विभिन्न २१ वटा संयन्त्रको पहिचान गरेको छ ।

(१२) अभ्यासको आधारमा विकास गरिएका यी संयन्त्रहरुको महत्त्व देखिएकोले नेपाल सरकारले केही संयन्त्रलाई अभ्यासमा ल्याएको छ । नागरिक सहभागिता प्रवर्द्धन गर्ने यिनैमध्ये केही संयन्त्रहरु तल उल्लेख गरिएको छ ।

### (अ) नागरिक बडापत्र

(१) नागरिक बडापत्र भनेको कुनै पनि सार्वजनिक सेवा प्रदान गर्ने निकायले प्रदान गर्ने वस्तु तथा सेवाको किसिम, प्राप्त गर्दा लाग्ने समय, सेवा प्रवाहको शर्त, तोकिएको समयमा सेवा र वस्तु नपाएमा गर्न सकिने उपचार विधिलगायतका अन्य विविध विषयहरु खुलाई सेवाग्राहीलाई सहज बनाउनको लागि उनीहरुले देख्ने स्थानमा राखिएको ठूलो सूचनाको विवरणलाई जनाउछ । यस्तो बडापत्र परम्परागत रुपमा कार्यालयको बाहिरपट्टि पाटीमा राखिएको पनि हुन्छ भने पछिल्लो समयमा डिजिटल बोर्डमा पनि राख्न थालिएको छ ।

(२) यसले कुनै पनि सेवाग्राही नागरिक कुनै कार्यालयमा पुग्ने बित्तिकै त्यस कार्यालयले प्रवाह गर्ने वस्तु र सेवा तथा ती प्राप्त गर्न लाग्ने समय, श्रोत तथा अन्य विषयवस्तुबारे सहजै जानकारी पाउन सक्छ र त्योअनुसार प्राप्त गर्न नसकेमा उजुरी तथा गुनासो गर्नसमेत सक्षम हुने विश्वास राखिन्छ ।

(३) यसले उक्त सार्वजनिक निकायको सेवा प्रवाहमा नागरिक सहभागितामा अभिवृद्धि भई गुणस्तर बढ्ने र सुशासनमा बढोत्तरी आउने विश्वास राखिन्छ । सुशासन ऐन, २०६४ को दफा २५ र सुशासन नियमावली, २०६५ को नियम १४ मा कुनै पनि सार्वजनिक सेवा प्रदायक निकायले अनिवार्य रुपमा नागरिक बडापत्र राख्नुपर्ने उल्लेख छ ।

(४) यससहित अन्य विभिन्न संयन्त्रहरुले नागरिक सहभागितालाई कसरी अभिवृद्धि गर्दछ र त्यसबाट के फाइदा हुन्छ भन्नेबारे तलको तालिकाले प्रष्ट पार्दछः

| संयन्त्रको नाम | सुशासनमा हुने अभिवृद्धि | नागरिकलाई हुने फाइदा | सेवाप्रदायकलाई हुने फाइदा |
|---|---|---|---|
| नागरिक बडापत्र | –नागरिक बडापत्रबाट सम्बन्धित कार्यालयका कामबारे आवश्यक सूचना नागरिकले सहजै प्राप्त गर्न सक्छन् ।<br>– आफू सेवा लिन गएको कार्यालयबाट सेवा प्राप्त गर्न के कस्तो प्रक्रिया अबलम्बन गर्नुपर्छ भन्ने जानकारी पाउँछन् जसले गर्दा बिचौलियाले फाइदा उठाउने सम्भावना कम हुन्छ । कुनै कर्मचारीले लाग्नेभन्दा बढी पैसा मागेमा वा ढिलासुस्ती गरेमा किन भनेर सोध्न सक्छन् । यसले सुशासन अभिवृद्धि हुन पुग्छ । | –बिचौलियाले अनावश्यक भ्रम सिर्जना गर्न सक्दैनन् ।<br>–सेवाग्राहीलाई कार्यालयमा लाग्ने दस्तुर तथा अन्य सवालमा समयमै जानकारी हुने हुदाँ कर्मचारीलाई अनावश्यक घुस तथा नजराना बुझाउनु पर्दैन ।<br>– यदि कार्यालयमा ढिलासुस्ती भएमा उजुरी तथा गुनासो गर्ने निकायबारे जानकारी हुन्छ ।<br>–सेवा प्रवाहमा ढिलाइ भएमा सेवाग्राहीले क्षतिपूर्ति माग गर्न सक्छन् । | –कार्यालयले प्रवाह गर्ने सेवा तथा वस्तुबारे नागरिकलाई पूर्वजानकारी हुँदा सेवा प्रवाह सजिलो हुन्छ ।<br>–बिचौलियाले कार्यालयका कर्मचारीको नाममा मोटो रकम उठाउन नपाउने अवस्था हुन्छ ।<br>–कार्यालयप्रतिको नागरिक विश्वास बढेर जान्छ र आत्मसन्तुष्टिको अवस्था सिर्जना हुन्छ । |

### (आ) सार्वजनिक सुनुवाइ

(१) सेवाग्राही नागरिक र सेवा प्रदायक निकायका जिम्मेवार अधिकारीहरुबीच सार्वजनिक चासो तथा सरोकारका विषयमा सिधा प्रश्नोत्तर हुने सार्वजनिक मञ्चलाई सावजनिक सुनुवाइ भनिन्छ ।

(२) यस्तो सुनुवाइमा सार्वजनिक निकायले प्रवाह गर्दै आएको सेवा तथा वस्तुका सम्बन्धमा सर्वसाधारण सेवाग्राही नागरिकले व्यक्ति तथा सार्वजनिक सरोकारबारे सेवा प्रदायक निकायका पदाधिकारीसमक्ष राख्न र त्यसको समाधान खोज्न सक्छन् ।

(३) सेवा प्रवाह गर्ने निकायका अधिकारीलाई पनि आफ्नो कार्यालयले दिदै आएको सेवा तथा वस्तुको प्रभावकारिता कस्तो रहेको छ भनी बुझ्न र यदि कुनै कमजोरी भएको छ भने सुधारको लागि सुझाव सङ्कलन गर्नसमेत सुनुवाइ प्रभावकारी संयन्त्र हो ।

(४) सार्वजनिक सुनुवाइले शासन प्रणालीमा नागरिक सहभागिता अभिवृद्धि गर्ने सार्वजनिक मञ्च प्रदान गर्दछ ।

(५) सेवा प्रदायक निकायले प्रवाह गर्दै आएको सेवा प्रभावकारी र गुणस्तरीय नभएमा त्यसलाई सुधार गर्नको लागि नागरिकले प्रत्यक्ष रुपमा सहभागी भएर योगदान गर्न सक्ने वातावरण यसले प्रदान गर्दछ ।

(६) शासकीय प्रक्रिया तथा प्रणालीमा आउन सक्ने समस्या तथा कमजोरीलाई हटाई सुशासनयुक्त शासन प्रणाली बनाउनको लागि सुनुवाइले प्रभावकारी भूमिका निर्वाह गर्दछ ।

(७) नेपाल सरकारले वि.सं. २०६२ सालमा सार्वजनिक सुनुवाइसम्बन्धी कार्यविधि बनाएर यसलाई सरकारी मान्यता दिएको थियो । यसलाई नागरिक संस्थाको सहकार्यमा स्थानीय र प्रदेश सरकारहरुले आवश्यक परिमार्जन गरी अभ्यास गर्नु उपयुक्त हुन्छ ।

(८) यसपछि वि.सं. २०६४ सालमा जारी भएको सुशासन ऐनको दफा ३० मा पनि सार्वजनिक सुनुवाइ गराउनुपर्ने व्यवस्था गरी कानुनी मान्यता दिएको देखिन्छ ।

(९) उक्त ऐनले सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाही स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाका विधिसम्मत सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाइ गर्नु पर्ने व्यवस्था छ ।

(१०) तत्कालीन स्थानीय विकास मन्त्रालयले पनि सार्वजनिक सुनुवाइसम्बन्धी कार्यविधि नै बनाएर तत्कालीन स्थानीय निकायहरु गाउँ विकास समिति, जिल्ला विकास समिति र नगरपालिकाले नियमित रुपमा सार्वजनिक सुनुवाइ सञ्चालन गर्नु पर्ने व्यवस्थासमेत गरेको थियो ।

(११) स्थानीय स्तरमा कुनै अनियमितता भएको शंका लागेमा वा केही गुनासा भएमा नागरिकले सक्रियतापूर्वक सुनुवाइमा सहभागी भई वा नागरिक संस्थाले सुनुवाइको आयोजना गर्न सक्छन् । त्यसमा सम्बन्धित निकायका जिम्मेवार अधिकारीको उपस्थितिमा नागरिकले आफ्ना गुनासा राख्ने र त्यसको तत्काल जवाफसमेत पाउने अवस्था रहन्छ । जसबाट आर्थिक अनियमितता वा भ्रष्टाचार घटाउने र सुशासन अभिवृद्धि गर्ने अवस्था रहन्छ ।

(१२) त्यसैले स्थानीय तहमा नागरिक सहभाागिता बढाउदै सुशासन अभिवृद्धि गर्ने सन्दर्भमा सार्वजनिक सुनुवाइ एक महत्त्वपूर्ण संयन्त्र हो ।

| संयन्त्रको नाम | सुशासनमा हुने अभिवृद्धि | नागरिकलाई हुने फाइदा | सेवा प्रदायकलाई हुने फाइदा |
|---|---|---|---|
| सार्वजनिक सुनुवाइ | –सार्वजनिक पदधारण गरेका सेवा प्रदायक निकायका अधिकारीलाई सर्वसाधारण सेवाग्राही नागरिकप्रति जबाफदेही बनाउन योगदान गर्दछ ।<br>– सार्वजनिक निकायले प्रवाह गर्दै आएको सेवा तथा वस्तु सम्बन्धमा पारदर्शिता अभिवृद्धि गर्नका लागि योगदान गर्दछ ।<br>–सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न योगदान गर्दछ ।<br>–नागरिकका गुनासोको एउटै मञ्चमा सुनुवाइ र समाधानको आधार तय हुन्छ । | –कुनै गुनासा भएमा सुनुवाइस्थलमा प्रत्यक्ष रुपमा सोध्न सकिन्छ जसले गर्दा गुनासो बोकेर कार्यालयको कोठाकोठा चाहार्नु पर्दैन ।<br>–कुनै कार्यालयले दिदै आएको सेवामा चित्त नबुझेमा प्रमाणसहित कार्यक्रममा गएर गुनासो गरेमा त्यसको समाधानसमेत लिएर फर्किन पाउछन् ।<br>–नागरिकले सेवा लिदा आफूले भोगेको समस्या अभिव्यक्त गर्न सक्छन् । | –आफ्नो कार्यालयले दिदै आएको सेवाबाट नागरिक सन्तुष्ट छन् या छैनन् भन्नेबारे सहजै प्रष्ट हुन सक्छन् ।<br>–कार्यालयले कुनै समस्या भोगिरहेको भए सेवाग्राही नागरिकसँग खुला रुपमा भन्न र त्यसको समाधान खोज्नको लागि उपयुक्त वातावरण हुन्छ ।<br>–कार्यालयका सम्बन्धमा आउने अनावश्यक लाञ्छना तथा गुनासोको समाधान गर्न र कार्यालयप्रति सेवाग्राहीको सकारात्मक दृष्टिकोण बनाउनको लागि सहज बाटो प्राप्त हुन्छ । |

### (इ) सार्वजनिक परीक्षण

(१) स्थानीय स्तरमा सञ्चालित कुनै पनि योजनामा भएको लगानीको प्रभावकारिता सम्बन्धमा सरोकारवाला तथा लाभान्वित समूहको प्रत्यक्ष सहभागितामा लेखाजोखा गर्ने र त्यसबारे नागरिकको कुनै गुनासा भए सोबारेसमेत छलफल गर्ने संयन्त्रलाई सार्वजनिक परीक्षण भनिन्छ ।

(२) यसमा मूलतः कुनै पनि योजनाको आर्थिक विषयमा केन्द्रित भएर छलफल हुन्छ । यसमा सम्बन्धित योजनाका लागि कहाँबाट कति बजेट आयो, कति खर्च भयो, को को व्यक्ति तथा अधिकारी संलग्न भए, र के कसरी बजेट खर्च भयो, खरिद प्रक्रिया कस्तो रह्यो, खर्च गर्दा पारदर्शिताको लागि के कस्ता प्रक्रियाहरु अपनाइयो लगायतका सवालमा उक्त योजनाको लाभान्वित समुदायका नागरिकबाट पृष्ठपोषण सङ्कलन गर्ने गरिन्छ ।

(३) सार्वजनिक परीक्षण जहिले पनि योजना सम्पन्न भएको स्थानमै बसेर गरिन्छ । यस्ता कार्यक्रममा योजनाका सम्पूर्ण सरोकारवालाहरु जस्तै कामदार, ठेकेदार, उपभोक्ता समितिका पदाधिकारीहरु, कर्मचारी, स्थानीय बुद्धिजीवि, शिक्षक, राजनीतिक दलका नेता तथा प्रतिनिधि, नागरिक संस्थाका प्रतिनिधिहरुलगायत उक्त योजनामा प्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण पक्षको सक्रिय सहभागिता रहन्छ ।

(४) तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सार्वजनिक परीक्षणलाई संस्थागत गर्दै नागरिक सहभागिता प्रवर्द्धन गर्ने उद्देश्यले वि.सं. २०६७ सालमा स्थानीय निकाय सार्वजनिक परीक्षण निर्देशिका बनाएर लागु गरेको थियो । यसलाई नागरिक संस्थाको सहकार्यमा स्थानीय र प्रदेश सरकारहरुले आवश्यक परिमार्जन गरी अभ्यास गर्नु उपयुक्त हुन्छ ।

(५) सार्वजनिक परीक्षण सञ्चालन गर्दा सार्वजनिक निकायले प्रवाह गर्दै आएको सेवाको गुणस्तर वृद्धि गर्न मद्दत गर्दछ ।

(६) स्थानीय सरकारले सञ्चालन गरेका योजनामा जबाफदेहिता अभिवृद्धि गर्न र पारदर्शिता वृद्धि गर्न योगदान गर्दछ ।

(७) यसको सही रुपमा सञ्चालन गर्दा योजनामा भएका अनियमितता सुधार गर्न र भविष्यमा हुन सक्ने भ्रष्टाचार तथा अनियमितता रोक्नको लागि नागरिकले सक्रिय रुपमा सहभागी भएर योगदान गर्न सक्छन् ।

(८) स्थानीय स्तरमा सञ्चालन हुने आयोजना तथा योजनामा हुन सक्ने अनियमितता तथा भ्रष्टाचार न्यूनीकरण गरी सुशासन अभिवृद्धि गर्नको लागि नागरिकले आफू प्रत्यक्ष रुपमा सहभागी भएर सहयोग गर्न सक्छन् ।

(९) त्यसैले स्थानीय स्तरका योजनाहरुमा सुशासन अभिवृद्धि गर्नको लागि हरेक योजनामा सार्वजनिक परीक्षण हुनु पर्दछ ।

| संयन्त्रको नाम | सुशासनमा हुने अभिवृद्धि | नागरिकलाई हुने फाइदा | सेवा प्रदायकलाई हुने फाइदा |
|---|---|---|---|
| सार्वजनिक परीक्षण | –सार्वजनिक निकायले सञ्चालन गर्ने योजनामा जबाफदेहिता बढाउन, पारदर्शी संस्कृतिको वृद्धि गर्न यसले योगदान गर्दछ ।<br>– सार्वजनिक परीक्षणको प्रयोग गरी नागरिकले स्थानीय स्तरका योजनामा हुने अनियमितता तथा भ्रष्टाचार नियन्त्रण गर्न सहयोग गर्न सक्छन् । | –सार्वजनिक परीक्षणमा सक्रियतापूर्वक सहभागी हुँदा नागरिकले आफ्नो गाउँघरमा भएका योजनाको गुणस्तर अभिवृद्धि गर्न मद्दत गर्न सक्छन् जसले गर्दा आफ्नो लागि भएको खर्चको सदुपयोग हुन्छ । | –सेवा प्रदायक निकायले प्रवाह गर्ने सेवाको गुणस्तर अभिवृद्धि हुन्छ र नागरिक तहमा सन्तुष्टिमा बढोत्तरी हुन्छ । यसले कार्यालय र त्यहाँ काम गर्ने अधिकारीप्रति नागरिक दृष्टिकोण सकारात्मक बन्छ । |

| संयन्त्रको नाम | सुशासनमा हुने अभिवृद्धि | नागरिकलाई हुने फाइदा | सेवा प्रदायकलाई हुने फाइदा |
|---|---|---|---|
| | –योजनाको आम्दानी कति भयो, खर्च कसरी र कति भयो, त्यसबाट के प्रतिफल प्राप्त भयो, भन्नेबारे नागरिकले सहभागितामूलक प्रक्रियाबाट जानकारी पाउछन् भने कुनै गुनासो तथा समस्या भएमा त्यसको समाधानको लागि समेत मद्दत गर्न सक्छन् । | –सेवाग्राहीले पाउनु पर्ने कुनै सेवा तथा वस्तु नपाएको भए यस्तो कार्यक्रममा सहभागी हुँदा आफ्नो गुनासा राख्दा उक्त सेवा तथा वस्तु भविष्यमा सहजै पाउन सक्छन् । | –कुनै पनि योजनामा उपभोक्ता समिति वा ठेकेदारले बदमासी गरेका रहेछन् भने त्यस्तो बदमासीलाई समयमै सुधार्न सकिन्छ र भविष्यमा आउन सक्ने कानुनी तनाव कम गर्न सकिन्छ ।<br>–कुनै योजनामा अनियमितता वा भ्रष्टाचार भएको रहेछ भने समयमै पत्ता लगाउन सकिन्छ र त्यसलाई सुधार गर्न सकिन्छ । यसले गर्दा भ्रष्टाचारजन्य उजुरी पर्न पाउदैन तथा अनावश्यक विवादमा फस्नु पर्दैन । |

(१०) माथि उल्लेख गरिएका त केही उदाहरणहरु मात्र हुन् । यस्ता सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने विभिन्न संयन्त्रहरु नेपालमा पनि सञ्चालनमा छन् । यस्ता संयन्त्रले शासकीय प्रणालीमा नागरिक सहभागिता अभिवृद्धि तथा सुनिश्चित गर्न मद्दत गर्दछन् । यसले सार्वजनिक सेवा प्रवाह गर्ने निकायमा सुशासन अभिवृद्धिमा महत्त्वपूर्ण योगदान गर्दछ ।

(११) यस्ता शासकीय प्रणालीमा नागरिक सहभागिता तथा सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने संयन्त्रहरु तल उल्लेख गरिएको छ ।

| क्र.सं. | सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने संयन्त्र | सुशासनमा हुने अभिवृद्धि | नागरिकलाई हुने फाइदा | सेवा प्रदायकलाई हुने फाइदा |
|---|---|---|---|---|
| १ | सार्वजनिक खर्चको सोधखोज | सार्वजनिक निकायले विनियोजन गरेको बजेट कहाँ कुन रुपमा खर्च भइरहेको छ, त्यसको सदुपयोग भइरहेको छ या दुरुपयोग भन्ने कुरा पत्ता लगाउन सहज हुन्छ । यदि रकम दुरुपयोग भएको | आफ्नो लागि सार्वजनिक निकायले विनियोजन गरेको रकमको सदुपयोग हुदाँ विकास निर्माण, भौतिक पूर्वाधार तथा सार्वजनिक सेवाको गुणस्तर | सार्वजनिक निकायले विनियोजन गरेको रकम सदुपयोग हुन्छ । यसले यस्ता निकायप्रति नागरिकको दृष्टिकोण सकारात्मक बन्छ । लगानीअनुसारको प्रतिफल प्राप्त गर्न सकिन्छ । |

| क्र.सं. | सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने संयन्त्र | सुशासनमा हुने अभिवृद्धि | नागरिकलाई हुने फाइदा | सेवाप्रदायकलाई हुने फाइदा |
|---|---|---|---|---|
| | | देखिएमा त्यसलाई सही रुपमा काम गर्नको लागि समयमै व्यवस्थापन गर्न सकिन्छ | वृद्धि हुन्छ । यसबाट नागरिकले गुणस्तरीय सेवा पाउने वातावरण निर्माण हुन्छ । | |
| २ | सामुदायिक अङ्कपत्र | सामुदायिक अङ्कपत्रमार्फत नागरिकले सार्वजनिक सेवा प्रदायक निकायले गरिरहेको कामलाई मूल्याङ्कन गर्दछन् । यसैगरी स्वयं सेवा प्रदायक निकायका अधिकारीले पनि अङ्क दिन्छन् । त्यसपछि दुवै पक्षले समस्या समाधानको लागि कार्य योजनासमेत बनाउँछन् । त्यसैले यस संयन्त्रले नागरिक र सेवा प्रदायक निकायको समन्वय तथा सहकार्यमा सुधारको लागि काम गर्न सक्छ । | सौहार्दपूर्ण वातावरणमा नागरिकले सार्वजनिक सेवा प्रदायक निकायको गुणस्तर अभिवृद्धि गर्न सक्छन् । यसबाट नागरिकले सहज रुपमा गुणस्तरीय सेवा प्राप्त गर्न सक्छन् । | कुनै पनि दबाब तथा अन्य गतिविधिविना नागरिकसँगको सहकार्यमा आफ्नो कार्यालयले प्रवाह गरिरहेको सेवामा भएका समस्या पहिचान गर्न र त्यसको समाधान गरी गुणस्तरीय सेवा प्रवाह गर्नको लागि वातावरण निर्माण गर्न सहज हुन्छ । |
| ३ | नागरिक प्रतिवेदन पत्र | सार्वजनिक निकायले प्रवाह गरिरहेको सेवाप्रति नागरिकको दृष्टिकोण वा बुझाइ के कस्तो रहेको छ भन्ने कुरा नागरिक प्रतिवेदन पत्रबाट जानकारीमा आउँछ र कहाँ समस्या छ भन्ने कुरा पनि थाहा हुन्छ । यसपछि सेवाको गुणस्तर अभिवृद्धि गर्नको लागि सहज हुन्छ । | कुनै पनि सार्वजनिक सेवा प्रदायक निकायमा भोग्नुपरेको समस्याको सहज बाटोबाट सुधार गर्नको लागि नागरिकको अभिमतले योगदान गर्न सक्छ । | आफ्नो कार्यालयले प्रवाह गरिरहेको सेवाप्रति नागरिकको दृष्टिकोण र बुझाइबारे जानकारी हुन्छ र के कस्तो सुधार गर्न सकिन्छ भन्ने कुरा पनि जानकारीमा आउँछ । त्यसअनुसारको सुधार गर्दा त्यसले कार्यालय तथा त्यहाँ कार्यरत कर्मचारीप्रति नागरिक दृष्टिकोण सकारात्मक बन्छ । |

| क्र.सं. | सामाजिक जवाफदेहिता अभिवृद्धि गर्ने संयन्त्र | सुशासनमा हुने अभिवृद्धि | नागरिकलाई हुने फाइदा | सेवाप्रदायकलाई हुने फाइदा |
|---|---|---|---|---|
| ४ | सामाजिक परीक्षण | सामाजिक परीक्षणले कुनै पनि सार्वजनिक निकायले एक वर्षमा के कस्ता सेवा प्रवाह गर्‍यो, के कस्ता काम गर्‍यो, के कस्ता उपलब्धि हासिल गर्‍यो र के गर्न सकेन भन्नेबारे नागरिकसँगै बसेर छलफल गर्ने वातावरण निर्माण गर्दछ । यसले सार्वजनिक निकायले लिइरहेको लक्ष्य, उद्देश्यको पुनरावलोकलन गर्न र अझ प्रभावकारी बनाउन योगदान गर्दछ । | कुनै पनि सार्वजनिक निकायले लिएको लक्ष्य, उद्देश्य तथा प्रवाह गरिरहेको सेवा र वस्तुबारे गुनासो भएमा वा त्यसले सुधार गर्नुपर्ने केही सवाल छन् भन्ने लागेमा नागरिकले यस्तो सामाजिक परीक्षणमा गएर आवाज उठाउन सक्छन् । त्यसबाट कार्यालयले प्रवाह गर्ने सेवा प्रभावकारी तथा गुणस्तीय हुन्छ । | आफूले प्रवाह गरिरहेको सेवा तथा वस्तुप्रति नागरिक दृष्टिकोण थाहा हुन्छ । संस्थाको उद्देश्य तथा लक्ष्यमा के सुधार गर्नुपर्छ भन्नेबारे नागरिकको सुझाव प्राप्त हुन्छ । त्यसअनुसार काम गर्दा गुणस्तर र प्रभावकारिता वृद्धि हुन्छ । |
| ५ | गुनासो व्यवस्थापन संयन्त्र | गुनासो व्यवस्थापन संयन्त्रको प्रभावकारी कार्यान्वयनले कार्यालयले प्रवाह गरिरहेको वस्तु र सेवाप्रति नागरिकको गुनासो प्राप्त गर्ने आधार तयार हुन्छ । यसले नागरिकले स्वत:स्फूर्त रुपमा गुनासो गर्छन् । यसरी प्राप्त गुनासा व्यवस्थापन गर्ने संयन्त्रहरुको सञ्चालन गर्दा साना साना समस्याहरुको समयमै व्यवस्थापन हुन्छ । र सेवा प्रभावकारी हुन पुग्छ । | नागरिकले आफूले भोगिरहेका कुनै पनि समस्याको गुनासो गर्ने सहज बाटो प्राप्त गर्छन् । समस्या समाधानको लागि गुनासो गर्ने आधार पाउछन् । | सेवा प्रदायक निकायप्रति सेवाग्राहीको दृष्टिकोण थाहा पाउन सहज हुन्छ र त्यस्ता समस्या वा गुनासा समयमै व्यवस्थापन गर्न सकिने हुदा सेवाको गुणस्तर वृद्धि हुन्छ । |
| ६ | तेश्रो पक्ष अनुगमन | तेस्रो पक्ष अनुगमनमा सेवा प्रदायक र सेवाग्राहीभन्दा बाहेकको तेस्रो पक्षले सेवा प्रदायक निकायले प्रवाह गरिरहेको सेवाको अनुगमन गर्छन् । तेस्रो पक्ष अनुगमनले कुनै पनि सार्वजनिक निकायले प्रवाह गर्ने वस्तु र सेवाको गुणस्तर अभिवृद्धि गर्न र सुशासन सुनिश्चित गर्नको लागि महत्त्वपूर्ण योगदान गर्दछ । | तेस्रो पक्ष अनुगमनले नागरिकले गुणस्तरीय सेवा प्राप्त गर्ने आधार तय हुन्छ । विकास निर्माणको काम समयमा सकिन्छ । गुणस्तरीय र प्रभावकारी हुन्छ । | सेवाप्रदायक निकायलाई तेस्रो पक्षबाट गरिने अनुगमनबाट प्राप्त हुने सुझावले सेवाको गुणस्तर अभिवृद्धि गर्नको लागि योगदान गर्दछ । स्वतन्त्र पक्षले दिने सुझावले गुणस्तरीय र प्रभावकारी सेवाको आधार तय गर्दछ । कार्यालयप्रति नागरिकको विश्वास बढ्छ । |

सहभागितामूलक लोकतन्त्रले नागरिक, सरकार, बजार तथा अन्य सरोकारवाला निकाय तथा संस्थाहरुसँगै बसेर सहभागितामूलक तवरबाट निर्णय गर्ने कुराको वकालत गर्दछ । सरकारले नागरिकको चासो र सरोकारको विषयमा लिने कुनै निर्णय वा बनाउने नीतिमा नागरिकसँगै बसेर उनीहरुको अपेक्षा र चाहनालाई समेटेर निर्णय लिनु सहभागितामूलक लोकतन्त्र हो । यसले समुदायमा रहेका हरेक वर्ग, समुदाय, क्षेत्र, लिङ्ग, वर्ण, जातजाति, भाषाभाषीको सहभागिता प्रवर्द्धन गर्दछ र त्यसको सुनिश्चिततताको अपेक्षा राख्छ ।

शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक सहभागिता अभिवृद्धि गर्ने एउटा बाटो सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने संयन्त्रहरु हुन् । यद्यपि नेपालमा सामाजिक जबाफदेहिताका संयन्त्रहरुको प्रयोगले सुशासन अभिवृद्धिमा दिनु पर्ने प्रभावकारिता बढाउनु जरुरी छ। त्यसैले सामाजिक जबाफदेहिताका संयन्त्रहरुको बुझाइ र सञ्चालनलाई समयसापेक्ष रुपमा परिमार्जन र परिवर्तन गर्नुपर्ने आवश्यकता देखिन्छ । उदाहरणको लागि सामाजिक परीक्षणलाई लिऔँ । कुनै पनि सार्वजनिक निकायले वर्ष दिनभरि सञ्चालन गरेका गतिविधिहरुको नागरिकसँग बसेर परीक्षण गर्ने कार्य नै सामाजिक परीक्षण हो । यद्यपि यो कहिले हुन्छ, कहाँ हुन्छ, कसरी हुन्छ, को को सहभागी हुन सक्छन्, भन्नेबारे नागरिकलाई पूर्वजानकारी नहुँदा सार्वजनिक निकायहरुले कोठामा बसेर वा आफ्नै कार्यालयका कर्मचारीको उपस्थितिमा मात्र सामाजिक परीक्षण गरिरहेको देखिन्छन् । यसको लागि निम्नानुसारको गतिविधि गर्दै नागरिक सहभागिता सुनिश्चित गर्ने हो भने सामाजिक परीक्षण संस्थागत हुन्छ। साथै यसले नागरिकको चासो, सरोकार र गुनासालाई सम्बोधन गर्नको लागि महत्त्वपूर्ण भूमिका खेल्छ।

- सामाजिक परीक्षण स्थानीय सरकारले वडागत रुपमा गर्ने
- सामाजिक परीक्षण गर्नको लागि भौतिक पूर्वाधारयुक्त स्थायी स्थानको छनोट गर्ने। वडा कार्यालयको सभाहल छ भने त्यसमा नत्र कुनै विद्यालयको प्राङ्गणमा विद्यालय विदा हुने दिन पारेर गर्न सकिन्छ। ता कि आम नागरिक तथा सञ्चारमाध्यम सबैलाई सो स्थानबारे जानकारी हुन्छ र सामाजिक परीक्षणमा सहभागी भई योगदान गर्न सक्दछन् । यस्तो स्थायी स्थानमा सबै सरकारी निकाय तथा गैरसरकारी संस्थाहरुको सामाजिक परीक्षण गर्ने, गराउने व्यवस्था मिलाउनु उपयुक्त हुन्छ
- सामाजिक परीक्षण कुन महिनाको कति गते, कति बजे, कहाँ हुन्छ भन्ने पहिला नै निश्चित गर्ने
- नागरिकलाई सामाजिक परीक्षणस्थलमा जानु पर्छ भन्ने नागरिक शिक्षा दिन त्यहाँ बस्ती स्तरका के कस्ता सवाल उठान गर्न सकिन्छ, कसरी उठान गर्ने, के कस्ता प्रमाण लिएर जानु पर्छ, त्यस्ता प्रमाण के कसरी सङ्कलन गर्न सकिन्छ भन्नेबारे नागरिक संस्थाहरु तथा विभिन्न समूह, समिति तथा संस्थाहरुले नागरिक शसक्तीकरण गर्ने
- सामाजिक परीक्षणमा जानुअघि परीक्षण हुन लागेको कार्यालयका अधिकारीले आफ्नो कार्यालयको नीति, योजना, कानुन, नियम, कार्यविधि, निर्देशिका, मार्गदर्शनलगायत राम्रोसँग अध्ययन गरेर जाने
- सरकारी तथा गैरसरकारी सार्वजनिक निकायले वर्षभरि तर्जुमा गरेको नीति, कानुन र गरेका कामको विवरण आम नागरिकलाई वर्षभरि नै नियमित रुपमा उपलब्ध गराउनु पर्दछ । यसबाट नागरिकहरुलाई सो संस्थाले गरेका राम्रा र सुधार गर्नु पर्ने विषयबारे जानकारी हुन्छ र त्यसको आधारमा उनीहरुले सामाजिक परीक्षणको दिन रचनात्मक योगदान गर्न सक्छन् । नागरिकहरुले सामाजिक परीक्षणमा जाँदा परीक्षण गर्न लागेको संस्थाबारे आवश्यक सूचना लिएर जाने
- यस्तो सामाजिक परीक्षण कार्यालय आफैले सञ्चालन नगर्ने । यसको लागि सामाजिक परीक्षण तालिम लिएका तेस्रो पक्षलाई लिने । स्थानीय युवा यसको लागि उपयुक्त पात्र हुन सक्छन् । यदि तालिम प्राप्त व्यक्ति नभएमा यस्तो तालिमको आयोजना गर्ने

- कार्यक्रमको मिति, स्थान, समय सबै पहिला नै निश्चित भए पनि नागरिकलाई यो दिनबारे थप जानकारी दिनको लागि स्थानीय एफएम रेडियोहरुबाट कम्तिमा तीन दिनअघि सूचना प्रसारण गर्ने
- कार्यक्रममा स्थानीय स्तरमा सम्बन्धित कार्यालयले प्रवाह गरिरहेको सेवा, सुविधा, विकास निर्माण तथा अन्य कामबारे पहिला कार्यालयका अधिकारले छोटो प्रस्तुति गर्ने
- यसपछि नागरिकको चासो, चिन्ता र सरोकार सङ्कलन गर्ने । नागरिकले आफ्नो क्षेत्रमा उक्त कार्यालयले प्रवाह गरिरहेको सेवाबारे बोल्छन् । त्यो सङ्कलन गर्ने
- अन्तिममा कार्यालयले उठेका गुनासा तथा समस्याहरुउपर निश्चित प्रतिबद्धता व्यक्त गर्ने ।
- यसरी व्यक्त प्रतिबद्धतालाई तत्काल कार्यान्वयनमा ल्याउने
- यसैगरी सम्बन्धित वडा वा गाउँपालिका/नगरपालिका स्तरमा रहेका सम्पूर्ण सरकारी तथा गैरसरकारी कार्यालयहरुले फरक-फरक दिन हुन सक्छ तर एउटै स्थानमा एउटै विधि तथा प्रक्रिया अवलम्बन गरी सामाजिक परीक्षण गर्नु पर्छ
- यस्ता कार्यक्रममा स्थानीय स्तरका नागरिक संस्था, राजनीतिक दलका नेता तथा कार्यकर्ता, अन्य क्षेत्रगत कार्यालयका प्रतिनिधिहरुलगायत सम्पूर्ण सर्वसाधारण आउने वातावरण सिर्जना गर्नु पर्छ ।

### ४.३ खुला सरकार : नागरिक साझेदारी

(१) शासन व्यवस्थामा नागरिक र नागरिक संस्थाको प्रभावकारी सहभागिता लोकतन्त्रको आधारभूत सर्त हो । विकास निमार्ण कार्यमा अपनत्व र सेवाप्रवाह तथा कार्य प्रणालीमा प्रभावकारिता सिर्जना गर्ने भएकोले लोकतान्त्रिक देशले शासन व्यवस्थामा नागरिक सहभागितालाई प्रत्याभूत गर्ने गरी संस्थागत व्यवस्था नै गरेका हुन्छन् ।

(१) नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सङ्घीय, प्रान्तीय र स्थानीय सरकारहरूलाई अधिकार र जिम्मेवारीहरू तोकिदिएको छ । त्यसैगरी उनीहरूले सङ्घीय, प्रान्तीय र स्थानीय सरकारहरूले निर्माण गरेका ऐनहरू, नीतिहरू तथा निर्देशिकाहरू पालना गर्नु पर्नेछ । खुला सरकार साझेदारीको शुरुवाती लक्ष्यको रुपमा स्थानीय सरकारहरूले पालना गर्नु पर्ने यी विषयका दस्तावेजहरूको पुलिन्दा बनाउनु स्थानीय सरकारको लागि एक अवसर हो ।

(२) स्थानीय सरकारअर्न्तगतका कुनै पनि गाँउ वा नगरपालिकाले यसअर्न्तगत केही निश्चित गतिविधिहरूबाट शुरु गर्न सक्छन् जसले सरकारको कार्यमा खुलापन, पारदर्शिता र प्रभावकारी सेवा प्रवाहको प्रवर्द्धनमा योगदान दिन सक्छन् । शुरुवाती चरणमा यस्ता गतिविधिहरू तय गर्दा धेरै महत्त्वाकाँक्षी हुनुभन्दा गर्न सकिने र प्रभावकारी किसिमको गतिविधिबाट शुरु गर्नु उपयुक्त हुन्छ । तय गरिएका गतिविधिहरू सम्पन्न हुँदैगर्दा परिवर्तन देखाउँदै त्यसलाई बिस्तारै बढाउँदै लान सकिन्छ । उदाहरणका लागि स्थानीय सरकारहरूले गरिरहेकै तर पूर्ण तथा व्यवस्थित तरिकाले हुन नसकेका कार्यहरूलाई यसभित्र पारेर गरेको खण्डमा राम्रो शुरुवात हुनसक्छ । तर जेजस्ता गतिविधिहरू गरिन्छन् तिनको महत्त्व र आवश्यकतालाई आत्मसात् गरेर गरिएको अवस्थामा मात्र खुला सरकार साझेदारीलाई साँच्चीकै रुपमा अगाडि बढाउन सकिन्छ ।

(३) खुला सरकार : नागरिक साझेदारीले पहिचान गरेका विषयहरु तथा त्यसका अतिरिक्त स्थानीय आवश्यकता र प्राथमिकताका विषयहरुको क्षेत्रमा पनि यस्ता गतिविधिहरु तय गर्न सकिन्छ । यसरी तय गरिएका विषय तथा गतिविधिले खुला सरकार : नागरिक साझेदारीले आत्मसात् गरेको सिद्धान्त र मूल्यलाइ योगदान दिने किसिमको भने हुनु पर्दछ । खुला सरकारले नागरिक सहभागितालाई निम्नानुसार प्रवर्द्धन गर्न सक्छः

| गतिविधिका क्षेत्र | गतिविधि | गतिविधिको व्याख्या |
|---|---|---|
| सूचनाको हक | • सूचना अधिकारीको नियुक्ति<br>• सूचनाको खुलापन<br>• पालिकाको कार्यसमिति, सभा, समितिहरूका निर्णयहरूको सार्वजनिकीकरण<br>• सरकार सञ्चालनसम्बन्धी अन्य सूचनाको नियमित प्रकाशन | • सूचना अधिकारीको नियुक्ति नभएको भए नियुक्त गर्ने, नियुक्त भएकोमा सूचना अधिकारीको नाम, सम्पर्क नम्बर सबैले देख्नेगरी कार्यालयमा राख्ने व्यवस्था गर्ने । यस्तो सूचना अधिकारीले सूचनाको हकअनुसारको कार्य गर्ने, गराउने व्यवस्थाको लागि आवश्यक तालिम तथा क्षमता विकासको व्यवस्था मिलाउने<br>• सूचनाको हकसम्वन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुसार प्रत्येक सार्वजनिक निकायले प्रत्येक तीन-तीन महिनामा आफ्नो कार्यालयसँग सम्बन्धित २० प्रकारका सूचनाहरू स्वतःस्फूर्त रुपमा प्रकाशन गर्नु पर्ने हुन्छ । त्यस्ता सूचनाहरू वेबसाइट, सूचनापाटी, बुलेटिन तथा अन्य कुनै माध्यमको प्रयोग गरी नियमित रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाउने<br>• स्थानीय सरकारका कुनै पनि समिति वा निकायले गरेका निर्णयहरू सबै नागरिकको पहुँचमा पुग्ने गरी वेबसाइट, सूचनापाटी, बुलेटिन, पत्रपत्रिका वा अन्य माध्यमको प्रयोग गरी नियमित रुपमा सार्वजनिक गर्ने<br>• स्थानीय सरकाले आयोजना गर्ने कुनै कार्यक्रम, बैठक, भेला तथा कुनै पनि बैठक तथा भेलाका निर्णय तथा निर्णय प्रक्रियाहरू वेबसाइट, सूचनापाटी, बुलेटिन, पत्रपत्रिका, रेडियो वा अन्य माध्यमको प्रयोग गरी नियमित रुपमा सार्वजनिक गर्नु पर्छ। यस्तो रुपमा सार्वजनिक गर्दा नागरिकहरू पालिकाका विभिन्न कार्य तथा गतिविधिहरू तथा निर्णय प्रक्रियामा सहभागी हुने अवसर प्राप्त हुन्छ |
| सम्पत्ति तथा दायित्वको घोषणा | • निर्वाचित जनप्रतिनिधिको सम्पत्ति तथा दायित्वको घोषणा<br>• घोषित सम्पत्ति तथा दायित्वमा नागरिकको पहुँच<br>• निर्वाचित जनप्रतिनिधिको स्वार्थ बुझिने विषयहरूको घोषणा<br>• जनप्रतिनिधिको घोषित सम्पत्ति तथा दायित्व र स्वार्थ बाझिने विषयहरूको घोषणको वार्षिक अद्यावधीकरण | • सबै निर्वाचित जनप्रतिनिधिको सम्पत्ति तथा दायित्वको सर्वसाधारण, मिडियाले समेत पढ्न र बुझ्न सक्नेगरी विस्तृत रुपमा सार्वजनिकीकरण गर्नु पर्छ<br>• सबै निर्वाचित जनप्रतिनिधिको सम्पत्ति तथा दायित्वसम्बन्धी घोषणा नागरिक तथा मिडियाको पहुँचमा हुनु पर्छ । सबैको पहुँचमा हुनेगरी वेबसाइटमार्फत सार्वजनिक गर्नु पर्छ<br>• निर्वाचित जनप्रतिनिधिको स्वार्थ बाझिने विषयहरूको घोषणा गर्नु पर्छ। विशेषतः निर्वाचित जनप्रतिनिधिको व्यापार तथा अन्य विषयहरूमा सहभागिताका कुराहरू यसमा पर्छन् ।<br>• जनप्रतिनिधिको घोषित सम्पत्ति तथा दायित्व र स्वार्थका विषयहरूको घोषणाको वार्षिक अद्यावधीकरण गरिनु पर्छ। यसरी वार्षिक अद्यावधीकरण गर्दा यसभन्दा अगाडिका वर्षहरूको पनि हेर्न र तुलना गर्न सक्नेगरी संग्रह गरी राख्ने व्यवस्था गरिनु पर्छ |

| गतिविधिका क्षेत्र | गतिविधि | गतिविधिको व्याख्या |
|---|---|---|
| वित्तीय पारदर्शिता | • बजेट र योजना बन्ने प्रक्रिया, बजेट चक्र र त्यससम्बन्धी गतिविधिहरूबारे सूचनाको नियमित सार्वजनिकीकरण<br>• पालिका र वडाहरूको सम्पूर्ण बजेट, त्यसका भिन्न-भिन्न शीर्षकको बजेट र त्यसको खर्चसम्बन्धी विवरणको सरल तथा नियमित रुपमा सार्वजनिकीकरण | • बजेट र योजना बन्ने प्रक्रिया, बजेट चक्र र त्यससम्बन्धी गतिविधिहरू जुन वडा तहमा शुरु भएर पालिकाको सभामा बजेट पारितको तहसम्म उपयोगी हुन्छन् तिनीहरुबारे सूचना स्वतःस्फूर्त रुपमा रेडियो, पत्रपत्रिका, वेबसाइट, एसएमएसबाट सबैलाइ दिनुपर्छ<br>• बजेट र खर्चसम्बन्धी विवरण स्पष्ट बुझिने गरी वेबसाइट र अन्य यस्तै माध्यमको प्रयोग गरी नियमित रुपमा सार्वजनिक गर्नु पर्छ। यसभित्र पालिकालाई सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त सहयोग, पालिका तहमा व्यवस्था गरिएको राजस्व तथा अन्य विवरण, वडा तहको बजेट, खर्च विवरणजस्ता विषयहरूसमेत पर्छन् |
| नागरिक सहभागिता र प्रभावकारी सेवा प्रवाहको लागि प्रविधिको प्रयोग | • बजेट र योजना बन्ने प्रक्रियामा वडा तहदेखि नै नागरिक सहभागिताको प्रत्याभूति<br>• सामाजिक जवाफदेहिताका औजारहरू जस्तै सार्वजनिक सुनुवाइ, सार्वजनिक लेखपरीक्षण, सार्वजनिक खर्च लेखाजोखा विधि, सामाजिक परीक्षण, सामुदायिक अङ्कपत्र, सूचनाको हकको नियमित तथा प्रभावकारी प्रयोगमार्फत पालिका तहको शासकीय प्रक्रियामा नागरिक सहभागिताको व्यवस्था गर्ने<br>• पालिका तहमा बन्ने नीति तथा कानुन र लेखापरीक्षण प्रक्रियामा नागरिक सहभागिता प्रत्याभूत गर्ने<br>• पालिकाले निर्णय गर्नुपर्ने विशेष विषयहरूमा एसएमएस तथा वेबसाइटजस्ता प्रविधिको प्रयोग गरी नागरिकको धारणा लिने र निर्णय प्रक्रियामा नागरिक सहभागिताको उचित व्यवस्था गर्ने<br>• पालिका तहले प्रवाह गर्ने सेवाहरूजस्तै जन्म, मृत्यु, विवाह दर्ताजस्ता विषयहरूमा प्रविधिको व्यापक प्रयोग गर्ने | • वडा तहका नागरिकलाईसमेत उचित तथा समयमा नै सूचना प्रवाह गरी बजेट तर्जुमा, योजना तर्जुमा, परियोजना छनोट र परियोजना अनुगमन प्रक्रियामा सहभागिताको व्यवस्था गरिनु पर्छ<br>• सामाजिक जबाफदेहिताका औजारहरूको नियमित तथा प्रभावकारी प्रयोगमार्फत पालिका तहको शासकीय प्रक्रियामा नागरिक सहभागिता र सुधारको लागि योगदान गर्न सक्ने अवसरको प्रत्याभूति गरिनु पर्छ । यस्ता सामाजिक जबाफदेहिताका औजारहरूको प्रयोगबारे उचित समयमा सही र प्रष्ट सूचना पालिकाका सबै तहका नागरिकले प्राप्त गर्ने गरी प्रवाह गरिनु पर्छ<br>• पालिकाले मस्यौदा गरेका नीति तथा कानुनहरू नागरिक तथा नागरिकका सङ्घ-संस्थाको तहमा छलफल गर्नु पर्छ । नागरिक तथा नागरिकका सङ्घ-संस्थाहरूलाई त्यस्ता कानुन तथा नीतिमा आफ्ना सरोकार तथा सुझावको अवसर प्रदान गरिनु पर्छ। पालिका तहमा हुने लेखापरीक्षण प्रक्रियामा पनि नागरिक सहभागिताको प्रत्याभूति गरिनु पर्छ। त्यसको लागि एक स्थायी संयन्त्र निमार्ण गरी कार्य गर्नु पर्छ<br>• पालिकाहरूले आफ्नो सरकारसँग सरोकार राख्ने सूचनाको प्रभावकारी प्रवाहको लागि वेबसाइट तथा मोवाइल एप्लिकेशन प्रयोगमा ल्याउनु पर्छ । त्यसैगरी कुनै पनि नीतिगत तथा प्रक्रियागत विषयमा नागरिकको सल्लाह र सुझाव लिन तथा प्रवाह गरिएका सेवाको प्रभावकारिता बुझ्नको लागि पालिकाले एसएमएस तथा वेबसाइट र अन्य प्रविधिको व्यापक प्रयोग गर्नु पर्छ<br>• पालिका तहले प्रवाह गर्ने सेवाहरू जस्तै जन्म, मृत्यु, विवाह दर्ताको लागि, कर तिर्न, सुझाव लिन, सूचना तथा जानकारी लिन, सिफारिसहरू लिन, उजुरी गर्न, आवश्यक जानकारी दिन प्रविधिहरूको प्रयोग गर्नु पर्छ |

## ४.४ शासकीय प्रणालीमा नागरिक सहभागिता बढाउनको लागि भूमिका र काम

### क) सङ्घीय, प्रदेश र स्थानीय सरकार

शासकीय प्रणालीमा नागरिक सहभागिता बढाउनको लागि सङ्घीय, प्रादेशिक र स्थानीय सरकारको विशेष भूमिका रहन्छ । यस्ता तीनै तहका सरकारले नागरिक सहभागिता प्रवर्द्धन गर्नको लागि विशेष काम गर्नु पर्ने हुन्छ । तीनै तहका सरकारले गर्नु पर्ने काम तल उल्लेख गरिएको छ ।

| सङ्घीय सरकारले गर्नुपर्ने काम | प्रादेशिक सरकारले गर्नुपर्ने काम | स्थानीय सरकारले गर्नुपर्ने काम |
|---|---|---|
| -सङ्घीय सरकारले निर्माण गर्ने आवधिक योजना तर्जुमा प्रक्रियामा नागरिक संस्थाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने<br>-सङ्घीय सरकारले बनाउने ऐन, नियम, कानुन निर्माणका क्रममा सम्बन्धित क्षेत्रमा काम गरिरहेका नागरिक संस्थाको प्रतिनिधित्व सुनिश्चित गर्ने<br>-सङ्घीय सरकारका मन्त्री तथा अन्य जिम्मेवार पदाधिकारीहरु विभिन्न आम सञ्चारमाध्यम, सूचना प्रविधि वा नागरिक सम्वादका माध्यमहरु प्रयोग गरी नागरिकसँग निरन्तर सम्वादमा रहने । नागरिकसँगको अन्तर्क्रिया र साक्षात्कारबाट कुनै पनि कुराको निर्णय लिने गरी व्यवस्था गर्ने<br>-सङ्घीय सांसदहरुले निरन्तर रुपमा आफ्ना मतदाता तथा अन्य नागरिकसँग अन्तर्क्रिया गर्ने व्यवस्था गर्ने<br>- सङ्घीय तहका विभिन्न संवैधानिक आयोग तथा निकायहरुले हरेक तीन-तीन महिनामा नागरिकसँगको अन्तर्क्रियात्मक कार्यक्रम नागरिक सम्वादको आयोजना गर्ने<br>-सूचना प्रविधि तथा आम सञ्चारमाध्यममार्फत सङ्घीय सरकारले नियमित रुपमा नागरिकको गुनासा सुन्ने र त्यसको समाधान गर्ने संयन्त्र विकास गर्ने | -प्रादेशिक सरकारका आवधिक तथा विषयगत योजना निर्माण, तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्याङ्कन तथा लाभको वितरणलगायतका चरणमा नागरिक तथा नागरिक संस्थाको अर्थपूर्ण सहभागिता संस्थागत रुपमा सुनिश्चित गर्ने<br>-प्रादेशिक सरकारका मन्त्री तथा अन्य पदाधिकारीहरुले विभिन्न सञ्चारमाध्यम, सूचना प्रविधि तथा अन्य संयन्त्रहरुको माध्यमबाट नागरिकसँग सहकार्य र समन्वय गर्ने<br>- प्रादेशिक संसद्का सदस्यहरुले कम्तीमा तीन-तीन महिनामा आफ्नो निर्वाचन क्षेत्रका नागरिकसँग नागरिक सम्वाद आयोजना गर्ने<br>-प्रादेशिक आयोग तथा अन्य निकायहरुले नियमित रुपमा नागरिकसँग सहकार्य र समन्वय गरी उनीहरुको चासो र सरोकारलाई सम्बोधन गर्ने<br>-प्रादेशिक सरकारले सूचना प्रविधि, आम सञ्चारमाध्यम तथा सामाजिक जवाफदेहिता अभिवृद्धि गर्ने संयन्त्रहरुको उपयोग गरी शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिकलाई सहभागी गराउदै लैजाने | -स्थानीय सरकारले बस्ती स्तरमा मासिक रुपमा बस्ती नागरिक मञ्चको आयोजना गरी नागरिक सहभागिता सुनिश्चित गर्ने<br>-मासिक रुपमा वडा स्तरीय नागरिक मञ्चको आयोजना गरी नागरिक सहभागिता सुनिश्चित गर्ने<br>-मासिक रुपमा गाउँपालिका तथा नगरपालिका स्तरीय नागरिक मञ्चको आयोजना गर्ने<br>-जिल्ला समन्वय समितिले तीन-तीन महिनामा नागरिक सम्वाद आयोजना गरी शासकीय प्रक्रियामा नागरिकलाई सहभागी बनाउने<br>-स्थानीय सरकारले निर्माण गर्ने आवधिक तथा विषयगत योजना, योजना तर्जुमा, कानुन तथा ऐन निर्माण र तर्जुमा गर्ने क्रममा नागरिक सहभागिता सुनिश्चित गर्ने<br>-स्थानीय सरकारको योजना तर्जुमा, बजेट विनियोजन, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र लाभ वितरणका सम्पूर्ण चरणमा अर्थपूर्ण र संस्थागत रुपमा नागरिक सहभागिता सुनिश्चित गर्ने<br>-जनप्रतिनिधिहरुले हरेक तीन-तीन महिनामा प्रत्यक्ष रुपमा 'नागरिकसँग जनप्रतिनिधि'जस्ता कार्यक्रमको आयोजना गरी नागरिकको चासो र सरोकार तथा अपेक्षा सङ्कलन गरी त्यसको कार्यान्वयन गर्ने |

## ख. नागरिक संस्थाहरु

(क) शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक सहभागिता अभिवृद्धि गर्न तथा नागरिकको चासो र सरोकारलाई सम्बोधन गर्नको लागि सार्वजनिक निकायलाई जिम्मेवार र जबाफदेही बनाउनको लागि नागरिक संस्थाको महत्त्वपूर्ण भूमिका रहन्छ ।

(ख) समाजमा नागरिक एकातिर रहेका हुन्छन् भने सार्वजनिक सेवा प्रवाह गर्ने सरकारी निकायहरु अर्कोतर्फ रहेका हुन्छन् । कतिपय नागरिकलाई आफ्नो अधिकार तथा कर्तव्यबारे जानकारी नभइरहेको अवस्था छ भने सार्वजनिक निकायले पनि नागरिकको चासोलाई वास्ता नगरिकन आफ्नै किसिमले काम गरिरहेको अवस्था हुन सक्छ । यस्तो अवस्थामा नागरिकलाई सूचित गर्दै उनीहरुलाई सशक्तीकरण गरी उनीहरुको हक तथा अधिकारबारे चेतनशील बनाई आफ्नो लागि आवाज उठाउनसक्ने बनाउने र सार्वजनिक निकायलाई नागरिक चासोलाई केन्द्रमा राखेर योजना तथा नीति निर्माण गर्नको लागि बाध्य बनाउने गरी वकालत तथा पैरवी गर्ने काम नागरिक संस्थाले गर्दछन् ।

(ग) नागरिक संस्थाले सरकारी तथा सार्वजनिक सेवा प्रदायक निकाय र नागरिकलाई जोड्ने पुलको काम गर्न सक्छन् ।

## ४.५ सार्वजनिक निजी साझेदारी

सामान्य भाषामा कुनै सेवा वा कार्य सरकार र निजी क्षेत्रको संयुक्त सहभागितामा सञ्चालन गर्ने काम नै सार्वजनिक-निजी साझेदारी हो ।

(१) यसमा कुनै एक साझेदारीको सम्भावित क्षेत्र पहिचान गरी राज्य, निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा कामको सुरुवात र अन्त्य गरिन्छ ।

(२) साझेदारी निर्माण, बनावट र कामको प्रकारमा हुने गर्दछ ।

(३) सार्वजनिक-निजी साझेदारी एक करार हो ठेक्का होइन । यसमा सरोकारवाला पक्षहरूले निर्दिष्ट सार्वजनिक सेवा प्रवाह सहभागितात्मक रुपमा गर्नेछन् भने त्यसमा वित्तीय, प्राविधिक र जोखिमलाई संयुक्त रुपमा बहन गर्छन् ।

(४) सार्वजनिक क्षेत्रले कुना कन्दरामा काम गर्न नसकेको तथा गरे पनि ढिलो र प्रभावकारी नभएको कारण विभिन्न नमुनाहरूको खोजीमा यस नमुनालाई आत्मसात् गरिएको पाइन्छ ।

(५) सार्वजनिक-निजी साझेदारी कार्यक्रमका विभिन्न क्षेत्रहरूमा गरिबी न्यूनीकरणका लागि साझेदारी, पूर्वाधारसम्बन्धी सार्वजनिक-निजी साझेदारी, समुदायमा आधारित साझेदारी र वस्तु विकास साझेदारी आदि छन् ।

(६) बढ्दो जनआकाँक्षा पूरा गर्न, सार्वजनिक अधिकारमा पहुँच पुर्‍याउन, गुणस्तरको ग्यारेण्टी गर्न, छिटो र छरितो सेवा प्रवाह गर्न, संस्थागत परिवर्तन गर्न, बजेट र सीपका समस्या समाधान गर्न, सार्वजनिक पहुँचमा वृद्धि गर्न, राजनीतिक, सामाजिक र आर्थिक उद्देश्य पूरा गर्न सार्वजनिक-निजी साझेदारीको महत्त्व छ ।

(७) यसरी नै यसबाट आर्थिक, सामजिक विकास, गरिबी घटाउन, समावेशिता र दिगो विकासजस्ता विविध पक्षहरूमा फाइदा पुग्ने र पुगेको देखिन्छ । यसकारण पनि यसको आवश्यकता दिनदिनै बढ्दै गएको छ ।

(८) पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ ले सार्वजनिक-निजी साझेदारीका विभिन्न नमुनाहरू कार्यान्वयन गर्न सकिन्छ भनी उल्लेख गरेको छ, जस्तैः सेवा करार, व्यवस्थापन करार, निर्माण र हस्तान्तरण, निर्माण, सञ्चालन र हस्तान्तरण, निर्माण, स्वामित्व, निर्माण र सञ्चालन, निर्माण, हस्तान्तरण र सञ्चालन, विकास, सञ्चालन, हस्तान्तरण, लिस, निर्माण, सञ्चालन र हस्तान्तरण आदि ।

## ४.६ खुला तथ्याङ्क र सूचनामा पहुँच

### क) खुला सरकारी तथ्याङ्क

(१) खुला सरकार भन्नाले कम्प्युटरमार्फत पहुँच प्राप्त वा परिष्कृत गर्न सकिने गरी सार्वजनिक रुपमा उपलब्ध हुने अपरिष्कृत तथ्याङ्क भन्ने बुझिन्छ । यसरी तथ्याङ्क प्रस्तुत गर्दा कुनै पनि व्यक्तिले कुनै पनि प्रयोजनका लागि आफ्नो आवश्यकताअनुसार स्वतन्त्र ढङ्गबाट तथ्याङ्कको प्रयोग, विश्लेषण तथा आदानप्रदान गर्नसक्ने अवस्था रहन्छ ।

(२) सूचनामा बढीभन्दा बढी समान पहुँच तथा नवीनताका अवसरहरु प्रदान गर्ने बलियो साधनको रुपमा खुला तथ्याङ्कलाई लिइन्छ । सूचनाको सर्वसुलभ उपलब्धता र पहुँचको माध्यमबाट खुला तथ्याङ्कले सरकार, नागरिकहरु, व्यापार-व्यवसाय र नागरिक समाजलाई सार्वजनिक चासोका विषयहरुमा सहभागी गराई उनीहरुको जीवनमा सुधार ल्याउन अझ बढी सुसूचित निर्णय गर्न सक्षम बनाउछ ।

(३) खुला सरकारी तथ्याङ्कले खुला ढाँचामा सार्वजनिक गरिएका सरकारद्धारा प्रस्तुत वा प्रमाणित तथ्याङ्कहरुलाई बुझाउँछ ।

(४) सरकारी तथ्याङ्कको प्रकाशनले सरकारले प्रवाह गरिरहेका सेवा-सुविधालाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि नागरिकको सहभागिताको लागि आधार प्रदान गर्दछ ।

(५) सार्वजनिक भएका तथ्याङ्कअनुसार सेवा-सुविधा पाए, नपाएको कुरामा नागरिकले सक्रियतासाथ सहभागी भएर सरकारी निकायसँग सम्वाद गर्नसक्ने वातावरणको सिर्जना हुन्छ । यसले सरकारलाई समग्र रुपमा अझ बढी दक्ष, प्रभावकारी तथा उत्तरदायी बन्ने अवसर दिन्छ अनि बढीभन्दा बढी नागरिकलाई फाइदा हुने गरी निर्णय लिन सक्ने वातावरण सिर्जना गर्दछ ।

(६) खुला सरकारी तथ्याङ्कअन्तर्गत, बजेट तथ्याङ्क, जनगणना, सार्वजनिक सेवा, वातावरणीय तथ्याङ्क, कुनै पनि योजना निर्माणको बजेटलगायतका अन्य तथ्याङ्क, कुनै पनि निकायसँग आउने वार्षिक बजेटदेखि दूरगामी महत्त्व बोकेका तथ्याङ्कहरु संग्रहसमेत पर्दछन् ।

(७) विश्वका कतिपय सरकारले आफ्ना खुला तथ्याङ्कहरु आफ्नो अनलाइन पोर्टलहरुमा अपलोड गरेर सार्वजनिक गरिरहेका छन् । त्यस्ता तथ्याङ्कहरु नागरिकको सहज पहुँचमा भएपछि त्यसमा आफूलाई चासो र सरोकार भएका सवालमा प्रश्न गरी सहभागिता जनाउन सक्ने अवस्था हुन्छ ।

(८) अहिले संसारका धेरै देशका खुला तथ्याङ्क पोर्टलहरु छन् । यस्ता देशका विभिन्न जिल्ला र राज्यहरुका पनि खुला पोर्टलहरु छन् । उदाहरणको लागि बेलायत सरकारले कसरी काम गर्छ र नीतिहरु कसरी बनाउँछ भन्नेबारे आफ्ना नागरिकलाई बुझाउन, सुसूचित गर्न र उनीहरुको सहभागिता प्रवर्द्धन गर्न नियमित रुपमा तथ्याङ्क सार्वजनिक गर्दछ ।[१]

(९) यसैगरी अफ्रिकी देश केन्याको सरकारले सरकारी, सामाजिक, जनसाँख्यिकीय, भूस्थानिक, वातावरणीय, पूर्वाधार विकास, कृषि, यातायात तथा वित्तीय व्यवस्था, बजेट विनियोजन, खर्चको अवस्थालगायतका अन्य विभिन्न तथ्य, तथ्याङ्कमा नागरिकको सहज र पूर्ण पहुँच तथा अधिकार सुनिश्चित गरेको छ ।[२]

(१०) यसले सरकार, निजी क्षेत्र, गैरसरकारी क्षेत्र तथा नागरिकहरुले खुला तथ्याङ्कको सहज आदानप्रदान गर्ने र उपयोग गर्ने वातावरण सिर्जना गर्दछ ।

---

१ बेलायत सरकारको पोर्टल https://www.data.gov.ukमा गएर थप जानकारी लिन सकिन्छ ।

२ बेलायत सरकारको पोर्टल https://www.data.gov.ukमा गएर थप जानकारी लिन सकिन्छ ।

(११) आफ्नै कम्प्युटरमा आफूसँग सरोकार भएका सवालहरुका तथ्य, तथ्याङ्क प्राप्त गर्न सक्ने भएपछि नागरिकले पनि त्यसमा चासो र सरोकार राख्छन् । यसबाट नागरिकले आफ्नो चासो र सरोकार भएका सवालमा सहभागी हुने, जिम्मेवार अधिकारीको ध्यानाकर्षण गर्ने र आफूलाई प्रभाव पार्ने किसिमको नीति निर्माण हुदाँ नागरिक सहभागिता सुनिश्चित हुने वातावरण सिर्जना हुन्छ ।

(१२) खुला सरकारी तथ्याङ्कले सरकारी गतिविधिमा नागरिक सहभागिता प्रवर्द्धन गर्ने एक बलियो संयन्त्र तथा औजारको भूमिका निर्वाह गर्दछ ।

(१३) खुला तथ्याङ्कले सरकारका हरेक निकाय, विभाग तथा शाखाहरुले एकअर्कोले के कसरी काम गरिरहेका छन् भन्ने कुरा थाहा पाउने अवसर यसका नीति निर्माता तथा जिम्मेवार निकायका अधिकारीलाई प्रदान गर्दछ ।

(१४) यसैगरी नागरिकलाई पनि आफ्नो सरकार, आफ्नो नजिकैको स्थानीय सरकारले के गर्दैछ ? कस्ता नीति नियम बनाउँदैछ ? बजेटको विनियोजन र योजना कसरी निर्माण गर्दैछ ? विनियोजित रकम कसरी खर्च गरिरहेको छ ? भन्नेबारे जान्ने अवसर प्रदान गर्दछ ।

(१५) यसले नागरिकलाई आफ्नो चासो र सरोकारको सवालमा तथ्यपूर्ण रुपमा आफ्ना भनाइ राख्ने वातावरण सिर्जना गर्दछ ।

(१६) सरकारी तथ्याङ्कको सार्वजनिक पहुँच, विश्लेषण तथा आदानप्रदानले सबल, पारदर्शी तथा सहभागितामूलक समाज निर्माणको लागि बलियो आधार निर्माण गर्न योगदान गर्दछ ।

(१७) कार्यक्षमताको अभिवृद्धिः खुला सरकारी तथ्याङ्कले सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका सरकार र यसअन्तर्गतका विभिन्न निकायहरुका तथ्याङ्कको पहुँच, विश्लेषण तथा एकत्रित गर्न अझ सहज बनाउँछ । यसले त्यस्ता निकायहरुबीच बलियो समन्वयको लागि आधार निर्माण गर्दछ । यसले सार्वजनिक सेवाको प्रवाहमा सुधार र सार्वजनिक वस्तुको गुणस्तर अभिवृद्धि गरी सरकारी खर्चको सदुपयोग गर्ने आधार निर्माण गर्छ । यसको लागि नागरिकमा पनि जागरुकता, सामूहिक भावनाको विकास र हरेक वर्ग, क्षेत्र, लिङ्ग, जात, धर्म तथा समुदायका मानिसहरुको समावेशी निर्णय निर्धारणमा सुधार ल्याउँछ जसले सरकारी निकायको कार्यक्षमता अभिवृद्धि गर्दछ ।

## ख) सूचनाको हक

(१८) सार्वजनिक निकायमा रहेको व्यक्तिगत वा सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकारलाई सूचनाको हक भन्ने गरिन्छ ।

(१९) प्रत्येक नागरिकले समाज व्यवस्था, राज्य तथा विश्व व्यवस्थासम्बन्धी जानकारी पाउनु पर्दछ ।

(२०) यस्ता विषयवस्तु थाहा पाएपछि मात्र व्यक्तिले आफ्नो भूमिका सशक्त रुपमा निर्वाह गर्न सक्दछ भन्ने मान्यताका साथ सूचनाको हकलाई नागरिकको मौलिक हकको रुपमा लिएको देखिन्छ ।

(२१) सार्वजनिक निकायले प्रवाह गर्ने सेवालाई प्रभावकारी र जनमैत्री बनाउनको लागि स्थानीय सेवाग्राही (सूचना मागकर्ता) र स्थानीय सेवा प्रदायक (आपूर्तिकर्ता) लाई निरन्तर र सीधा सम्पर्कमा ल्याउन सूचनाको हकको अभ्यासले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसको प्रयोगबाट स्थानीय तहमा जबाफदेहिता अभिवृद्धि हुन्छ ।

(२२) सूचनाको हक प्रयोग गरी नागरिकले शासन प्रणालीमा सहभागी हुन र त्यहाँ भएका विकृति तथा विसङ्गति नियन्त्रण तथा न्यूनीकरण गर्नको लागि योगदान गर्न सक्छन् ।

(२३) नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भनी उल्लेख गरेको छ । यस हकलाई प्रचलन गराउन सूचनाको

हकसम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ समेत जारी भइसकेको छ । सूचनाको हकसम्बन्धी ऐन, २०६४ को निश्चित उद्देश्य छन्:

(क) राज्य अथवा सार्वजनिक निकायका कामकारबाही लोकतान्त्रिक पद्धतिअनुरुप खुला र पारदर्शी बनाउने,

(ख) सार्वजनिक निकायलाई नागरिकप्रति जबाफदेही र जिम्मेवार बनाउने,

(ग) सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउने,

(घ) राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्ने, र

(ङ) नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने रहेका छन् ।

(२४) कुनै पनि सार्वजनिक निकायले प्रवाह गरिरहेका सेवा तथा वस्तुका सम्बन्धमा नागरिकका विविध गुनासा हुन सक्छन् । यद्यपि सूचनाको अभावमा यस्तो गुनासा बाहिर आउन सकिरहेका हुँदैनन् ।

(२५) कुनै विकास निर्माणको काममा कति बजेट विनियोजन भएको थियो, कस्तो काम भयो, भन्नेबारे आवश्यक सूचनाको अभावमा नागरिकले तथ्यपरक रुपमा कुरा उठाउन नसकिरहेका हुन सक्छन् ।

(२६) यस्तो परिस्थितमा सार्वजनिक निकायका कामकारबाही यस्ता निकायले प्रवाह गर्ने वस्तु तथा सेवाबारे जानकारी लिने र त्यहाँको निर्णय र कार्यान्वयन प्रक्रियाको सम्पूर्ण सूचना प्राप्त गर्ने अधिकार नागरिकमा रहेको हुन्छ ।

(२७) नागरिकले सूचना माग गरी आवश्यक सूचना प्राप्त गरेपछि त्यसको आधारमा शासकीय प्रक्रियामा सुधार गर्न तथा सुशासन अभिवृद्धि गर्नको लागि उनीहरुले योगदान गर्न सक्छन् ।

(२८) तथ्यमा आधारित पैरवी गरेर विगतमा भएका समस्या तथा कमजोरीमा प्रश्न गरी आगामी दिनमा सुधार गर्नको लागि नागरिक सहभागितालाई प्रवर्द्धन गर्दछ ।

(२९) सूचनाको हक सुशासनको अभिन्न अङ्ग र नागरिकलाई प्राप्त मानवअधिकार तथा नागरिक अधिकार हो ।

(३०) सूचनाको हकले शासन प्रणालीमा नागरिक सहभागिता प्रवर्द्धन गर्दै सुशासन स्थापना गर्न योगदान गर्दछ ।

(३१) स्थानीय विकासका कार्यमा जनसहभागिता भएमा समस्याको पहिचान, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र उपयोग गरी सबै चरणमा प्रभावकारिता एवं तीब्रता आउँछ ।

(३२) सहभागिताले जनआकाँक्षाको प्रतिनिधित्व गर्दछ भने विकास कार्यहरुलाई प्रभावकारी, मितव्ययी तथा दिगो बनाउन र अपनत्व महसुस गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

(३३) नागरिक सहभागिताबिनाको निर्णय तथा विकासका कार्यहरुले सर्वसाधारणको मन जित्न सक्दैन ।

(३४) यसैले सूचनाको हक राज्य, सरकार तथा सार्वजनिक निकायको कुनै पनि कामकारबाहीका सम्बन्धमा नागरिक सहभागिता प्रभावकारी बनाउने महत्त्वपूर्ण औजार हो ।

(३५) सूचनाको हकले निम्नानुसार नागरिक सहभागिता प्रवर्द्धन गर्दै सुशासन अभिवृद्धिमा योगदान गर्दछः

| | |
|---|---|
| पारदर्शिता | • सूचनाको हकले पारदर्शिता प्रवर्द्धन गर्दछ ।<br>• लोकतान्तिक देशमा शक्तिको श्रोत नागरिक हुने हुनाले विकास निर्माणका प्रक्रिया, निर्णय प्रक्रिया तथा सामाजिक, आर्थिक भौतिक तथा अन्य पक्षहरुको पारदर्शिता आवश्यक पर्दछ ।<br>• सूचनाको हकको प्रयोगले सरकारका कामकारबाहीमा पारदर्शिता अभिवृद्धि गरी सुशासन स्थापना गर्न ठूलो योगदान पुऱ्याउँछ । |
| जबाफदेहिता | • सार्वजनिक पद धारण गर्ने व्यक्तिले आफ्नो अधिकार र जिम्मेवारी पूरा गरेमा मात्र विधिको शासन कायम रहन सक्छ ।<br>• नागरिकले समयमै सेवा तथा सुविधा पाउन सक्छन् भन्ने मान्यताका साथ जबाफदेहिताको अवधारणा आएको हो ।<br>• जबाफदेहिताको अभिवृद्धिले सुशासनलाई समेत प्रवर्द्धन गर्दछ ।<br>• सूचनाको हकको उपयोग गरी नागरिकले सार्वजनिक सेवा प्रदायक निकायको जबाफदेहिताको अनुगमन गर्न सक्छन् जसले सुशासनलाई पृष्ठपोषण गर्दछ । |
| कानुनी शासन | • नागरिक अपेक्षाअनुसार कानुन निर्माण गर्नु र त्यसैको आधारमा शासन सञ्चालन गर्नु सुशासनको अवधारणाअनुरुप हुन जान्छ ।<br>• कानुनी शासनलाई सूचनाको हकले ठीक ठाउँमा ल्याउन मद्दत गर्दछ । |
| सशक्तीकरण | • सूचनाको हक नागरिकलाई सशक्तीकरण गर्ने माध्यम पनि हो ।<br>• व्यक्तिले आफ्नो अधिकार पहिचान गर्ने र त्यो अधिकार प्रयोग गर्ने स्वतन्त्रता प्राप्त गरेमा मात्र सशक्तीकरण भएको मानिन्छ ।<br>• सशक्तीकरणले समाज वा राज्यमा रहेका गरिब, असहाय तथा पछाडि पारिएका वर्गहरुलाई अवसरका लागि तयार रहनसमेत सघाउँछ ।<br>• कमजोरहरुको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक सशक्तीकरणको प्रक्रियामा सूचनाको हक एक महत्त्वपूर्ण औजार हो । |
| नागरिक सहभागिता | • शासन प्रणालीमा नागरिकको सहभागिता प्रवर्द्धन गर्नको लागि सूचनाको हक एक माध्यम हो ।<br>• सूचनाको हकको प्रयोगबाट शासन प्रणालीका सम्बन्धमा आवश्यक पर्ने सूचना नागरिकले सहजै प्राप्त गर्न सक्छन् र त्यसको आधारमा वकालत गरी सुधारको लागि योगदान गर्न सक्छन् । |
| भ्रष्टाचार नियन्त्रण | • स्थानीयदेखि केन्द्रीय तहसम्म हुने भ्रष्टाचार, अनियमितता तथा विकृति र विसङ्गति नियन्त्रण गर्नको लागि सूचनाको हक एक बलियो र प्रभावकारी अस्त्र हो ।<br>• सूचनाको हकको प्रयोग गरी कुनै पनि नागरिकले कुनै पनि व्यक्तिगत वा सार्वजनिक सरोकारको सूचना प्राप्त गर्न सक्छन् ।<br>• त्यसैले कुनै विकास निर्माण वा अन्य कुनै कुरामा केही शंका लागेमा नागरिकले सूचनाको हक प्रयोग गरी सूचना माग्न सक्छन् र उक्त स्थानमा केही अनियमितता भएको पाइएमा त्यसलाई सार्वजनिक गरी सुधारको प्रयास गर्न सक्छन् । यसले भ्रष्टाचार नियन्त्रणको लागि योगदान पुऱ्याउँछ । |

| | |
|---|---|
| समावेशिता | • सूचनाको हकले समावेशिता प्रवर्द्धन गर्नको लागि महत्त्वपूर्ण योगदान पुर्‍याउँछ ।<br>• संविधान तथा अन्य कानुनले समावेशीकरणबारे विभिन्न व्यवस्थाहरु गरेको छ । यस्ता संवैधानिक तथा कानुनी व्यवस्था कार्यान्वयन भइरहेको छ या छैन, भन्ने थाहा पाउन सूचनाको हक उपयोग गर्न सकिन्छ । यसरी सूचना प्राप्त गरिसकेपछि त्यस्ता कानुनी व्यवस्थाको कार्यान्वयनको लागि आवश्यक पर्ने दबाब दिन, तथा पैरवी गर्न सकिन्छ ।<br>• समावेशितालाई व्यावहारिक रुपमा कार्यान्वयन गर्नको लागि सूचनाको हकले महत्त्वपूर्ण योगदान पुर्‍याउँछ । |
| सुशासन प्रवर्द्धन | • सूचनाको हकले समाजमा सुशासनका प्रमुख तत्त्वहरु जस्तै पारदर्शिता, जबाफदेहिता, कानुनी शासन, नागरिक सहभागिता, प्रभावकारिता, समता र समावेशिता, रणनीतिक दूरदृष्टि तथा सहमतितर्फ उन्मुख हुनको लागि आधार तय गर्दछ ।<br>• सूचनाको हकको प्रयोग गरी सूचना प्राप्त गरी सार्वजनिक गर्ने हो भने पारदर्शिता र जबाफदेहिता वृद्धि गर्न मद्दत पुग्छ । यसैगरी कानुन कार्यान्वयनको अवस्था कस्तो छ भनेर खोजी गर्ने हो भने कानुनी शासन स्थापनाको लागि योगदान गर्दछ ।<br>• यसरी हेर्दा सुशासनका आधारभूत तत्त्वहरुको प्रभावकारी कार्यान्वयनमा सूचनाको हकले मद्दत गर्दछ । |

(३६) नागरिकले कुनै पनि सार्वजनिक सेवा प्रदायक निकायमा निम्नानुसार सूचनाको हक प्रयोग गरी शासन प्रणालीमा सहभागी हुन सक्छन्:

(क) सूचनाको हकसम्बन्धी ऐनको दफा (५) ३ मा सार्वजनिक निकायले आफ्नो निकायसँग सम्बन्धित निश्चित किसिमका सूचनाहरु सूचिकृत गरी नियमित रुपमा अद्यावधिक र प्रकाशन गर्नुपर्ने व्यवस्था छ । जसलाई प्रसक्रिय खुलासा भनिन्छ । यसअनुसार सम्बन्धित निकायले नियमित रुपमा प्रकाशन गरिरहेको छ या छैन भन्नेबारे अनगुमन गर्न सकिन्छ । यसको लागि हरेक सार्वजनिक निकायमा रहेका सूचना केन्द्र, सम्बन्धित निकायको वेबसाइट, सूचना पाटी, सार्वजनिक सञ्चारमाध्यमबाट प्राप्त गर्न सकिन्छ ।


(ख) स्थानीय तहमा पाइने बजेट तथा कार्यक्रम पुस्तिका, वार्षिक नगर विकास योजना, विषय क्षेत्रगत योजनाहरु, अन्तिम लेखापरीक्षण प्रतिवेदन, बोर्डको निर्णयहरु, गाउँपालिका तथा नगरपालिकाले प्रकाशन गरेका बुलेटिनहरु, नगरपालिका तथा गाउँपालिकाका वस्तुगत विवरण, नगरपालिकाको भौगोलिक सूचना प्रणाली अद्यावधिक विवरण, सार्वजनिक सुनुवाइको प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदनलगायतका सामग्री स्वतः सार्वजनिक गर्नुपर्ने हुन्छ । नागरिकले यस्ता सामग्रीको नियमित रुपमा सङ्कलन तथा अध्ययन गरेर उक्त सामग्रीहरुमा उल्लेख गरिएअनुसारको अवस्था आफ्नो गाउँघरमा छ कि छैन भन्ने खोजी गर्ने र यदि त्यस्तो भएको नपाइएमा यसबारे सम्बन्धित निकायमा गुनासोसमेत गर्न सक्छन् ।

(ग) स्थानीय तहका सरकारले सञ्चालन गरेका योजनाको योजनास्थलमा सबैले देख्ने स्थानमा उक्त योजनाको विस्तृत विवरण सूचनापाटी बनाएर राख्न सकिन्छ । यसैगरी कतिपय योजनाको डिजिटल सूचना पाटी राख्ने, सूना प्रविधिको माध्यमबाट सूचना प्रवाह गर्न सकिन्छ । परम्परागत रुपमा योजना स्थलमा आयोजनाको नाम, लागत, सहभागिता, बजेट, सम्पन्न गर्नुपर्ने कार्यको विवरण, आयोजना सुरु

मिति, सम्पन्न हुने मितिलगायत खुलाएर सूचना पाटी राखिएको हुन्छ । पछिल्लो समयमा डिजिटल सूचना पाटी, सूचना प्रविधिका औजारहरुमार्फत प्रवाह भएको सार्वजनिक सूचनाहरुअनुसारका काम भए, नभएको खोजी गर्न सकिन्छ । यदि सूचनापाटीमा उल्लेख गरेअनुसारको काम नभएको पाइएमा यसबारे नागरिकले सम्बन्धित निकायमा गुनासो गर्ने हो भने समयमै गुणस्तरीय काम गर्न ठूलो योगदान हुन्छ ।

(घ) यदि कुनै पनि सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुमा रहेका कुनै कामप्रति चित्त नबुझेमा वा केही आशंका भएमा नागरिकले सूचनाको हकसम्बन्धी ऐनबमोजिम सूचना माग्न सक्छन् । यसमा स्थानीय तहको सरकारको योजना निर्माणका सबै प्रक्रिया, कार्यान्वयनका सबै प्रक्रिया, श्रोत, साधन सम्बन्धित कामकारबाही, यससँग सम्बन्धित अभिलेख अवलोकन गर्ने, निरीक्षण गर्ने र जाँच्ने गर्न सक्छन् । यसैगरी स्थानीय तहमा रहेका दस्तावेज वा अभिलेखको टिपोट लिने, उद्धृत अंश लिने/उद्धृत गर्ने वा प्रमाणित प्रतिलिपि लिन सकिन्छ । स्थानीय तहमार्फत भएका सार्वजनिक निर्माण कार्यमा प्रयोग भएका वस्तु वा निर्माण सामग्रीको प्रमाणित नमुना लिन सकिन्छ । साथै, मुद्रित, डिस्केट, पेन ड्राइभ, टेप, भिडियो क्यासेट वा कुनै पनि विद्युतीय माध्यम वा मुद्रणमार्फत सूचना प्राप्त गर्न सकिन्छ । त्यसैले नागरिकले यस किसिमका सूचना माग गरी प्राप्त सूचनाको आधारमा कुनै समस्या वा कमजोरी भएको पाइएमा सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने विभिन्न संयन्त्र प्रयोग गरेर वा आम सञ्चारमाध्यममार्फत त्यसलाई सार्वजनिक गरेर पनि सुशासन अभिवृद्धिको लागि नागरिकले योगदान गर्न सक्छन् ।

सूचनाको हक प्रयोग गरेर निम्नानुसारको क्षेत्रमा नागरिक सहभागी हुँदै सुशासन अभिवृद्धिमा योगदान गर्न सक्छन् ।




**सूचनाको हकमार्फत शासन प्रणालीलाई जनमुखी, पारदर्शी तथा जबाफदेही बनाउनको लागि नागरिकले गर्न सक्ने कामहरु**

(क) हरेक कार्यालय तथा सार्वजनिक निकायले हरेक तीन-तीन महिनामा निश्चित किसिमका सूचनाहरु स्वत: सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। आफ्नो सरोकारको निकायले यसरी सार्वजनिक गरेको सूचना वेबसाइटमा खोजी डाउनलोड गर्ने

(ख) यदि आफूलाई चाहिएअनुसारको सूचना वेबसाइटमा नपाइएमा सम्बन्धित सार्वजनिक निकायमा पुगी सूचना अधिकारीसँग लिखित रुपमा माग्ने

(ग) सूचना अधिकारीबाट मागबमोजिम सूचना प्राप्त गर्न नसकेमा सम्बन्धित कार्यालय प्रमुखसमक्ष निवेदन दिई सूचना माग्ने

(घ) यदि कार्यालय प्रमुखबाट पनि समयमा यथोचित तबरबाट सूचना प्राप्त गर्न नसकेमा राष्टिय सूचना आयोगमा पुनरावेदन दिने । आयोगमार्फत सम्बन्धित सार्वजनिक निकायबाट दिन मिल्ने सम्पूर्ण सूचनाहरु प्राप्त गर्न सकिन्छ ।

## ४.७ नागरिक सहभागिताको प्रक्रिया

(१) शासन प्रणालीमा नागरिक सहभागिताका विभिन्न प्रक्रियाहरु छन्। सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरुले सञ्चालन गर्ने विभिन्न कार्य तथा प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्न सकिन्छ ।

(२) यसको लागि सार्वजनिक सेवा प्रदायक निकाय खासगरी स्थानीय तहको सरकारले सञ्चालन गर्ने विभिन्न कार्य तथा गतिविधिहरुमा नागरिक सहभागिता सुनिश्चित गर्न सकिन्छ। यसका विभिन्न प्रक्रियाहरु छन्। जसलाई तल उल्लेख गरिएको छ:

### (क) नीति तथा कानुन निर्माण प्रक्रियामा नागरिक सहभागिता

(१) नगर तथा गाउँसभाले नेपालको संविधानको अनुसूची ८ मा गाउँपालिका तथा नगरपालिकाको २२ किसिमका एकल अधिकार क्षेत्रसम्बन्धी स्थानीय कानुन बनाउन पाउने व्यवस्था छ।

(२) गाउँसभा तथा नगरसभाले अनुसूची ९ सँग सम्बन्धित सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारक्षेत्रका विषयमा सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी स्थानीय नीति तथा कानुन बनाउन पाउने व्यवस्था छ।

(३) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिका तथा नगरपालिकाले बनाउन पाउनेमध्ये निम्नानुसारका नीति तथा कानुन निर्माण गर्दा नागरिक सहभागिता आवश्यक हुन्छ ।

| क.सं. | स्थानीय तहका सरकारले बनाउनु पर्ने मुख्य-मुख्य कानुनहरु |
|---|---|
| १ | स्थानीय तहमा कर लगाउनेसम्बन्धी कानुन (धारा २२८) |
| २ | निर्णय तथा आदेश प्रमाणीकरणसम्बन्धी कानुन (धारा २१४ (५) |
| ३ | स्थानीय तहको आर्थिक कार्यविधि कानुन, (धारा २२९) |
| ४ | स्थानीय तहको राजस्व तथा व्ययको अनुमानसम्बन्धी कानुन, (धारा २३०) |
| ५ | कार्य विभाजन तथा कार्यसम्पादन नियमावली (धारा २२८) |
| ६ | गैरसरकारी सङ्घ-संस्था, उपभोक्ता समिति, सहकारी संस्थालगायतका सामाजिक तथा सामुदायिक सङ्घ-संस्थासँगको समन्वयसम्बन्धी कानुन (स्थानीय सरकार सञ्चालन ऐन दफा ७०) |
| ७ | गाउँपालिका तथा नगरपालिकामा आकस्मिक कोष स्थापना र सञ्चालनसम्बन्धी (स्थानीय सरकार सञ्चालन ऐन दफा ७०) |

| | |
|---|---|
| ८ | कार्यपालिकाको बैठक तथा निर्णयसम्बन्धी व्यवस्था कार्य विभाजन तथा कार्य सम्पादन नियमावलीबमोजिम हुने (स्थानीय सरकार सञ्चालन ऐन दफा १७) |
| ९ | न्यायिक समितिसँग सम्बन्धित म्याद तामेली, पक्षहरु उपस्थित गराउने तथा मिलापत्र गराउने प्रक्रिया, लगत कट्टा गर्नेलगायतका कार्यविधि, (स्थानीय सरकार सञ्चालन ऐन दफा ४९) |
| १० | सङ्घीय कानुनले निर्धारण गरेको आधारभूत सिद्धान्त र मापदण्डको अधिनमा रही स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था सम्बन्धमा स्थानीय तहले कानुन बनाउने |
| ११ | एकीकृत सम्पत्ति करमा छुट दिनसक्ने मापदण्ड (स्थानीय सरकार सञ्चालन ऐन दफा ५५) |
| १२ | स्थानीय तहको सार्वजनिक खरिद नियमावली (स्थानीय सरकार सञ्चालन ऐन दफा ७४) |
| १३ | संविधान र कानुनबमोजिम गाउँपालिका र नगरपालिकाको अधिकार क्षेत्रभित्रका शिक्षा, स्वास्थ्यलगायतका अन्य विषयहरु |
| १४ | गाउँपालिका तथा नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता निर्माण |
| १५ | विषयगत क्षेत्रका सेवा प्रवाहका क्षेत्रहरु जस्तै शिक्षा, स्वास्थ्य, कृषि, प्रकोप व्यवस्थापन, वातावरण आदि । |

(४) यसअनुसारका नीति तथा कानुन निर्माण प्रक्रियामा नागरिक सहभागिता प्रवर्द्धन गर्दा स्थानीय सरकारमार्फत बनेका कानुन तथा नीति नियमप्रति नागरिकको अपनत्वमा अभिवृद्धि हुन जान्छ ।

(५) भोलिका दिनमा यस्ता नीति, नियम तथा कानुन लागु गर्नको लागि निकै सजिलो हुने र आम नागरिकले त्यसलाई सहजै स्वीकार गर्ने अवस्था सिर्जना हुन्छ ।

(६) यसैगरी यसको कार्यान्वयनको लागि नागरिक समाजको समेत साथ, सहयोग र सहकार्य हुन जान्छ। फलत: शासन प्रणाली प्रभावकारी हुनगई स्थानीय तहको प्रभावकारिता अभिवृद्धि हुन जान्छ ।

(७) स्थानीय सरकार सञ्चालन ऐनअनुसार माथि उल्लेख गरिएअनुसारका स्थानीय कानुन बनाउने प्रक्रिया र चरणहरु विभिन्न छन् । तलको तालिकाले स्थानीय कानुन बनाउने प्रक्रिया तथा चरणहरु र त्यसमा नागरिक सहभागिता हुनसक्ने सम्भावित प्रक्रियाबारे प्रष्ट पार्दछ ।

| स्थानीय कानुन बनाउने प्रक्रिया तथा चरणहरु | नागरिक सहभागिता बढाउन स्थानीय सरकारले गर्नुपर्ने काम | नागरिकको जिम्मेवारी |
|---|---|---|
| • कार्यपालिकाले गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको विषयमा सभामा विधेयक प्रस्तुत गर्न सक्ने<br>• पेश भएको विधेयक सभामा तत्काल कायम रहेका सदस्यहरुका बहुमतले पारित गर्ने<br>• पारित विधेयक १५ दिनभित्र सभाका अध्यक्षले प्रमाणीकरण गर्ने | –स्थानीय तहको सरकारले कुनै पनि नीति, नियम तथा कानुन निर्माण गर्नुभन्दा पहिला त्यसको मस्यौदा बनाई नागरिक समाजसँगको सहकार्यमा प्रत्येक वडामा नागरिक संस्था तथा नागरिकलाई आमन्त्रण गरी छलफल गरी सुझाव सङ्कलन गर्ने<br>–नागरिकको चासो, सरोकार र उनीहरुले दिएको सुझावलाई समेटेर कानुनको अन्तिम मस्यौदा बनाउने र त्यसबारे जानकारी दिनको लागि गाउँपालिका/नगरपालिकास्तरीय सार्वजनिक सुनुवाइ आयोजना गरी नागरिकलाई जानकारी दिने | –आफ्नो स्थानीय तहमा के कस्ता नीति तथा कानुन बन्दैछ भन्नेबारे चासो राख्ने र बन्दै गरेका नीति र कानुनमा समेट्नु पर्ने विषयवस्तुलाई लिखित वा मौखिक रुपमा पेश गर्ने<br>–बन्दै गरेका नीति तथा कानुनको मस्यौदा लिएर सर्वसाधारणबीच बहस र छलफलमा लैजाने र सुझाव सङ्कलन गर्ने<br>–कुनै पनि नीति तथा कानुनले भोलिको दिनमा के कस्तो प्रभाव |

| स्थानीय कानुन बनाउने प्रक्रिया तथा चरणहरु | नागरिक सहभागिता बढाउन स्थानीय सरकारले गर्नुपर्ने काम | नागरिकको जिम्मेवारी |
|---|---|---|
| प्रमाणीकरण भएको विधेयक ऐन बन्ने | –नागरिक सुझाव सङ्कलन गर्नको लागि सूचना प्रविधि तथा अन्य विकल्पबाट सार्वजनिक सूचना प्रकाशित वा प्रसारित गरी कम्तीमा १५ दिनको मिति दिएर सुझाव माग गर्ने र यसरी प्राप्त सुझावलाई सान्दर्भिकता हेरी समावेश गर्ने<br>–नीति या कानुनपारित भइसकेपछि त्यसबारे नागरिकलाई जानकारी दिनको लागि आम सञ्चारमाध्यममार्फत प्रचारप्रसार गर्ने | तथा असर पार्दछ भन्नेबारे विज्ञसँग समन्वय गरी बुझेर सोहीअनुसारको सुझाव दिने<br>–स्थानीय तहको सरकारले पारित गरेका कुनै पनि कानुन कार्यान्वयनको लागि आवश्यक साथ र सहयोग उपलब्ध गराउने |
| • सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियामवली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समितिलगायत आवश्यकताअनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्ने | | |
| • सभाको व्यवस्थापन कार्यविधिसम्बन्धी अन्य विषय सभाले बनाएको सभाको कार्य सञ्चालन नियमावलीबमोजिम हुने | | |

### (ख) सार्वजनिक नीति निर्माण प्रक्रियामा नागरिक सहभागिता

(१) देश र नागरिकको सर्वाङ्गीण विकास, हित र सरोकारका लागि सरकार तथा यसअर्न्तगतका निकायहरुले अवलम्बन गर्ने मार्गदर्शनलाई सार्वजनिक नीति भनिन्छ ।

(२) स्थानीय, प्रादेशिक तथा सङ्घीय तीनै तहका सरकार र यसअर्न्तगतका निकायहरुले यस किसिमका सार्वजनिक नीति निर्माण गर्दछन् ।

(३) कुनै पनि सार्वजनिक नीति विस्तृत, उद्देश्यमूलक तथा नतिजामूलक हुन्छ । यसैगरी विभिन्न समयमा नागरिकसँग गरिएका प्रतिबद्धता पूरा गर्ने क्रममा तीनै तहका सरकार तथा तीअर्न्तगतका निकायहरुद्वारा लिइएको अठोट वा घोषणालाई पनि सार्वजनिक नीतिको रुपमा लिइन्छ ।

(४) यसरी हेर्दा कुनै पनि सार्वजनिक नीतिलाई सरकार र नागरिकलाई जोड्ने योजकको रुपमा पनि लिन सकिन्छ ।

(५) कुनै पनि सार्वजनिक चासो वा सरोकारका विषयमा व्यवस्थापिका संसद, सरकार तथा न्यायपालिकाले गरेका निर्णय सार्वजनिक नीति हो । यो अधिकार प्राप्त जिम्मेवार अधिकारी वा निकायबाट औपचारिक रुपमा जारी गरिन्छ ।

(६) यसरी हेर्दा देशको मूल कानुन संविधान, ऐन, नियमावली, नियम, निर्देशिका, कार्यविधि, बार्षिक नीति तथा कार्यक्रम, बार्षिक बजेट, आवधिक योजना, क्षेत्रगत नीति, रणनीति, कार्यनीतिलाई सार्वजनिक नीतिको रुपमा लिन सकिन्छ ।

(७) कुनै पनि सार्वजनिक नीति निर्माण प्रक्रियाअर्न्तगत राज्यको ईच्छाशक्तिको निर्माण, त्यस्तो सार्वजनिक नीतिको आवश्यकता तथा सान्दर्भिकतामाथि विश्लेषण र यसको कार्यान्वयन गरी तीनओटा विषय पर्दछन् ।

(८) यस्ता हरेक चरण एक आपसमा अन्तरसम्बन्धित पनि छन् । त्यसैले सार्वजनिक नीति निर्माणको क्रममा आउने यी तीनओटै चरणमा नागरिक सहभागिता सुनिश्चित गर्दा त्यस्तो नीति नागरिकमैत्री र जनचासोका

सवाललाई समेट्ने किसिमका बन्छन् र नागरिकको जीवनस्तरलाई माथि उठाउन र सेवा तथा सुविधा पुर्‍याउनको लागि योगदान गर्छन् ।

(९) स्थानीय, प्रादेशिक तथा सङ्घीय सरकार र तीअर्न्तगतका निकायहरुले कुनै पनि सार्वजनिक नीति निर्माण गर्दा नागरिक सहभागिता सुनिश्चित गर्नु पर्दछ । सार्वजनिक नीति निर्माण तथा तर्जुमाको निम्नानुसारका चरणमा नागरिक तथा नागरिक संस्थाको सहभागिता सुनिश्चित गर्न सकिन्छ ।

| सार्वजनिक नीति निर्माणको चरण | नागरिक सहभागिताको प्रक्रिया |
|---|---|
| सार्वजनिक नीति तर्जुमा | • कुनै पनि सार्वजनिक नीति नागरिकको मागको आधारमा उनीहरुकै सहभागितामा निर्माण गर्ने नीतिगत तथा कानुनी आधार तय गर्ने<br>• कुनै पनि नीतिको माग पहिचान गर्ने सन्दर्भमा नागरिक सहभागिता सुनिश्चित गर्ने<br>• यसरी पहिचान गरिएको नीतिको मस्यौदा तयार गर्ने क्रममा नागरिक सहभागिता सुनिश्चित गर्ने<br>• तर्जुमा गरिएको नीतिको मस्यौदामाथि आम नागरिकबीच छलफल तथा अन्तर्क्रिया गरी नागरिकको सल्लाह लिने<br>• निर्माण हुन लागेको नीति सम्बन्धित विषयका सरोकारवाला विषय विज्ञ तथा सोही क्षेत्र वा विषयमा काम गरिरहेका नागरिक संस्थासँग अन्तर्क्रिया गरी उनीहरुको सल्लाहलाई समेट्ने<br>• तर्जुमा गरिएको नीतिको निर्णय गर्ने कार्यमा पनि सरोकारवाला नागरिक संस्थाको प्रतिनिधित्व सुनिश्चित गर्ने |
| सार्वजनिक नीति विश्लेषण | • कुनै पनि सार्वजनिक नीतिको प्रभाव र असरको विश्लेषण गर्ने कार्यमा नागरिक सहभागिता सुनिश्चित गर्ने<br>• कुनै पनि नीतिको प्रभाव र असरको विश्लेषण गर्ने क्रममा सम्बन्धित विषय विज्ञ र सोही विषय वा सवालमा कार्यरत नागरिक संस्थाका प्रतिनिधिको सहभागिता सुनिश्चित गर्ने<br>• सरोकारवालाहरुको सहभागिता तथा समन्वयमा पर्याप्त विश्लेषण नगरिकन निर्माण हुने नीतिको कार्यान्वयनमा साह्रै समस्या आउँछ । त्यसैले सरोकारवालाहरुसँगको सहभागितामा विहङ्गम रुपमा नीतिको विश्लेषण गर्नु पर्छ । |
| सार्वजनिक नीति कार्यान्वयन | • हरेक नीतिको कार्यान्वयन चरणमा नागरिक सहभागिता अत्यन्तै महत्त्वपूर्ण हुन्छ । कुनै पनि सार्वजनिक नीति नागरिककै लागि निर्माण हुने भएकोले यस्ता नीतिहरुबारे नागरिक शिक्षामार्फत सचेतना अभिवृद्धि गर्ने काममा नागरिक सहभागिता महत्त्वपूर्ण हुन्छ<br>• सार्वजनिक नीति कार्यान्वयनको लागि आवश्यक पर्ने अनुकूल वातावरण निर्माणको लागि नागरिक संस्थासँग सहकार्य र समन्वय गर्ने<br>• सार्वजनिक नीति कार्यान्वयनको क्रममा हुने समस्याहरु घटाउनको लागि नागरिक सहभागिता सुनिश्चित गर्ने<br>• नेपालमा राम्रा सार्वजनिक नीति बन्ने तर त्यसको कार्यान्वयन पक्ष साह्रै कमजोर हुने गुनासो व्यापक छ । यसलाई न्यूनीकरण गर्न कार्यान्वयनको लागि नागरिक संस्थासँग सहकार्य गरी अघि बढ्ने |

## (ग) योजना तर्जुमा प्रक्रियामा नागरिक सहभागिता

(२) प्रत्येक स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा नागरिकको विहङ्गम सहभागिताका साथ नतिजामूलक ढङ्गले गर्नु पर्दछ ।

(३) स्थानीय तहको सरकारले योजना तथा बजेट तर्जुमा गर्नुभन्दा पहिला आयोजना छनोट र प्राथमिकीकरणको आधार र मापदण्ड तयार पार्नुपर्ने व्यवस्था ।

(४) यस किसिमका आधार र मापदण्ड तयार गर्दा बस्ती तथा टोल, वडा तथा गाउँपालिका र नगरपालिका स्तरका छुट्टा छुट्टै मापदण्ड र आधार तोक्न सकिने व्यवस्था छ । स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम र योजना तर्जुमा गर्दा विभिन्न सात चरणहरु अवलम्बन गर्नुपर्ने व्यवस्था छ ।

| चरण | योजना तर्जुमाको कार्य | नागरिक सहभागिताका प्रक्रिया |
|---|---|---|
| चरण १ | सङ्घ तथा प्रदेशबाट वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने स्थानीय तहले प्रत्येक वर्ष सङ्घीय/प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणको खाका तथा मार्गदर्शन प्राप्त गरी उक्त खाका, मार्गदर्शन एवं स्थानीय श्रोत-साधन समेतको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने | – |
| चरण २ | श्रोतको अनुमान र कुल बजेट सीमा निर्धारण | –विषय क्षेत्रगत सीमा निर्धारण गर्दा समपूरक कोष, लक्षित समूह विकास, आर्थिक सामाजिक तथा पूर्वाधार विकास र प्रवर्द्धनात्मक कार्यक्रमहरुको लागि निश्चित रकम छुट्याउनु पर्ने हुन्छ। श्रोतको अनुमान र कुल बजेट सीमा निर्धारण गर्ने क्रममा यस्ता क्षेत्रमा बजेट विनियोजन भए, नभएकोमा नागरिकले चासो राख्न सक्छन् ।<br>– गाउँ तथा नगर कार्यपालिकाले विषय क्षेत्रगत बजेट सीमा, मार्गदर्शन तथा प्राथमिकीकरणका आधारहरु स्वीकृत गरी वडा तहमा पठाइसकेपछि वडा समितिले प्राप्त विषय क्षेत्रगत सिमा र मार्गदर्शनमा छलफल गर्ने, वडाअन्तर्गतका बस्तीहरुमा योजना छनोटको ढाँचा तयार गर्ने, बस्तीहरुमा योजना छलफलको मिति तय गरी सूचना गर्ने काम हुन्छ। यस्ता सूचनाहरु सर्वसाधारणसमक्ष पुऱ्याउने, बढीभन्दा बढी नागरिक त्यसमा पनि महिला, दलित, जनजातिजस्ता पछाडि परेका वा पारिएका र वहिष्कृत समुदायको प्रतिनिधित्व बढाउने काममा नागरिक सहभागी हुन सक्छन् । |

| चरण | योजना तर्जुमाको कार्य | नागरिक सहभागिताका प्रक्रिया |
| --- | --- | --- |
| चरण ३ | बस्ती/टोलस्तरबाट आयोजना/कार्यक्रम छनोट | –वडा समितिले बस्तीस्तरको आयोजना तथा कार्यक्रम छनोटको ढाँचा तय गर्दा वडाभित्रका बस्तीहरुलाई विभिन्न समूह (क्लष्टर) निर्माण गरी सबै नागरिकलाई योजना छनोटको बस्ती स्तरीय भेलामा सहभागी हुने वातावरण तय गर्ने व्यवस्था छ। यसमा कुन स्थान सबैलाई पायक पर्छ, कुन दिन सबैलाई सहज हुन्छ भन्नेबारे समेत वडा समितिलाई नागरिक संस्था वा नागरिक आफैले सुझाव दिन सक्छन्। <br>–बस्ती स्तरको आयोजना तथा कार्यक्रम छनोटका लागि वडा सदस्यको नेतृत्वमा परिचालित टोलीको नेतृत्वमा बस्ती तथा टोलस्तरको आयोजना छनोट गर्दा बालबालिका, महिला, आदिवासी, जनजाति, मधेसी, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, पछाडि पारिएका वर्गलगायत सबै समुदायको अर्थपूर्ण उपस्थितिको वातावरण बनाउन नागरिकले घरदैलो अभियान, सार्वजनिक सञ्चारमाध्यममार्फत सूचना प्रवाह, चोक-चोकमा हस्तलिखित सूचना टाँस, विद्यालयका विद्यार्थीमार्फत अभिभावकलाई निमन्त्रणा पत्र पठाएर नागरिक सहभागिता बढाउन योगदान गर्न सक्छन्। <br>–यस्ता आयोजना तथा कार्यक्रम छनोटमा नागरिक संस्थाहरुको सहभागिता सुनिश्चित गर्नु पर्छ। यसमा आमा समूह, महिला समूह, बालक्लबहरु, स्थानीय गैरसरकारी सङ्घ-संस्थाहरु, युवा क्लब तथा सञ्जालहरु, सहकारी संस्थाहरु, निजी क्षेत्रका संस्थाहरु, स्थानीय गुठीजस्ता अनौपचारिक संस्थाहरुलगायतका स्थानीय सङ्घ-संस्थाहरुको सक्रिय सहभागिताको सुनिश्चितताको लागि नागरिकले आवाज उठाउन सक्छन्। <br>–विपन्न तथा बहिस्करणमा परेका समुदायका व्यक्तिलाई बोल्नको लागि उत्प्रेरित गर्ने र उनीहरुले राखेका माग बस्तीस्तरमा छनोट भएका आयोजना र कार्यक्रमहरुको सूचीमा परे, नपरेको सुनिश्चित गर्नु पर्छ। |
| चरण ४ | वडा स्तरीय आयोजना/ कार्यक्रमहरुको प्राथमिकीकरण | –हरेक वडा समितिले गाउँपालिकाबाट प्राप्त आयोजना र कार्यक्रमहरुको प्राथमिकीकरण मापदण्डको आधारमा टोल तथा बस्तीस्तरबाट प्राप्त आयोजना र कार्यक्रमहरुलाई विषय क्षेत्रसमेत छुटट्याई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा सिफारिस गरी पठाउनुपर्ने व्यवस्था छ। यसरी समितिमा पठाउँदा तलबाट आएका योजना परे, नपरेको खोजी गरी अत्यावश्यक किसिमका योजना छुटेमा त्यसलाई समावेश गर्नको लागि नागरिकले पृष्ठपोषण गर्न सक्छन्। |

| चरण | योजना तर्जुमाको कार्य | नागरिक सहभागिताका प्रक्रिया |
|---|---|---|
| | | – योजना तर्जुमाको यस चरणमा वडा समितिले बस्ती स्तरबाट माग नभएका तर गाउँ र नगर स्तरमा महत्त्वपूर्ण देखिएका आयोजना र कार्यक्रमहरुलाईसमेत औचित्य खुलाई प्राथमिकीकरणको सूचीमा राखी पठाउन सक्ने व्यवस्था छ । त्यसैले यस चरणमा नागरिकले दुई कुराको लागि सचेततापूर्वक सहभागी हुनु आवश्यक छ । पहिलो, यस चरणमा राजनीतिक तथा सामाजिक रुपमा शक्तिशालीले आफ्नो अनुकूलताका योजना घुसाउन सक्ने अवस्था रहन्छ । दोस्रो, यदि वास्तविक रुपमा कुनै आयोजना अत्यावश्यक छ तर बस्ती स्तरबाट माग भई आएको नदेखिएमा त्यस्ता योजनालाई समावेश गर्नको लागिसमेत नागरिक सहभागी हुन सक्छन् । |
| चरण ५ | बजेट तथा कार्यक्रम तर्जुमा | – बजेट तथा कार्यक्रम तर्जुमा गर्दा समितिले वडा समितिबाट प्राथमिकीकरण भइआएका आयोजना तथा कार्यक्रमहरु तथा गाउँ र नगर स्तरमा सञ्चालन गर्न आवश्यक देखिएका आयोजना र कार्यक्रमससमेतका आधारमा विषय क्षेत्रगत सूची तयार पार्नुपर्ने हुन्छ । यस क्रममा नगारिक संस्था तथा कुनै पनि नागरिकले सहभागी भएर समितिलाई सहयोग गर्न सक्छन् ।<br>–विषयक्षेत्र गत सूची तयार पार्दा आर्थिक, सामाजिक, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास तथा सेवा प्रवाह, वित्तीय व्यवस्थापन र सुशासनका क्षेत्र छुटट्याउनु पर्ने व्यवस्था छ । यस किसिमको विषय क्षेत्रगत सूची तयार पार्ने क्रममा सम्बन्धित क्षेत्रमा काम गर्ने नागरिक संस्था तथा त्यसबारे जानकारी र चासो राख्ने नागरिकको सहभागिताको लागि आधार तयार गर्नुपर्ने हुन्छ ।<br>–यस क्रममा विषयक्षेत्र गत कार्य समूहले विषय क्षेत्रगत छलफलमा सम्बन्धित विषयका विज्ञ वा क्षेत्रका प्रतिनिधिलाई आमन्त्रण गर्नसक्ने हुन्छ । जसमा यससँग सम्बन्धित नागरिक संस्था तथा विषय विज्ञ सहभागी भएर योजनाहरुको प्राथमिकीकरण गर्न योगदान गर्न सक्छन् । यसले आयोजनाहरु राजनीतिक रुपमा पूर्वाग्राही हुनबाट रोक्न सकिन्छ ।<br>–यस क्रममा आवश्यकताको आधारमा आयोजना तथा कार्यक्रमहरु विनियोजन गर्ने, विपन्न तथा सीमान्तकृत वर्ग तथा समुदायका नागरिकको जीविकोपार्जन तथा शसक्तीकरणको लागि आवश्यक पर्ने आयोजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनको लागि नागरिकले वकालत गर्न सक्छन् । |

| चरण | योजना तर्जुमाको कार्य | नागरिक सहभागिताका प्रक्रिया |
| --- | --- | --- |
| चरण ६ | गाउँ/नगर कार्यपालिकाको बैठकबाट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने | –माथिका चरण पार भइआएका आयोजना तथा कार्यक्रम परे, नपरेको नागरिकले ध्यान दिने र यदि नपरेको पाइएमा त्यसलाई समावेश गर्नको लागि समन्वय गर्ने ।<br>–समयमै बजेट तथा कार्यक्रम स्वीकृत गरेर असार १५ गते गाउँ र नगर सभामा बजेट भाषणमार्फत पेश गर्ने वातावरण निर्माण गर्नको लागि नागरिकले सक्रिय रुपमा योगदान गर्ने । |
| चरण ७ | गाउँ/नगर सभाको बैठकमा बजेट तथा कार्यक्रम स्वीकृत | –स्वीकृत नीति, कार्यक्रम र बजेटलाई गाउँघरमा लगेर नागरिकलाई जानकारी दिने ।<br>–नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको लागि निर्माण गरिएको समयतालिका सम्पूर्ण सरोकारवाला नागरिकबीच पुर्‍याउनको लागि योगदान गर्ने ।<br>–कुनै पनि योजनामा कति बजेट आएको छ, कति काम गर्नुपर्ने हो लगायतका सवालबारे सामान्य छलफल वा भेटघाटमार्फत सम्पूर्ण सरोकारवाला तथा लाभग्राही नागरिकलाई चेतनशील बनाई त्यस्ता कार्यक्रमको कार्यान्वयनमा उनीहरुको सक्रिय सहभागिता रहने आधार तयार गर्ने । |

## जनप्रतिनिधिविहीन अवस्थामा स्थानीय शासनमा नागरिक सहभागिता

नेपालमा वि.सं. २०५९ देखि २०७४ सम्म स्थानीय निकाय जनप्रतिनिधिविहीन बन्न पुगे । यस अवधिमा नागरिक तथा सामुदायिक संस्थाहरूको सशक्तीकरण, सामाजिक परिचालन कार्यक्रमअन्तर्गत स्थानीय निकायका सबै वडामा वडा नागरिक मञ्चहरू गठन गर्ने लक्ष्य राखिएको थियो । जसमध्ये ९९.७% वडामा वडा नागरिक मञ्चहरू गठन भएका थिए । स्थानीय निकायहरूमा निर्वाचित जनप्रतिनिधिहरू नरहेको अवस्थामा वडा नागरिक मञ्चहरूले निर्वाह गर्दै आएको सक्रिय भूमिकाको परिणामस्वरुप ८१% गाविस र ८३% नगरपालिकाले सामाजिक तथा आर्थिक रुपमा पछि परेका सीमान्तकृत वर्गहरू, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति आदिको सक्रिय सहयोगमा सहभागीमूलक रुपमा योजना तर्जुमा गरी निर्धारित समय सीमाभित्र स्थानीय निकायहरूले परिषद् सम्पन्न गरेका थिए । बालबालिकाका सरोकारहरूलाई स्थानीय योजनाहरूमा समावेश गर्न २,१४२ गाविस र १६९ नगरपालिकाहरूले बालभेला आयोजना गरी बालबालिको माग सम्बोधन गर्ने परिपाटी संस्थागत गर्ने प्रयत्न भएको थियो । स्थानीय स्तरका निर्णय प्रक्रियामा महिलाको सहभागिता उल्लेख्य रुपमा वृद्धि भएको देखिन्छ । विद्यालय भर्ना, खोप अभियान, व्यक्तिगत घटना दर्ताजस्ता क्षेत्रहरूमा उत्साहजनक प्रगति भएको छ । बाल विवाह, बाल श्रम, बोक्सीको आरोप, जातीय छुवाछुत तथा छाउपडी प्रथाहरूमा अत्यधिक कमी आएको छ । वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रबाट निर्वाह भएका यी प्रशंसनीय पहलहरूलाई स्थानीय शासन पद्धतिलाई सवलीकरण गर्न र समाज रुपान्तरणका क्षेत्रमा भएको उल्लेखनीय कामका रुपमा लिन सकिन्छ ।

सामुदायिक जिम्मेवारीहरू निर्वाह गर्ने संस्कार बसाल्न सामाजिक परिचालन कार्यविधि, २०७१ को प्रावधानअनुसार कुल ३१,४१४ वडा नागरिक मञ्चहरूमध्ये २५,०५२ मा एक चौथाइ सदस्यहरू प्रतिस्थापन भई १ लाख ५६ हजार ५७५ नयाँ सदस्यहरूले जिम्मेवारी लिएको देखिन्छ। यसरी, वडा नागरिक मञ्चमा कुल सदस्य संख्या ७ लाख ५९ हजार ५६८ थियो । वडा नागरिक मञ्च वर्गीकरण सूचकअनुसार कूल ३१,४१४

मञ्चहरूमध्ये २३,४०० को भूमिका अति राम्रो भएको अध्ययनले देखाएको छ। यसैगरी ४,३०० वडा नागरिक मञ्चहरू मध्यम र बाँकी प्रगतिउन्मुख रहेका छन् । आ.व. ०७२/७३ मा सामाजिक र आर्थिक विकासका दृष्टिले पछि परेका वडा तथा बस्तीहरूमा ५,००० नागरिक सचेतना केन्द्र गठन गर्ने लक्ष्य रहेकोमा २०७३ जेष्ठ अन्त्य सम्ममा ४,१६७ केन्द्रहरू गठन भई नागरिक सचेतना केन्द्रहरूको कुल संख्या ८,४८४ पुगेको थियो । जसमां कुल २ लाख ९ हजार २६४ सहभागीहरूमध्ये ८४% महिला थिए । यसबीच ६३ वटा नागरिक सचेतना केन्द्रहरू सहकारीमा परिणत भई अन्य निकायहरूसँग कार्यगत सम्बन्ध स्थापना गर्न सफल भएका देखिन्छन् ।

गरिबीका अन्तरनीहित कारणहरूको विश्लेषण गरी विपन्नता र पछौटेपन रहनुका कारणहरूबारे नागरिक सचेतना केन्द्रहरूमा छलफल गर्ने, अवस्था बोध गराउने र सुधारका लागि पहल गर्ने, लक्षित तथा समावेशी विकास पक्रियालाई स्थानीय स्तरदेखि संस्थागत गर्ने प्रयासस्वरुप हालसम्म २,८०३ गाविस र नगरपालिका तर्फ १,७९६ बस्तीहरूमा विपन्नता स्तरीकरण गर्ने काम सम्पन्न भएको थियो । यसरी जनप्रतिनिधिविहीन अवस्थामा गठन भएको वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रले स्थानीय शासन प्रणाली र प्रक्रियामा नागरिक सहभागितालाई संस्थागत गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ ।

यसैगरी सामाजिक जबाफदेहिता अभिवृद्धि सेवा प्रदायक निकायहरूलाई नागरिकहरूप्रति जबाफदेही बनाई सेवा प्रवाह प्रक्रियालाई छिटो, सरल र पारदर्शीरुपमा सञ्चालन गर्ने प्रयोजनका लागि ६६ जिल्लामा तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले सामाजिक जबाफदेहिता अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको थियो । बाँकी ९ जिल्लामा स्थानीय सरकारको जबाफदेहिता अभिवृद्धि कार्यक्रमले उक्त कार्य गरेको थियो । कार्यक्रमका तर्फबाट २०७३ सालमा ६६ नागरिक संस्थाहरूद्वारा १,६१३ गाविसहरू र १८५ नगरपालिकाहरूमा जबाफदेहिता पालना अनुगमनका कार्यहरू गरिएको थियो । यसका साथै, नागरिक संस्थाहरूको पालना अनुगमनसँग सम्बद्ध २४९ कर्मचारीलाई कार्य सञ्चालन प्रक्रिया र उत्तरदायित्व परीक्षण र प्रवर्द्धनका औजारहरूको प्रयोग सम्बन्धमा पुनर्ताजगी तालिम दिइएको थियो । स्थानीय निकायतर्फ स्थानीय विकास अधिकारीहरू र कार्यकारी अधिकृतहरूका लागि पालना अनुगमन र नागरिकप्रतिको जबाफदेहिता, पारदर्शिता, गुनासो व्यवस्थापन र नागरिक संस्थाहरूको जिम्मेवारी सम्बन्धमा अनुशिक्षण गरिएको छ । यसले स्थानीय शासनमा नागरिकलाई संलग्न गराउनको लागि महत्त्वपूर्ण योगदान गरेको देखिन्छ ।

## (घ) योजना कार्यान्वयन प्रक्रियामा नागरिक सहभागिता

(१) स्थानीय तहका योजना कार्यान्वयन गर्दा त्यसलाई प्रभावकारी, जनमुखी, पारदर्शी, जबाफदेही तथा तोकिएको लक्ष्य प्राप्त गर्नको लागि आयोजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्नु जरुरी छ ।

(२) योजना कार्यान्वयन प्रक्रियामा नगारिक सहभागिता सुनिश्चित गर्दा त्यसबाट एकातिर स्थानीय नागरिकले सार्वजनिक विकास निर्माण तथा सेवा प्रवाहको काममा अपनत्व अनुभव गर्दछन् भने अर्कोतिर सार्वजनिक निकायलेसमेत अनावश्यक विवाद तथा झमेलामा फस्नु नपर्ने हुन्छ। त्यसैले कुनै पनि योजना कार्यान्वयनको चरणमा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्ने हुन्छ ।

(३) नागरिकले पनि आफ्नो चासो तथा चाहनाअनुसारको योजनाको कार्यान्वयन गर्न सक्छन् र यस्ता योजना थप प्रभावकारी हुने वातावरण सिर्जना हुन्छ ।

घटना अध्ययन

## ब्राजिलमा सफल सहभागितामूलक बजेट निर्माण

सन् १९६४ देखि १९८५ सम्म ब्राजिलमा तानाशाही शासन व्यवस्था थियो । यद्यपि सन् १९९८ मा मात्र लोकतान्त्रिक संविधान जारी भएको थियो । यसै क्रममा सन् १९८९ मा सम्पन्न नगर निर्वाचनमा लोकतान्त्रिक दल वर्कर्स पार्टीले नगर निर्वाचन जित्यो । नगरपालिकाद्धारा नागरिकलाई दिनसक्ने सेवा र उनीहरुलाई लोकतान्त्रिक प्रक्रियाामा सहभागी गराउनसक्ने उपायहरुको खोजी उक्त दलले गर्‍यो । यसको लागि उक्त दलले लोकतान्त्रिक अभ्यासलाई नागरिक तहसम्म पुर्‍याउन पहल गर्‍यो । यही क्रममा उक्त पार्टीका तर्फबाट निर्वाचित मेयरले बजेटको निर्णय र सार्वजनिक खर्चको व्यवस्थापनमा नागरिक सहभागिताको ढाँचा प्रयोग गर्न थाले ।

वर्कर्स पार्टीको अग्रसरतामा सुरु भएको सहभागितामूलक बजेट निर्माण प्रक्रियाले सुशासनलाई महत्त्वपूर्ण योगदान पुर्‍याएको छ । ब्राजिलका जनप्रतिनिधि खासगरी नगरपालिकाका मेयरहरुले नागरिक सहभागिताको अभ्यास सुरु गरेका थिए । नगरपालिकाका मेयरहरुले बजेट निर्माणका सम्पूर्ण प्रक्रियाहरुमा नगरवासीलाई सक्रिय रुपमा सहभागी गराउने कामको थालनी गरे । यसको लागि मेयरले आफ्नो नगरमा नागरिकहरुसँग बजेटका लागि आवश्यक र प्राथमिकताको माग गरेर यस प्रक्रियाको थालनी गरेका थिए । यसअन्तर्गत बजेट निर्माण, योजना तर्जुमा र बजेट विनियोजनका लागि समन्वय गर्न नागरिक सक्रियतामा समन्वय समितिहरु निर्माण गरिएका थिए । यसक्रममा नगरपालिकालाई आवश्यकताअनुसार विभिन्न भौगोलिक क्षेत्रमा विभाजन गर्ने र बजेट विनियोजनका विषयलाई पनि आवश्यकताअनुसारको प्राथमिकतामा बाँडिएको थियो । यसरी भौगोलिक रुपमा विभाजित क्षेत्रमा गठन भएका समन्वय समितिहरुमा प्राथमिकता तोकिएका विषयहरुमा हरेक वर्ष दुई चरणमा छलफल हुने व्यवस्था मिलाइयो । नागरिकका व्यक्तिगत, समूहगत, समुदायगत आवश्यकता, माग र चाहनाहरुको संलग्नताको लागि हरेक वर्षको मार्च महिनामा बृहत् नागरिक भेला हुने व्यवस्था सुनिश्चित गरियो । यस भेलापछिको चरणमा नागरिकका समूहगत, समुदायगत औपचारिक तथा अनौपचारिक संस्थाको सहभागिता हुने व्यवस्था गरियो ।

यसपछि हुने विभिन्न चरणको बजेट छलफलमा भाग लिनका लागि क्षेत्रीय प्रतिनिधिहरुको छनोट गर्ने र यसका लागि समुदायहरु परिचालन गर्ने व्यवस्था मिलाइयो । यो नागरिक तहमा हुने समूहगत छलफलको चरण हो र यसमा नागरिकको संलग्नता हुँदैन । त्यसपछिको चरणमा नगरपालिकाका प्रमुखसँग समुदायका प्रतिनिधि र नागरिकहरुको उपस्थितिमा हुने व्यवस्था छ । एप्रिल महिनामा हुने यो छलफलमा अघिल्लो वर्षको बजेटको उपलब्धिको मूल्याङ्कन, आगामी वर्ष उक्त क्षेत्रमा गरिनुपर्ने बजेट बाँडफाँटको आवश्यकता र प्रयोजनका लागि विभिन्न क्षेत्र र समुदायबाट प्रतिनिधिको छनोट गर्ने काम हुन्छ । यसरी मार्चदेखि जूनसम्म विभिन्न चरणहरुमा हुने यी अनौपचारिक छलफलमा ती क्षेत्रका सामुदायिक विकास समूहहरु, युनियनहरु, आमा समूहहरु, बाल क्लबहरु, युवा समूहहरुलगायतले आ-आफ्ना क्षेत्र र स्थानको आवश्यकता र मागहरुको पहिचान गरी आगामी प्रक्रियाका लागि प्रस्तुत गर्ने व्यवस्था छ ।

यस्ता मागलाई आवश्यकताका आधारमा प्राथमिकतामा राखी सहभागितामूलक बजेट निर्माण परिषद्मा पठाइन्छ । यो प्रक्रियासँगै जुलाई महिनामा बजेट निर्माण परिषद् पनि गठन हुन्छ । जसमा प्रारम्भिक रुपमा तयार पारिएका विषयवस्तुमा सम्बद्ध व्यक्तिको पनि सहभागिता हुन्छ । परिषद्मा हरेक समुदाय, क्षेत्र, लिङ्ग, वर्ग तथा यसअघिका विभिन्न विषयगत छलफलका सहभागीहरुमध्ये प्रत्येकबाट एकजनाको दरले नछुट्ने गरी सदस्यहरु रहन्छन् । उक्त परिषद्ले आफ्नो कार्य प्रणालीका सीमाहरु र निर्णय लिन पद्धति आफै बनाउने गर्दछ । यसपछि भएका छलफलबाट सिफारिस भइआएका विषयमा परिषद्ले विहङ्गम छलफल सुरु गर्छ र ती माग र आवश्यकतालाई नगरपालिकासमक्ष पेश गर्ने व्यवस्था छ । यसले तयार पारेको अन्तिम प्रतिवेदनलाई

सेप्टेम्बर महिनामा नगरपालिकासमक्ष अन्तिम कार्यान्वयनका लागि पठाउने गर्दछ । नगरपालिकाको पनि उपमेयरको चेम्बरमा विधायिकी ढङ्गबाट उक्त प्रस्तावित बजेटउपर छलफल हुन्छ । डिसेम्बरसम्म हुने उक्त छलफललाई बजेट निर्माण परिषद्ले अनुगमन गरिरहन्छ । उक्त चेम्बरले पनि अन्तिम रुप दिएपछि उक्त बजेटलाई विनियोजनका लागि कार्यकारिणी अधिकार रहेको मेयरसमक्ष पठाइन्छ । यसपछि बजेट पारित गरिन्छ । यसरी बजेट पारित मात्र नभई त्यसको कार्यान्वयनको लागि नागरिकले सक्रियतापूर्वक सहभागी भएर वर्षभरि नै अनुगमनसमेत गरिरहन्छन् ।

एउटा नगरबाट सुरु गरिएको यस कार्य पछिल्लो समय देशव्यापी बनेको छ । सहभागितामूलक बजेट निर्माण प्रक्रियाले चालु वर्षको बजेट के कसरी विनियोजन भएको छ, के कसरी खर्च भइरहेको छ र आगामी वर्ष कुन क्षेत्रका लागि खर्च आवश्यक छ या बजेटको बाँडफाँट र खर्चमा सरकारले सामाजिक उत्तरदायित्व पूरा गर्न सकेको छ या छैन भन्नेबारे पनि नागरिकले आफै थाहा पाउने अवस्था सिर्जना गरिएको छ ।

बजेट निर्माणमा नगारिक सहभागिता सुनिश्चित गर्दा नागरिकलाई सशक्त बनाइएको छ । निर्णय प्रक्रियामा सहभागी हुनका लागि नागरिकलाई उत्साहित गरिएको छ । नागरिकले तिरेको करबाट बनेको राजस्वको परिचालन के कसरी भइरहेको छ भन्ने थाहा पाउने अवस्था भएको छ । यसैगरी आफ्नो आवश्यकताका क्षेत्रमा बजेटको व्यवस्थापन कसरी गर्न सकिन्छ भन्ने विषयमा नागरिकलाई जानकार बनाएको छ । यसले नागरिकको चेतनाको स्तर बढाएको छ । यो प्रक्रिया सुरु गरेको पोर्टो एलिग्री नगरमा सन् १९८८ मा भएको निर्वाचनमा जम्मा ३४ प्रतिशत मात्र नागरिक सहभागिता रहेकोमा सन् १९९६ मा ५६ प्रतिशत पुगेको देखिन्छ । सन् १९८९ देखि १९९५ सम्मको अवधिलाई हेर्दा खानेपानीमा नागरिकको पहुँच बढेर ८० प्रतिशतबाट ९८ प्रतिशत पुगेको थियो । नगरवासीको फोहोर व्यवस्थापनमा पहुँच ४६ प्रतिशतबाट बढेर ८५ प्रतिशत पुगेको देखिन्छ । विद्यालयमा विद्यार्थी भर्ना संख्या दोब्बर भएको छ । सन् १९८९ देखि उक्त नगरमा हरेक वर्ष कम्तीमा ३० किलोमिटरका दरले सडक निर्माण भएको देखिन्छ । नागरिक सहभागितामार्फत बजेट विनियोजनको प्रक्रिया सुनिश्चित गर्दा सडकका लागि नगरबासी झगडा गर्न छाडेका छन् । राजनीतिक दल तथा तिनका नेतामा भनसुन गर्न छाडेका छन् । बरु आफैले योजना बनाएका छन् र सोहीअनुसार हरेक वर्ष ३० किलोमिटरको दरले सडक बनाउदै गएको देखिन्छ । यसले बजेट पारदर्शिता बढाएको छ जसले नगरपालिकाको कामप्रति नागरिकको विश्वास बढेको देखिन्छ । नगरपालिकाले तोकेको कर तिर्न नागरिक उत्साहित भएका छन् । सन् १९८९ भन्दा अघिको तुलनामा राजस्व उठ्तीको दर कम्तीमा पनि ५० प्रतिशतले बढेको देखिन्छ । नागरिकको आम्दानी र श्रमिकको ज्याला बढेको छ । स्थानीय सरकारले नागरिक सहभागिता सुनिश्चित गर्दा त्यसबाट हुने फाइदाको एक सफल उदाहरण बनेको छ यो घटना । त्यसैले पछिल्लो समय ब्राजिलका ९० भन्दा बढी नगरले नागरिक सहभागितामा बजेट निर्माण गर्ने यो तरिका अपनाएका छन् ।

योजना कार्यान्वयनको तहमा नागरिक सहभागिता सुनिश्चित गरी सुशासन अभिवृद्धि गर्ने सन्दर्भमा सार्वजनिक निकाय र नागरिक समाजको जिम्मेवारी

| सार्वजनिक सेवा प्रदायक निकायको जिम्मेवारी | नागरिक संस्था तथा व्यक्तिको जिम्मेवारी |
|---|---|
| • कार्यक्रम तथा आयोजना सञ्चालन गर्दा सामाजिक परिचालनलाई ध्यान दिँदै सामाजिक परिचालक, नागरिक संस्था जस्तै आमा समूह, महिला समूह, बाल क्लबहरु, युवाक्लब, जातीय तथा धार्मिक समुदाय, गुठीजस्ता अनौपचारिक सङ्घ-संस्थाहरु, विकासका साझेदारहरु, पछाडि पारिएका वर्ग तथा समुदायको प्रतिनिधित्व गर्ने सङ्घ-संस्थाहरुको सहभागिता सुनिश्चित गर्ने | • स्थानीय तहका सरकारलाई योजना तथा कार्यक्रम कार्यान्वयनको चरणमा सबै पक्ष तथा समुदायको सहभागिता सुनिश्चित गर्नको लागि समन्वय गर्ने<br>• यस्ता बैठकहरुमा नियमित रुपमा जाने र आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि नागरिक दृष्टिकोण राख्ने |

| सार्वजनिक सेवा प्रदायक निकायको जिम्मेवारी | नागरिक संस्था तथा व्यक्तिको जिम्मेवारी |
|---|---|
| • यस्ता निकायका प्रतिनिधि तथा अन्य व्यक्तिहरुसँग आवश्यकताअनुसार नियमित रुपमा बैठक तथा छलफल गरी कार्यक्रम तथा आयोजना प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि वातावरण तय गर्ने | • कुनै पनि योजनाप्रति नागरिकको दृष्टिकोण के रहेको छ भन्नेबारे उनीहरुको राय तथा विचार बुझेर यस्ता बैठकमा जानकारी गराउने<br>• यस्ता बैठकमा भएका महत्त्वपूर्ण निर्णयहरुबारे सरोकारवाला तथा अन्य नागरिकलाई जानकारी गराउने |
| • कार्यक्रम तथा आयोजना स्वीकृत भएपछि उपभोक्तामार्फत सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाको हकमा १५ दिनभित्रमा उपभोक्ता समिति गठन गरी सम्झौताका लागि सम्पर्क राख्न सम्बन्धित लाभग्राही समूहलाई जानकारी दिने<br>• यसरी जानकारी दिँदा र उपभोक्ता समिति गठन गर्दा दलीय भागवण्डाको आधारमा नभई सम्बन्धित लाभग्राही समूहकै नेतृत्वमा समावेशिताको सिद्धान्तअनुसार गर्ने | • स्वीकृत कार्यक्रम तथा योजनाको उपभोक्ता समिति गठन गर्नको लागि आयोजना हुने भेलामा लक्षित वर्ग तथा समुदायका नागरिकको उपस्थितिको लागि सुसूचित गर्ने<br>• लाभग्राही समूहलाई उपभोक्ता समितिमा बस्नको लागि वातावरण निर्माण गर्ने ।<br>• उपभोक्ता समितिमा लाभग्राही समूहकै व्यक्तिको नेतृत्वको लागि वातावरण तयार पार्ने<br>• उपभोक्ता समिति गठन गरी योजना सम्झौताको लागि आवश्यक पर्ने वातावरण तयार पार्नको लागि आवश्यक पर्ने काममा सहभागी हुने |
| • आयोजना सञ्चालन गर्दा पालना गर्नुपर्ने विभिन्न नीतिगत तथा कानुनी व्यवस्थाबारे नागरिक संस्थासँगको सहकार्य तथा समन्वयमा सम्बन्धित पक्षलाई सुसूचित गराउने | • कुनै पनि आयोजना सञ्चालन हुँदा पालना गर्नुपर्ने नीतिगत तथा कानुनी व्यवस्था परिपालन भए, नभएकोमा ध्यान दिने । यदि त्यस्तो नभएको पाइएमा सम्बन्धित स्थानीय सरकारलाई जानकारी गराउने र योजना कार्यान्वयन पक्ष र सरकारी निकायका प्रतिनिधिलाई सँगै राखेर छलफलबाट त्यस्तो कार्यान्वयनको वातावरण निर्माण गर्ने |
| • कार्यक्रम वा आयोजना कार्यान्वयन गर्दा स्थानीय नागरिक संस्था जस्तै बालबालिकाको क्षेत्रमा काम गर्दा बालक्लब, युवासँग सरोकार राख्ने विषयमा युवा सञ्जाल, लैङ्गिक शसक्तीकरणमा महिला तथा आमा सञ्जाल आदिसँगको सहकार्य तथा समन्वयमा गर्ने नीतिगत व्यवस्था गर्ने | • लक्षित वर्ग तथा समुदायसँग सम्बन्धित कार्यक्रम तथा आयोजना सोही वर्ग तथा समुदायले नेतृत्व गरेका नागरिक संस्थाहरुबाट गर्नको लागि सम्बन्धित सार्वजनिक निकायलाई अनुरोध गर्ने<br>• स्थानीय तहबाट विनियोजन भएका बजेटमा यस्ता कुन कुन कार्यक्रम छन् त्यसको |

| सार्वजनिक सेवा प्रदायक निकायको जिम्मेवारी | नागरिक संस्था तथा व्यक्तिको जिम्मेवारी |
| --- | --- |
| • यस्ता कार्यक्रम तथा आयोजनाको सञ्चालन, रेखदेख तथा मर्मत-सम्भार गर्ने कार्यका लागि पनि नागरिक संस्थालाई प्रोत्साहन गर्ने<br>• कतिपय कार्यक्रमहरु स्थानीय नागरिक संस्थाहरुबाट कार्यान्वयन गर्नेमा जोड दिने | पहिचान गरी सम्बन्धित सरोकारवाला निकाय तथा नागरिकलाई जानकारी दिने |
| • आयोजनाको लागत अनुमानअनुसारका खरिद गर्नुपर्ने विभिन्न सामग्रीहरुको खरिद समितिमा नागरिक समाजका प्रतिनिधिलाई राख्ने व्यवस्था मिलाउने<br>• उपभोक्ता समितिसँगको सम्झौता पत्रमा सामग्री खरिद गर्दा नागरिक संस्था वा स्थानीय बुद्धिजीवीमध्येबाट एकजना सदस्यको रुपमा राख्नुपर्ने प्रावधान राख्ने | • उपभोक्ता समितिको सामग्री खरिद समितिमा जानकार व्यक्तिलाई सदस्यको रुपमा राख्ने र खरिदमा हुनसक्ने सम्भावित अनियमितता न्यूनीकरण गर्ने कामको अगुवाइ गर्ने<br>• खरिदका सम्बन्धमा सार्वजनिक खरिद ऐनबमोजिम गर्नको लागि नागरिक तवरबाट खवरदारी गर्ने |
| • आयोजना स्थलमा कुल बजेट, गुणस्तर, योजनाको सुरु र समापन हुने मितिलगायतका सामान्य जानकारी राख्ने | • कुनै पनि आयोजना स्थलमा सूचनापाटी राखे, नराखेको अनुगमन गर्ने, यदि नराखेको पाइएमा राख्नको लागि समन्वय गर्ने |
| • आयोजना तथा कार्यक्रमको कार्यान्वयन सम्पन्न भइसकेपछि सम्पूर्ण लाभग्राही नागरिकको उपस्थितिमा आयोजना स्थलमै सार्वजनिक परीक्षण गर्ने व्यवस्था मिलाउने<br>• यस्तो सार्वजनिक परीक्षण सञ्चालनको लागि तेस्रो पक्ष जस्तै स्थानीय नागरिक संस्था जस्तै युवा सञ्जाललाई जिम्मेवारी दिन सकिन्छ | • हरेक आयोजना सम्पन्न भइसकेपछि आयोजना स्थलमा लाभग्राही सरोकारवाला नागरिकको उपस्थितिमा सार्वजनिक परीक्षण भए, नभएको अनुगमन गर्ने र यदि नभएको पाइएमा त्यस्तो परीक्षण गर्नको लागि सार्वजनिक निकायसँग समन्वय गर्ने<br>• यस्ता सार्वजनिक परीक्षणमा धेरैभन्दा धेरै सरोकारवाला नागरिकको उपस्थितिको लागि प्रचारप्रसार गर्ने<br>• आफूले पनि यस्ता कार्यक्रममा गएर कुनै समस्या भएमा आवाज उठाउने र त्यसको सुधारको लागि दबाब दिने |

### (ङ) सार्वजनिक निकायका गतिविधिमाथि नागरिक निगरानीमा नागरिक सहभागिता:

- हरेक सार्वजनिक निकायले सञ्चालन गरेका गतिविधि तथा कार्यक्रमबारे नागरिक निगरानी गर्न सकिन्छ । आफ्नो चासो र सरोकार रहेका सार्वजनिक निकाय के कसरी सञ्चालित छन्, के कस्ता काम गरिरहेका छन्, के कस्तो किसिमले बजेट विनियोजन भएको छ र त्यसको खर्च गर्ने प्रक्रिया कत्तिको पारदर्शी छ भन्ने कुरा नागरिकले निरन्तर रुपमा निगरानी गर्न सक्छन् ।

- आफ्नो नजिकैको र सरोकारको सार्वजनिक निकायले गरिरहेका गतिविधिबारे चासो राख्ने, खोजी गर्ने, केही समस्या देखिएमा नागरिकले सम्बन्धित निकायका अधिकारीसमक्ष त्यस्ता विषयमा गुनासो गर्ने, त्यसको सुधारको लागि पैरवी गर्ने, नागरिकलाई यसबारे सूचित गर्नेलगायतका काम गरेर शासकीय प्रक्रियालाई नागरिकमैत्री बनाउन सकिन्छ ।

### (च) योजनाको अनुगमन तथा मूल्याङ्कनमा नागरिक सहभागिता

(१) बजेट तथा कार्यक्रमको कार्यान्वयनको लागि गाउँ र नगर सभाबाट वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत भएपछि गाउँ र नगर कार्यपालिकाको कार्यालयले कार्यक्रम कार्यान्वयन योजना तयार पार्नुपर्ने व्यवस्था छ । जसमा कार्यान्वयन कार्य योजना तयार गर्दा कार्यान्वयनको ढाँचा, समय सीमा, कार्यान्वयन गर्ने जिम्मेवार निकाय वा पदाधिकारी, अनुगमन र मूल्याङ्कनको मापदण्ड र प्रक्रियासमेत तोक्नुपर्ने हुन्छ ।

(२) स्थानीय सरकारले आफूमातहत सञ्चालित आयोजनाहरुको सर्वपक्षीय तथा सरोकारवालाहरुसहित नियमित अनुगमनको व्यवस्था मिलाउनुपर्ने हुन्छ । यसरी अनुगमन गर्दा स्पष्ट नतिजा सूचकसहितको अनुगमन फारम तयार गरी प्रयोग गर्नुपर्ने हुन्छ ।

(३) यसरी सार्वजनिक निकायहरुले सञ्चालन गरेका विभिन्न योजना तथा कार्यक्रमहरु तोकिएअनुसार कार्यान्वयन भयो या भएन, के कस्ता बाधा, व्यवधान आए, गुणस्तरको हिसाबले के कस्तो रह्योजस्ता सवालहरु पत्ता लगाउनको लागि नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

(४) मूलतः यस्तो अनुगमन तथा मूल्याङ्कन र सुपरिवेक्षणको काम स्थानीय सरकार आफैले गर्ने हो । या नेपालको संविधानअनुसार जिल्ला समन्वय समितिले पनि अनुगमन तथा मूल्याङ्कन गर्न सक्ने उल्लेख छ ।

(५) सम्बन्धित निकायले त अनुगमन तथा मूल्याङ्कन गर्छन् नै । यसमा योजनाको अनुगमन तथा मूल्याङ्कनमा नागरिक सहभागितासमेत सुनिश्चित गर्नु पर्छ । जसले स्थानीय स्तरमा सञ्चालित योजनाको गुणस्तर वृद्धिमा मद्दत पुऱ्याउँछ ।

(६) स्थानीय स्तरमा सञ्चालित योजनामा नागरिक सहभागिता सुनिश्चित गर्नाले भविष्यमा आउनसक्ने जोखिम कम गर्न सकिन्छ ।

(७) स्थानीय स्तरका नागरिक स्थानीय विषयवस्तुका विज्ञ हुन् । जस्तै कुन खोलामा कतिसम्म भेल आउन सक्छ, कति वर्षअगाडि कताबाट के कति पानी आएको थियो र त्यसले कस्तो असर पारेको थियो भन्नेबारे स्थानीय जानकार हुन्छन् । यदि कुनै कल्भर्ट निर्माण हुँदैछ या नदी नियन्त्रणको काम हुँदैछ भने यस्ता कार्यमा स्थानीय ज्ञानको महत्त्वपूर्ण भूमिका रहन्छ ।

(८) नागरिक सहभागितामा अनुगमन गर्दा स्थानीयको यस किसिमको ज्ञानको उपयोग गरेर प्रभावकारी काम गर्न सकिन्छ ।

(९) गाउँपालिका तथा नगरपालिकाले योजना प्रगति समीक्षाको लागि नगर प्रमुख वा गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा स्थानीय विकास समस्या समाधान समिति गठन गर्नुपर्ने हुन्छ । यस्तो समितिको बैठक एक वर्षमा कम्तीमा पनि ३ पटक बस्नुपर्ने हुन्छ ।

(१०) यसैगरी स्थानीय सरकारले आफ्नो मातहतको आयोजना तथा परियोजनाको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कनको लागि विभिन्न समितिहरु गठन गर्न सक्ने र आवश्यक कार्यविधिसमेत आफैले तयार पार्न सक्ने व्यवस्था छ । यसरी समिति गठन गर्दा सम्बन्धित विषय वा क्षेत्रमा कार्यरत नागरिक संस्थामध्येबाट एकजना प्रतिनिधि अनिवार्य रुपमा राख्नु उपयुक्त हुन्छ । यसरी प्रतिनिधि छनोट गर्दा सहमतिमा गर्न सकिन्छ । यदि त्यस्तो अवस्था नभएमा निश्चित अनुभव, शैक्षिक योग्यताको आधारमा छनोट गर्दा राम्रो

हुन्छ । जसले गर्दा आयोजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनमा नागरिक सहभागिताको लागि संस्थागत व्यवस्था हुन सक्छ ।

(११) यसैगरी स्थानीय सरकारले तयार पार्ने अनुगमन तथा मूल्याङ्कन कार्यविधि निर्माण गर्दा हरेक योजना तथा कार्यक्रमको अनुगमनमा नागरिक सहभागिता अनिवार्य गर्ने गरी व्यवस्था गर्न सकिन्छ । जसले योजनाको गुणस्तर अभिवृद्धिमा महत्त्वपूर्ण टेवा पुऱ्याउँछ ।

स्थानीय तहको सरकारले सञ्चालन गरिरहेका योजना तथा कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा नागरिकले निम्न पक्षमा ध्यान दिनुपर्छ:

- संलग्न योजना कार्यान्वयन तालिकाअनुसार आयोजना वा कार्यक्रम कार्यान्वयन भएको छ या छैन ?
- आयोजना वा कार्यक्रम प्राविधिक सुपरिवेक्षण चाहिने प्रकृतिको हो भने प्राविधिकहरुले नियमित रुपमा सुपरिवेक्षण गरिरहेका छन् या छैनन् ?
- आयोजना तथा कार्यक्रम तोकिएको गुणस्तर तथा मापदण्डअनुसार काम भएको छ या छैन ?
- आयोजनामा भएको खर्चको अनुपातमा कार्यान्वयनमा प्रगति भएको छ या छैन ?
- विवरण, बिल, रसिद र कागजात राम्ररी व्यवस्थित किसिमले राखिएको छ या छैन ?
- कुनै पनि आयोजना वा कार्यक्रम उपभोक्ता समिति, स्थानीय सामुदायिक स्तरका नागरिक संस्था, गैरसरकारी सङ्घ-संस्थाहरुसँगको सम्झौतामा कार्यान्वयन गरिएको हो भने सम्झौताअनुरुप काम भएको छ या छैन ?
- स्थानीय आवश्यकता र सन्दर्भअनुसारका अन्य विवरणहरुसमेत हेर्न सकिन्छ ।

### (छ) लेखापरीक्षणमा नागरिक सहभागिता:

(१) हरेक सार्वजनिक निकायहरुले सञ्चालन गरेका गतिविधिको वार्षिक रुपमा लेखापरीक्षण गर्नुपर्ने हुन्छ । यसरी गरिने लेखापरीक्षणमा वर्षभरि सम्बन्धित निकायले के कसरी खर्च गऱ्यो, खर्चको लागि तोकिएका नीति, नियम, कानुनको कार्यान्वयन गऱ्यो कि गरेन, कति रकम बेरुजु रह्यो, कति अनियमित ढङ्गले खर्च गरियो, कति असुल उपर गर्नुपर्ने हुन्छ, कति नियमित गर्नुपर्ने हुन्छ लगायतका सवालहरु लेखापरीक्षण प्रतिवेदनमा समेटिएको हुन्छ । यस किसिमको लेखापरीक्षण प्रतिवेदनलाई आम नागरिकबीच बहस र छलफलमा लैजाने र आगामी दिनमा खर्चलाई व्यवस्थित र नियमित गर्नको लागि नागरिक दबाब सिर्जना गर्ने कार्यमा नागरिक सहभागिताले ठूलो मद्दत पुऱ्याउँछ ।

(२) लेखापरीक्षण प्रतिवेदनले औँल्याएका बेरुजु तथा अनियमिततालाई नियमित गर्न तथा बेरुजु फर्स्यौट गर्नको लागि नागरिक सहभागितामा सम्बन्धित निकायका अधिकारीलाई दबाब दिने काम गर्न सकिन्छ ।

(३) सार्वजनिक निकायलाई शून्य बेरुजु भएको कार्यालयको रुपमा विकास गर्नको लागि नागरिक तथा सार्वजनिक निकायले सहकार्य र समन्वय गरी काम गर्न सक्छन् ।

### (ज) नागरिक निगरानी

(१) हरेक सार्वजनिक निकायले योजना, नीति, रणनीति तर्जुमा गर्ने क्रममा नागरिक सहभागिता सुनिश्चित गर्नु पर्दछ । यसक्रममा नागरिकले पनि के कस्तो किसिमका योजना, नीति, रणनीति तथा कार्य योजनाहरु निर्माण भएका छन्, त्यसले आगामी दिनमा के कस्तो असर पार्दछ, भन्नेबारे निरन्तर निगरानी गर्नु पर्दछ । साथै यस्ता नीति, नियमहरु नागरिकमैत्री तथा सुशासन प्रवर्द्धन गर्ने किसिमका छन् कि छैनन् भन्नेबारे नागरिकले निगरानी गर्न सक्छन् ।

(२) सार्वजनिक निकायले बनाउने कानुन तथा ऐन र त्यसको कार्यान्वयन गर्ने सन्दर्भमा नागरिक निगरानी आवश्यक हुन्छ । कुनै पनि कानुन निर्माणको क्रममा नागरिक सहभागिता छ कि छैन, त्यसको कार्यान्वयनका क्रममा के कस्ता समस्या आएका छन्, जस्ता सवालमा नागरिकले निरन्तर निगरानी गर्न सक्छन् ।

(३) सार्वजनिक निकायले विनियोजन गर्ने श्रोत-साधन न्यायिक छ कि छैन, सार्वजनिक खर्चको अवस्था के कस्तो छ, सेवा तोकिएको मापदण्डअनुसार छ कि छैन र त्यसको गुणस्तर के कस्तो छ, लाभको वितरणको अवस्था कस्तो छ भन्ने सवालमा पनि नागरिकको निरन्तरको निगरानी आवश्यक पर्दछ । नागरिकले निरन्तर रुपमा सार्वजनिक निकायले सञ्चालन गर्ने विभिन्न गतिविधिमा निगरानीसहितको सहभागिता जनाउँदा त्यस्ता निकायले प्रवाह गर्ने सेवामा गुणस्तरका साथै सुशासन पनि अभिवृद्धि हुन्छ ।

### (झ) प्रतिफल वितरण तथा प्राप्तिमा नागरिक सहभागिता

(१) स्थानीय सरकारले प्रवाह गरेका सेवा तथा वस्तु र सञ्चालन गरेका योजनाबाट नागरिकले निश्चित प्रतिफल प्राप्त गर्ने अपेक्षा गरिएको हुन्छ ।

(२) कुनै पनि योजना वा कार्यक्रमको प्रतिफल वितरण तथा प्राप्तिलाई जनमुखी, विपन्न तथा पछाडि परेका वा पारिएका तथा वञ्चितीकरणमा परेका नागरिकहरुको पहुँच सुनिश्चत गर्दै बढीभन्दा बढी प्रतिफल उनीहरुसमक्ष पुर्‍याउन सकेमात्र समाजमा विद्यमान असमानतामा कमी आउँछ । यसरी प्रतिफल वितरण तोकिएअनुसार भयो या भएन, प्रतिफल प्राप्तिमा विपन्न तथा पछाडि परेका वा पारिएका वर्ग तथा समुदायका व्यक्ति भए या भएनन् भन्ने कुरा अत्यन्तै महत्त्वपूर्ण हुन्छ । प्रतिफल वितरण समतामूलक तरिकाबाट गर्नु आवश्यक छ ।

(३) प्रतिफल वितरणमा सार्वजनिक सेवा प्रदायक निकायका अधिकारीहरुले आफूमात्र संलग्न भए प्रभावकारी र जनमुखी नहुन सक्छ । यदि प्रतिफल वितरण न्यायोचित र समतामूलक भएन भने त्यसले समाजमा विद्यमान असमानताको खाडल झन् बढाउछ । त्यसैले प्रतिफल वितरण र प्राप्तिको कार्यलाइ प्रभावकारी बनाउनको लागि नागरिक सहभागिता सुनिश्चित गर्नु जरुरी हुन्छ ।

(४) नागरिकको सहभागितामा प्रतिफल वितरणको कार्य गर्दा पछि आउनसक्ने विवाद तथा असन्तुष्टि हल गर्न सहज हुन्छ भने समतामूलक तबरबाट प्रतिफल वितरण हुने आधार तयार हुन्छ ।

(५) कुनै पनि योजना वा कार्यको प्रतिफल वितरणमा विपन्न, पछाडि परेका वा पारिएका, जनजाति आदिवासी, दलित, महिला, मुस्लिम, सीमान्तकृत नागरिकलगायत वञ्चितीकरणमा परेका समुदायका नागरिकलाई बढीभन्दा बढी सहभागी गराउने कार्यमा नागरिकलाई सहभागी गराउँदा राम्रो हुन्छ ।

(६) यस्ता समुदायका व्यक्तिलाई सुसूचित गर्दै शसक्त बनाएर लाभ प्राप्तिको लागि अगाडि बढाउने काममा नागरिक संस्थाले योगदान गर्न सक्छन् । जसले गर्दा विपन्न तथा वञ्चितीकरणमा परेका समुदायका नागरिक आफैले आवाज उठउन सक्छन् ।

## ४.८ नागरिक सहभागिताको लागि बस्ती, वडा तथा स्थानीय सरकार स्तरीय बैठकहरु

(१) स्थानीय स्तरमा विभिन्न समस्याहरु हुन्छन् । स-साना समस्या सेवा प्रदायक निकायका अधिकारीले जानकारी नपाएको कारण उत्पन्न भएका हुन सक्छन् । कतिपय कुरा यस्ता निकायका अधिकारीहरुले ध्यान नदिएको कारण भइरहेका हुन सक्छन् ।

(२) यदि नागरिक, नागरिक समाजका प्रतिनिधि, नागरिक संस्था, सेवा प्रदायक संस्थाका अधिकारीहरु एकै स्थानमा बसेर छलफल गर्ने हो भने साना समस्याहरु तत्काल समाधान हुन सक्छन् । बस्ती स्तरमै समाधान हुन नसक्ने हो भने त्यसलाई वडा स्तरमा पठाउन सकिन्छ ।

(३) कतिपय समस्या वडा स्तरमा वडा अध्यक्षले समाधान गर्न सक्नुहुन्छ । कतिपय भने वडा स्तरमा पनि समाधान हुन नसक्ने समस्या हुन सक्छन् । यस्ता समस्यालाई वडाबाट स्थानीय कार्यपालिकामा पठाउन सकिन्छ र त्यहाँबाट समाधान हुन सक्छ । त्यसैले स्थानीय सरकारका हरेक गतिविधिहरुमा नागरिकको सहभागिता सुनिश्चित गर्दै निर्णय लिनको लागि बस्ती, वडा तथा स्थानीय सरकार स्तरीय विभिन्न बैठक गर्न सकिन्छ । जसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

## नागरिक सहभागिता बैठक

| चरण | को सहभागी हुने ? | कहिले हुने ? | कहाँ गर्ने ? | के गर्ने ? |
|---|---|---|---|---|
| बस्ती स्तरीय बैठक | वडा सदस्यको नेतृत्वमा बस्तीका सम्पूर्ण नागरिक, विभिन्न समिति, समूह, संस्थाका प्रतिनिधिहरु, शिक्षक, कृषक, पशुपालक, वन उपभोक्ता समूहका प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, पत्रकार, राजनीतिक दलका प्रतिनिधि, स्थानीय स्तरका गण्यमान्य, दलित, जनजाति, महिला, असक्त व्यक्तिलगायत पछाडि परेका वा पारिएका वर्ग तथा समुदायका नागरिक | हरेक महिना आयोजना हुने । यसको लागि स्थान, मिति र समय पहिले नै निश्चित गर्ने | सकेसम्म स्थानीय विद्यालय, सामुदायिक भवन आदिमा गर्ने यदि बस्तीमा यस्तो भवन नभएमा चौतारोमा, चौरमा पनि गर्न सकिन्छ | स्थानीय स्तरका नागरिकका गुनासो सुन्ने । त्यसमध्येका कतिपय गुनासो सोही स्थानमा वडा सदस्यले सक्ने जति समाधान गर्ने नसक्ने गुनासो वडामा पठाउने । वडामा पठाउँदा गुनासोसँगै पाँचदेखि सात जना प्रतिनिधिसमेत छनोट गरेर पठाउने । यसरी प्रतिनिधि पठाउँदा समावेशिताको सिद्धान्तलाई ध्यानमा राख्ने |
| वडा स्तरीय बैठक | वडा अध्यक्षको नेतृत्व रहने हरेक बस्तीबाट छानिएर आएका प्रतिनिधिहरु वडास्तरीय नागरिक संस्थाका प्रतिनिधिहरु वडामा रहेका विद्यालय, स्वास्थ्य, कृषि, पशुसेवालगायतका क्षेत्रगत निकायका प्रतिनिधिहरु, राजनीतिक दलका | बस्ती स्तरको बैठकको १५ दिनपछि हुने गरी निश्चित मिति, समय र स्थानलाई पहिला नै निश्चित गर्ने | वडा कार्यालयको हल वा वडा कार्यालयको चौर वा वडाको मध्य भागमा पर्ने विद्यालयको प्राङ्गणमा गर्न सकिन्छ | बस्ती स्तरबाट पठाइएका गुनासोहरुका सम्बन्धमा छलफल गर्ने, नयाँ गुनासो यसमा प्रवेश नगराउने, त्यस्ता समस्या जति सकिन्छ वडा स्तरमा हल गर्ने, यदि नसक्ने अवस्थामा कतिपयलाई कार्यपालिकामा पठाउने जसमा हरेक वडाबाट |

| चरण | को सहभागी हुने ? | कहिले हुने ? | कहाँ गर्ने ? | के गर्ने ? |
|---|---|---|---|---|
| | प्रतिनिधिहरु, सामुदायिक सङ्घ-संस्थाका प्रतिनिधिहरु, सहकारीका प्रतिनिधिहरु | | | बढीमा ५ जनासम्म प्रतिनिधि बस्तीबाटै छानिएर आएकाबाट समावेशिताको सिद्धान्तअनुसार छनोट गरेर पठाउने |
| गाउँ पालिका वा नगर पालिका स्तरीय बैठक | उपमेयर वा उपाध्यक्षले नेतृत्व गर्ने, हरेक वडाबाट प्रतिनिधित्व गरेर आएका सदस्यहरु, पालिका स्तरीय नागरिक संस्थाका प्रतिनिधिहरु, विद्यालयका प्रअ, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालनलगायतका कार्यालयका प्रतिनिधि, सबै वडा अध्यक्ष | वडास्तरीय वैठक भएको १५ दिनपछि गर्ने निश्चित गर्ने मिति, समय र स्थान पहिले नै निश्चित भएको हुनुपर्छ | पालिकाको, सचिवालयको सभाहल वा विद्यालयको भवन पनि प्रयोग गर्न सकिन्छ | वडा स्तरबाट आएका सम्पूर्ण समस्याहरुलाई यहीँ बृहत् छलफल गरी सकिनेलाई टुङ्ग्याउने र समाधान गर्न नसकिनेलाई नागरिक तथा नागरिक संस्थासँगको छलफलमा बहुविकल्पको खोजी गरि छलफल गर्ने |

## साझेदारी मञ्च र स्थानीय सभा

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) को आर्थिक सहयोगमा FHI 360 मार्फत पारस्परिक जबाफदेहिता परियोजना नेपालको ३४ जिल्लामा कार्यान्वयन भइरहेको छ । यो परियोजनाले नागरिक समाजको भूमिकालाई प्रभावकारी बनाउन नागरिक संस्थामैत्री कानुन निर्माणको लागि पैरवी गर्ने, कानुन निर्माण प्रक्रिया तथा सार्वजनिक चासोका विषयमा नागरिक सहभागिता वृद्धि गर्ने र नागरिक संस्थाहरुको आन्तरिक सुशासन अभिवृद्धिको लागि क्षमता विकासजस्ता कार्यक्रम स्थानीय साझेदार संस्थामार्फत गर्दै आएको छ ।

स्थानीय स्तरमा नागरिक र सरकारबीच सहकार्य, सहभागिता र समन्वय वृद्धि गर्ने उद्देश्यले वडा स्तरमा ६८ ओटा स्थानीय सभा (Common Assembly) गठन भएका छन् । स्थानीय सभाको अध्यक्षमा सम्बन्धित वडाको अध्यक्ष रहने व्यवस्था छ। प्रत्येक तीन-तीन महिनामा हुने स्थानीय सभाको बैठकमा नागरिकहरु र स्थानीय सरोकारवालाहरुबीच, शिक्षा, स्वास्थ, कृषि, विपद् जोखिम न्यूनीकरण तथा अन्य सार्वजनिक चासो र सार्वजनिक सेवा प्रवाहसम्बन्धी सवालहरुमा छलफल हुने गर्दछ । परिवर्तित सङ्घीय संरचनामा नागरिक र स्थानीय सरकारबीच अन्तरक्रिया र छलफलको लागि कुनै पनि संरचना देखिदैन । त्यसैले स्थानीय सभाको अवधारणा र अभ्यास सरकार र नागरिकबीच साझेदारी, समन्वय र सहकार्य वृद्धि गर्ने प्रभावकारी माध्यम भएको छ वडा तहमा । स्थानीय सभामा नागरिक र स्थानीय सरकारबीच राम्रो सहकार्य र सझेदारी भएको

देखेर काभ्रेको पनौती नगरपालिका र रुकुमको त्रिवेणी गाँउपालिकाले आफ्ना सबै वडामा स्थानीय सभा गठन गर्ने निर्णय गरेर धेरै वडामा सञ्चालन गरिरहेका छन् ।

स्थानीय सभाबाट समाधान हुन नसक्ने सवाल तथा विषयहरु नगरपालिका र गाँउपालिकास्तरमा गठन भएका साझेदारी मञ्च (Public-Private Working Group) मार्फत छलफल गरिन्छ । नीतिगत रुपमा सम्बोधन गर्नु पर्ने सवालहरुलाई नगरपालिकाका मेयर तथा गाँउपालिकाका अध्यक्ष संयोजक रहने साझेदारी मञ्चले समाधान गर्ने गर्छ । सन्ताउन्न ओटा गाँउपालिका तथा नगरपालिकामा बढीमा ३० जना सदस्य रहने गरी साझेदारी मञ्च गठन भई सञ्चालनमा छन् ।

सवै वडाका वडाध्यक्ष, स्थानीय पत्रकार, निजी क्षेत्रका प्रतिनिधि, महिला, दलित प्रतिनिधि, नागरिक, स्थानीय सभाका प्रतिनिधिहरु साझेदारी मञ्चका सदस्य हुन्छन् । मञ्चको बैठक प्रत्येक चार महिनामा बस्छ । स्थानीय सभाबाट आएका विषय र सदस्यहरुले उठाएका सवालहरुमा मञ्चको बैठकले छलफल गरेर कार्य योजना बनाउँछ । नगरपालिका तथा गाँउपालिका स्तरमा देखिएका शिक्षा, स्वास्थ, कृषि तथा अन्य सवालहरुमा नागरिक र जननिर्वाचित प्रतिनिधिहरुबीच साझेदारी र सहकार्यको सिद्धान्तमार्फत सार्वजनिक चासोका सवालहरु सम्बोधन गर्न साझेदारी मञ्च राम्रो माध्यम भएको छ ।

## ४.९ समावेशिता र नागरिक सहभागिता

(१) नागरिक सहभागिता अभिवृद्धि गर्ने क्रममा समावेशिता अत्यन्तै महत्त्वपूर्ण पक्ष हो । समाजका सबै सदस्य र सरोकारवालाहरु समान हुँदैनन् । कोही बढी शक्तिशाली वा सम्पन्न हुन्छन् भने कोही शक्तिहीन, विपन्न तथा वञ्चितीकरणमा परेका हुन्छन् ।

(२) हरेक तह तथा प्रक्रियामा हुने नागरिक सहभागिता प्रवर्द्धन गर्ने क्रममा एउटै जात, एउटै लिङ्ग, एउटै समुदायका नागरिकलाई मात्र सहभागी हुनको लागि अगाडि बढाएर हुँदैन ।

(३) नागरिक सहभागिता भनेको समावेशिताको सिद्धान्तअनुरुप हुनु पर्छ । कुनै पनि योजनाको छनोटदेखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा लाभको वितरणसम्म यदि समावेशी सिद्धान्तअनुसार नागरिक सहभागिता हुने हो भने कुनै एउटा समुदाय, वर्ग, क्षेत्र, लिङ्ग तथा जातको व्यक्तिमात्र बढी लाभान्वित हुने र अन्य वञ्चितीकरणमा पर्ने अवस्थाको अन्त्य हुन्छ ।

(४) त्यसैले नागरिक सहभागिताको लागि वकालत गरिरहँदा स्वयं नागरिक संस्था वा व्यक्ति र सार्वजनिक सेवा प्रदायक निकायका अधिकारीले समावेशितामा ध्यान दिनुपर्ने हुन्छ ।

(५) कुनै पनि काममा वा शासकीय प्रक्रियामा नागरिक सहभागिताका आधार तय गर्दा सार्वजनिक सेवा प्रदायक निकायले समावेशिताको सिद्धान्तअनुसार हुने व्यवस्था सुनिश्चित गर्नु पर्छ ।

(६) नेपालको संविधानको प्रस्तावनामा नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै, वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैगिङ्ग विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ ।

(७) शासकीय प्रणालीमा नागरिक सहभागिता सुनिश्चित गर्ने क्रममा संविधानले भनेअनुसारका सम्पूर्ण वर्ग, समुदाय, लिङ्ग, क्षेत्र, धर्म, जातजाति तथा समुदायका नागरिकलाई समेट्नु पर्दछ ।

(८) यद्यपि यसरी समावेशितालाई प्राथमिकतामा राख्ने क्रममा तल उल्लेख गरिएका लिङ्ग, वर्ग तथा समुदायका व्यक्ति तथा त्यस्ता व्यक्तिको प्रतिनिधित्व गर्ने नागरिक संस्थालाई विशेष रुपमा ध्यानमा राख्नुपर्छ ।

(क) महिला

(ख) दलित

(ग) आदिवासी जनजाति

(घ) खस आर्य

(ङ) मधेशी

(च) थारु

(छ) मुस्लिम

(ज) पिछडिएको क्षेत्रमा बसोवास गर्ने

(झ) अपाङ्गता भएका

(ञ) अल्पसंख्यक, उत्पीडित, सीमान्तकृत आदि ।

## ४.१० नागरिक सहभागिताको चरण

(१) नागरिक सहभागिताको चरणलाई तलको भऱ्याङ्बाट बुझ्न सकिन्छ ।

| क्र.सं. | चरण | भूमिका | |
|---|---|---|---|
| ८ | **अरुको लागि वकालत गर्न सुरु गरेको अवस्था**<br>• यस चरणमा नागरिकले पछाडि परेका वा पारिएका अन्य वर्ग, समुदाय, क्षेत्र, लिङ्ग, धर्म, जातका नागरिकको सहभागिताको लागि वकालत गर्ने अवस्था सिर्जना हुन्छ | • सम्बन्धित नागरिक<br>• राजनीतिक दल<br>• नागरिक संस्था<br>• उपभोक्ता समिति<br>• टोल सुधार संस्थाहरु<br>• आमसञ्चार माध्यम<br>• सामुदायिक रेडियो<br>• स्थानीय सहकारी सङ्घ-संस्थाहरु | नागरिक |
| ७ | **नेतृत्व लिएको अवस्था**<br>• नागरिकले विकास निर्माण तथा सेवा प्रवाहसम्बन्धी र तेस्रो पक्ष अनुगमनको कामको नेतृत्वमा पुगेको अवस्था यसमा पर्दछ<br>• कुनै पनि उपभोक्ता समिति वा अनुगमन तथा मूल्याङ्कन समितिको समग्र नेतृत्व लिन सक्षम भएका हुनेछन् | • स्थानीय सरकार<br>• राजनीतिक दल<br>• नागरिक संस्था<br>• उपभोक्ता समिति<br>• अनुगमन तथा मूल्याङ्कन समिति<br>• टोल सुधार संस्थाहरु<br>• आमसञ्चार माध्यम<br>• सामुदायिक रेडियो<br>• सहकारी | |

| | | |
|---|---|---|
| ६ | **सदस्यता प्राप्त गरेको अवस्था**<br>• यस चरणमा स्थानीय स्तरको विकास निर्माण तथा सेवा प्रवाहसँग सम्बन्धित विभिन्न समूह तथा समितिमा सदस्यता प्राप्त गरेका हुनेछन्<br>• योजना तर्जुमा समिति, उपभोक्ता समिति, अनुगमन तथा मूल्याङ्कन समितिलगायतका समितिका सदस्य भएका हुनेछन्<br>• कुनै पनि निर्णय लिनु पर्दा यस्ता सदस्यहरुसँगको समन्वय, सहकार्य र सहभागितामा मात्र निर्णय लिने अवस्था निर्माण हुनेछ | • स्थानीय सरकार<br>• राजनीतिक दल<br>• नागरिक संस्था<br>• उपभोक्ता समिति<br>• अनुगमन तथा मूल्याङ्कन समिति<br>• टोल सुधार संस्थाहरु<br>• आमसञ्चार माध्यम<br>• सामुदायिक रेडियो<br>• सहकारी |
| ५ | **सहभागी भएको अवस्था**<br>• कुनै पनि विकास निर्माण, सेवा प्रवाहसम्बन्धी काममा नागरिकलाई आमन्त्रण गरी उनीहरुको सक्रिय सहभागिता भएको अवस्था यसअन्तर्गत पर्दछ<br>• कुनै पनि छलफल, बैठकमा नागरिकको सहभागिता सुनिश्चित हुने अवस्था रहनेछ<br>• योजना तर्जुमा, बजेट विनियोजन, उपभोक्ता समिति गठन, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्य र लाभको वितरणलगायतका काममा नागरिकको सहभागिता भएको हुनेछ | • स्थानीय सरकारका पदाधिकारीहरु<br>• राजनीतिक दल<br>• नागरिक संस्था<br>• उपभोक्ता समिति<br>• टोल सुधार संस्थाहरु<br>• आमसञ्चार माध्यम<br>• सामुदायिक रेडियो<br>• सहकारी |
| ४ | **अरुले माथि तानेको अवस्था**<br>• नागरिकले चासो राखे पनि उनीहरु आफ्नै बल-बुताले सहभागी हुन सक्ने अवस्था रहन्न । त्यसैले अन्य जानकार व्यक्तिले त्यस्ता नागरिकलाई अगाडि बढाउन सहयोग गर्ने अवस्था यस चरणमा हुनेछ<br>• कुनै पनि व्यक्तिको सक्रियतालाई हेरेर जनप्रतिनिधि वा राजनीतिक दल, नागरिक संस्था, उपभोक्ता समिति वा अन्य | • स्थानीय सरकारका पदाधिकारीहरु<br>• राजनीतिक दल<br>• नागरिक संस्था<br>• उपभोक्ता समिति<br>• टोल सुधार संस्थाहरु<br>• आमसञ्चार माध्यम<br>• सामुदायिक रेडियो |

| | | |
|---|---|---|
| | निकायबाट त्यस्ता व्यक्तिलाई नियमित रुपमा कार्यक्रममा आमन्त्रण गर्ने, उनीहरुलाई जानकारी दिनेलगायतका काम हुनेछन् | |
| ३ | **सक्रिय भएको अवस्था**<br>• नागरिक आफ्नो स्थानमा भएका विकास निर्माणबारे खोजी गर्ने, त्यसको कार्यान्वयनको अवस्थामा चासो राख्ने अवस्थामा पुगेका हुनेछन्<br>• आफ्नो गाउँठाउँमा केही आवश्यकता भएमा योजना तर्जुमा समितिको बैठकमा जाने, आफ्नो स्थानमा आवश्यक विकासको कामको लागि बजेट माग गर्ने गर्न थालेका हुनेछन्<br>• आफ्नो स्थानको लागि बनेको योजना र विनियोजन भएको बजेट कार्यान्वयनको लागि सक्रियतापूर्वक सहभागी भएका हुनेछन् | • नागरिक संस्था<br>• स्थानीय सरकार<br>• योजना तर्जुमा समिति<br>• उपभोक्ता समितिका पदाधिकारीहरु<br>• ठेकेदारहरु<br>• आमसञ्चार माध्यम<br>• सामुदायिक रेडियो<br>• सहकारी सङ्घ-संस्थाहरु<br>• विभिन्न समूह जस्तै आमा समूह, युवा समूह |
| २ | **चासो राख्ने अवस्था**<br>• यस चरणमा नागरिकले आफ्नो गाउँठाउँमा के कस्तो विकास निर्माण तथा सेवा प्रवाहसम्बन्धी काम भइरहेको हुन्छ भनेर सामान्य चासो राख्न थालेका हुनेछन्<br>• विकास निर्माणको काम हुँदाहुँदै बीचैमा रोकिएको भएमा किन यस्तो भयो होला भनेर चासो राख्नेछन्<br>• केही नयाँ काम सुरु भएमा कहाँ हुँदैछ कसले गर्न लागेको हो भन्नेबारे सामान्य चासोसम्म राख्न थालेका हुनेछन् | • नागरिक आफै<br>• उपभोक्ता समिति<br>• स्थानीय सरकार<br>• नागरिक संस्था<br>• आमसञ्चार माध्यम<br>• सामुदायिक रेडियो<br>• सहकारी संस्थाहरु<br>• टोल विकास संस्था |
| १ | **जानकारी पाएको अवस्था**<br>• यस चरणमा नागरिकले आफ्नो स्थानमा भइरहेका विकास निर्माण, सेवा प्रवाहबारे सामान्य जानकारी पाएका हुनेछन्<br>• यसमा कामबारे जानकारी त हुन्छ तर त्यसको विस्तृत कुराहरुमा खासै जानकारी पाएका हुँदैनन् | • नागरिक संस्था<br>• आम सञ्चारमाध्यम<br>• सामुदायिक रेडियो<br>• स्थानीय सहकारी<br>• स्थानीय जानकार |

नागरिक

| | | | |
|---|---|---|---|
| | • जानकारी भएपनि उक्त काममा नागरिकको कुनै पनि किसिमको सहभागिता र संलग्नता भएको हुँदैन | • टोल विकास संस्था<br>• विभिन्न समूहहरु<br>• शिक्षक<br>• स्थानीय सरकार<br>• वडा समिति<br>• राजनीतिक दल | नागरिक |
| | **जानकारीविहीन वा थाहा नपाएको अवस्था**<br>• यस चरणमा नागरिक कुनै पनि कुरामा जानकारीविहीन हुन्छन्<br>• आफ्नो लागि भएका कुनै पनि विकास निर्माण वा अन्य कामबारे चासो नराख्ने अवस्थामा रहेका हुनेछन्<br>• नागरिक स्थानीय सरकारको शासकीय प्रक्रिया तथा प्रणालीबारे जानकारीविहीन अवस्थामा हुनेछन् | | |

*नोटः माथि उल्लेख गरिएको नागरिक सहभागिताको भऱ्याङमा क्रमशः एकपछि अर्को हुनुपर्छ भन्ने हुन्न । कतिपय अवस्थामा नागरिक सहभागिताको अवस्था अलि राम्रो भएर बीचबाट सुरु हुन पनि सक्छ या पहिलोबाट दोस्रो चरणमा नपुगिकन एकैपटक चौथो चरणमा पनि पुग्न सक्छ । त्यसैले माथिको भऱ्याङको चरणलाई एकपछि अर्को हुदै क्रमशः उक्लिन्छ भनी बुझ्नु आवश्यक छैन ।*

# सुशासन अभिवृद्धिमा नागरिक सहभागिता

## ५.१ पारदर्शिता

(१) नागरिकलाई सार्वजनिक निकायहरुले तर्जुमा गरेका नीति, नियम र कानुन तथा निर्णयहरु अनि कामबारे सुसूचित हुने अवस्था र निर्णय तथा सामग्रीहरु गोप्य नहुने अवस्थालाई पारदर्शिता भनिन्छ। जहाँ सरकार तथा अन्य सार्वजनिक निकायहरुले नागरिकको हितको लागि के कस्ता काम गरिरहेको छ भनेर सहजै जान्ने र थाहा पाउने अवसर रहेको हुन्छ।

(२) शासकीय प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्दा त्यसले नीतिगत तहमा पारदर्शिता अभिवृद्धि गर्दछ। सीमित समूहका व्यक्ति मिलेर कोठामा बसेर नीति निर्माण गर्ने क्रममा कमी आउँछ र कुनै पनि नीति निर्माण गर्ने तथा नीतिगत निर्णय गर्ने क्रममा आम नागरिकको चासो र सरोकारलाईसमेत समेट्न थालिन्छ। यसले गर्दा हरेक नागरिकले आफ्नो लागि के कस्तो नीति बन्दैछन्, कस्तो बन्नुपर्छ होला, भन्नेबारे आफू पनि सहभागी हुन थाल्नेछन्। यसले नीतिगत पारदर्शिता अभिवृद्धि गर्छ।

(३) नागरिक सहभागिताले सार्वजनिक निकायको आर्थिक गतिविधिलाई बढीभन्दा बढी पारदर्शी बनाउँछ। कुन ठाउँबाट कति बजेट आयो? कुन-कुन योजना तथा काममा के कति बजेट विनियोजन गरिएको छ, भन्ने कुरा आम नागरिकलाई जानकारी हुन्छ। कतिपय अवस्थामा नागरिकसँगकै सहकार्य र समन्वयमा बजेट विनियोजन हुने हुँदा त्यसले आर्थिक पारदर्शिता प्रवर्द्धन गर्दछ।

(४) यसैगरी नागरिक सहभागिताले कुनै पनि सार्वजनिक निकायको सञ्चालन प्रक्रिया तथा शैलीमा पारदर्शिता अभिवृद्धि गर्दछ। सार्वजनिक निकाय के कसरी सञ्चालन भइरहेको छ, यसले लिएका लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि के कस्तो काम भइरहेको छ, लगायतका कुरामा नागरिकलाई पनि जानकार बनाउने र यस्ता निकायहरुको गतिविधि प्रभावकारी शैलीमा सञ्चालन गर्नको लागि आधार तय गर्न सहज हुन्छ।

(५) पारदर्शी शासन प्रणालीमा राजनीतिक, प्रशासनिक तथा अन्य सार्वजनिक पदाधिकारीहरुले गर्ने हरेक निर्णय तथा कामकाजको सम्बन्धमा सार्वजनिक छलफल र छानविन गर्न सकिन्छ।

(६) कुनै पनि सार्वजनिक हितका लागि स्थापित र कार्यरत सार्वजनिक निकाय तथा त्यसका अधिकारीहरुको निर्णय तथा अन्य जानकारी आदानप्रदान गर्न प्रोत्साहित गर्ने सरकारको खुलापन र मान्यताको पद्दति नै पारदर्शिता हो।

(७) पारदर्शिता सुशासनको एक महत्त्वपूर्ण अङ्ग हो। सार्वजनिक निकायमा पारदर्शिताको अभ्यासलाई संस्थागत गर्न सकेमा मात्र सुशासन स्थापना हुन सक्छ। त्यसैले पारदर्शिता अभिवृद्धि गर्ने सन्दर्भमा नागरिक सहभागिता महत्त्वपूर्ण हुन्छ।

(८) सार्वजनिक निकायमा पारदर्शिताको अभ्यास अभिवृद्धि गर्नको लागि नागरिकले आफू सहभागी भएर निम्नानुसार योगदान गर्न सक्छन्:

(क) सार्वजनिक निकायको वेबसाइट, सूचना पाटी तथा अन्य सूचना सार्वजनिक गर्ने माध्यमको नियमित रुपमा अनुगमन गर्ने।

(ख) यस्ता माध्यमबाट नियमित रुपमा सूचना सार्वजनिक नभएको पाइएमा सम्बन्धित कार्यालयको सूचना अधिकारी वा कार्यालय प्रमुखसँग समन्वय गरेर सार्वजनिक गर्नको लागि पहल गर्ने।

(ग) सार्वजनिक भएका सूचना तथा सामग्रीअनुसारको काम भएको छ या छैन, सार्वजनिक निकायले प्रकाशित गरेको प्रतिवेदनमा प्रगति देखिएको तर स्थलगत रुपमा त्यस्तो नभएको छ भने त्यसबारे आमसञ्चार माध्यमलाई खबर गर्ने वा सार्वजनिक सुनुवाइ वा सार्वजनिक लेखापरीक्षणमा गएर आवाज उठाउने ।

(घ) आफ्नो घरवरिपरि वा टोलवस्तीमा कुनै काम भइरहेको तर त्यो गुणस्तरहीन भएको पाइएमा सूचनाको हक प्रयोग गरी सूचना माग गर्ने र त्यस्तो सूचना सार्वजनिक गर्ने ।

(ङ) सार्वजनिक निकायमा सूचना पाटी छ कि छैन, नागरिक बडापत्र छ कि छैन, हरेक आयोजनामा टाँस्नु पर्ने जानकारी दिने होर्डिङबोर्ड छ कि छैन, भन्नेबारे अनुगमन गर्ने र यदि नभएमा तत्काल व्यवस्था गर्नको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने ।

(च) सार्वजनिक पद धारण गरेका जनप्रतिनिधिहरुको सम्पत्ति विवरण सार्वजनिक गरेका छन् या छैनन्, यदि छैनन् भने सार्वजनिक गर्न लगाउनको लागि दबाब दिने ।

(छ) कुनै किसिमले राज्यकोषको दुरुपयोग भएको देखियो भने त्यस्तो विवरण सार्वजनिक गरी पारदर्शी बनाउनको लागि दबाब सिर्जना गर्ने ।

(ज) सार्वजनिक निकायले आ-आफ्नो कार्यालयले प्रदान गर्ने सेवाको प्रकार, प्रक्रियालगायतका सवालहरु सार्वजनिक रुपमा सबैले देख्ने गरी कार्यालयको सूचना पाटीमा राखे, नराखेको नियमित रुपमा अनुगमन गर्ने र नराखेको भए राख्न लगाउने ।

(झ) स्थानीय सरकारले सञ्चालन गर्ने विकास निर्माणसँग सम्बन्धित योजना तथा अन्य कार्यक्रमहरुको नाम, बजेट, सम्पन्न गर्नुपर्ने काम, काम सुरु हुने मिति तथा सकिने मितिलगायतका विवरण खुलाई सूचना पाटी तथा आयोजना स्थलमा अनिवार्य रुपमा टाँस गर्न लगाउने ।

(ञ) सार्वजनिक निकायले उपलब्ध गराउने सेवा नपाइएमा उजुरी सुन्ने अधिकारी र त्यस्तो समस्याको उपचार विधिसम्बन्धी जानकारी स्पष्ट रुपमा उल्लेख गरी सार्वजनिक स्थलमा पारदर्शी रुपमा देखिने गरी राख्न लगाउने ।

(ठ) स्थानीय योजना तर्जुमा समितिबाट छनोट भएका योजना, बजेटसम्बन्धी सम्पूर्ण विवरण सार्वजनिक गर्न लगाउने ।

(ड) उपभोक्ता समितिको गठन तथा यससँग सम्बन्धित सम्पूर्ण सूचना तथा विवरण नियमित रुपमा सार्वजनिक गर्नको लागि स्थानीय सरकारसँग समन्वय गर्ने ।

(ढ) उपभोक्ता समितिले काम गर्ने दौरानमा गर्ने खरीदलाई पारदर्शी बनाउन खरीद समितिमा नागरिक संस्थाबाट एकजना प्रतिनिधि राख्नको लागि पहल गर्ने ।

## ५.२ जबाफदेहिता वा उत्तरदायित्व

(१) सार्वजनिक सरोकारको विषयमा सार्वजनिक पद धारण गरेका जिम्मेवार पदाधिकारीले आफ्नो कामबारे सार्वजनिक रुपमा सफलताको श्रेय लिने र असफलताको भागीदारी हुनुलाई जबाफदेहिता भनिन्छ । अर्थात् आफूले गरेको काम र निर्णयको जिम्मेवारी लिनुलाई नै जबाफदेहिता वा उत्तरदायित्वको रुपमा बुझिन्छ ।

(२) जबाफदेहिता भनेको सम्बन्धित अधिकारवाला र सरोकारवालाको आवश्यकता, चासो तथा प्राथमिकतालाई ध्यान दिएर काम गर्नु र उनीहरुको हरेक प्रश्नको जवाफ दिनु हो । सरोकारवालाको चासो, सरोकार तथा चाहना सही रुपमा सम्बोधन गर्नु पनि हो ।

(३) सार्वजनिक निकाय चाहे त्यो सरकारी, गैरसरकारी वा निजी नै किन नहोस् त्यसले आम नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने आर्थिक वा अन्य जिम्मेवारी लिएर बसेका हुन्छन् । ती व्यक्ति तथा जिम्मेवार अधिकारीले कुनै पनि सवालमा आम सरोकारवालाहरुलाई दिने जिम्मेवारीसहितको प्रष्टोक्ति नै जबाफदेहिता हो जुन सुशासनको एक महत्त्वपूर्ण पक्ष हो ।

(४) जबाफदेहिता प्रवर्द्धन गर्दा सुशासन अभिवृद्धि हुन्छ ।

(५) नागरिक सहभागिताको माध्यमबाट सामाजिक जबाफदेहितामा अभिवृद्धि हुन्छ जसले शासन व्यवस्थामा सुधार गर्न, विकास निर्माणको काममा प्रभावकारिता ल्याउन र जनतालाई सबलीकरण गर्न सहयोग पुऱ्याउँछ ।

(६) त्यसैले जबाफदेहिता बढाउनको लागि नागरिक संस्था तथा नागरिकले सहभागी भएर योगदान गर्न सक्छन् । यसको लागि नागरिक सहभागिता निम्नानुसार हुन सक्छ:

(क) सार्वजनिक निकायका पदाधिकारीले गरेका कुनै पनि कामबारे निरन्तर निगरानी गर्ने, निरन्तर रुपमा प्रश्न गर्ने, राम्रा कामको सराहना र सुधार गर्नुपर्ने काम पहिचान गरी त्यस्ता अधिकारीलाई जबाफदेही बनाइरहनु पर्छ । सार्वजनिक निकायले कस्तो नीति बनाए, कस्तो कानुन बनाए, कस्तो प्रतिबद्धता व्यक्त गरे र सोअनुसार काम भए, नभएको समीक्षा  र बहस गर्ने गरी सार्वजनिक पदाधिकारीलाई आफ्नो जिम्मेवारीप्रति जबाफदेही बनाइरहनु पर्दछ ।

(ख) सार्वजनिक निकायले योजना कसरी बनाए, श्रोत कसरी वितरण गरियो, कसरी खर्च भयो, कहाँ, कति, कुन प्रयोजनको लागि खर्च भयो त्यसबाट के उपलब्धि भयो भन्नेबारे सार्वजनिक अधिकारीलाई जबाफदेही बनाउनको लागि सरोकारवाला नागरिक सहभागी हुनुपर्छ ।

(ग) हरेक स्थानीय सरकार उसले  प्रदान गर्ने वस्तु र सेवाका लागि जबाफदेही हुनु पर्दछ । के नागरिकले सरकारबाट यस्ता सेवा प्राप्त गर्ने अवसर पाएका छन्, के त्यस्ता सेवा समयमै उपलब्ध हुन सक्यो, यसरी प्रदान गरिएको सेवा गुणस्तरीय थियो कि थिएन, भन्नेबारे नागरिकले विभिन्न मञ्चमा सहभागी भएर स्थानीय सरकारलाई जिम्मेवार र जबाफदेही बनाइरहनु पर्दछ ।

(घ) जिम्मेवार र जबाफदेही बनाउनको लागि स्थानीय सरकारले सञ्चालन गर्ने सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने संयन्त्रहरु सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सामुदायिक अङ्कपत्रमार्फत नागरिकले तथ्यपरक ढङ्गबाट जिम्मेवार अधिकारीलाई जबाफदेही बनाउन सक्छन् ।

(ङ) स्थानीय नागरिक संस्थाले यस्ता संयन्त्रहरु सञ्चालन गरी स्थानीय सरकारका प्रतिनिधिहरुलाई जबाफदेही बनाउन सक्छन् ।

(च) कुनै सार्वजनिक निकायका अधिकारीलाई नागरिकको चासो, सरोकार तथा प्राथमिकता के छ भनेर नियमित रुपमा अवगत गराउने र त्यसैअनुसार उत्तरदायित्व वहन गर्नको लागि अनुरोध गर्ने ।

(छ) कुनै कर्मचारीले नागरिक चासो र सरोकारका सवालमा अनुत्तरदायी भई वेवास्ता गरेमा सम्बन्धित कार्यालयको प्रमुखसमक्ष गुनासो गरी त्यसको समाधानको लागि पहल गर्ने ।

(ज) सामाजिक रुपमा पछाडि परेका वा पारिएका वर्ग तथा समुदायका व्यक्तिले सार्वजनिक सेवा प्रदायक निकायमा गुनासो गर्न सक्दैनन् । त्यसैले उनीहरुको आवाजलाई जिम्मेवार अधिकारीसमक्ष पुर्‍याउने र उनीहरुको समस्या समाधान गर्नेतर्फ त्यस्ता निकायलाई उत्तरदायी बनाउने ।

## ५.३ कानुनी शासन

(१) राज्यशक्तिको प्रयोग गर्ने निकाय वा पदाधिकारीले कानुनको अधिनमा रही व्यवहार, आचरण,  गतिविधि सञ्चालन गर्ने र निर्णय गर्ने पद्धतिलाई कानुनको शासन भनिन्छ ।

(२) लोकतान्त्रिक शासन प्रणालीमा कानुनको सर्वोच्चता हुने भएकोले सार्वजनिक सेवा प्रदायक निकायका हरेक कार्यहरु कानुनसम्मत तरिकाले सञ्चालन हुनुपर्ने अपेक्षा राखिन्छ । जसमा कानुनी समानता वा कानुनप्रतिको समान समर्पण र निजी अधिकारहरुको संरक्षण तथा नागरिकद्वारा कानुन पालना हुनुपर्ने कुरालाई मूल मन्त्रको रुपमा लिने गरिन्छ ।

(३) कानुनी शासन प्रवर्द्धन गर्नको लागि नागरिक सहभागिताले महत्त्वपूर्ण योगदान गर्दछ ।

(४) कानुनको मस्यौदादेखि त्यसको कार्यान्वयनसम्मको चरणमा नागरिकले सक्रिय रुपमा सहभागी भएर कानुनी शाासनको कार्यान्वयनको लागि योगदान गर्न सक्छन् । जसको लागि नागरिक सहभागिता निम्नानुसार हुन सक्छ:

(क) सार्वजनिक सेवा प्रवाह गर्ने निकायले कुन कुन कानुन तथा ऐन कार्यान्वयन गर्दछ भन्नेबारे हरेक कार्यालयको सूचना पाटी वा डिजिटल सूचना पाटीमा टाँस्न र प्रदर्शन गर्न लगाउने ।

(ख) यस्ता कानुनले तोकेअनुसार सेवा प्रवाह तथा वस्तु वितरण भइरहेको छ या छैन भन्ने अनुगमन गर्ने र यदि कानुनअनुसार नभएको पाइएमा उक्त निकायको प्रमुखको ध्यानाकर्षण गराउने ।

(ग) स्थानीय सरकारले सञ्चालन गर्ने गतिविधिहरु कानुनअनुसार भएको छ कि छैन भन्ने खोजी गर्ने ।

(घ) नागरिकका अधिकार सुनिश्चित गर्ने किसिमका कानुन निर्माण गर्ने क्रममा सहभागी हुने र प्रयास गर्ने ।

(ङ) कानुनअनुसार कार्यान्वयन गर्ने सार्वजनिक निकायका प्रमुखलाई नागरिकले सम्मान गर्ने र त्यस्तो गर्नको लागि अभिप्रेरित गर्ने ।

## ५.४ सदाचार

(१) सार्वजनिक निकायको काम कारबाही तथा निर्णय पक्रियामा पारदर्शिता र जबाफदेहिता अभिवृद्धि गरी त्यस्ता निकायबाट सेवा प्रवाह गर्दा वा वस्तुको आपूर्ति गर्दा आर्थिक वा अन्य कुनै स्वार्थ, प्रलोभन तथा लोभलालचबिना काम सम्पन्न गर्ने र निर्णयको औचित्यबारे चासो राख्ने व्यक्ति, नागरिक संस्था वा अन्य सरोकारवालालाई सरल तथा सहज रुपमा जानकारी गराउने पद्धति सदाचार हो ।

(२) जिम्मेवार पदाधिकारीले कानुनले दिएको अधिकारभित्र रहेर काम र निर्णय गर्ने, सो काम र निर्णय गर्दा आफू, आफ्नो परिवारको सदस्य वा नाता पर्ने व्यक्तिलाई लाभ हुने वा कुनै स्वार्थ बाझिने विषयमा सहभागी हुनु हुँदैन भन्ने मान्यताले सदाचारलाई चिनाउँछ ।

(३) सदाचार व्यक्तिको नैतिकतासँग जोडिएको विषय हो ।

(४) जिम्मेवार पदाधिकारी वा कर्मचारीले यसलाई आफ्नो पदीय मर्यादाको आधार बनाउनु पर्छ ।

(५) नागरिक सहभागिताले सदाचार पद्धतिको विकास गर्न सहयोग पुऱ्याउँछ ।

(६) नागरिकले आफ्नो सरोकारको संस्थाका पदाधिकारी वा कर्मचारीमा सदाचार पद्धतिको विकास गर्न देहायअनुसार गर्न सक्छन्:

(क) सदाचार पद्धतिलाई आत्मसात् गर्ने कर्मचारी तथा सेवा प्रदायकलाई सम्मान तथा उत्प्रेरित गर्ने ।

(ख) सदाचारिता प्रवर्द्धन गर्नको लागि स्थानीय स्तरमा अभियान सञ्चालन गर्ने ।

(ग) सार्वजनिक सेवा प्रदायक निकायका अधिकारीहरुको जीवन पद्धतिलाई निरन्तर अवलोकन गरिरहने ।

## ५.५ भ्रष्टाचार नियन्त्रण

(१) समाजले निर्माण गरेको सामाजिक मूल्य, मान्यता, विश्वास, परम्परा र राज्यले निर्माण गरेको ऐन कानुन उल्लङ्घन गर्ने कार्यलाई भ्रष्टाचार भनिन्छ । सामान्य अर्थमा व्यक्तिगत स्वार्थको लागि सार्वजनिक पद, शक्ति र सम्पत्तिको प्रयोग गर्नुलाई नै भ्रष्टाचार भनिन्छ ।

(२) कानुनी रुपमा कानुनले नगर्न भनेको कुरा गर्नुलाई भ्रष्ट आचरण वा भ्रष्टाचारको रुपमा लिने गरिन्छ ।

(३) भ्रष्टाचार सुशासनको बाधक हो । त्यसैले भ्रष्टाचार नियन्त्रण गर्दा सुशासन अभिवृद्धिमा योगदान पुग्दछ ।

(४) भ्रष्टाचार नियन्त्रण राज्य संयन्त्रको सक्रियता वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्ता निकायको सक्रियताले मात्र सम्भव हुने कुरा होइन । यसको लागि नागरिक सहभागिताले अत्यन्तै महत्त्वपूर्ण भूमिका खेल्छ ।

(५) भ्रष्टाचार नियन्त्रणको लागि नागरिकले निम्नानुसार सहभागिता जनाउन सक्छन्:

(क) नीति निर्माण र कार्यान्वयनमा व्यक्तिको स्वार्थ बाझिने अवस्थाको अन्त्य गर्न पहल गर्न सक्छन् ।

(ख) सार्वजनिक खरिद प्रक्रिया र लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्ने, बहस गर्ने, सुधारको लागि सहकार्य गर्न सक्छन् ।

(ग) आफूले घुस नदिने तथा गलत काम गर्नको लागि सार्वजनिक निकायका अधिकारीलाई दबाब नदिने ।

(घ) सार्वजनिक निकायले सञ्चालन गरिरहेका योजना तथा कार्यक्रममा अनियमितता भएको पाइएमा त्यसलाई समाधान गर्नको लागि सामाजिक जबाफदेहिता अभिवृद्धि गर्ने संयन्त्रहरु जस्तै सार्वजनिक सुनुवाइ तथा सार्वजनिक लेखापरीक्षण गर्नको लागि दवाव सिर्जना गर्ने ।

(ङ) कुनै पनि योजनामा आर्थिक अनियमितता तथा भ्रष्टाचार भएको पाइएमा सम्बन्धित निकायमा प्रमाणसहित उजुरी गर्न सक्छन् ।

(च) अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय तथा प्रादेशिक सरकारका सम्बन्धित निकायमा उजुरी गर्ने, छानविनको माग गर्ने, छानविनलाई सघाउने, भविष्यमा त्यस्ता कमजोरी नदोहोरिने प्रणाली र जबाफदेहिता मापदण्डको विकास गर्ने ।

(छ) बढी जनसम्पर्क हुने कार्यालयमा नागरिकले बढी दुख पाउने र घुस दिनुपर्ने हुन सक्छ । त्यसैले यस्ता कार्यालयको बाहिरपट्टि नागरिक संस्थाले 'हेल्प डेस्क' सहायता कक्ष स्थापना गरेर सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहजीकरण गर्न सक्छन् ।

(ज) कुनै सेवा प्रदायकले घुस मागेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टेलिफोन नं. १०७ मा फोन गरेर गुनासो गर्ने ।

(झ) यदि कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिको आर्थिक अवस्थामा एक्कासी नाटकीय परिवर्तन आएको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी गर्ने र भ्रष्टाचार नियन्त्रण गर्न सहयोग पुऱ्याउने ।

(ञ) आफ्नो गाउँ, बस्ती, टोल, छिमेक र परिवारमा हैसियतभन्दा बढी खर्च गर्ने वा भड्किलो जीवनशैली भएमा कमाइको श्रोतबारे प्रश्न गर्ने ।

(ट) भ्रष्टाचारीलाई सामाजिक वहिष्कार गर्ने ।

### ५.६ प्रभावकारिता

(क) नागरिक सहभागिताको सुनिश्चितताले कुनै पनि सार्वजनिक निकायले प्रवाह गर्ने सेवामा प्रभावकारिता अभिवृद्धि हुन्छ ।

(ख) कुनै पनि कार्यालय वा सार्वजनिक निकायले नागरिकलाई दिने भनेर प्रतिबद्धता जनाएको वस्तु र सेवा प्रभावकारी ढङ्गबाट नागरिकबीच पुऱ्याउन सहज हुन्छ ।

(ग) शासकीय प्रक्रियामा नागरिक सहभागी हुँदा उनीहरुको चेतनास्तरमा वृद्धि हुन्छ । आफ्नो हक, अधिकारबारे सचेत र त्यसको प्राप्तिको लागि जागरुक हुन्छन् । यसले सार्वजनिक निकायले प्रवाह गर्ने सेवाको प्रभावकारिता अभिवृद्धि हुन्छ ।

(घ) आफ्नो लागि भनेर व्यवस्था भएका सेवा समयमै सरल र सहज रुपले नपाएमा किन भनेर नागरिकले खोजी गर्न थाल्छन् । जसले गर्दा सेवा प्रदायक निकाय पनि यसमा चासो दिन र सुधार गर्न बाध्य हुन्छन् । यसले गर्दा सेवा, सुविधा प्रवाहमा प्रभावकारिता अभिवृद्धि हुन्छ ।

## ५.७ समता र समावेशिता

(क) नागरिक सहभागिताको महत्त्वपूर्ण पक्ष भनेको समता र समावेशीकरण हो । समावेशिता भन्नेबित्तिकै एउटै जात, धर्म, लिङ्ग, वर्ग, वर्ण तथा क्षेत्रका नागरिकको सहभागिताको मात्र कुरा हुँदैन । बरु हरेक समुदाय तथा क्षेत्रका नागरिकको समतामूलक प्रतिनिधित्व र समावेशीकरणलाई यसले समेट्छ ।

(ख) समावेशीकरणले गर्दा समाजमा पछाडि पारिएका वर्ग तथा समुदायका व्यक्ति तथा नागरिकको शासकीय प्रक्रिया तथा प्रणालीमा अर्थपूर्ण सहभागिता सुनिश्चित हुन्छ । पछाडि पारिएका वर्ग तथा समुदायका व्यक्तिहरु पनि शासकीय प्रक्रिया तथा प्रणालीमा समतामूलक पद्धतिबाट समावेश हुन्छन् ।

## ५.८ सहमतितर्फ उन्मुख

(क) शासकीय प्रक्रिया तथा प्रणालीमा अर्थपूर्ण रुपमा संस्थागत तवरबाट गरिने नागरिक सहभागिताले सहमतिको वातावरण बनाउँछ । जसमा सार्वजनिक सेवा प्रदायक निकायले समस्याहरु बुझ्ने र नागरिकको चाहना बुझ्ने बातावरण निर्माण हुन्छ । यसपछि गरिने निर्णयले सहमतिको वातावरणलाई बढावा दिन्छ ।

(ख) कतिपय सन्दर्भमा वास्तविक सूचना प्राप्त नगरेको कारण नागरिकले सार्वजनिक निकायप्रति गलत धारणा बनाइरहेका हुन्छन् । नागरिक सहभागिताको सुनिश्चितताले नागरिकले सहजै सही र वास्तविक सूचना प्राप्त गर्ने वातावरण सिर्जना गर्दछ ।

(ग) सार्वजनिक निकायले गर्ने हरेक गतिविधि तथा कार्यक्रममा नागरिक सहभागी हुँदा उनीहरुको चाहना, सरोकार, अपेक्षालाई समयमै सम्बोधन गर्नको लागि आधार प्राप्त हुन्छ । यसले गर्दा पछि कार्यान्वयनको क्रममा नागरिकको सहयोग प्राप्त गर्न सहज हुन्छ र कार्यान्वयन सहज हुन्छ ।

# नागरिक सहभागिताको फाइदा

## ६.१ नागरिक सहभागिताको फाइदा

(१) नागरिक सहभागिता लोकतन्त्रको आधार हो । नागरिक सहभागिताले सरकार र नागरिकबीच सम्बन्धसूत्रको काम गरेको हुन्छ । एकापसमा समझदारी विकास गर्न सहयोग पुग्छ । नागरिक सहभागिता प्रभावकारी हुन सकेको खण्डमा नागरिक स्वयंलाई, नागरिक समाजलाई र सरकारलाईसमेत विभिन्न किसिमको सहयोग पुग्दछ ।

(२) शासन प्रणालीमा नागरिकको सक्रिय सहभागिताले सुशासन अभिवृद्धिमा महत्त्वपूर्ण योगदान गर्दछ । शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक संस्था तथा नागरिकको सहभागिताले बहुआयामिक रुपमा सकारात्मक प्रभाव पार्दछ ।

(३) एकातिर नागरिक स्वयंले फाइदा लिन सक्छन् भने अर्कोतर्फ सरकारी तथा सार्वजनिक निकायलाई पनि फाइदा हुन्छ ।

(४) नागरिक संस्था, समाज तथा समुदाय र समग्रमा देश विकास र समृद्धिको परिकल्पनालाई व्यावहारिक रुपमा कार्यान्वयन गर्ने सन्दर्भमासमेत फाइदा हुन्छ ।

### (क) नागरिक स्वयंको लागि हुने फाइदा

(१) नागरिकलाई शासकीय पद्धतिमा सहभागी हुँदा आत्मगौरव र आत्मसम्मान प्राप्त हुन्छ । यसैगरी शासकीय प्रक्रिया तथा प्रणाली सुधारको एक कर्ता भएको महसुस हुन्छ ।

(२) सरकारलाई थप प्रभावकारी बनाउन पाउँदा समग्र समाजलाई लाभ पुग्दछ भने आत्मसन्तुष्टिमा वृद्धि हुन्छ ।

(३) नागरिक सहभागिताले सरकार, विभिन्न सरकारी निकायहरुले प्रवाह गर्ने सेवाको गुणस्तर सुधार गर्नको लागि महत्त्वपूर्ण योगदान पुग्दछ । यस्तो कुरामा सुधार हुदाँ त्यसबाट नागरिक स्वयं बढी लाभान्वित हुन पुग्दछन् । जस्तै कृषि सेवा केन्द्रको सेवा सुधारमा नागरिक सहभागी हुदाँ भोलिको दिनमा उक्त कार्यालयबाट पाउने सेवाको गुणस्तरमा सुधार आउँछ । त्यसले अन्ततः नागरिकलाई नै फाइदा हुन्छ ।

(४) स्थानीयस्तरको आवश्यकता र समस्या समाधान हुने किसिमको योजना र कार्यक्रमको लागि बजेट विनियोजन गराउन सजिलो हुन्छ । जसको प्रत्यक्ष फाइदा नागरिकले पाउने हुन् ।

(५) सार्वजनिक निकायसँग के कति बजेट छ, त्यसले के-कस्ता योजना तथा कार्यक्रम सञ्चालन गर्दैछ भन्नेबारे सहजै जानकारी हुन्छ जसले गर्दा आफ्नो आवश्यकता र समस्या समाधान गर्ने किसिमका योजना तर्जुमा गर्न र बजेट विनियोजन गर्न सकिन्छ ।

(६) नागरिकको लागि भनेर सरकारले विनियोजन गरेको बजेटको दुरुपयोग हुनबाट रोक्न सकिन्छ । त्यसको उच्चतम सदुपयोग गर्न, गराउन सकिन्छ जसले नागरिकको जीवनस्तर उकास्नको लागि मद्दत गर्दछ ।

(७) सार्वजनिक निकायमा सेवा लिन जाँदा अनावश्यक ढिलासुस्तीको सामना गर्नु पर्दैन, नागरिकले सहज अनुभव गर्छन ।

(८) नागरिकले सार्वजनिक निकायप्रतिको आफ्नो चासो र सरोकार सम्बन्धित निकाय वा अधिकारीसमक्ष सहजै पुऱ्याउन सक्छन् । यसले गर्दा त्यस्ता चासो तथा सरोकारको समयमै सम्बोधन हुन्छ र सेवा प्रवाहलाई प्रभावकारी बनाउन योगदान पुग्दछ ।

(९) स्थानीय स्तरका विकास निर्माणका काम तथा योजना गुणस्तरीय हुन्छन् जसले गर्दा नागरिकले वर्षौंवर्षसम्म त्यसको उपयोग गर्न पाउँछन् ।

(१०) नागरिक सहभागिताले सार्वजनिक निकायमा हुने घुसखोरी, अनियमितता तथा भ्रष्टाचारलाई नियन्त्रण गर्न र पारदर्शिता तथा जबाफदेहिता वृद्धि गर्न सहयोग गर्दछ । घुसखोरी तथा अनियमितताको नियन्त्रणले सार्वजनिक प्रशासन चुस्त र स्फूर्त हुन जान्छ र नागरिकलाई प्रशासनिक तथा विकास निर्माणका काम गर्न सहजता हुन्छ ।

(११) योजना तथा कार्यक्रमको कार्यान्वयन प्रभावकारी र गुणस्तरीय हुन्छ जसबाट नागरिकले बढीभन्दा बढी लाभ लिन सक्छन् ।

(१२) अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा हुने नागरिक सहभागिताले कुनै योजना तथा कार्यक्रममा केही समस्या वा कमजोरी भएको रहेछ भने त्यसलाई सुधार गर्दै सम्पन्न गर्नको लागि योगदान पुऱ्याउँछ। यसले उपभोक्ता समिति वा ठेकेदारले गलत कार्य गर्न र त्यस्तो गलत कार्यलाई ढाकछोप गर्न सक्ने अवस्था रहदैन । यसले विकास निर्माणका कार्य तोकिएको गुणस्तरमा सम्पन्न हुने आधार तयार गर्छ ।

(१३) नागरिकको सहभागिताले लाभको समान वितरणमासमेत योगदान गर्दछ। कुनै पनि योजना तथा विकासको लाभ सबै नागरिकलाई समान रुपमा वितरण गर्ने आधार तय हुन्छ, सहभागिताको कारण कसैले ढाँट्ने, छल्ने तथा गलत सूचना दिएर फाइदा लुट्न सक्ने अवस्था रहदैन ।

## (ख) सरकारी तथा सार्वजनिक निकायलाई हुने फाइदा

(१) नागरिकको चाहना, भावना, आवश्यकता तथा सरोकार बुझ्न र त्यसअनुसार आफ्ना गतिविधिहरु सञ्चालन गर्न सरकारी तथा सार्वजनिक निकायलाई नागरिक सहभागिताले सहयोग पुऱ्याउँछ । यसले ती कार्यालयले सञ्चालन गरेका गतिविधिहरु प्रभावकारी हुन्छन् र नागरिक सन्तुष्टि उच्च हुन्छ ।

(२) सार्वजनिक निकायले प्रवाह गर्ने सेवाप्रति नागरिकको अनावश्यक गुनासो तथा असन्तुष्टिलाई घटाउन सकिन्छ । जसले गर्दा कार्यालयप्रति नागरिकको दृष्टिकोण सकारात्मक बन्न पुग्छ ।

(३) ठेकेदार तथा उपभोक्ता समितिका पदाधिकारीहरुबाट हुन सक्ने सम्भावित अनियमितता तथा भ्रष्टाचार नियन्त्रण तथा न्यूनीकरण गर्न सहयोग पुग्छ । जसले गर्दा आफूले नगरेको अपराधको दोष बोक्नुपर्ने समस्याबाट सार्वजनिक निकायका पदाधिकारीहरुले मुक्ति पाउने अवस्था रहन्छ ।

(४) कुनै पनि योजना तर्जुमा, बजेट विनियोजन तथा योजना कार्यान्वयनमा नागरिक सहभागी हुँदा हरेक कुरामा आफै संलग्न हुनुपर्ने कुराबाट जिम्मेवार पदाधिकारीले सहज महसुस गर्ने अवस्था हुन्छ। किनकि नागरिकले पनि यस्ता काममा निरन्तर निगरानीकर्ताको भूमिका निर्वाह गरिरहेका हुन्छन् र ठेकेदार वा अन्य योजना कार्यान्वयन गर्ने पक्षले बदमासी गर्न गाह्रो हुन्छ ।

(५) योजना कार्यान्वयनको सन्दर्भमा केही समस्या आइपरेमा नागरिकको सहभागिता भएमा त्यस्ता समस्या समाधान गर्न सजिलो हुन्छ। किनकि नागरिकले यस्ता समस्या समाधानको लागि महत्त्वपूर्ण योगदान गर्न सक्छन् र त्यसको फाइदा कार्यालयले लिन सक्छ ।

(६) थोरै श्रोतमा धेरै काम गर्नको लागि नागरिक सहभागिताले आधार दिन्छ। प्रभावकारी रुपमा हुने नागरिक सहभागिताले श्रोतको समुचित परिचालन तथा उपयोगमा सहयोग गर्दछ । जसले गर्दा सार्वजनिक सेवा प्रवाह गर्ने निकायका अधिकारीको पेशागत क्षमता बढेर जान्छ ।

## (ग) नागरिक संस्थालाई हुने फाइदा

(१) शासकीय सुधारका काममा सहभागी हुदाँ नागरिक संस्थालाई आफ्नो छवि समाज र सरकारी निकायमा राम्रो बनाउने महत्त्वपूर्ण अवसर प्राप्त हुन्छ ।

(२) शासकीय प्रक्रिया तथा प्रणालीलाई सुधारका विभिन्न नविनतम तरिका र पद्धतिहरुको खोजी र पहिचान गर्नको लागि महत्त्वपूर्ण अवसर प्राप्त हुन्छ

(३) आफ्नो क्षेत्र तथा विषयमा वैधता बढाउनको लागि अवसर हुन्छ ।

(४) सरकारी तथा अन्य सार्वजनिक सरोकारवाला निकायहरुको वास्तविक साथी तथा सहयोगीको रुपमा आफूलाई स्थापित गर्ने अवसर प्राप्त हुन्छ ।

(५) स्थानीय नागरिक संस्थाको खास उद्देश्य नागरिकको पक्षमा आवाज उठाउने र उनीहरुको हक, अधिकार सुनिश्चित गर्दै उनीहरुको सशक्तीकरणलाई योगदान गर्ने हो । यसको लागि शासकीय प्रक्रिया तथा प्रणालीमा नागरिक सहभागिता सुनश्चित गर्दा यस्ता संस्थाले आफ्नो लक्ष्य तथा उद्देश्य पूरा गर्ने प्रभावकारी आधार भेट्छन् ।

(६) नागरिक संस्थाका आ-आफ्ना खास लक्ष्य तथा उद्देश्य हुन्छन् । युवा सञ्जालले युवाको हकहित, बाल क्लबले बालबालिकाको हकहित, महिला समूहले महिलाको हक हित तथा टोल सुधार संस्थाले आफ्नो टोल तथा बस्तीमा विकास निर्माण तथा अन्य कुराहरु गर्ने लक्ष्य लिएका हुन्छन् ।

(७) यस्तो कार्यको लागि शासकीय प्रक्रियामा नागरिक सहभागिता बढाउँदा त्यसले सहजै आफ्नो लक्ष्य प्राप्ति गर्ने आधार तय हुन्छ । उदाहरणको लागि कुनै पनि स्थानीय विकास निर्माणको काममा नागरिक सहभागिता अभिवृद्धि गरी सरकारी निकाय र नागरिकले सहकार्य गर्ने हो भने टोलमा बाटो पिच (कालो पत्रे) गर्ने, खानेपानी, विद्युतीकरणजस्ता काम प्रभावकारी रुपमा हुन सक्छ ।

### (घ) समाज तथा समुदायलाई हुने फाइदा

(१) स्थानीय स्तरको शासकीय प्रक्रिया तथा स्थानीय सरकारले सञ्चालन गर्ने गतिविधिहरुमा नागरिक सहभागिता हुँदा समाज तथा समुदायले पनि विभिन्न किसिमका फाइदा लिन सक्छन् ।

(२) कुनै पनिसार्वजनिक सेवा प्रदायक निकायहरु जस्तै स्थानीय सरकार तथा अन्य निकायले सञ्चालन गर्ने गतिविधि तथा योजनाले त्यही समाज तथा समुदायको विकास, उत्थान तथा शसक्तीकरणको लागि काम गर्ने हो । नागरिक भनेका समाज तथा समुदायकै अङ्ग हुन् ।

(३) शासन प्रणाली तथा प्रक्रियामा समुदाय तथा समाजकै प्रतिनिधिहरुको सहभागिताले समुदायको आवश्यकता चाहना तथा समुदायको सदस्यहरुको ईच्छा, आकाँक्षालाई प्रभावकारी रुपमा सम्बोधन गर्ने हुन्छ ।

(४) समुदाय तथा समाजमा बसोबास गर्ने सबै मानिस बराबर हैसियत, स्थिति तथा क्षमताका हुँदैनन् । पछाडि परेका वा पारिएका समुदायका नागरिकको शासन प्रणालीमा सहभागिता सुनिश्चित गर्दा यस्ता वर्ग तथा समुदायका नागरिकको जीवनस्तर उकासिन्छ र समुदाय तथा समाजले फाइदा पाउँछ ।

(५) शासन प्रणालीमा नागरिक सहभागिताले समाजको कुन क्षेत्रमा के कुराको आवश्यकता छ भन्ने पहिचान गर्न सहज हुन्छ र आवश्यकता भएको स्थानमा बजेट व्यवस्था गर्ने र आवश्यकता नभएको स्थानमा बजेट विनियोजन हुनबाट रोक्न सकिन्छ । जसले समाजको समग्र विकास र समविकासलाई योगदान गर्दछ ।

(६) नागरिक सहभागिताले समुदायका कुन वर्ग, लिङ्ग समुदाय, तथा जातजातिका मानिलाई के कस्तो कार्यक्रम आवश्यकता छ भन्ने पहिचान गर्न सहज हुन्छ । जसले समुदायमा बसोबास गर्ने कुनै पनि वर्ग समुदाय तथा जातजातिका मानिसले आफूमाथि विभेद भइरहेको छ भन्ने महसुस गर्न पाउँदैनन् । जसले समाजमा शान्ति र विकासको प्रवर्द्धन हुन्छ भने समुदायका सदस्यहरुबीच मेलमिलाप तथा ऐक्यबद्धतामा बढोत्तरी हुन जान्छ ।

(७) यसैगरी समाजमा लोकतान्त्रिक संस्कार तथा संस्कृति अभिवृद्धि हुन्छ ।

(८) नागरिकहरुबीच सहकार्य र समन्वयको भावनामा अभिवृद्धि हुन जान्छ ।

(९) शासकीय प्रक्रियामा नागरिकको रचनात्मक सहभागिता तथा संलग्नताको संस्कृतिको विकास हुन्छ र बलियो किसिमको सामाजिक जबाफदेहिता अभिवृद्धि हुन्छ ।

(१०) नागरिक, राज्य र बजारबीच बलियो सम्बन्ध स्थापित हुन्छ ।

(११) शान्ति, ऐक्यबद्धता र सामाजिक सद्भावमा वृद्धि हुन्छ ।

## ६.२ क्षेत्रगत विकासमा हुने फाइदा

(१) शासकीय प्रक्रिया तथा प्रणालीमा हुने नागरिक सहभागिताले क्षेत्रगत विकासमा समेत निकै फाइदा पुग्दछ ।

(२) समाजमा हुने आर्थिक, सामाजिक, भौतिक विकास, विपद् व्यवस्थापन, संस्थागत विकास तथा सेवा प्रवाह, वित्तीय व्यवस्थापन, शिक्षा, स्वास्थ्य, कृषिजस्ता क्षेत्रगत विकासमा पनि महत्त्वपूर्ण योगदान गर्दछ । जसलाई तल उल्लेख गरिएको छ ।

### (क) आर्थिक विकास

(१) शासकीय प्रक्रियामा नागरिक सहभागिताले श्रोतको समुचित परिचालनमा सहयोग पुर्‍याउँछ । यसैगरी आर्थिक गतिविधिहरु वृद्धि गर्न र बढीभन्दा बढी रोजगारीका अवसरहरुको सिर्जना गर्दछ । यसले बढीभन्दा बढी राजश्व सङ्कलन गर्नको लागि आधार तय गर्दछ ।

(२) हरेक नागरिकलाई आफूले के गरेर राम्रो आर्थिक उपार्जन गर्न सक्छु भन्नेबारे बुझेको हुन्छ । कस्तो किसिमको उद्यमशिलता सुरुवात गरेर आर्थिक विकास गर्न सकिन्छ भन्ने पनि बुझेको हुन्छ । यसले गर्दा उसले चाहेको क्षेत्रमा थोरै मात्र लगानी गर्ने हो भने राम्रो आर्थिक विकासको आधार तय गर्दछ । नागरिक सहभागी भएर योजना तथा बजेट तर्जुमा गर्दा यस्ता क्षेत्रमा स्थानीय सरकारबाट बजेट विनियोजन गर्न सकिन्छ । जसले आर्थिक विकासमा प्रत्यक्ष रुपमा योगदान गर्दछ ।

(३) शासकीय प्रक्रियामा नागरिक सहभागिताले आर्थिक अनियमितता, भ्रष्टाचार तथा विकृति, विसङ्गति न्यूनीकरणमा योगदान गर्दछ । गरेको लगानीमा अनियमितता तथा भ्रष्टाचार नभएपछि त्यसले समग्र आर्थिक विकासलाई योगदान पुर्‍याउँछ ।

(४) योजनाको प्रभावकारी तथा गुणस्तरीय कार्यान्वयनको लागि आधार तय गर्न नागरिक सहभागिताले योगदान गर्दछ । योजना प्रभावकारी तथा गुणस्तरीय हुँदा सार्वजनिक निकायले गरेको लगानीको अधिकतम प्रतिफल आउँछ जसले आर्थिक विकासमा योगदान गर्दछ ।

(५) नागरिक सहभागितासहित योजना कार्यान्वयन गर्दा थोरै लगानीमा धेरै काम गर्न सक्ने वातावरण सिर्जना हुन्छ ।

(६) विपन्न तथा पछाडि पारिएका समुदायका नागरिकले थोरै लगानी गर्दा त्यसबाट धेरै प्रतिफल प्राप्त हुने काम गर्न सक्छन् । उनीहरुकै सहभागितामा यस्ता योजना तथा कार्यक्रमको डिजाईन गर्दा त्यसबाट मनग्गै आर्थिक लाभ प्राप्त हुन सक्छ । जसले समग्र समुदायकै आर्थिक उपार्जन तथा विकासमा महत्त्वपूर्ण योगदान गर्दछ ।

(७) भ्रष्टाचारको नियन्त्रणमा योगदान गर्दछ । जसले गर्दा राजश्व वृद्धि हुन्छ, बढी लगानी बढी प्रतिफल प्राप्त हुन्छ भने नागरिकले पनि यसबाट बढीभन्दा बढी लाभ लिन सक्छन् ।

(८) लगानीका प्राथमिकताका क्षेत्रहरुमा वृद्धि हुन्छ र उत्पादकत्वमा वृद्धि हुन्छ ।

(९) सार्वजनिक विकास निर्माण तथा पूर्वाधार बलियो हुन्छन्, लामो समयसम्म चल्ने हुन्छ र यस्ता पूर्वाधारमा गरिएको लगानीबाट बढीभन्दा बढी लाभ प्राप्त गर्न सकिन्छ ।

## (ख) सामाजिक विकास

प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ, र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र नियमनको हरेक चरणमा नागरिक सहभागिता सुनिश्चित गर्दा गुणस्तरीय शिक्षाको विकास तथा त्यसको कार्यान्वयनको आधार तय हुन्छ ।

(१) स्थानीय स्तरमा के कस्तो किसिमका शिक्षा के कसरी कार्यान्वयन गर्ने, कुन ठाउँमा गर्ने, को को सहभागी हुने, कुन समय ठीक हुन्छ जस्ता हरेक कुरामा नागरिकलाई सहभागी गराएर नीति तथा कानुन निर्माण गर्दा गुणस्तरीय शिक्षा प्रवर्द्धनमा त्यसले योगदान पुर्‍याउँछ ।

(२) नागरिक सहभागिताले विद्यालयमा नियमित पठनपाठन हुन्छ । नागरिकले निरन्तर चासो र सरोकार राख्दा शिक्षकहरु नियमित रुपमा विद्यालय जाने, नियमित कक्षाकोठामा जाने अवस्था सिर्जना हुन्छ । जसले गुणस्तरीय शिक्षा प्राप्त हुन सक्छ ।

(३) राजनीति गरेर हिड्ने शिक्षकलाई कक्षाकोठामा ल्याउन सकिन्छ । विद्यालयमा नियमित रुपमा अनुगमन गर्ने, विद्यालयले सञ्चालन गर्ने सामाजिक परीक्षणमा विद्यालयभित्रका विकृति तथा विसङ्गतिबारे जोडदार रुपमा आवाज उठाउने गर्दा सुधारका रेखा कोरिन्छन् ।

(४) विद्यालयमा पछाडि पारिएका विभिन्न वर्ग, समुदाय तथा जातजातिका बालबालिकाको लागि छात्रवृत्ति रकम आएको हुन्छ । तर यसबारे सम्बन्धित व्यक्ति वा समुदायलाई जानकारी नै नभएको हुन सक्छ । नागरिकको सहभागितामा यस्तो बजेट कति आयो, क-कसलाई कति कति दिइयो भन्ने जानकारी सार्वजनिक गर्न सक्दा त्यस्ता वर्ग तथा समुदायका बालबालिका लाभान्वित हुन सक्छन् । जसले गर्दा उनीहरु नियमित रुपमा विद्यालयमा उपस्थित हुन्छन् र त्यस्ता समुदायका बालबालिकाको शिक्षाको अवस्थामा सुधार हुन्छ ।

(५) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक-अभिभावक सङ्घ मार्फत नागरिक सहभागिता बढोत्तरी गर्दा विद्यालयका विविध नीति, नियमलाई जनमुखी, विद्यार्थीमैत्री तथा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्ने किसिमको बनाउन सकिन्छ ।

(६) विद्यालय व्यवस्थापन समितिको गठन गर्ने, विद्यालयको गुणस्तर अभिवृद्धि गर्नेलगायतका काममा नागरिक सहभागिता सुनिश्चित गर्दा लक्ष्यअनुसार उपलब्धि हासिल गर्न सहज हुन्छ ।

(७) विद्यालयमा हुन सक्ने सम्भावित अनियमितता, गैरजिम्मेवारीपन तथा अपारदर्शितालाई नागरिक सहभागितामार्फत सुधार गर्न सकिन्छ । नागरिक सहभागी भएर विद्यालयभित्रका अनियमितता, गैरजिम्मेवारीपन तथा अपारदर्शिताका घटना सार्वजनिक गर्ने र सुधारको लागि आधार तयार गर्न सक्छन् जसले शिक्षाको अवस्था सुधार गर्नको लागि योगदान हुन्छ ।

(८) कुनै विद्यालयमा शिक्षकको अभाव हुन सक्छ । यस्तो अवस्थामा नागरिक संस्थासँगको सहकार्यमा स्वयंसेवक शिक्षकहरुको व्यवस्था गरेर विद्यालयको समस्या तथा आवश्यकता परिपूर्ति गर्न सकिन्छ । कतिपय अवस्थामा विभिन्न माध्यमबाट श्रोत सङ्कलन गरेर यस्ता शिक्षकलाई तलब, भत्तासमेत खुवाउने व्यवस्था गर्न सकिन्छ ।

(९) आधारभूत, स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमनको काममा नागरिक सहभागिता सुनिश्चित गर्दा नागरिकमैत्री नीति निर्माण हुन्छ र प्रभावकारी कार्यान्वयनको आधार तय हुन्छ ।

(१०) स्वास्थ्यको अवस्था सुधार गर्ने कुरामा पनि नागरिक सहभागिताले महत्त्वपूर्ण योगदान गर्न सक्छ । कुनै पनि स्वास्थ्य चौकी वा अस्पतालबाट नियमित रुपमा नि:शुल्क वितरण गर्नुपर्ने औषधि छ या छैन खोजी गर्ने र यदि त्यस्तो औषधि नभएमा नागरिकले सम्बन्धित जिम्मेवार अधिकारीसमक्ष गुनासो गर्ने हो भने तत्काल औषधिको व्यवस्था हुन सक्छ ।

(११) स्वास्थ्य चौकीमा सुरक्षित प्रसुती सेवा नियमित छ या छैन, नियमित रुपमा स्वास्थ्य संस्था सञ्चालन भइरहेको छ या छैन, स्वास्थ्य संस्थाको सरसफाइको अवस्था कस्तो छ जस्ता कुरामा नागरिकले सहभागी भएर नियमित रुपमा पृष्ठपोषण दिने हो भने त्यसले समग्र स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्न मद्दत पुग्दछ ।

(१२) स्वास्थ्य संस्थामा दरबन्दीअनुसारका स्वास्थ्यकर्मी छन् या छैनन्, यदि नभएमा किन नभएका हुन् भन्नेबारे जनस्वास्थ्य कार्यालयमा अनुगमन गर्ने र आफ्नो गुनासो राख्ने हो भने त्यसले सुधार ल्याउँछ ।

(१३) वडामा विद्यमान सामाजिक विसङ्गति, विकृति, अन्धविश्वास (छाउपडी प्रथा, बालविवाह, बहुविवाह, बोक्सीको आरोप, दाईजो, जातीय विभेद, निरक्षरता, महिलाविरुद्ध हुने हिंसा, बालश्रम) हटाउनको लागि नागरिक सहभागिताले निकै महत्त्वपूर्ण योगदान गर्दछ । यसको लागि आवश्यक पर्ने नागरिक सचेतीकरण कार्यक्रम सञ्चालन गर्नको लागि नागरिक तथा नागरिक संस्थाको सहभागिता सुनिश्चित गर्दा निकै सहज हुन्छ र यस्तो विकृति नियन्त्रण गर्न सकिन्छ ।

## (ग) पूर्वाधार विकास

(१) स्थानीय, ग्रामीण, तथा कृषि सडक, सिँचाइ कुलो, झोलुङ्गे पुल, पुलेसा, तटबन्धन तथा अन्य स्थानीय पूर्वाधारसम्बन्धी आवश्यक नीति, कानुन, मापदण्ड तथा सोसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमनसम्बन्धी कामको हरेक चरणमा यसबारे काम गरिरहेका स्थानीय नागरिक संस्था जस्तै टोल विकास संस्था, उपभोक्ता समूह तथा नागरिकसँगको सहभागितामा नीतिगत व्यवस्था गर्दा त्यसले गुणस्तरीय काम गर्नको लागि आधार तय गर्दछ ।

(२) स्थानीय स्तरमा कुन स्थानमा के कस्तो पूर्वाधार आवश्यक छ भन्नेबारे नागरिक सहभागी भएर छनोट गर्दा त्यसको औचित्य पुष्टि हुन्छ र नागरिकले त्यस्तो पूर्वाधारको विकासमा अपनत्व अनुभव गर्दछन् । साथै त्यसको इष्टिमेटदेखि ठेक्का दिने वा उपभोक्ता समिति गठन गर्ने, सामान खरिद गर्ने, योजनाको कार्यान्वयन गर्ने, त्यसको गुणस्तरको अनुगमन गर्ने लगायतका काममा नागरिक सहभागी हुँदा त्यस्तो पूर्वाधार विकास गुणस्तरीय हुन्छ ।

(३) स्थानीय सडक, सिँचाइ प्रणाली, झोलङ्गे पुल, पुलपुलेसा, तटबन्धजस्ता पूर्वाधारको संरक्षण, सम्वर्द्धन तथा त्यसको मर्मत-सम्भारको काममा स्थानीय नागरिक तथा नागरिक संस्थासँगको साझेदारीमा गर्दा सजिलो तथा प्रभावकारी हुन्छ । किनकि यस्ता पूर्वाधार नागरिकको लागि बनेका हुन् र यसको संरक्षण गर्ने काम बाहिरी पक्षलेभन्दा स्थानीय नागरिकको सक्रियतामा भयो भने प्रभावकारी हुन्छ ।

(४) स्थानीय सडकको मर्मत-सम्भार गर्ने काममा नागरिक सहभागिता सुनिश्चित गर्दा सडकको गुणस्तर बचाइराख्न सहज हुन्छ ।

(५) नागरिक सहभागिताको सुनिश्चितताले स्थानीय स्तरमा हुने पूर्वाधार विकास गुणस्तरीय र बलियो हुन जान्छ । नागरिकले आफ्नो गाउँघर तथा समाजमा निर्माण हुने कुनै पनि पूर्वाधार गुणस्तरीय हुनको लागि अनुगमन गरिरहँदा ठेकेदार वा उपभोक्ता समितिले त्यसमा बदमासी गर्न सक्दैनन् ।

(६) स्थानीय नागरिकले स्थानीय स्तरमा आवश्यक पूर्वाधारको प्राथमिकता पनि आफै तोक्न सक्छन् । यदि नागरिक सहभागी नभइकन स्थानीय स्तरमा पूर्वाधार विकासको काम गर्ने हो भने सडक आवश्यकता भएको ठाउँमा खानेपानी, सिँचाइ कुलो आवश्यक परेको स्थानमा भवन बन्ने अवस्था हुन्छ ।

(७) नागरिकले आफ्नो गाउँठाउँमा आवश्यक पूर्वाधारको योजना तर्जुमा देखिनै सहभागी भएर छनोट गर्ने अवसर पाउँदा यस्तो अवस्था रहँदैन । स्थानीयस्तरमा जे आवश्यक हो नागरिकले त्यही माग गर्ने हुँदा त्यसले स्थानीयको जीवनस्तरमा प्रत्यक्ष रुपमा प्रभाव पार्दछ ।

## (घ) वातावरण तथा विपद् व्यवस्थापन

(१) वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन तथा नियमनको प्रक्रियामा नागरिक सहभागिता सुनिश्चित गर्दा त्यसले नागरिकको चाहना, सरोकारलाई समेट्दछ । जसले भोलिको दिनमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न सजिलो हुन्छ र कार्यान्वयनको समयमा नागरिकको साथ र सहयोग पाउन सहज हुन्छ ।

(२) स्थानीयस्तरमा सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गर्ने काम नागरिक सहभागिताबिना प्रभावकारी हुनै सक्दैन । नागरिकको सहभागिता तथा समन्वयमा यस्ता कामको नीति बनाई त्यसको कार्यान्वयनको आधार तय गर्दा सहज हुन्छ ।

(३) कुनै पनि विकास निर्माणको काम गर्दा ठेकेदार तथा अन्य पक्षले वातावरण संरक्षणमा चासो दिँदैनन् । तर स्थानीय सहभागी भएर हुने विकासमा वातावरण संरक्षणमा ध्यान दिन्छन् र वातावरण संरक्षण गर्दै विकास गर्ने कुरालाई प्राथमिता दिन्छन् ।

(४) आफ्नो टोल बस्तीमा वातावरणीय स्वच्छतासम्बन्धी काम गर्ने र वातावरणमैत्री बस्ती बनाउने कुरामा नागरिक सहभागिताले महत्त्वपूर्ण योगदान गर्दछ ।

(५) विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन गर्दा सबै चरणमा नागरिक सहभागिता सुनिश्चित हुँदा नागरिकमैत्री र स्थानीय सरोकारलाई समेटेर नीति नियम बन्दछ । जसले विपद्सँग मुकाविला गर्न सहज हुन्छ ।

(६) स्थानीय स्तरमा विपद्को पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, विपद्पछिको खोज र उद्धार, राहत सामग्रीको पूर्वभण्डारण तथा वितरण र समन्वयमा पनि नागरिक सहभागिताले सहजता र प्रभावकारिता ल्याउँछ ।

(७) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको पहिचान र स्थानान्तरण गर्ने तथा विपद् व्यवस्थापन कोषको स्थापना तथा त्यसको सञ्चालन र श्रोत, साधनको परिचालन गर्ने काममा पनि नागरिक सहभागी हुँदा कार्यान्वयन गर्न सहज हुन्छ र कामको गुणस्तर वृद्धि हुन्छ ।

(८) विपद् जोखिम न्यूनीकरणसम्बन्धी स्थानीय स्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनगुमन र नियमनको काममा नागरिक सहभागिता सुनिश्चित गर्दा यस्ता काम प्रभावकारी हुन्छ । कार्यान्वयन सहज हुन्छ । कुनै कमजोरी भएमा तत्काल सुधार गर्ने आधार रहन्छ ।

(९) वडा तथा टोल, बस्तीभित्रको विपद् जोखिमको क्षेत्र तथा प्रकारहरुको पहिचान गर्ने काममा नागरिक सहभागी हुदाँ त्यसले वास्तविकतालाई समेट्छ ।

(१०) टोल तथा बस्तीको विपद् व्यवस्थापन कार्य योजना निर्माण गर्दा नागरिक सहभागिता सुनिश्चित हुदाँ के कस्ता विपद्को जोखिमबाट बच्न के कस्ता योजना बनाउनुपर्छ भन्ने कुरामा नागरिकले सक्रियतापूर्वक योगदान गर्दछन् । यसले एकतिर स्थानीय स्तरको विपद् व्यवस्थापनको लागि स्थानीय सवाललाई समेटेको कार्य योजना निर्माण हुन्छ भने अर्कोतर्फ त्यस्ता विपद्को समयमा नागरिक आफै सहभागी भएर व्यवस्थापनको लागि महत्त्वपूर्ण योगदान गर्दछन् ।

(११) विपद् न्यूनीकरणका लागि गर्नुपर्ने काम जस्तै भूकम्पप्रतिरोधी घर निर्माण, खोला तथा नदीको छेउमा वृक्षारोपणजस्ता सवालमा नागरिक सक्रिय सहभागी हुन्छन् र यस्ता काम कार्यान्वयन गराउन सहज हुन्छ ।

(१२) समुदायमा आधारित विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा नागरिकले त्यसमा अपनत्व अनुभव गर्दछन् । उनीहरुको सहभागिता उच्च हुन्छ । जोखिम न्यूनीकरण गर्न सहज हुन्छ ।

### (ङ) सेवा प्रवाह

(१) सेवा प्रवाहलाई प्रभावकारी तथा नागरिकमुखी बनाउनको लागि नागरिक सहभागिताको ठूलो महत्त्व छ । कुनै पनि सार्वजनिक निकायले प्रवाह गर्ने सेवाको प्रमुख अभिष्ट भनेको नागरिकको जीवनस्तरलाई माथि उकास्न तथा उनीहरुको दैनिकीलाई सहजीकरण गर्नु हो । सरकारी तथा सार्वजनिक निकायले प्रवाह गरिरहेको सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउनको लागि नागरिक सहभागिताले महत्त्वपूर्ण योगदान गर्दछ ।

(२) सार्वजनिक निकायले प्रवाह गरिरहेको सेवामा नागरिकको बझ्ुाइ वा सन्तुष्टि, असन्तुष्टी के रहेको छ भनेर सहजै जानकारी हुन्छ । जसले गर्दा यदि कुनै कुराले नागरिक असन्तुष्टि बढाउदै लगेको छ भने त्यस्तो कुरामा सुधार गर्न सेवा प्रदायकलाई सहज हुन्छ ।

(३) वस्तु वा सेवाको गुणस्तर कमजोर भएमा नागरिकले सहजै र वैधानिक बाटोबाट त्यसबारे गुनासो गर्ने अवस्था रहन्छ । नागरिकको चासो र सरोकारलाई समेट्दै सेवा प्रवाह गर्दा गुणस्तरमा वृद्धि हुन्छ ।

(४) सेवा प्रवाह गर्ने क्रममा सार्वजनिक निकायले भोग्नु परिरहेका समस्या तथा अप्ठ्याराहरुबारे नागरि कसँग निरन्तर छलफल तथा अन्तर्क्रिया गर्दा त्यस्ता समस्या समाधानको लागि समेत नागरिकबाट महत्त्वपूर्ण सहयोग लिन सकिन्छ ।

(५) विपन्न, असक्त, पछाडि पारिएका समुदाय तथा वर्गलाई केन्द्रमा राखेर सेवा प्रवाह गर्ने वातावरण नागरिक सहभागिताले तय गर्दछ । जसले गर्दा राज्यको मूलप्रवाहीकरणमा पर्न नसेकाका समुदायको जीवनमा सार्वजनिक निकायले प्रवाह गर्ने सेवाले प्रभाव पार्ने अवस्था सिर्जना हुन्छ ।

(६) नागरिकलाई के कस्तो सेवा आवश्यक छ, उनीहरुलाई त्यस्तो सेवा कसरी प्रवाह गरेमा प्रभावकारी हुन्छ, भन्नेबारे उनीहरुकै सहभागितामा छलफल गरी निर्णय लिँदा त्यसले प्रभावकारिता वृद्धि गर्दछ ।

(७) नागरिक सहभागिताले सीमित श्रोत तथा साधनको परिचालन गरी बढीभन्दा बढी र प्रभावकारी रुपमा सेवा प्रवाह गर्ने वातावरण निर्माण हुन्छ ।

(८) नागरिक सहभागिताको प्रभावकारी संयन्त्र निर्माण तथा सञ्चालन गर्दा कुनै सेवाबाट नागरिक असन्तुष्ट भएपनि हुलदङ्गा गर्ने, झैझगडा गर्ने काम हुँदैन । बरु नागरिकले त्यस्ता संयन्त्र परिचालन

गरी वैधानिक तवरबाट आफै सहभागी भई शिष्टतापूर्वक असन्तुष्टि व्यक्त गर्दछन् । यसले स्थानीय स्तरमा शान्ति सुरक्षामासमेत योगदान गर्दछ ।

(९) नागरिक सहभागिताले कुनै पनि कार्यालयमा हुने अनियमितता, ढिलासुस्ती तथा अन्य समस्या समाधानको लागिसमेत योगदान गर्दछ । पारदर्शिता र जबाफदेहिता वृद्धि गर्दछ । जसले गर्दा सेवा प्रवाह गुणस्तरीय हुन्छ र सेवा प्रदायकहरुप्रति नागरिकको सम्मानसमेत बढेर जान्छ ।

### (च) वित्तीय व्यवस्थापन

(१) वित्तीय व्यवस्थापनका सम्पूर्ण चक्रमा नागरिक सहभागिता सुनिश्चित गर्दा पूँजीगत रकमबाट लगानी गर्न निषेध गरिएका क्षेत्रमा खर्च गर्न तोकिएको सीमाबाहिर गएर भैपरी आउने खर्चको निर्णय गर्ने काममा रोक लाग्छ ।

(२) हरेक उपभोक्ता समितिबाट सञ्चालित योजना तथा कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व उपभोक्ता समितिकै पदाधिकारीहरुको हो । तर उनीहरुले यसलाई प्राथमिकता नदिइरहेका हुन सक्छन् । नागरिक सहभागी भएर लेखा व्यवस्थापन अनुगमन गर्ने तथा खर्चको सोधखोज गर्ने भएपछि त्यसको चुस्त व्यवस्थापन गर्न बाध्य हुन्छन् ।

(३) नागरिक सहभागिताले कुनै पनि भएको कामलाई नभएको तथा नभएको कामलाई भएको भनी सिफारिस गर्ने, नापजाँच गर्ने, प्राविधिक सुपरिवेक्षण गर्ने तथा अन्तिम मूल्याङ्कन गर्ने गरिएको पाइएमा सामाजिक जबाफदेहिता वृद्धि गर्ने संयन्त्रको कार्यान्वयन वा आमसञ्चार माध्यममा खवर गर्ने अवस्था रहन्छ । जसले गर्दा यस्ता विकृतिलाई निरुत्साहित पार्दछ र वित्तीय व्यवस्थापन राम्रो हुन्छ ।

(४) कुनै पनि योजना तथा कार्यक्रमको रकम दुरुपयोग भएको नागरिकले थाहा पाएमा त्यसले सामाजिक प्रतिष्ठामा आँच आउने र कानुनी कारबाही हुने डर हुनेहुँदा यस्ता काममा जिम्मेवार पदाधिकारी तथा कर्मचारी सचेत हुन्छन् ।

(५) सार्वजनिक खरिद समितिमा नागरिकको प्रतिनिधिलाई सहभागी गराउँदा खरिद प्रक्रिया पारदर्शी, नियमित हुने र सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य कानुनको पूर्ण कार्यान्वयन हुने वातावरण निर्माण हुन्छ । ठेक्कापट्टा प्रक्रियामा हुन सक्ने अनियमितता, मिलेमतो तथा गुण्डागर्दी नियन्त्रण गर्नको लागि पनि नागरिक सहभागिताले योगदान गर्दछ ।

(६) नियमतः हरेक आर्थिक वर्षको वैशाख मसान्तपछि नयाँ आयोजना तथा कार्यक्रमको सम्झौता गर्न पाइदैन । तर कतिपय अवस्थामा यस्तो नियमविपरित काम हुन सक्छ । यस्ता गलत कार्य रोक्नको लागि शासकीय प्रक्रियामा नागरिक सहभागिता एक महत्त्वपूर्ण अस्त्र बन्न सक्छ । किनकि नागरिकले नियमविपरित काम गर्नबाट रोक्छन् र वित्तीय जोखिम न्यूनीकरण हुन्छ ।

### (छ) कृषि

(१) स्थानीय सरकारले बनाउने कृषि प्रसारसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमनको सम्पूर्ण चरणमा नागरिक सहभागी हुँदा यस्ता नीतिगत तथा कानुनी कुराहरु नागरिकमैत्री हुन्छन् । स्थानीय नागरिकको आवश्यकता तथा चाहनालाईसमेत समेटेर बनाउँदा त्यसको प्रभावकारी कार्यान्वयन हुन्छ र कृषि क्षेत्रको विकासलाई योगदान गर्दछ ।

(२) स्थानीयस्तरका कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, सिप विकास तथा सशक्तीकरणका कार्यक्रमहरु नागरिक संस्था तथा नागरिक सहभागितामा गर्दा प्रभावकारी र समयसापेक्ष हुने हुन्छ । जसले कृषिको उत्थानमा फाइदा हुन्छ ।

(३) कृषिको बीउ, नश्ल, मलखाद र रसायन तथा औषधि आपूर्ति, उपयोग र नियमनको काममा पनि नागरिक सहभागिताले प्रभावकारिता र गुणस्तरीयता अभिवृद्धि गर्छ ।

(४) कृषिसँग सम्बन्धित विभिन्न सूचना तथा जानकारी हुन सक्छन् । यस्ता सूचना तथा जानकारी समयमै नपाएर कृषकहरु मारमा परिरहेका हुन सक्छन् । स्थानीय सेवा प्रदायक निकायले नागरिक संस्था तथा नागरिकसँगको सहकार्यमा यस्ता सूचना तथा जानकारी कृषकको घर दैलोसम्म पुऱ्याउन सक्छन् ।

(५) कृषक समूह, कृषि सहकारी र कृषिसम्बन्धी स्थानीय नागरिक सङ्घ-संस्थाहरुको समन्वयमा गतिविधिहरु सञ्चालन गर्दा वैज्ञानिक खेती प्रणाली, उत्पादन वृद्धि, बजारीकरणमा सहजता तथा कृषकलाई बढी मुनाफा प्राप्त गर्न सहज हुन्छ ।

## ६.३ सुशासन अभिवृद्धिमा हुने फाइदा

(१) सुशासन अभिवृद्धिको लागि नागरिक सहभागिता अपरिहार्य पक्ष हो । सुशासनका आधारभूत तत्त्वहरु, जबाफदेहिता, पारदर्शिता, सूचनाको हक, कानुनी शासन, शक्तिको समुचित प्रयोग, उत्तरदायित्व वहन, सदाचारिताजस्ता गुणहरुको पालना भएमा शासनमा देखिने विकृति जस्तै अदक्षता, अपारदर्शिता, नातावाद तथा कृपावाद, र भ्रष्टाचार नियन्त्रणको लागि आधार तय हुन्छ ।

(२) सुशासन आफैमा एक प्रक्रिया हो जसमा सरोकारवाला स्थानीय नागरिकहरुले आ-आफ्नो हितको रक्षा गर्ने निर्णयमा उनीहरुको सहभागिता, चासो र सरोकारको महत्त्व रहन्छ ।

(३) कुनै पनि सार्वजनिक सेवा प्रदायक निकायहरुमा वा तिनले सञ्चालन गर्ने सेवाको प्रक्रियामा सहभागी भएर नागरिकले आफ्ना इच्छा वा चाहना अभिव्यक्त गर्न सक्छन् ।

(४) नागरिककै सहभागिताबिना कसैले पनि त्यस्तो इच्छा, चाहना वा सरोकार तय गरेमा त्यो लोकतान्त्रिक हुँदैन र त्यसले सुशासन प्रवर्द्धनमा योगदान पनि गर्दैन । त्यस्तो शासन अलोकतान्त्रिक पद्धति वा शैलीको कुशासन हुन पुग्दछ । त्यसैले सुशासन अभिवृद्धिमा नागरिक सहभागिता अनिवार्य पूर्वशर्त हो ।

(५) सहभागितामूलक तथा सहमतिमूलक निर्णय प्रक्रिया भनेकै निर्णय लिदाँ सरोकारवाला सबैको सहभागिता सुनिश्चित गरी सहमतिको खोजी गर्ने अवस्था हो ।

(६) नागरिक नै उपभोक्ता, लाभान्वित समूह हुन् र महत्त्वपूर्ण सरोकारवाला पनि हुन् । सहमतिबिना सुशासन स्थापनाको यो अवस्था प्राप्त गर्न सकिदैन । त्यसैले नागरिक सहमति जुटाउने सबैभन्दा सहज र प्रभाकारी उपाय भनेको नागरिक सहभागिता नै हो ।

(७) यसरी हेर्दा नागरिक सहभागिताले सुशासन अभिवृद्धिमा देहायअनुसारको फाइदा हुन्छः

(क) नागरिक सहभागिताले पारदर्शिता, जबाफदेहिता तथा कानुनी शासन स्थापनाको लागि महत्त्वपूर्ण योगदान गर्दछ ।

(ख) नागरिक सहभागिताले योजना तर्जुमा, बजेट तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन, अनुमन तथा मूल्याङ्कन तथा लाभको समानुपातिक वितरणमा समेत महत्त्वपूर्ण योगदान गर्दछ ।

(ग) सुशासन अभिवृद्धिको लागि सार्वजनिक निकायले प्रवाह गर्ने सेवाको प्रक्रिया पनि लोकतान्त्रिक, समावेशी र समतामूलक हुनुपर्छ । यसको लागि नागरिक सहभागिताले योगदान गर्दछ ।

(घ) नागरिक सहभागिताबिना गरिने निर्णय अलोकतान्त्रिक तथा खराब किसिमका हुन सक्छन् । तर निर्णय प्रक्रियामा नागरिक सहभागी हुने हो भने यस्ता किसिमका गलत निर्णय हुन पाउँदैन ।

(ङ) योजना तथा कार्यक्रमको कार्यान्वयनको जिम्मा उपभोक्ता समिति वा ठेकेदारलाई मात्र छोडिदिँदा त्यस्ता योजना तथा कार्यक्रम कार्यान्वयनमा विभिन्न समस्या आउन सक्छन् । तोकिएअनुसारका गुणस्तरीय सामान प्रयोग नहुने, मापदण्ड पूरा नहुने, कमसल काम गरेर भ्रष्टाचार हुनेजस्ता समस्या हुन्छन् । तर कार्यान्वयन प्रक्रियामा नागरिक सहभागिता गराउने हो भने भने यस्ता समस्या आउन नदिने वातावरणको सिर्जना हुन सक्छ र सुशासन अभिवृद्धिमा योगदान पुग्दछ ।

(च) योजनाको अनुगमन तथा मूल्याङ्कनको काममा नागरिक सहभागिता हुदाँ त्यस्ता योजना तथा कार्यक्रमको कार्यान्वयनमा देखिएका समस्याहरुको समाधानमा सहजीकरण हुन पुग्छ । यसैगरी अनुगमनमा नहुने कुरालाई हुने बनाउने, गलत कामलाई मान्यता दिने, कमसल सामग्रीको प्रयोगलाई वेवास्ता गर्नेजस्ता समस्याहरु हल गर्न मद्दत पुग्दछ जसले भ्रष्टाचार नियन्त्रण तथा गुणस्तर अभिवृद्धिमासमेत ठूलो योगदान गर्दछ ।

(छ) योजना तर्जुमाको चरण देखिनै सबै प्रक्रिया र अभ्यासमा नगारिक सहभागिता सुनिश्चित गरेर उनीहरुमा यस्ता योजना तथा कार्यक्रमको स्वामित्व हस्तान्तरण गर्न सकिन्छ । सबै चरणमा सरोकारवाला स्थानीय नागरिकलाई सहभागी गराउँदा नागरिकले आफैले निर्माण गरेको योजनाको स्वामित्व भावनात्मक रुपमा ग्रहण गरिसकेका हुन्छन् र यसका हरेक कामलाई नजिकबाट नियाली रहेका हुन्छन् । यस्ता योजनाहरु सम्पन्न भइसकेपछि औपचारिक रुपमा त्यसको स्वामित्व हस्तान्तरण गर्दा त्यसले सुशासनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । त्यस्ता योजनाले लामो समयसम्म प्रतिफल दिने र प्रतिफलमा सबै नागरिकको समानुपातिक अवस्था रहन्छ ।

(ज) योजना तथा कार्यक्रम सञ्चालन गर्दा सुरुदेखि नै स्थानीय नागरिकलाई सरोकारवालाको मान्यता दिएर सहभागी गराउन सकिन्छ ।

(झ) नागरिकलाई हरेक योजना तथा कार्यक्रमको कार्यान्वयनको सन्दर्भमा निगरानीकर्ताको रुपमा स्वीकार गर्न सकिन्छ । राष्ट्रिय योजना आयोगले निर्माण गरेको विभिन्न आवधिक योजनाहरुमा नागरिक संथाको भूमिका स्वीकार गरिएको देखिन्छ ।

(ञ) त्यसैले स्थानीय स्तरमा सञ्चालित हरेक योजनाको निगरानी गर्ने अन्तिम अधिकार स्थानीय नागरिकलाई दिएर उनीहरुको सहभागितालाई प्रवर्द्धन गर्ने हो भने सुशासन अभिवृद्धिमा महत्त्वपूर्ण प्रभाव पर्दछ ।

## सन्दर्भ सामाग्रीहरु


- अर्याल, टङ्कराज र नयनबहादुर खड्का (२०६७) सूचनाको हक तालिम श्रोत पुस्तिका । काठमाडौं: सूचनाको हकका लागि नागरिक अभियान
- फ्रीडम फोरम (२०७२) नेपालमा बजेट पारदर्शिता । काठमाडौं: फ्रीडम फोरम
- मीरेष्ट नेपाल (२०६९) स्थानीय निकायमा सूचनाको हकको प्रयोग विधि । ललितपुर: मीरेष्ट नेपाल
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७१) सामाजिक परिचालन कार्यविधि २०७१ । काठमाडौं: नेपाल सरकार
- स्थानीय विकास मन्त्रालय (२०६७) स्थानीय निकाय सार्वजनिक परीक्षण कार्यविधि र स्थानीय निकाय सार्वजनिक सुनुवाइ । काठमाडौं: नेपाल सरकार
- राष्ट्रिय योजना आयोग (२०७३) चौधौं योजना: आर्थिक वर्ष २०७३/७४–२०७५/७६। काठमाडौं: राष्टिय योजना आयोग
- फ्रीडम फोरम (२०६९) सूचनाको हक: व्यावहारिक प्रयोग सहयोगी पुस्तिका । काठमाडौं: फ्रीडम फोरम
- श्रेष्ठ, अमन (२०७२) संवैधानिक विकासक्रम तथा नेपालको संविधान: विश्लेषणात्मक टिप्पणीसहित । काठमाडौं: राष्ट्रिय सूचना मञ्च नेपाल
- घिमिरे, दिपेश (२०७४) नेपालमा स्थानीय शासन अवधारणा र अभ्यास । काठमाडौं: सांग्रिला बुक्स
- एब्राहम, इट्टी । सन् २००४ । नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन । काठमाडौं: सोसल साइन्स बहा: ।
- मायर थोमस । २००६ । प्रजातन्त्र: प्रजातन्त्र, प्रजातान्त्रिक अभ्यास एक परिचय, नेपाली संस्करण, अनुवादक राम हुमागाईं, फ्रेड्रिक इबर्ट स्टिफ्टुङ, नेपाल ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०६९) स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि । काठमाडौं: नेपाल सरकार
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (२०७५) स्थानीय सरकार सञ्चालन सम्बन्धमा बारम्बार सोधिने प्रश्न र उत्तरको सङ्गालो । काठमाडौं: नेपाल सरकार
- खड्का केदार, र चिरञ्जीवी भट्टराई (२०६८) सामाजिक जबाफदेहिताका २१ संयन्त्र (श्रोत पुस्तक) काठमाडौं: प्रान
- खनाल, गोपीकृष्ण । २०६९ । वडा नागरिक मञ्च जानकारी पुस्तिका । सं. सुरेश आचार्य । मिरेष्ट नेपाल ललितपुर, नेपाल ।
- पौडेल विष्णुशंकर । २०६४ । लोकतन्त्रको आधार: स्थानीय शासनको सबलीकरण । स्वशासन वर्ष १२ अङ्क २९ । स्थानीय विकास मन्त्रालय, नेपाल ।
- श्रेष्ठ, राजेन्द्र । २०६३ । राज्यको पुनर्संरचना र समावेशी लोकतन्त्रका आधार । नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना । सम्पादक सीताराम तामाङ । सामना प्रकाशन नेपाल ।
- लिण्डर ओल्फ । २०६२ । स्विस प्रजातन्त्र: बहुसांस्कृतिक समाजमा द्वन्द्वका सम्भाव्य समाधान । नेपाली संस्करण, अनुवादक टोपबहादुर सिंह । सुशासन तथा विकास प्रतिष्ठान, लाजिम्पाट, काठमाडौं ।
- ब्लियर, हेनरी । १९९७ । स्पिडिङ पावर टु द पेरिफेरी: यूएसएड असेसमेण्ट अभ डेमोक्र्याटिक लोकल गभर्नेन्स, वासिङ्टन डीसी: यूएसए एजेन्सी फर इन्टरनेसनल डेभलपमेण्ट ।
- ट्युन, हेनरी । २००० । थियोरिटकल फाउन्डेसन अभ द डेमेक्रेसी एण्ड लोकल गभर्नेन्स रिसर्च प्रोग्राम,

जोरीबर्ग युनिभर्सिटीद्वारा आयोजित डेभलपमेण्ट अभ डेमोक्रेसी एण्ड लोकल गभर्नमेण्ट इन फर्मर सोभियत युनियन एण्ड वेस्टर्न डेमोक्रेसिज, विषयक सम्मेलनमा प्रस्तुत कार्यपत्र ।

- लुम्साली, ऋषिराज । २०६८ । नेपालमा स्थानीय सरकार सेवाप्रवाह र विकेन्द्रीकरण । नेपालको स्थानीय शासन । मिरेष्ट नेपाल, ललितपुर ।
- आचार्य, सुरेश । २०६८ । स्थानीय निकाय विकासक्रम र सम्भाव्यता । नेपालको स्थानीय शासन । मिरेष्ट नेपाल, ललितपुर ।
- श्रेष्ठ, ज्ञाइन्द्रबहादुर । २०४४ । नेपालको कानुनी इतिहासको रूपरेखा । काठमाडौ
- फ्रीडम फोरम (२०६९) बजेट तर्जुमा र नागरिक अनुगमन । काठमाडौ: फ्रीडम फोरम
- उपाध्याय, परशुराम । २०६८ । स्थानीय सरकारको पुनर्संरचना । नेपालको स्थानीय शासन । मिरेष्ट नेपाल, ललितपुर ।
- राई आनन्दसन्तोषी (२०६८) स्थानीय निकायको रूपान्तरण । नेपालको स्थानीय शासन । मिरेष्ट नेपाल, ललितपुर ।
- आचार्य, सुरेश र कुमार यात्रु (२०६७) अपेक्षा र यथार्थको कसीमा नेपालको सङ्घीयता । निसान मिडिया, पाटनढोका ललितपुर ।
- सुवेदी, सोमलाल । २०६८ । नेपालमा सङ्घीयता, स्थानीय सरकार र संक्रमणकालीन प्रबन्ध । प्रकाशक: अञ्जना सुवेदी, कलङ्कीस्थान काठमाडौं ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७४) स्थानीय तहका लागि मन्त्रालयबाट उपलब्ध गराइएका नमुना कानुनहरुको सङ्गालो । काठमाडौ: नेपाल सरकार
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ( २०७४) स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन (परिमार्जित) । काठमाडौ: नेपाल सरकार
- गोगो फाउण्डेशन (२०७४) नेपालमा नागरिक संस्थासम्बन्धी कानुनी संरचना: अध्ययन प्रतिवेदन । काठमाडौ: गोगो फाउण्डेशन
- सापकोटा, कृष्णप्रसाद (२०६३) समावेशी लोकतन्त्र: स्वरूप र संरचनामा विकेन्द्रीकरण र स्थानीय निकाय । समावेशी लोकतन्त्र, सं. प्रदीप घिमिरे । फ्रीडम फोरम, काठमाडौं ।
- शर्मा पीताम्बर (२००८) नेपाली क्यानभासका रङ: जातीयताको भौगोलिक पक्ष । नेपाली संस्करण, अनुवादक मोहन मैनाली । सोसल साइन्स वहा: र हिमाल किताब, काठमाडौं ।
- प्लान इन्टरनेशनल (२०१४) जबाफदेहिताका लागि सहभागितामूलक अनुगमन, बालबालिका तथा युवालाई संलग्न गराउनका लागि । प्लान ईन्टरनेशनल
- घिमिरे, दीपेश । नागरिक दैनिक, १४ कात्तिक, २०७० । स्थानीय लोकतन्त्रको पक्षमा । पेज नं. ७
- घिमिरे दीपेश । नागरिक दैनिक, २९ जेठ २०७० । स्थानीय निकायका समस्या । पेज नं. ७
- घिमिरे दीपेश । नागरिक दैनिक, १६ पुस २०६९ । स्थानीय निकायको पक्षमा । पेज नं. ७
- घिमिरे हरिहर, २०५७ । नेपालमा विकासका प्रयासहरू । काठमाडौं: साझा प्रकाशन ।
- ओपन नेपाल (मिति नभएको) ओपन डेटा (खुला तथ्याङ्क) सम्बन्धी मार्गदर्शन । काठमाडौ

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय